प्रदेश लोक सेवा आयोग, कोशी प्रदेशद्वारा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४९ बमोजिम माननीय प्रदेश प्रमुखज्यू समक्ष पेश गरिएको

# छैटौँ वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०८१/०८२

**प्रदेश लोक सेवा आयोग**

कोशी प्रदेश, विराटनगर

२०८२ साल भाद्र १६ गते

# प्रदेश लोक सेवा आयोग

**कोशी प्रदेश, विराटनगर, नेपाल**

मितिः २०८२/५/१६

**विषयः आयोगको वार्षिक प्रतिवेदन पेश गरिएको ।**

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
कोशी प्रदेश, विराटनगर, नेपाल ।

नेपालको संविधानको धारा २४४ बमोजिम स्थापना भएको प्रदेश लोक सेवा आयोग, कोशी प्रदेशले प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४९ बमोजिम आर्थिक वर्ष २०८१/०८२ (मिति २०८१/४/१ देखि २०८२/३/३२ सम्म) मा सम्पादन गरेका कामकारबाहीहरूको वार्षिक प्रतिवेदन पेश गरिएको छ।

भवदीय,

.............................
महेन्द्रप्रसाद गुरागाईं
अध्यक्ष

..................
टीकादत्त राई
सदस्य

.......................
सजना दाहाल
सदस्य

...........................
पवन कुमार तिमिल्सेना
सचिव

# प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरू



**महेन्द्रप्रसाद गुरागाईं**
अध्यक्ष



**टीकादत्त राई**
सदस्य



**सजना दाहाल**
सदस्य



**पवन कुमार तिमिल्सेना**
सचिव

# धन्यवाद ज्ञापन

वि.सं.२०७२ सालमा नेपालको संविधान जारी भए पश्चात् प्रदेश तथा स्थानीय तहमा रिक्त रहेका पदहरूमा पदपूर्ति गर्ने जिम्मेवारी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम आयोगलाई प्राप्त छ। यो जिम्मेवारी पूरा गर्न सार्वजनिक प्रशासनका स्वच्छता, निष्पक्षता, पारदर्शिता, समावेशिता, प्रतिस्पर्धा जस्ता मूल्य मान्यता र सिद्धान्तमा रही योग्यता प्रणालीका आधारमा प्रदेश र स्थानीय तहमा योग्य एवं दक्ष जनशक्ति छनोट गर्ने उद्देश्य अनुरूप कार्यरत यस प्रदेश लोक सेवा आयोगले आफ्नो छैटौँ वार्षिक प्रतिवेदन पेश गरेको छ।

सुशासनयुक्त सार्वजनिक प्रशासनको माध्यमबाट सेवा प्रवाह गर्ने उद्देश्य प्राप्तिका लागि योग्य, दक्ष, सक्षम र उपयुक्त जनशक्ति पदपूर्तिका लागि सिफारिस गर्नु प्रदेश लोक सेवा आयोगको प्रमुख दायित्व हो। यही दायित्व निर्वाह गर्ने क्रममा आयोग स्थापनाको तेस्रो वर्षमा अर्थात् आ.व. २०७९/०८० देखि प्रदेश निजामती सेवामा समेत पदपूर्तिको प्रक्रिया सुरु भएको थियो।

आयोगले यस अवधिमा विज्ञापन भएका पद तथा गत आर्थिक वर्षमा विज्ञापन भई पदपूर्ति प्रक्रिया पूरा नभएका विज्ञापनको समेत प्रक्रिया यसै अवधिमा पूरा गर्ने दृढ अठोट लिएको हुँदा यस प्रतिवेदन अवधिमा आयोग लक्ष्यको नजिक पुग्न सफल भएको छ। सम्मानित अदालत समक्ष परेका रिट निवेदनको अन्तिम टुङ्गो लाग्न बाँकी रहेका विज्ञापन बाहेक अन्य विज्ञापनको परीक्षा सञ्चालन तथा अधिकांश उत्तरपुस्तिका परीक्षणको कार्य सम्पन्न भएको छ। यस आर्थिक वर्षका विज्ञापनको समेत लिखित परीक्षा सम्पन्न भई नतिजा प्रकाशन गर्ने चरणमा ल्याउन आयोग सफल भएको छ।

आयोगको छैटौँ वार्षिक प्रतिवेदन अवधिमा आयोगबाट सञ्चालन र सम्पादन हुने विविध कार्यहरूमा सरोकारवाला सम्बन्धित सबैको साथ, सहयोग र समर्थन अपरिहार्य थियो र छ। आ.व.२०८१/०८२ को प्रतिवेदन अवधिमा आयोगको कार्य सम्पादनमा प्रदेश सरकारका मा. मुख्यमन्त्रीज्यू, मा. मन्त्रीज्यूहरू, प्रमुख सचिवज्यू, प्रदेश सचिवज्यूहरू लगायत सबै सरोकार पक्षबाट प्राप्त सहयोगबाट आयोगले यो सफलता हासिल गर्न सम्भव भएको हो। यस घडीमा सबै प्रति आयोग हार्दिक आभार तथा कृतज्ञता प्रकट गर्दछ।

आयोगलाई परीक्षा सञ्चालनको क्रममा पाठ्यक्रम तथा प्रश्नपत्र निर्माण, प्रश्नपत्र परिमार्जन, उत्तरपुस्तिका परीक्षण लगायतका कार्यमा सहयोग पुऱ्याउनु हुने दक्ष एवं विज्ञहरूप्रति आयोग विशेष धन्यवाद ज्ञापन गर्दछ। आयोगको वार्षिक कार्यतालिका बमोजिम परीक्षा सञ्चालन गर्न आयोगको आफ्नो परीक्षा भवन नभएको अवस्थामा परीक्षा भवन उपलब्ध गराई परीक्षा सञ्चालनमा महत्वपूर्ण योगदान पुऱ्याउने विद्यालय तथा कलेजहरू र परीक्षामा संलग्न कर्मचारी, सुरक्षाकर्मी लगायत सम्पूर्ण सहयोगी महानुभावहरू प्रति यस विशेष अवसरमा आयोग हार्दिक धन्यवाद ज्ञापन गर्दछ।

अन्त्यमा आयोगको वार्षिक कार्यतालिका बमोजिमको कार्यसम्पादनमा अहोरात्र खटिनुहुने तथा यो प्रतिवेदन तयारी कार्यमा संलग्न आयोगका सचिव तथा कर्मचारीहरू धन्यवादका पात्र हुनुहुन्छ।

- प्रदेश लोक सेवा आयोग

# प्रदेश लोक सेवा आयोगसँग सम्बन्धित महत्त्वपूर्ण घटनाक्रम

- **२०७२/६/३** — नेपालको संविधानको धारा २४४ मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने व्यवस्था
- **२०७६/५/१७** — प्रदेश लोक सेवा आयोग ऐन, २०७६ जारी
- **२०७६/१०/९** — प्रदेश लोक सेवा आयोगको गठन, पदाधिकारीको शपथ र आयोगको स्थापना
- **२०७६/११/१** — भाडामा भवन लिई आयोगको कार्यालय स्थापना
- **२०७७/३/२९** — प्रदेश लोक सेवा आयोग नियमावली, २०७७ जारी
- **२०७७/६/२०** — प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७७ जारी
- **२०७७/१२/३०** — आयोगबाट पहिलो विज्ञापन प्रकाशन गरी पदपूर्ति प्रक्रियाको सुरुवात
- **२०७८/४/२९** — प्रथम पटक लिखित परीक्षा सञ्चालन
- **२०७८/९/६** — प्रथम पटक उम्मेदवार सिफारिस
- **२०७९/३/९** — आयोगको प्रतीक चिन्ह (Logo) आयोगबाट स्वीकृत
- **२०७९/५/१५** — OMR प्रविधिबाट समेत उत्तरपुस्तिका परीक्षण गरी नतिजा प्रकाशन शुरुवात
- **२०८०/३/११** — प्रदेश निजामती सेवा ऐन, २०७९ बमोजिम प्रदेश निजामती सेवा तर्फ प्रथम पटक विज्ञापन प्रकाशन
- **२०८१/३/२** — प्रदेश निजामती सेवातर्फ प्रथम पटक उम्मेदवार सिफारिस
- **२०८१/३/२४** — अधिकृत नवौं तहको पाठ्यक्रममा इन बास्केट अभ्यास समावेश
- **२०८१/५/३१** — प्रदेश निजामती सेवाको एघारौं तहको पदको पदपूर्ति प्रक्रिया शुरुवात

# कार्यकारी सारांश

नेपालको संविधानको धारा २४४ मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग स्थापना गर्ने संवैधानिक व्यवस्था भए बमोजिम कोशी प्रदेशको प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवामा उपयुक्त उम्मेदवार छनोट गर्न परीक्षा सञ्चालन गरी सिफारिस गर्न, प्रदेश अन्य सरकारी सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश संगठित संस्थाको सेवा र स्थानीय तहको संगठित संस्थाको सेवाको पदमा उपयुक्त उम्मेदवार छनोटका लागि लिखित परीक्षा सञ्चालन गर्न तथा कानूनले तोके बमोजिमका परामर्श उपलब्ध गराउने उद्देश्य सहित प्रदेश लोक सेवा आयोग ऐन,२०७६ बमोजिम वि.सं.२०७६ साल माघ ९ गते प्रदेश लोक सेवा आयोग गठन भई सञ्चालनमा रहेको छ।

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४९ को उपदफा (१) मा आयोगले वर्षभरि गरेका कामकारबाहीको वार्षिक प्रतिवेदन माननीय प्रदेश प्रमुख समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। आयोगले स्थापनाकालदेखि हरेक वर्ष आफ्नो वार्षिक प्रतिवेदन माननीय प्रदेश प्रमुख समक्ष पेश गर्दै आएको छ। यसैको निरन्तरता स्वरूप आ.व. २०८१/०८२ मा आयोगबाट सम्पन्न भएका क्रियाकलापहरू तथ्याङ्कगत रूपमा उल्लेख गरी तयार गरिएको यो छैटौँ वार्षिक प्रतिवेदन हो।

**आयोगको कार्य सम्पादनका आधार**

नेपालको संविधान, प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५, प्रदेश लोक सेवा आयोग ऐन, २०७६, प्रदेश लोक सेवा आयोग नियमावली, २०८१ र प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८१ तथा लोक सेवा आयोगको कामकारबाही सम्बन्धमा स्थापित सिद्धान्त र मूल्य मान्यताहरू प्रदेश लोक सेवा आयोगले प्रमुख नीतिगत तथा कानूनी आधारको रूपमा लिएको छ।

आयोगको कामकारबाही सञ्चालनका लागि प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम अध्यक्ष सहित तीन सदस्यीय आयोगको गठन गरिएको छ। आयोगको सचिवको कार्य गर्ने गरी राजपत्राङ्कित प्रथम श्रेणीका सह-सचिव (प्रदेश सचिव) प्रशासनिक प्रमुख रहने तथा प्रदेश सचिव मातहत महाशाखाहरू र सो अन्तरगत विभिन्न शाखाहरू रहने संरचनागत व्यवस्था मार्फत कार्य सञ्चालन गर्ने गरिएको छ।

योग्यता, निष्पक्षता, स्वच्छता र समावेशिता जस्ता मूल्य मान्यतालाई आत्मसात गर्दै समान अवसर, द्विअन्ध, परिचयशून्यता, असंलग्नता तथा गोपनीयताको सिद्धान्तलाई आयोगले कार्य सम्पादनको मूल आधारको रूपमा ग्रहण गरेको छ। आयोगको कार्य प्रक्रिया (Standard Operating Procedure) लाई प्रदेश लोक सेवा आयोग नियमावली, २०८१ तथा प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८१ मा निर्धारण तथा विस्तृतीकरण गरिएको छ।

## प्रशासनिक, भौतिक तथा वित्तीय अवस्था

आयोगका महत्वपूर्ण निर्णय आयोगको बैठकबाट गर्ने गरिएको छ। प्रतिवेदन अवधिमा आयोगका ६३ वटा बैठकबाट १०४ वटा निर्णयहरू भएका छन्। संवैधानिक परिकल्पना तथा कानूनले प्रदान गरेको कार्यक्षेत्रको पूर्ण रूपमा कार्यान्वयन गर्न आयोगबाट संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरी कुल ५६ जनाको दरबन्दी सहितको संगठन संरचना स्वीकृतिको लागि प्रदेश सरकार समक्ष पेश गरिएकोमा प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८१ भदौ २७ गतेको निर्णय बमोजिम आयोगमा ३६ जना कर्मचारी रहने गरी संगठन संरचना स्वीकृत भएको छ। आयोगको कार्यालय विराटनगर म.न.पा., वडा नं. ४, खार्जीस्थित निजी भवनमा भाडामा रहेको छ। सोही भवनमा आयोगको कार्य सञ्चालनका लागि आवश्यक पूर्वाधार व्यवस्थापन गरिएको छ।

प्रतिवेदन अवधिमा आयोगबाट जम्मा रु. ९ करोड ९८ लाख ५३ हजार ३ सय ४४ रुपैयाँ ७२ पैसा राजश्व संकलन भएको छ, जुन आ.व. २०८०/०८१ भन्दा ३२९.६६% ले बढी हो। साथै वित्तीय प्रगति आ.व. २०८०/०८१ को ९०.१४% बाट वृद्धि भई प्रतिवेदन अवधिमा ९५.४२% रहेको छ। बेरुजु तर्फ सम्मानित सर्वोच्च अदालतमा विचाराधीन रहेको कर्मचारी समायोजन ग्रेड सम्बन्धी बेरुजु रु. २४ लाख १५ हजार ९ सय ३३ रुपैयाँ ४० पैसा बाहेक अन्य कुनै पनि बेरुजु बाँकी छैन।

## परीक्षण प्रविधि, शैक्षिक योग्यता र पाठ्यक्रम

आयोगद्वारा उपयुक्त उम्मेदवार छनोटका लागि लिखित परीक्षा, शारीरिक तन्दुरुस्ती परीक्षण परीक्षा, इन बास्केट अभ्यास परीक्षा, कम्प्युटर सीप परीक्षण, सामूहिक छलफल तथा अन्तर्वार्ता जस्ता परीक्षण प्रविधि प्रयोगमा ल्याइएको छ।

प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका विभिन्न सेवा समूह र तहको शैक्षिक योग्यता सम्बन्धमा हालसम्म २१ वटा निर्णयहरू भएका छन्।

प्रतिवेदन अवधिमा निर्माण भएका ७७ वटा पाठ्यक्रम सहित हालसम्म प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको संयुक्त पाठ्यक्रम ९७ वटा, प्रदेश निजामती सेवाको मात्र २ वटा र स्थानीय सरकारी सेवाको मात्र १ वटा गरी कुल १०० वटा पाठ्यक्रमहरू निर्माण तथा परिमार्जन भई प्रयोगमा रहेका छन् भने लोक सेवा आयोग केन्द्रीय कार्यालयको अभ्यासमा रहेका ९ वटा पाठ्यक्रम विभिन्न परीक्षामा प्रयोग गरिएको छ।

## विज्ञापन तथा दरखास्त

आयोगको आ.व. २०८१/०८२ को वार्षिक कार्यतालिका बमोजिम प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका विभिन्न सेवा तर्फ माग भई आएका पद संख्याहरूको प्रतिशत निर्धारण गरिएका कुल १,३८५ पद मध्ये खुला तथा समावेशी तर्फ १,०३५, अन्तर तह प्रतियोगिता तर्फ १४, आन्तरिक अन्तर सेवा प्रतियोगिता तर्फ २१ गरी जम्मा १,०७० पदका लागि विज्ञापन प्रकाशन गरिएको छ भने बढुवा तर्फ ३१५ पदको लागि बढुवा सूचना प्रकाशन भएको छ। प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गत खुला प्रतियोगिता तर्फ कुल १,०३५ पद संख्याको लागि विज्ञापन भएका मध्ये खुलातर्फ ६०७, आदिवासी

जनजातितर्फ १८०, महिलातर्फ १४५, दलिततर्फ ४९, थारुतर्फ २१, मधेशीतर्फ १३, मुस्लिमतर्फ १३ र अपाङ्गतर्फ ७ पद संख्या रहेको छ। त्यसै गरी विगत वर्षहरूमा प्रतिशत निर्धारण भई पदपूर्ति हुन बाँकी रहेका स्थानीय सरकारी सेवा अन्तर्गत बढुवा तर्फका कुल ६०५ पदको बढुवा सूचना प्रकाशन गरिएको छ।

प्रतिवेदन अवधिमा प्रदेश निजामती सेवा तर्फ विज्ञापित पदमा कुल १,२०,३२३ दरखास्त पर्न आएकोमा १,१९,१२४ दरखास्त स्वीकृत तथा १,१९९ दरखास्त (१% प्रतिशत) अस्वीकृत भएका छन्।

यस अवधिमा पर्न आएको कुल स्वीकृत दरखास्त मध्ये प्रतिपद औसत दरखास्त १११.१२ रहेको छ। भौगोलिक क्षेत्र अनुसार सबैभन्दा बढी तराई क्षेत्रको ५०.०३%, प्रदेशगत वर्गीकरण अनुसार कोशी प्रदेशको सबैभन्दा बढी ३२.१३%, जिल्लागत रूपमा सप्तरी जिल्लाको सबैभन्दा बढी ७.२२% रहेको छ। आयोगबाट प्रकाशित विज्ञापनमा दरखास्त पेश गरेका उम्मेदवार मध्ये ८४.८९% सरकारी सेवामा रोजगार नरहेको देखिन्छ।

**परीक्षा सञ्चालन, उत्तरपुस्तिका परीक्षण तथा लिखित नतिजा**

प्रतिवेदन अवधिमा लिखित परीक्षा सञ्चालनका लागि १,१५१ सेट कच्चा प्रश्नपत्र निर्माण गरी नियमानुसार परिमार्जित ७२३ थान प्रश्न पत्र सेट तयार गरिएको छ। यस अवधिमा विगत आर्थिक वर्षका बाँकी र यस आर्थिक वर्षमा प्रकाशित विज्ञापनका समेत गरी जम्मा १४२८ पदका लागि लिखित परीक्षा सञ्चालन गरिएको छ।

प्रतिवेदन अवधिमा वन रक्षक पदका कुल ६,६२१ परीक्षार्थी मध्ये ४,९१२ जना लिखित परीक्षामा सहभागी भएको जसमध्ये ३,१४९ जना उत्तीर्ण भएका थिए। लिखित परीक्षा उत्तीर्ण भएका मध्ये १,८३६ जनाले शारीरिक तन्दुरुस्ती परीक्षण परीक्षामा सहभागी भई अघिल्लो इभेन्टमा उत्तीर्ण भएकाहरु मात्र पछिल्लो इभेन्टमा सहभागी हुन पाउने परीक्षा प्रणाली बमोजिम १,१७५ जना उम्मेदवार सबै इभेन्टमा उत्तीर्ण भएका छन्।

परीक्षाको पाठ्यक्रमले निर्धारण गरे अनुसारको प्रथम चरणको लिखित परीक्षामा ३० वटा पदका विज्ञापनहरूका लागि स्वीकृत भएका १,११,५६१ दरखास्त मध्ये ६१.६५% उम्मेदवार परीक्षामा सहभागी भएका थिए भने द्वितीय चरण र एकै चरणमा सबै लिखित परीक्षा हुने परीक्षाहरूमा कुल ९१,१८७ उम्मेदवारहरू मध्ये ५८,१६९ उम्मेदवारहरू अर्थात दुवै चरणका परीक्षामा औषत उपस्थिति दर भने ६३.७९% रहेको छ।

प्रतिवेदन अवधिमा कुल माग पद १,४२७ का लागि लिखित परीक्षामा सम्मिलित ९०,५४८ उम्मेदवारहरूको जम्मा १,७६,७९२ उत्तरपुस्तिका परीक्षण सम्पन्न गरी नतिजा प्रकाशन गरिएको छ।

**अन्तर्वार्ता तथा सिफारिस**

आ.व. २०८१/०८२ मा आयोगबाट गत आ.व.को क्रमागत विज्ञापन तथा यस आ.व.को विज्ञापन समेतको अन्तिम नतिजा प्रकाशन गरी माग पद संख्या ५७० का लागि ५५२ जना उम्मेदवार सिफारिस गरिएको छ। लिखित परीक्षाबाट आवश्यक संख्यामा उम्मेदवार उत्तीर्ण नहुनु र अन्तर्वार्ताका लागि छनोट भएका उम्मेदवारहरू अन्तर्वार्ता कार्यक्रममा उपस्थित नहुनु तथा आयोगबाट प्रकाशित विज्ञापनमा लिखित परीक्षामा

छनोट भएका उम्मेदवार अन्य प्रदेश लोक सेवा आयोग वा सङ्घीय निजामती सेवाको पदमा सिफारिस भएका लगायतका कारणले  विभिन्न सेवा समूहको जम्मा १८ पदमा सिफारिस हुन नसकेको अवस्था छ।

प्रतिवेदन अवधिमा कुल सिफारिस ५५२ जना मध्ये सबै समूह तर्फ गरी जम्मा ११२ जना (२०.२९%) महिला उम्मेदवार सिफारिस भएका छन्। सबैभन्दा बढी वन सेवामा २६७ जना सिफारिस गरिएको छ। भौगोलिक क्षेत्र अनुसार सबैभन्दा बढी तराई क्षेत्रबाट (३२.६१%) सिफारिस भएको छ, जुन आ.व. २०८०/०८१ भन्दा करीब १६% ले घटेको देखिन्छ। प्रदेशगत रूपमा सबैभन्दा बढी कर्णाली प्रदेशबाट (३४.०६%) सिफारिस भएको छ, जुन अघिल्लो आ.व.को तुलनामा बढेको देखिन्छ। जिल्लागत रूपमा सबैभन्दा बढी सिफारिस हुने पाँच जिल्लाहरूमा क्रमशः जुम्ला, रुकुम (पश्चिम), मोरङ, सिराहा र सल्यान रहेका छन्। यस अवधिमा जम्मा ६५ जिल्लामा स्थायी ठेगाना रहेका उम्मेदवारहरू कोशी प्रदेशका विभिन्न ४१ स्थानीय तहहरू र ७ मन्त्रालयहरूमा सिफारिस भएका छन्। यस अवधिमा आयोगबाट विभिन्न मन्त्रालय तथा स्थानीय तहहरूको माग बमोजिम जम्मा २२ जना वैकल्पिक सिफारिस गरिएको छ भने प्रतिवेदन अवधिभर अस्थायी उम्मेदवार सिफारिस भएको छैन। वन रक्षक पदमा अधिकांश उम्मेदवार कर्णाली प्रदेशबाट सिफारिस भएको हुँदा कर्णाली प्रदेशको तथ्याङ्कमा उल्लेख्य वृद्धि भएको देखिएको छ।

प्रदेश निजामती सेवा ऐन, २०७९ तथा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ९ मा सङ्घीय निजामती सेवा वा जुनसुकै प्रदेश निजामती सेवा वा जुनसुकै स्थानीय सरकारी सेवाको समान तहको पदमा कार्यरत रहेका कर्मचारी प्रदेश निजामती सेवाको खुला वा अन्तर तह प्रतियोगितात्मक परीक्षा वा आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति हुने तह वा पदको समान तहमा प्रतिस्पर्धा गर्न वा उम्मेदवार हुन पाउने छैन भन्ने व्यवस्था रहेको र यस प्रकारको व्यवस्था अन्य प्रदेशका निजामती सेवा ऐनमा समेत व्यवस्था भएको भए तापनि कतिपय उम्मेदवारहरू अन्तर प्रदेशका समान तहमा समेत प्रतिस्पर्धा गरी सिफारिस भइरहेको पाइएको छ। यस आयोगमा हालसम्म संकलित सिफारिस सम्बन्धी विवरणबाट विभिन्न तहमा ४३ जना उम्मेदवारहरू समान तहमा अन्तर प्रदेश वा संघका पदमा सिफारिस भएको देखिएको छ। यसरी उम्मेदवार सिफारिस भइसके पश्चात समान तहमा अन्तर प्रदेश/अन्तर तहमा स्थानान्तरण हुँदा आयोगबाट पदपूर्तिका लागि खर्च भएको स्रोत साधनको अपव्यय हुने अवस्था एकातर्फ रहन्छ भने माग गर्ने निकायमा समयमा पदपूर्ति हुन नसकी सेवा प्रवाह प्रक्रिया प्रभावित हुने अवस्था समेत रहन्छ। यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सङ्घीय निजामती सेवा ऐन मार्फत समान तहमा दोहोरो सिफारिस नहुने कानूनी प्रवन्ध मिलाउन उपयुक्त हुने देखिन्छ।

### समावेशी पदपूर्ति

प्रचलित कानूनमा भएको समावेशी सम्बन्धी व्यवस्था तथा आयोगको मूल सिद्धान्तको रूपमा रहेको समावेशी व्यवस्था अनुरूप आयोगबाट समावेशी समूहहरू तर्फ प्रतिवेदन अवधिमा ४२८ पदका लागि कुल २१५ वटा विज्ञापन प्रकाशन भएकोमा १,०२,३९५ दरखास्त स्वीकृत भएका थिए। यस अवधिमा समावेशी समूह तर्फ १८६ जना उम्मेदवार सिफारिस भएका छन् जसमा ४३.०१% आदिवासी जनजाति, ३३.८७% महिला, १०.२२% दलित, ४.३०% थारु, ३.२३% मधेशी, ३.२३% मुस्लिम र २.१५% अपाङ्ग समूह तर्फ पर्दछन्।

प्रतिवेदन अवधिमा महिला उम्मेदवारहरूको सिफारिस महिला समूह लगायत आन्तरिक प्रतियोगिता, खुला तथा अन्य समावेशी समूहबाट समेत उल्लेख्य रूपमा भएको देखिन्छ।

**परामर्श तथा उजूरी**

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ६ र १० मा आयोगको काम, कर्तव्य र अधिकार तथा परामर्शदायी भूमिकाको व्यवस्था गरिएको छ। ऐनको सोही व्यवस्थाको अधिनमा रही आयोगद्वारा सम्बन्धित निकायलाई परामर्श उपलब्ध गराउने गरिएको छ। यस अवधिमा प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा तर्फ तह वृद्धि सम्बन्धी विभिन्न विषयमा आयोगमा परामर्शका लागि प्राप्त भएका पत्रहरू ऐनको दफा ३८ को उपदफा (७) बमोजिम आवश्यक कार्यवाही हुन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने व्यवस्था गरी सम्बन्धित स्थानीय तहलाई तह वृद्धि सम्बन्धी द्विविधाका सम्बन्धमा उल्लिखित कानूनी व्यवस्था बमोजिम गर्न जानकारी गराइएको छ।

प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ९९ को उपदफा (१) को खण्ड (ग) बमोजिमको कसूरमा सोही ऐनको दफा ९६ को खण्ड (ख) को देहाय (१) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी २ जना कर्मचारीलाई सेवाबाट हटाउने गरी विभागीय सजाय गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालय र स्वास्थ्य मन्त्रालयलाई परामर्श दिइएको छ। आयोगको अत्याधिक कार्यबोझका कारण प्रदेश सरकारका निकाय एवं स्थानीय तहहरूमा अनुगमन, निरीक्षण कार्य सीमित मात्रामा मात्र सम्भव भएको छ।

**संस्थागत सुधार र प्रविधिको प्रयोग**

आयोगले आफ्नो स्थापना कालदेखि नै निरन्तर सुधारको अवधारणा अनुरूप संस्थागत तथा संरचनागत सुधार गर्दै आइरहेको छ। निजी भवन भाडामा व्यवस्थापन गरी आयोगको कार्यालय सञ्चालन गरिएको छ। आयोगका पदाधिकारी तथा कर्मचारीहरूको आवतजावत तथा कार्यालय प्रयोजनका लागि छ थान चारपाङ्ग्रे सवारी साधन, १६ थान दुईपाङ्ग्रे सवारी साधन उपलव्ध रहेका छन्। कार्यालयमा आवश्यकता अनुसार फर्निचरहरू, कार्यालय सामानहरू र न्यूनतम आवश्यक उपकरणहरूको बन्दोबस्त रहेको छ।

आयोगको कामकारवाहीलाई सूचना प्रविधि मैत्री बनाउन पदपूर्तिका माग देखि सिफारिससम्मको चरणमा सूचना प्रविधिको प्रयोग र अवलम्बन हुँदै आएको छ। दरखास्त प्रणाली व्यवस्थित गर्न Province Public Service Recruitment Management System (PPSRMS) नियमित रूपमा सञ्चालनमा ल्याईएको छ। उम्मेदवारले कुल प्राप्ताङ्क हेर्नको लागि अनलाईन प्रणाली (result.psc.koshi.gov.np), दरखास्त व्यवस्थापन, नतिजा प्रकाशन र सिफारिसको जानकारीका लागि bulk SMS को व्यवस्था गरेको छ । आयोगका विभिन्न महाशाखा/शाखाबाट सम्पादन हुने कामको गोपनीयता एवं संवेदनशीलतालाई मध्यनजर गरी आवश्यकता अनुसार विद्युतीय प्रणालीमा आधारित सफ्टवेयर लगायतको सहयोगबाट सूचना प्रविधिमैत्री हुने गरी कार्यसम्पादनको व्यवस्था मिलाइएको छ। साथै नेपाल सरकार तथा प्रदेश सरकारको नीति बमोजिम कार्यान्वयनमा रहेका विद्युतीय प्रणाली (GIOMS, RMIS, CGAS, PAMS, e-attendance इत्यादि) लाई आयोगले पूर्ण रुपमा अबलम्बन गरेको छ।

नेपालको संविधान तथा कानूनले निर्धारण गरेको आयोगको काम, कर्तव्य र अधिकारलाई थप व्यवस्थित र प्रभावकारी रुपमा सम्पादन तथा संगठनात्मक सुदृढीकरण गर्ने दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति सहित कार्यान्वयनमा ल्याइएको आयोगको रणनीतिक योजना आ.व. २०७९/०८० (आ.व. २०८०/०८१-२०८५/०८६ सम्म लागू हुने) मा उल्लेख भएका व्यवस्था बमोजिम प्रतिवेदन अवधिमा वार्षिक कार्ययोजना तथा बजेट मार्फत क्रमशः कार्यान्वयन गर्दै लगिएको छ । आयोगको आफ्नै जग्गा र भवन निर्माण, अनुगमन तथा निरीक्षण, इ-लाइब्रेरी लगायतका विषयका अतिरिक्त रणनीतिक योजनाका अधिकांश अपेक्षित नतिजाहरु प्राप्त गर्ने तर्फ आयोग अग्रसर रहेको छ ।

**आयोगको कार्यसँग सम्बन्धित सम्मानित अदालतमा परेका मुद्दाहरू**

प्रचलित कानूनमा भएको व्यवस्था कार्यान्वयनका लागि आयोगबाट भएको निर्णय तथा कामकारवाही प्रति चित्त नबुझाई विभिन्न व्यक्तिहरूले आयोगलाई विपक्षी बनाई सम्मानित अदालतमा प्रमुख रूपमा बढुवा, तालिम, बढुवा उजुरी सम्बन्धमा आयोगको निर्णय, प्रतिशत निर्धारण, शैक्षिक योग्यता, तह वृद्धि, समान तहमा उम्मेदवार हुन नपाउने लगायतका विषयहरूमा मुद्दा परेको देखिन्छ। प्रतिवेदन अवधिसम्म सम्मानित अदालतमा विचाराधीन मुद्दाहरूको संख्या ५० रहेका छन् । मुख्य रूपमा परेका रिट निवेदनको व्यहोरा हेर्दा सङ्घीय निजामती सेवा ऐन तथा प्रदेश निजामती सेवा ऐन नियममा भएका व्यवस्थामा भएका फरकपनमा आफूलाई जुन व्यवस्था अनुकूल हुन्छ सोही व्यवस्था अनुसार गरी पाउँ भन्ने आशय रहेको देखिन्छ । उदाहरणका लागि सङ्घीय निजामती सेवा ऐनमा सेवाकालीन तालिम नलिएको, अध्ययन बिदामा रहेको अवस्थामा पनि बढुवा हुने जस्ता व्यवस्था रहेको छ भने प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा ऐन नियममा सो व्यवस्था नरहेको कारणले सङ्घीय कानून बमोजिम गरी पाउन अधिकांश रिट निवेदन परेको देखिन्छ । केही मुद्दाहरूको रोहमा सम्मानित उच्च अदालतबाट भएको फैसला आयोगको कार्यक्षेत्रसँग प्रत्यक्ष असम्बद्ध आदेश समेत प्राप्त भएको सन्दर्भमा प्रदेश सरकारसँग समन्वय गर्दा समेत कार्यान्वयन हुन नसक्ने अवस्थाको विद्यमानता रहेको हुँदा सो फैसला उपर मुद्दा दोहोऱ्याई पाउन आयोगले सर्वोच्च अदालतमा निवेदन पेश गरेको छ ।

**आयोगको निर्णय कार्यान्वयन अवस्था, ध्यानाकर्षण तथा सुझाव**

आयोगको कामकारबाही सम्बन्धी महत्वपूर्ण विषयमा नीतिगत रूपमा आयोगमा पेश भई आयोगको निर्णयानुसार कार्यान्वयन गर्ने गरिएको छ । आयोगबाट निर्णय भएका त्यस्ता विषयहरूको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको छ। आयोगले आफ्नो प्रथम वार्षिक प्रतिवेदनदेखि नै कार्यसम्पादनको क्रममा महशुस गरेका कमी कमजोरीलाई सम्बोधन गरी योग्यता प्रणाली (Meritocracy) को प्रवर्द्धन गर्दै प्रदेश तथा स्थानीय सरकारी सेवाका कर्मचारीको अभिभावकत्व (Guardianship) को भूमिका निर्वाह गर्ने क्रममा आयोगको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा महत्वपूर्ण सुझावहरू उल्लेख गर्दै आइरहेको छ। प्रतिवेदन अवधिमा पनि आयोगको ध्यानाकर्षण भएका विषयहरू विभिन्न २३ बुँदामा समावेश गरिएका छन् र सो सम्बन्धी सुझावहरू सम्बन्धित निकायहरूबाट पूर्ण कार्यान्वयन हुने अपेक्षा आयोगले गरेको छ ।

# संक्षेपीकरण

| संक्षिप्त रूप | विस्तृत रूप |
|---|---|
| अ.स.इ. | असिस्टेन्ट सब-इन्जिनियर |
| अ.स्था.त. | अन्तर स्थानीय तह |
| आ.ज. | आदिवासी जनजाति |
| अ.न.मी. | अक्जुलरी नर्स मिडवाइफ |
| अ.हे.व. | असिस्टेन्ट हेल्थ वर्कर |
| आ.अ.से. | आन्तरिक अन्तर सेवा |
| आ.प्र. | आन्तरिक प्रतियोगिता |
| आ.ले.प. | आन्तरिक लेखा परीक्षण |
| आ.त. | आधारभूत तह |
| इन्जि. | इन्जिनियरिङ्ग |
| उ.पु. | उत्तरपुस्तिका |
| क.अ. | कम्प्युटर अपरेटर |
| क.न. | कम्युनिटी नर्सिङ्ग |
| का.क्ष.मू. | कार्यक्षमताको मूल्याङ्कन |
| कृ.प्र. | कृषि प्रसार |
| ज.न. | जनरल नर्सिङ्ग |
| जे.र का.स.मू. | जेष्ठता र कार्यसम्पादनको मूल्याङ्कन |
| दो.च. | दोस्रो चरण |
| ना.प.से.प्रा. | नायव पशु सेवा प्राविधिक |
| ना.प.स्वा.प्रा. | नायव पशु स्वास्थ्य प्राविधिक |
| ना.प्रा.स. | नायब प्राविधिक सहायक |
| ना.स्वा.प्रा. | नायव स्वास्थ्य प्राविधिक |

| संक्षिप्त रूप | विस्तृत रूप |
|---|---|
| प.से.प्रा. | पशु सेवा प्राविधिक |
| प.हे.न. | पब्लिक हेल्थ नर्स |
| प.स्वा.प्रा. | पशु स्वास्थ्य प्राविधिक |
| पु. | पुरुष |
| प्र.च. | प्रथम चरण |
| प्रा.स. | प्राविधिक सहायक |
| म. | महिला |
| म.वि.नि. | महिला विकास निरीक्षक |
| मे.ल्या.टे. | मेडिकल ल्याब टेक्नोलोजी |
| ल्या.अ. | ल्याब असिस्टेन्ट |
| ल्या.टे. | ल्याब टेक्निसियन |
| ला.पो.एण्ड डे.डे. | लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट |
| लि.प. | लिखित परीक्षा |
| ले.प. | लेखापरीक्षण |
| वि.नं. | विज्ञापन नम्बर |
| शि.प्र. | शिक्षा प्रशासन |
| स.इ. | सब- इन्जिनियर |
| स.म.वि.नि. | सहायक महिला विकास निरीक्षक |
| सा.प्र. | सामान्य प्रशासन |
| हे.अ. | हेल्थ असिस्टेन्ट |
| हे.इ. | हेल्थ इन्सपेक्सन |
| OMR | Optical Mark Reader (Recognition) |

# विषयसूची


| | | |
|---|---|---|
| धन्यवाद ज्ञापन | | VII |
| प्रदेश लोक सेवा आयोगसँग सम्बन्धित महत्त्वपूर्ण घटनाक्रम | | VIII |
| कार्यकारी सारांश | | IX |
| संक्षेपीकरण | | XV |
| तालिका सूची | | XX |
| चित्र सूची | | XXII |
| | परिच्छेद- १<br>प्रदेश लोक सेवा आयोगको परिचय | |
| १.१ | विषय प्रवेश | १ |
| १.२ | आयोगको परिचय | १ |
| १.३ | आयोगको गठन | १ |
| १.४ | आयोगका काम, कर्तव्य र अधिकार | २ |
| १.५ | प्रतिवेदन | २ |
| | परिच्छेद- २<br>प्रदेश लोक सेवा आयोगको कार्यसम्पादनका आधारहरू | |
| २.१ | संवैधानिक, कानूनी तथा नीतिगत आधार | ३ |
| २.२ | प्रदेश लोक सेवा आयोगको सङ्गठनात्मक संरचना | ५ |
| २.३ | आयोगको कार्यक्षेत्र | ६ |
| २.४ | कार्यसम्पादनका सिद्धान्तहरू | ६ |
| २.५ | कार्यसम्पादन प्रक्रिया र कार्यप्रवाह | ७ |
| २.६ | कार्यविभाजन र अधिकार प्रत्यायोजन | १२ |
| | परिच्छेद- ३<br>प्रशासनिक, भौतिक तथा वित्तीय स्थिति | |
| ३.१ | बैठक तथा निर्णय | १३ |
| ३.२ | आयोगको दरबन्दी र पदपूर्ति | १३ |
| ३.३ | आयोगको प्रतीक चिन्ह (Logo) | १५ |
| ३.४ | गोष्ठी, सम्मेलन तथा अन्य कार्यक्रम | १५ |
| ३.५ | अनुगमन तथा निरीक्षण | १६ |
| ३.६ | भौतिक पूर्वाधार | १६ |
| ३.७ | पुस्तकालय सञ्चालन | १७ |
| ३.८ | बजेट, निकासा र खर्च | १७ |
| ३.९ | राजस्व र धरौटी | १७ |
| ३.१० | बेरुजु | १८ |
| | परिच्छेद- ४<br>परीक्षण प्रविधि, शैक्षिक योग्यता र पाठ्यक्रम | |
| ४.१ | परीक्षण प्रविधि | १९ |
| ४.२ | शैक्षिक योग्यता | १९ |
| ४.३ | पाठ्यक्रम | २२ |

परिच्छेद- ५
विज्ञापन र दरखास्त
| | | |
|---|---|---|
| ५.१ | दरबन्दी र पदपूर्तिको अवस्था | २३ |
| ५.२ | पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका | २३ |
| ५.३ | प्रतिशत निर्धारण | २३ |
| ५.४ | विज्ञापन | २४ |
| ५.५ | दरखास्त | ३० |

परिच्छेद- ६
परीक्षा सञ्चालन, उत्तरपुस्तिका परीक्षण र लिखित नतिजा
| | | |
|---|---|---|
| ६.१. | प्रश्नपत्र निर्माण र परिमार्जन | ४१ |
| ६.२ | प्रयोगात्मक तथा लिखित परीक्षा | ४२ |
| ६.३. | उत्तरपुस्तिका संकेतीकरण | ४५ |
| ६.४. | लिखित परीक्षाको नतिजा | ४६ |

परिच्छेद- ७
अन्तर्वार्ता तथा सिफारिस
| | | |
|---|---|---|
| ७.१. | अन्तर्वार्ता | ४८ |
| ७.२. | सिफारिस | ४९ |
| ७.३ | वैकल्पिक उम्मेदवार सिफारिस | ५७ |
| ७.४ | अस्थायी उम्मेदवार सिफारिस | ५७ |
| ७.५ | समान तहमा अन्तर प्रदेश वा संघमा सिफारिस भएको विवरण | ५८ |

परिच्छेद- ८
समावेशी पदपूर्ति
| | | |
|---|---|---|
| ८.१. | समावेशी समूहतर्फ विज्ञापन र दरखास्त | ५९ |
| ८.२. | समावेशी समूहतर्फ सिफारिस | ६० |
| ८.३. | सिफारिसमा महिलाहरूको संख्यात्मक स्थिति | ६१ |

परिच्छेद- ९
परामर्श र उजूरी
| | | |
|---|---|---|
| ९.१ | कर्मचारी सेवा शर्त सम्बन्धी विषयमा परामर्श | ६२ |
| ९.२ | विभागीय सजाय सम्बन्धी परामर्श | ६२ |

परिच्छेद- १०
संस्थागत सुधार र प्रविधिको प्रयोग
| | | |
|---|---|---|
| १०.१ | कार्यालय व्यवस्थापन | ६३ |
| १०.२ | सूचना प्रविधिको प्रयोग | ६३ |
| १०.३ | रणनीतिक योजना | ६४ |

परिच्छेद- ११
आयोग पक्ष विपक्ष भई सम्मानित अदालतमा परेका मुद्दाहरू सम्बन्धी विवरण ६७

परिच्छेद- १२
ध्यानाकर्षण तथा सुझाव ६८

अनुसूचीहरू


| | |
|---|---|
| अनुसूची-१ (क) | ७९ |
| आ.व. २०८१/०८२ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका | ७९ |
| अनुसूची-१ (ख) | ८० |
| आ.व. २०८२/०८३ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका | ८० |
| अनुसूची-२ | ८१ |
| आयोगका निर्णय तथा सो को कार्यान्वयन अवस्था | ८१ |
| अनुसूची ३ | ९६ |
| आयोगको स्वीकृत सङ्गठन संरचना | ९६ |
| अनुसूची ४ | ९७ |
| आयोगको स्वीकृत दरबन्दी तालिका | ९७ |
| अनुसूची-५ | ९८ |
| लोक सेवा आयोगहरूको पाँचौ राष्ट्रिय सम्मेलन, २०८१ को घोषणापत्र तथा निर्णय | ९८ |
| अनुसूची-६ | १०२ |
| आ.व. २०८१/०८२ को बजेट, निकासा तथा खर्च सम्बन्धी विवरण | १०२ |
| अनुसूची-७ | ११४ |
| शैक्षिक योग्यताका विषयमा विगत आ.व. हरूमा आयोगबाट भएको निर्णय | ११४ |
| अनुसूची-८ | ११६ |
| आयोगबाट निर्माण भएका पाठ्यक्रमको विवरण | ११६ |
| अनुसूची-९ | १२० |
| आ.व. २०८१/०८२ मा गरिएको प्रतिशत निर्धारणको विवरण | १२० |
| अनुसूची-१० | १२२ |
| विज्ञापित पद/तह अनुसार संकलित दरखास्त संख्या र प्रति पद औसत दरखास्त | १२२ |
| अनुसूची-११ | १२५ |
| प्रदेश तथा जिल्ला अनुसारको तहगत स्वीकृत दरखास्त संख्या | १२५ |
| अनुसूची-१२ | १२८ |
| प्रथम चरणको परीक्षामा सम्मिलित परीक्षार्थीको विवरण | १२८ |
| अनुसूची-१३ | १३० |
| द्वितीय/अन्तिम चरणको परीक्षामा सम्मिलित परीक्षार्थीको सेवागत विवरण | १३० |
| अनुसूची १४ | १३२ |
| उत्तरपुस्तिका परीक्षण सम्बन्धी विस्तृत विवरण | १३२ |
| अनुसूची-१५ | १३७ |
| लिखित परीक्षाको नतिजा प्रकाशन सम्बन्धी विवरण | १३७ |
| अनुसूची-१६ | १४० |
| प्रयोगात्मक तथा सीप परीक्षण सम्बन्धी विवरण | १४० |
| अनुसूची-१७ | १४२ |
| विज्ञापन, परीक्षा, अन्तर्वार्ता र सिफारिसको एकीकृत विवरण | १४२ |
| अनुसूची-१८ | १४५ |
| मन्त्रालय/स्थानीय तहमा सिफारिस भएका उम्मेदवारको विवरण | १४५ |

**अनुसूची-१९** १४७
**सिफारिस भएका उम्मेदवारको प्रादेशिक तथा जिल्लागत लैङ्गिक विवरण** १४७
**अनुसूची-२०** १४९
**समान तहमा अन्तर प्रदेश वा संघमा सिफारिस भएका उम्मेदवारको विवरण** १४९
**अनुसूची-२१** १५१
**आयोगले विगतका आ.व. हरूमा उपलब्ध गराएको परामर्शको विवरण** १५१
**अनुसूची-२२** १५३
**सम्मानित अदालतमा परेका मुद्दा सम्बन्धी विवरण** १५३
**अनुसूची-२३** १५९
**आयोगका क्रियाकलाप झल्कने तस्वीरहरू** १५९

# तालिका सूची


| तालिका नं. | शीर्षक | पाना नं. |
|---|---|---|
| १ | प्रदेश लोक सेवा आयोगको संरचना | ६ |
| २ | पदाधिकारीहरूको कार्यविभाजन | १२ |
| ३ | आयोगको निर्णयहरूको विषयगत वर्गीकरण (आ.व. २०८१/०८२) | १३ |
| ४ | आयोगमा रहेको दरबन्दी तथा पदपूर्तिको विवरण | १४ |
| ५ | आयोगको कुल बजेट विनियोजन र खर्चको संक्षिप्त विवरण | १७ |
| ६ | राजस्वको विवरण | १८ |
| ७ | धरौटीको विवरण | १८ |
| ८ | शैक्षिक योग्यता सम्बन्धमा द्विविधा भएका विषयमा आयोगबाट भएको निर्णय | २० |
| ९ | आ.व. २०८१/०८२ मा गरिएको प्रतिशत निर्धारणको सेवागत विवरण | २४ |
| १० | आयोगबाट हालसम्म विज्ञापित पदसंख्याको वार्षिक विवरण | २५ |
| ११ | विगत वर्षहरूमा प्रतिशत निर्धारण भई बढुवातर्फ पदपूर्ति हुन बाँकी पदहरूको विवरण | २६ |
| १२ | प्रदेश निजामती सेवा तर्फ भएका विज्ञापन र पदको विवरण | २७ |
| १३ | स्थानीय सरकारी सेवा तर्फ भएका विज्ञापन र पदको विवरण | २८ |
| १४ | पेश भएका दरखास्तको विवरण | ३१ |
| १५ | विज्ञापनको प्रकार अनुसार दरखास्त संकलन अवस्था | ३२ |
| १६ | विज्ञापित पद/तह अनुसार संकलित दरखास्त संख्या र प्रति पद औसत दरखास्त | ३३ |
| १७ | सेवागत रूपमा प्रति औसत दरखास्त | ३४ |
| १८ | भौगोलिक क्षेत्र अनुसारको तहगत दरखास्त संख्या | ३५ |

| तालिका नं. | शीर्षक | पाना नं. |
|---|---|---|
| १९ | प्रदेश अनुसारको तहगत स्वीकृत दरखास्त संख्या | ३६ |
| २० | आ.व. २०८०/०८१ र २०८१/०८२ मा प्राप्त दरखास्तको प्रदेशगत तुलनात्मक संख्या | ३७ |
| २१ | उम्मेदवारको रोजगारीका आधारमा दरखास्तको वर्गीकरण | ३८ |
| २२ | धर्मका आधारमा दरखास्तको वर्गीकरण | ३९ |
| २३ | शारीरिक अवस्थाका आधारमा तहगत दरखास्तको वर्गीकरण | ३९ |
| २४ | दरखास्त नपरेका वा स्वीकृत नभएका विज्ञापनहरूको विवरण | ४० |
| २५ | प्रश्नपत्र निर्माण र परिमार्जन सम्बन्धी विवरण | ४१ |
| २६ | वन रक्षक पदको शारीरिक तन्दुरूस्ती परीक्षा सम्बन्धी विवरण | ४२ |
| २७ | प्रथम चरणको परीक्षामा सम्मिलित परीक्षार्थीको विवरण | ४३ |
| २८ | द्वितीय/अन्तिम चरणको परीक्षामा सम्मिलित परीक्षार्थीको सेवागत विवरण | ४४ |
| २९ | उम्मेदवारलाई गरिएको कारबाहीको विवरण | ४५ |
| ३० | उत्तरपुस्तिका संकेतीकरण सम्बन्धी विवरण | ४५ |
| ३१ | उत्तरपुस्तिका परीक्षण सम्बन्धी विवरण | ४७ |
| ३२ | लिखित परीक्षाको नतिजा प्रकाशन सम्बन्धी तहगत विवरण | ४७ |
| ३३ | प्रयोगात्मक तथा सीप परीक्षण सम्बन्धी विवरण | ४८ |
| ३४ | विज्ञापन, परीक्षा, अन्तर्वार्ता र सिफारिसको एकीकृत विवरण | ४९ |
| ३५ | विज्ञापनको प्रकार, लिङ्ग र तहगत आधारमा सिफारिस संख्या | ५० |
| ३६ | लिङ्गका आधारमा सिफारिस संख्या | ५१ |
| ३७ | मन्त्रालय/स्थानीय तहमा सिफारिस भएका उम्मेदवारको विवरण | ५३ |
| ३८ | भौगोलिक क्षेत्र तथा लिङ्ग अनुसार सिफारिस उम्मेदवारको विवरण | ५४ |
| ३९ | सिफारिस उम्मेदवारको लैङ्गिक तथा प्रदेशगत विवरण | ५५ |
| ४० | वैकल्पिक उम्मेदवार सिफारिसको स्थानीय तहगत विवरण | ५७ |
| ४१ | आ.व. २०७८/७९ देखि आ.व. २०८१/०८२ सम्म भएका समावेशी विज्ञापन र दरखास्त | ५९ |
| ४२ | समावेशी समूहतर्फ सिफारिस संख्या | ६० |
| ४३ | तहगत आधारमा महिला सिफारिस संख्या | ६१ |
| ४४ | आयोगलाई विपक्षी बनाइ दायर भएका मुद्दाको विवरण | ६७ |

# चित्र सूची


| चित्र नं. | शीर्षक | पाना नं. |
|---|---|---|
| १ | पदपूर्ति सम्बन्धी कार्यप्रवाह (Flow Chart) | ११ |
| २ | आयोगको प्रतीक चिन्ह (Logo) | १५ |
| ३ क | स्थानीय सरकारी सेवा तर्फ विज्ञापित पद संख्या | २५ |
| ३ ख | प्रदेश निजामती सेवा तर्फ विज्ञापित पद संख्या | २६ |
| ४ | प्रदेश निजामती सेवा तर्फ विज्ञापन भएको पद संख्या | २८ |
| ५ | स्थानीय सरकारी सेवा तर्फ विज्ञापन भएको पद संख्या | २९ |
| ६ | प्रदेश निजामती सेवा तर्फ विज्ञापित खुला तथा समावेशी पद संख्याको प्रतिशत | २९ |
| ७ | स्थानीय सरकारी सेवा तर्फ विज्ञापित खुला तथा समावेशी पद संख्याको प्रतिशत | ३० |
| ८ | पेश भएका दरखास्त प्रतिशत | ३१ |
| ९ | विज्ञापनको प्रकार अनुसार दरखास्त संकलन अवस्था | ३२ |
| १० | समावेशी समूह अनुसार दरखास्त संकलन अवस्था | ३३ |
| ११ | सेवागत रूपमा प्रति पद औसत दरखास्त | ३४ |
| १२ | दरखास्त संख्याको भौगोलिक क्षेत्रगत वर्गीकरण | ३५ |
| १३ | प्रदेशगत पेश भएका दरखास्तको विवरण | ३६ |
| १४ | आ.व. ०८०/०८१ र ०८१/०८२ मा प्राप्त दरखास्तको प्रदेशगत तुलनात्मक संख्या | ३७ |
| १५ | उम्मेदवारको रोजगारीको अवस्था | ३८ |
| १६ | धर्मका आधारमा दरखास्तको वर्गीकरण | ३९ |
| १७ | शारीरिक अवस्थाका आधारमा तहगत दरखास्तको वर्गीकरण | ४० |
| १८ | लिङ्गका आधारमा सिफारिस सम्बन्धी विवरण | ५० |
| १९ क | स्थानीय सरकारी सेवा तर्फ तहगत आधारमा सिफारिस संख्या | ५२ |
| १९ ख | प्रदेश निजामती सेवा तर्फ तहगत आधारमा सिफारिस संख्या | ५२ |
| २० | भौगोलिक क्षेत्र अनुसार सिफारिस उम्मेदवारको विवरण | ५४ |
| २१ | आ.व. २०८०/८१ र २०८१/०८२ मा सिफारिस भएका उम्मेदवारहरूको प्रदेशगत तुलनात्मक विवरण | ५५ |
| २२ | जिल्लागत तुलनात्मक विवरण | ५६ |
| २३ | समावेशी तर्फको कुल दरखास्त विवरण | ६० |
| २४ | तहगत आधारमा महिला सिफारिस संख्या | ६१ |

# परिच्छेद- १
# प्रदेश लोक सेवा आयोगको परिचय

## १.१ विषय प्रवेशः

नेपालको संविधान जारी भएपश्चात् सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा अनुरूप सङ्घीय शासन प्रणालीलाई संस्थागत गर्न आवश्यक पर्ने प्रशासनिक सङ्घीयताको मान्यता बमोजिम प्रदेश र स्थानीय तहमा योग्य जनशक्ति पदपूर्ति गर्न संविधानको धारा २४४ मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोगको व्यवस्था गरिएको छ। सङ्घीय संसदले कानून बनाई आधार र मापदण्ड निर्धारण गर्ने तथा प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुने संवैधानिक व्यवस्था बमोजिम प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ मा प्रदेश लोक सेवा आयोग स्थापना, काम, कर्तव्य र अधिकार एवं कार्य सञ्चालन सम्बन्धमा आधार र मापदण्ड निर्धारण गरिएको छ। उक्त संवैधानिक तथा कानूनी व्यवस्थाका आधारमा वि.सं.२०७६ साल भदौ १७ गते जारी भएको प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम प्रदेश लोक सेवा आयोग गठन भएको हो।

कर्मचारी छनोटमा योग्यता, स्वच्छता, निष्पक्षता, समावेशिता र तटस्थता सुनिश्चित होस् भन्ने मूल ध्येयका साथ संवैधानिक रूपमा स्थापित लोक सेवा आयोगको संरचनागत एवं कार्यगत व्यवस्थाको क्षितिजीय फैलावट (Horizontal Expansion) को रूपमा संविधानको धारा २४४ मा प्रदेश लोक सेवा आयोगको व्यवस्था गरिएको हो। उक्त धाराले मार्ग निर्देश गरे बमोजिम निर्माण भएको प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ मा उल्लिखित बाध्यात्मक कानूनी व्यवस्थामा आधारित भई गठन हुने प्रदेश लोक सेवा आयोगको गठन विधि, पदाधिकारी नियुक्ति, कर्मचारी छनोटमा लिइने सैद्धान्तिक, प्रणालीगत तथा कार्यविधिगत आधार लगायतका प्रक्रियाहरू समेतबाट आयोगलाई प्रदेशस्तरमा स्थापना हुने संवैधानिक निकायका रूपमा संविधानले परिकल्पना गरेको छ।

## १.२ आयोगको परिचयः

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को प्रस्तावनामा प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश संगठित संस्थाको सेवा, प्रदेश अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको संगठित संस्थाको सेवाको पदमा उपयुक्त उम्मेदवार छनोटमा स्वच्छता, निष्पक्षता, समावेशिता र योग्यता प्रणालीलाई व्यवस्थित गरी प्रदेश एवं स्थानीय तहको सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ, प्रतिस्पर्धात्मक, उत्तरदायी, सेवामुखी र समावेशी सिद्धान्तलाई मध्यनजर गर्दै योग्यता प्रणालीलाई अवलम्बन गर्न प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। वि.सं.२०७६ साल माघ ९ गतेदेखि प्रदेश लोक सेवा आयोग विधिवत रूपमा स्थापना भई संविधान तथा कानूनले निर्दिष्ट गरेका कार्यहरू गर्दै आइरहेको छ।

## १.३ आयोगको गठनः

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ३ मा प्रदेश लोक सेवा आयोगमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा कम्तीमा एक जना महिला सुनिश्चित हुने गरी अध्यक्षसहित बढीमा तीन जना सदस्य रहने प्रावधान रहेको छ। मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश सभाको सभामुख र प्रदेश सभामा विपक्षी दलको नेता सदस्य रहने समितिको सिफारिसमा प्रदेश प्रमुखबाट प्रदेश लोक सेवा आयोगका अध्यक्ष र सदस्यको नियुक्ति हुने व्यवस्था छ।

## १.४ आयोगका काम, कर्तव्य र अधिकारः

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ मा भएका प्रावधानहरू समेतका आधारमा आयोगका काम, कर्तव्य र अधिकारहरू देहाय बमोजिम रहेका छन्:-

१.४.१ प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको पदमा नियुक्तिको लागि उपयुक्त उम्मेदवार छनोट गर्न परीक्षा सञ्चालन गर्ने।

१.४.२ विभिन्न सेवाको लागि उपयुक्त उम्मेदवार छनोटका लागि सञ्चालन गरिने परीक्षाको किसिम, पाठ्यक्रम तर्जुमा, परीक्षण विधि निर्धारण, विज्ञहरूको छनोट, प्रश्नपत्र निर्माण तथा परिमार्जन, परीक्षा सञ्चालन, उत्तरपुस्तिकामा सङ्केत नम्बरको प्रयोग, उत्तरपुस्तिका परीक्षण, अन्तर्वार्ता सञ्चालन, नतिजा प्रकाशन र सिफारिस लगायतका कामकारबाही सम्बन्धमा लोक सेवा आयोगले अपनाएको अभ्यास, विधि तथा मापदण्डका आधारमा कार्य गर्ने।

१.४.३ प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय तहको संगठित संस्थाको सेवाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा सञ्चालन गर्ने।

१.४.४ प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय तहको संगठित संस्थाको सेवाका पदमा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा परामर्श दिने।

१.४.५ कुनै सङ्गठित संस्थाका सेवाका कर्मचारीहरूको सेवाका शर्त सम्बन्धी कानून र त्यस्तो सेवाका पदमा बढुवा वा विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा परामर्श दिने।

१.४.६ प्रदेश सरकारबाट निवृत्तिभरण पाउने पदमा स्थायी नियुक्ति, बढुवा र विभागीय कारबाही सम्बन्धमा परामर्श दिने।

## १.५ प्रतिवेदनः

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४९ को उपदफा (१) बमोजिम आयोगले वर्षभरि आफूले गरेका कामकारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र माननीय प्रदेश प्रमुख समक्ष पेश गर्नुपर्ने व्यवस्था अनुसार स्थापनाकालदेखि नै हरेक वर्ष आफ्नो वार्षिक प्रतिवेदन माननीय प्रदेश प्रमुख समक्ष पेश गर्ने गरेको छ। प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४९ मा भएका विषय समावेश गरी छैटौँ वार्षिक प्रतिवेदनमा आ.व. २०८१/०८२ भित्र सम्पन्न गरेका कामकारबाहीहरू समावेश गरिएको छ।

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४९ मा प्रतिवेदनमा देहायका कुराहरू उल्लेख गर्नुपर्ने व्यवस्था छः-

१.५.१ उम्मेदवार छनोट गर्न लिएको परीक्षा र परीक्षामा संलग्न भएका तथा उत्तीर्ण भएका परीक्षार्थीको सङ्ख्यात्मक विवरण,

१.५.२ विभिन्न निकाय वा तहलाई आयोगले दिएको परामर्श र त्यस्तो परामर्श कार्यान्वयनको अवस्था,

१.५.३ प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका कर्मचारीलाई विभागीय कारबाही र सजाय गर्दा दिएको परामर्श र त्यस्तो परामर्श कार्यान्वयनको अवस्था,

१.५.४ विभिन्न सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा दिएको परामर्श र त्यस्तो परामर्श कार्यान्वयनको अवस्था,

१.५.५ प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा र सङ्गठित संस्थाको सेवामा सुधार गर्नुपर्ने विषय लगायत आयोगले आवश्यक ठानेका अन्य विषय।

## परिच्छेद- २

# प्रदेश लोक सेवा आयोगको कार्यसम्पादनका आधारहरू

## २.१ संवैधानिक, कानूनी तथा नीतिगत आधार

नेपालको संविधान, प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५, प्रदेश लोक सेवा आयोग ऐन, २०७६, प्रदेश लोक सेवा आयोग नियमावली, २०८१, प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८१ र सरकारी कर्मचारी व्यवस्थापनको प्रक्रियामा स्थापित सिद्धान्त, मूल्य मान्यता, मापदण्ड तथा असल अभ्यासहरू यस आयोगको कार्यसम्पादनका प्रमुख कानूनी तथा नीतिगत आधारका रूपमा रहेका छन्। आयोगका सम्बन्धमा भएका प्रमुख व्यवस्थाहरूको सार संक्षेप देहाय बमोजिम रहेको छः

### २.१.१ नेपालको संविधानः

नेपालको संविधानको धारा २४४ मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने, सङ्घीय संसदले कानून बनाई आधार र मापदण्ड निर्धारण गर्ने तथा प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुने व्यवस्था छ।

### २.१.२ कर्मचारी समायोजन ऐन, २०७५:

सरकारी सेवा र अन्य सेवाका कर्मचारीलाई संघ, प्रदेश र स्थानीय तहको सेवामा समायोजन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न यो ऐन जारी भएको हो। यस ऐनको दफा १२ ले प्रदेश तथा स्थानीय तहले कर्मचारी पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगलाई अनुरोध गर्नु पर्ने व्यवस्था गरेको छ।

### २.१.३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ को उपदफा (३) मा स्थानीय सरकारी सेवाको स्थायी दरबन्दीको पदमा प्रदेश लोक सेवा आयोगले सिफारिस गरेको उम्मेदवारलाई मात्र नियुक्ति दिनु पर्ने व्यवस्था गरेको छ।

### २.१.४ प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५:

प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी आधार र मापदण्ड निर्धारण गरी प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा उपयुक्त उम्मेदवारको छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ जारी भई यस ऐनले मूलभूत रूपमा निम्न व्यवस्था गऱ्यो।

- प्रदेश लोक सेवा आयोगको गठनका आधार एवं काम, कर्तव्य र अधिकार सम्बन्धी विषय,
- लोक सेवा आयोगले अवलम्बन गरेका सिद्धान्त र मापदण्ड प्रदेश लोक सेवा आयोगले अवलम्बन गर्नु पर्ने विषय,

- प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवाको पद, प्रदेश सङ्गठित संस्थाको सेवाको पद, स्थानीय सरकारी सेवाको पद, स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा स्थायी नियुक्ति गर्दा आयोगको परामर्श लिनु पर्ने विषय, र
- आयोगले पाठ्यक्रम तर्जुमा, प्रश्नपत्र निर्माण वा परीक्षा सम्बन्धी कुनै पनि विषयका सम्बन्धमा लोक सेवा आयोगको सहयोग लिन सक्ने विषय।

**२.१.५ प्रदेश लोक सेवा आयोग ऐन, २०७६ र प्रदेश लोक सेवा आयोग नियमावली, २०८१**:

प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश संगठित संस्था, प्रदेशको अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको संगठित संस्थाको सेवाको पदमा उपयुक्त उम्मेदवार छनोटमा स्वच्छता, निष्पक्षता र योग्यता प्रणालीलाई व्यवस्थित गरी प्रदेश एवं स्थानीय तहको सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ, प्रतिस्पर्धात्मक, उत्तरदायी, सेवामुखी र समावेशितालाई समेत मध्यनजर गर्दै योग्यता प्रणालीलाई अवलम्बन गर्न प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकारको व्यवस्था गर्न प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लागू भएको हो। यो ऐन तथा नियमावलीले आयोगको गठन, काम, कर्तव्य, अधिकार एवं कार्यप्रणालीलाई व्यवस्थित तथा विस्तृतीकरण गरेको छ।

**२.१.६ प्रदेश निजामती सेवा ऐन, २०७९**:

प्रदेशमा कर्मचारी र कार्यालय व्यवस्थापन मार्फत् सेवा प्रवाहलाई सुदृढ एवं प्रभावकारी बनाउन तथा प्रदेश निजामती सेवालाई सक्षम, सेवामूलक, सुशासनमुखी, उत्तरदायी, सहभागितामूलक र व्यावसायिक बनाउँदै प्रदेश सरकारका नीति योजना र कार्यक्रमलाई नागरिक समक्ष पुऱ्याउन र सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो र चुस्त बनाउन प्रदेश सरकारका आफ्नै कर्मचारी आवश्यक भएकोले प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा कानूनी व्यवस्था गर्न प्रदेश निजामती सेवा ऐन जारी भएको हो। यस ऐनले प्रदेश लोक सेवा आयोगसँग सम्बन्धित निम्न व्यवस्था गरेको छ।

- प्रदेश निजामती सेवाको खुला प्रतियोगिता, आन्तरिक अन्तर सेवा प्रतियोगिता र अन्तर तह प्रतियोगिताद्वारा पूर्ति हुने पदमा प्रदेश लोक सेवा आयोगको सिफारिसमा नियुक्ति हुने व्यवस्था।
- कार्यक्षमता तथा जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको विज्ञापन प्रकाशन, दरखास्त संकलन कार्यमा आयोगको संलग्नता तथा तहवृद्धि/बढुवा समितिको नेतृत्व आयोगका पदाधिकारीबाट हुने व्यवस्था।
- बढुवा तथा विभागीय सजायका सम्बन्धमा आयोगको परामर्श लिनुपर्ने साथै सो सम्बन्धमा पुनरावेदन सुन्ने लगायतका व्यवस्थाहरू।

**२.१.७ स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०:**

प्रदेशभित्र रहेका स्थानीय तहमा कर्मचारी र कार्यालय व्यवस्थापन मार्फत् सेवा प्रवाहलाई सुदृढ एवं प्रभावकारी बनाउन तथा स्थानीय सरकारी सेवालाई सक्षम, सेवामूलक, सुशासनमुखी, उत्तरदायी, सहभागितामूलक र व्यावसायिक बनाउँदै स्थानीय सरकारी सेवाको गठन, सञ्चालन र सेवाका शर्त

सम्बन्धमा तत्काल व्यवस्था गर्न जारी गरिएको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० मा निम्नानुसारको व्यवस्था गरिएको छ।

- स्थानीय सरकारी सेवाको खुला प्रतियोगिता, आन्तरिक अन्तर सेवा प्रतियोगिताद्वारा पूर्ति हुने पदमा प्रदेश लोक सेवा आयोगको सिफारिसमा नियुक्ति हुने व्यवस्था।
- कार्यक्षमता तथा जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको विज्ञापन प्रकाशन, दरखास्त संकलन कार्यमा आयोगको संलग्नता तथा बढुवा समितिको नेतृत्व आयोगका पदाधिकारीबाट हुने व्यवस्था।
- बढुवा तथा विभागीय सजायका सम्बन्धमा आयोगको परामर्श लिनुपर्ने साथै सो सम्बन्धमा पुनरावेदन सुन्ने लगायतका व्यवस्थाहरू।

यसका अतिरिक्त देहायका कानून तथा नीतिगत व्यवस्थाहरूलाई समेत आयोगले कार्य सम्पादनको आधारको रूपमा लिने गरेको छः

- प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८१
- प्रदेश लोक सेवा आयोग बैठक सञ्चालन कार्यविधि, २०७७
- प्रदेश लोक सेवा आयोग (खर्च व्यवस्थापन) कार्यविधि, २०७७
- प्रदेश लोक सेवा आयोगका पदाधिकारी, कर्मचारी एवं दक्ष वा विज्ञ वा विशेषज्ञहरूको आचार संहिता, २०७७
- लोक सेवा आयोग ऐन, २०७९ तथा लोक सेवा आयोग नियमावली, २०७९
- निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५०
- नेपाल स्वास्थ्य सेवा ऐन, २०५३, तथा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५
- प्रदेश प्रहरी ऐन, २०७७
- विभिन्न सेवा, समूह सञ्चालन सम्बन्धी प्रचलित ऐन तथा नियमावलीहरू
- लोक सेवा आयोगले अपनाएको सिद्धान्त, कार्यविधि र मापदण्ड
- प्रदेश लोक सेवा आयोगबाट प्रतिपादित विभिन्न सिद्धान्तहरू
- प्रदेश लोक सेवा आयोगबाट समय-समयमा भएका निर्णयहरू
- प्रदेश लोक सेवा आयोगको कार्यसम्पादनसँग सम्बन्धित अन्य ऐन, नियम र निर्देशिकाहरू
- प्रदेश लोक सेवा आयोगको कार्यसम्पादनसँग सम्बन्धित अन्य कानूनी प्रावधानहरू।

## २.२ प्रदेश लोक सेवा आयोगको सङ्गठनात्मक संरचनाः

आयोगको कार्य सञ्चालनका लागि अध्यक्ष सहित तीन सदस्यीय आयोगको व्यवस्था रहेको छ। आयोग अन्तर्गत आयोगको सचिवको कार्य गर्ने गरी सङ्घीय निजामती सेवाको नेपाल प्रशासन सेवा, राजपत्राङ्कित प्रथम श्रेणीका सह-सचिव (प्रदेश सचिव) प्रशासनिक प्रमुख रहने तथा प्रदेश सचिव मातहत महाशाखाहरू र सो अन्तर्गत विभिन्न शाखाहरू रहने गरी कार्य सञ्चालनको व्यवस्था गरिएको छ। प्रदेश लोक सेवा आयोगको संरचनालाई तालिका नं. १ मा प्रस्तुत गरिएको छः

**तालिका नं. १**

**प्रदेश लोक सेवा आयोगको संरचना**

| | |
|---|---|
| **प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरू** | माननीय अध्यक्षः श्री महेन्द्रप्रसाद गुरागाईं<br>माननीय सदस्यः श्री टीकादत्त राई<br>माननीय सदस्यः श्री सजना दाहाल |
| **सचिव** | प्रदेश सचिवः श्री पवन कुमार तिमिल्सेना |
| **प्रशासनिक संगठन संरचना** | प्रदेश सरकारबाट संगठन संरचना स्वीकृत भई कार्यान्वयनमा रहेको छ जसको विस्तृत विवरण ३.२ मा समावेश गरिएको छ। |

## २.३ आयोगको कार्यक्षेत्रः

नेपालको संविधानको मार्गदर्शन एवं प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ द्वारा निर्धारित आधार तथा मापदण्ड बमोजिम प्रदेश लोक सेवा आयोग ऐन, २०७६ मा आयोगको कार्य क्षेत्र व्यवस्थित गरिएको छ। जसलाई बुँदा नं. १.४ मा उल्लेख गरिएको छ। यस आधारमा समग्र विश्लेषण गर्दा आयोगको प्रमुख कार्यक्षेत्र देहाय बमोजिम वर्गीकृत गर्न सकिन्छः

२.३.१ प्रदेश तथा स्थानीय सरकारलाई आवश्यक कर्मचारीको छनोट सम्बन्धी कार्य।

२.३.२ कर्मचारीको सेवाका शर्त सम्बन्धी कानूनमा परामर्श उपलब्ध गराउने सम्बन्धी कार्य।

२.३.३ कर्मचारीको सेवाका शर्त, बढुवा, विभागीय सजाय तथा उजूरी सम्बन्धमा परामर्श सम्बन्धी कार्य।

२.३.४ पाठ्यक्रम विकास, निर्माण/परिमार्जन तथा मुल्याङ्कन सम्बन्धी कार्य।

२.३.५ खोज तथा अनुसन्धान र परीक्षण विधि निर्माण सम्बन्धी कार्य।

२.३.६ कर्मचारीको सेवा शर्त परिपालना सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्य।

## २.४ कार्यसम्पादनका सिद्धान्तहरूः

प्रदेश लोक सेवा आयोगले स्थापनाकालदेखि नै आफ्नो कार्यसम्पादनका सिलसिलामा हुने आयोगका निर्णय, निर्णयको कार्यान्वयन प्रक्रिया र पालना गर्नुपर्ने आचरण लगायत अन्य सम्पूर्ण कार्यप्रक्रिया अवलम्बन गर्दा आयोगको मूलभूत सिद्धान्त "योग्यता, निष्पक्षता, स्वच्छता र समावेशिता" का मूल्य मान्यताहरूलाई आत्मसात गर्दै विद्यमान कानूनको परिधिभित्र रही कार्य सम्पादन गर्दै आएको छ। लोक सेवा आयोगले अवलम्बन गरेका र प्रदेश लोक सेवा आयोगले समेत आत्मसात गरेका मूलभूत सिद्धान्तहरू निम्न बमोजिम रहेका छन्।

**२.४.१ योग्यताको सिद्धान्त (Principle of Merit):** आयोगको पदपूर्ति सम्बन्धी समग्र कामकारबाहीमा योग्यताको सिद्धान्त अवलम्बन गरिन्छ।

**२.४.२ निष्पक्षताको सिद्धान्त (Principle of Impartiality):** आयोगका निर्णय र परीक्षा सम्बन्धी कामकारबाहीमा कोही कसैलाई कुनै पनि ढङ्गले पक्षपात गरिँदैन।

२.४.३ **स्वच्छताको सिद्धान्त (Principle of Fairness):** आयोगका सम्पूर्ण कामकारबाहीहरूमा इमान्दारिता, जिम्मेवारीपन, विश्वसनीयता र उत्तरदायित्व सुनिश्चित गरी आयोगका निर्णय र कार्यालयबाट सञ्चालन हुने क्रियाकलापलाई स्वच्छ र वस्तुपरक बनाउन कार्यविधिगत प्रबन्धका आधारमा गरिन्छ।

२.४.४ **समान अवसरको सिद्धान्त (Principle of Equal Opportunity):** आयोगबाट प्रकाशित हुने विज्ञापनमा सम्बन्धित सेवा, समूहको पदका लागि योग्यता पुग्ने नेपाली नागरिकको पहुँच सुनिश्चित गरी तोकिएको योग्यता पुग्ने इच्छुक उम्मेदवारहरूलाई दरखास्त पेश गर्न समान अवसर प्रदान गरिन्छ।

२.४.५ **समावेशिताको सिद्धान्त (Principle of Inclusiveness):** पदपूर्तिका लागि आयोगमा प्राप्त माग पदहरू राज्यको समावेशीकरण नीति बमोजिम प्रतिशत निर्धारण गरी सम्बन्धित समूहका उम्मेदवारहरू बीच मात्र प्रतिस्पर्धा गराइ पदपूर्ति गरिन्छ। प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ३७ बमोजिम अन्तर्वार्ता समिति गठन गर्दा समावेशी सहभागिता सुनिश्चित गरिन्छ।

२.४.६ **द्विअन्ध सिद्धान्त (Principle of Double Blind):** पदपूर्ति प्रक्रियाको कुनै एक गोप्य चरणमा संलग्न हुने पदाधिकारी, विज्ञ वा कर्मचारीलाई सो प्रक्रियाको अन्य चरणमा सामान्यतया संलग्न गराइदैन। कुनै एक महाशाखा/शाखाको कार्यसम्पादनमा अर्को महाशाखा/शाखाको प्रत्यक्ष पहुँच र संलग्नता रहँदैन।

२.४.७ **परिचय शून्यताको सिद्धान्त (Principle of Identity Masking):** उत्तरपुस्तिका परीक्षण गर्नुअघि दोहोरो सङ्केतीकरण (Double Coding) प्रक्रिया अवलम्बन गरिन्छ। उत्तरपुस्तिका परीक्षण पश्चात् कोडिङ्गका आधारमा प्राप्ताङ्कको तालिका तयार गरी लिखित नतिजा प्रकाशन गरिन्छ। अन्तर्वार्ता लगायत छनोट प्रक्रियाका सम्पूर्ण परीक्षाका अङ्कहरू एकीकृत गरेपश्चात् मात्र छनोट हुने उम्मेदवारको विसंकेतीकरण (Decoding) गरी अन्तिम सिफारिस गरिन्छ।

२.४.८ **असंलग्नताको सिद्धान्त (Principle of Non-Involvement):** आयोगबाट सञ्चालित कुनै पनि परीक्षामा आयोगको पदाधिकारी, कर्मचारी वा विज्ञका नातेदार संलग्न भएको अवस्थामा निजहरूले स्वघोषणा गरी परीक्षाको शुरूवातदेखि उम्मेदवार सिफारिससम्मको सम्पूर्ण प्रक्रियामा अलग हुनुपर्दछ ।

२.४.९ **गोपनीयताको सिद्धान्त (Principle of Confidentiality):** परीक्षा प्रणालीलाई पूर्णतः विश्वसनीय बनाउने प्रयोजनको लागि पदपूर्ति प्रक्रियाका विभिन्न चरणहरूमा आयोगको गोपनीयता कायम रहन्छ।

## २.५ कार्यसम्पादन प्रक्रिया र कार्यप्रवाहः

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ र प्रदेश लोक सेवा आयोग नियमावली, २०८१ मा आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिनुको साथै आयोगले अवलम्बन गर्नु पर्ने कार्य प्रक्रिया समेत उल्लेख गरिएको छ। प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८१ मा उपरोक्त कार्य प्रक्रियालाई विस्तृतीकरण गरी मानक सञ्चालन प्रक्रिया अर्थात् आधारभूत कार्यविधि (Standard Operating Procedure) व्यवस्थित गरिएको छ जस अनुसार आयोगको कार्य प्रकृति एवं कार्यप्रवाह प्रक्रियालाई निम्नानुसार उपशीर्षक अन्तर्गत उल्लेख गरिएको छ।

### २.५.१ वार्षिक कार्यतालिकाः

आयोगबाट सञ्चालन हुने परीक्षाको समग्र कार्यप्रक्रियालाई व्यवस्थित र नियमित गर्न तथा सम्बन्धित उम्मेदवारहरूलाई पूर्व जानकारी दिन एक आर्थिक वर्षभरमा सञ्चालन हुने परीक्षा प्रक्रियाको चक्रलाई कार्यतालिकीकरण गरी हरेक वर्ष आर्थिक वर्षको शुरु अर्थात् साउन १ गते आयोगको वेबसाइट मार्फत प्रकाशन गर्ने गरिएको छ। आ.व. २०८१/०८२ को

पदपूर्तिको वार्षिक कार्यतालिका अनुसूची १ (क) मा र आ.व. २०८२/०८३ को वार्षिक कार्यतालिकालाई अनुसूची १ (ख) मा समावेश गरिएको छ।

### २.५.२ विज्ञापन प्रकाशनः

प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका रिक्त पदहरूको पूर्तिका लागि सम्बन्धित निकायबाट माग आकृति फाराम प्राप्त भई सकेपछि सम्बन्धित कानून बमोजिम आयोगबाट प्रतिशत निर्धारण गरी कायम हुन आएको पदसंख्याका आधारमा प्रदेश निजामती सेवा ऐन तथा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐनमा तोकिए बमोजिम पदपूर्तिको लागि विज्ञापन प्रकाशन गरिन्छ। यसरी प्रकाशन गरिएको विज्ञापनमा दरखास्त बुझाउने स्थान, लाग्ने दस्तुर, दरखास्त बुझाउने अन्तिम मिति, पदको लागि आवश्यक शैक्षिक योग्यता (अन्य योग्यता आवश्यक पर्ने भए सो समेत) र लिखित परीक्षा हुनेको हकमा लिखित परीक्षा सञ्चालन हुने मिति र समय समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ।

### २.५.३ दरखास्त संकलनः

आयोगबाट विज्ञापन प्रकाशन भएपछि विज्ञापनमा उल्लेख भए बमोजिम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन प्रणाली psconline.p1.gov.np मार्फत दरखास्त (आवेदन) पेश गर्दछन्। बढुवा तर्फको विज्ञापनमा भने रीत पुगेका उम्मेदवारहरूको दरखास्त प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८१ मा तोकिए बमोजिमको फाराम भरी आयोगको कार्यालयमा नै बुझाउनु पर्दछ।

### २.५.४ दरखास्त छानविन तथा स्वीकृतिः

आयोगले प्रकाशन गरेको विज्ञापन बमोजिम तोकिएको म्यादभित्र प्राप्त दरखास्तहरूलाई आयोगको अनलाइन प्रणालीबाट दरखास्त छानविन तथा स्वीकृतिका लागि बाँडफाँड गरिन्छ। आयोगका अधिकृत कर्मचारीहरूले प्राप्त दरखास्तको विवरण, शैक्षिक योग्यता, पेश भएका अन्य कागजातहरू रुजु गरी निज व्यक्तिको उक्त पदको लागि तोकिएको योग्यता पूरा गरेको रहेछ भने मात्र निजको दरखास्त स्वीकृत गरिन्छ।

### २.५.५ प्रश्नपत्र निर्माण तथा परिमार्जनः

कच्चा प्रश्नपत्र निर्माणका लागि तोकिएको पदाधिकारीबाट उपयुक्त संख्यामा विज्ञहरूको मनोनयन गराई विज्ञहरूलाई प्रश्नपत्र निर्माणको लागि पाठ्यक्रम, नमूना प्रश्न, प्रश्नको ढाँचा समेत तोकी गोप्य तवरबाट प्रश्नपत्र निर्माणको लागि अनुरोध गरिन्छ।

विज्ञहरूबाट प्रश्न निर्माण भएपछि गोप्य तवरले संकेत नं. का आधारमा तोकिएको खाममा गोप्य सिलबन्दी सहित परीक्षा सञ्चालन शाखामा बुझाउनु पर्ने र यसरी बुझाउँदा गोपनीयता कायम गरिएको कवुलियतनामा सहित आयोगको कार्यालय वा तोकिएको स्थानमा बुझाउने व्यवस्था गरिएको छ।

परीक्षा सञ्चालन महाशाखा /शाखाले विज्ञबाट बुझिलिएको कच्चा प्रश्नपत्रका सेटहरू सिलबन्दीकै अवस्थामा प्रश्नपत्र परिमार्जन गर्ने महाशाखा/शाखामा बुझाइन्छ। तत्पश्चात् आयोगले तोकेको पदाधिकारीबाट दक्ष/विज्ञ मनोनयन गरी उक्त प्रश्नपत्रको परिमार्जन (मोडरेशन) गराइन्छ।

परीक्षा सञ्चालनको समयमा प्रश्नपत्र बैंकमा रहेका प्रश्नपत्रबाट आयोगले तोकेको पदाधिकारीबाट गोलाप्रथाबाट छनोट गरी आवश्यकता अनुसार छपाएर परीक्षा सञ्चालन गरिन्छ।

### २.५.६ लिखित परीक्षा सञ्चालनः

सम्बन्धित विज्ञापनमा दरखास्त स्वीकृत हुने उम्मेदवारहरूको संख्या अनुसार परीक्षा भवनहरूको व्यवस्था र परीक्षा सञ्चालनको लागि आवश्यक जनशक्तिको व्यवस्था गरिन्छ। तोकिएको स्थान, परीक्षा भवन, मिति र समयमा केन्द्राध्यक्ष सहित परीक्षामा खटाइएको जनशक्तिबाट परीक्षा सञ्चालन हुने व्यवस्था छ।

### २.५.७ उत्तरपुस्तिका संकेतीकरणः

एउटा विज्ञापनको उत्तरपुस्तिकाहरू परीक्षा केन्द्रबाट प्राप्त भएपछि परीक्षा महाशाखा प्रमुखले तोके बमोजिम सामान्यतया परीक्षा शाखाबाट प्रथम कोड कायम गरिन्छ। प्रथम कोड राख्ने कार्य सम्पन्न भएपश्चात् उम्मेदवारको विवरण खण्ड भएको अधकट्टी सिलबन्दी गरी आयोगका सचिवको जिम्मामा राखिन्छ।

आयोगका सचिवबाट द्विअन्ध सिद्धान्त (Principle of Double Blind) बमोजिम प्रथम कोड कायम गर्ने कार्यमा संलग्न नभएका आयोगका अन्य शाखा वा कर्मचारीहरूलाई तोकी दोस्रो कोड कायम गर्ने कार्य सम्पन्न गरिन्छ। सो कार्य सम्पन्न भएपश्चात् दोस्रो कोडका अधकट्टी सिलबन्दी गरी आयोगका अध्यक्षको जिम्मामा रहन्छ।

### २.५.८ उत्तरपुस्तिका परीक्षण र नतिजा तयारी

लिखित परीक्षा नतिजा तयारी शाखाबाट दोस्रो कोड भएको उत्तरपुस्तिकाको सिलबन्दी पोका/खाम प्राप्त भएपछि सो पोका/खामलाई संकेतीकरण गरी परीक्षणको लागि आयोगले तोकेका पदाधिकारीबाट दक्ष/विज्ञको नाम मनोनयन गर्न पेश गरिन्छ। यसरी मनोनित विज्ञहरूलाई आयोगको विधि र प्रक्रिया बमोजिम उत्तरपुस्तिका परीक्षणका लागि आवश्यक संख्यामा सिलबन्दी पोका/खाम उपलब्ध गराइन्छ।

यसरी दक्ष/विज्ञहरूबाट परीक्षण भई प्राप्त भएको प्राप्ताङ्क तालिका (Marksheet) सहित उत्तरपुस्तिका लिखित परीक्षा नतिजा तयारी शाखाबाट दोस्रो कोड नं. का आधारमा नै रूजु गरी विज्ञापित पद बमोजिम एकीकृत तालिका (Integrated Table) तयार गरिन्छ। सोका आधारमा योग्यताक्रम प्राप्ताङ्क तालिका (Merit Mark Ledger), प्राप्ताङ्क तालिका, निर्णय तालिका तयार गरी निर्णय पश्चात् तोकिए बमोजिम गोप्य कागजातहरूको अभिलेख सुरक्षित हुने गरी वर्गीकृत रूपमा सिलबन्दी गरिन्छ। सोही तयारीको क्रममा विज्ञापित माग पद संख्याको आधारमा दोस्रो कोड नं. को क्रम बमोजिम न्यूनतम उत्तीर्णाङ्क प्राप्त गर्ने उम्मेदवारहरूको दोस्रो कोड नं. मात्र उल्लेख भएको डिकोड फाराम तयार गरी लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि छनोट भएका उम्मेदवारहरूको दोस्रो कोड नं. नतिजा प्रकाशन गर्ने प्रयोजनका लागि लिखित परीक्षा नतिजा प्रकाशन शाखामा पठाइन्छ। उत्तपुस्तिकाको परीक्षण आयोगको कार्यालय भित्रै गोप्य रूपमा गराउने व्यवस्था गरिएको छ।

### २.५.९ लिखित परीक्षाको नतिजा प्रकाशनः

लिखित परीक्षा नतिजा तयारी शाखाबाट प्राप्त भएको दोस्रो कोड नं. मात्र उल्लेख भएको डिकोड फाराम प्राप्त भएपश्चात् प्रथम तथा द्वितीय कोड सहितका विवरण खण्ड/अधकट्टी आयोगका सचिव र अध्यक्षबाट प्राप्त गरी विज्ञापित माग पद संख्याका आधारमा कानून बमोजिम थप गर्नुपर्ने संख्या समेत एकीन गरी अन्तर्वार्ता लगायत दोस्रो चरणका परीक्षाहरूका लागि छनोट गरी डिकोड कार्य सम्पन्न गरिन्छ। सो पश्चात् छनोटका आगामी कार्यक्रमको लागि आयोगका पदाधिकारीबाट निर्णय हुन पेश गरिन्छ। यसरी नतिजा प्रकाशन सम्बन्धी कार्यको निर्णय भएपछि सम्बन्धित उम्मेदवारले समेत जानकारी पाउने गरी लिखित परीक्षाको नतिजा सम्बन्धी सूचना सार्वजनिक गरिन्छ।

## २.५.१० द्वितीय चरणको परीक्षा कार्यक्रम तथा अन्तर्वार्ताः

लिखित परीक्षाको नतिजा प्रकाशनबाट छनोट भएका उम्मेदवारहरूलाई पाठ्यक्रममा निर्धारण भए बमोजिम प्रयोगात्मक परीक्षा वा इन-बास्केट अभ्यास परीक्षा वा सामूहिक छलफल वा सीप परीक्षण लगायतका परीक्षाहरू पश्चात् अन्तर्वार्तामा सहभागी गराइन्छ। अन्तर्वार्ता कार्यक्रममा आवश्यकता अनुसार आयोगका अध्यक्ष र सदस्यहरू र सम्बन्धित विषयका दक्ष/विज्ञ समेतको कम्तीमा तीन जनाको अन्तर्वार्ता समिति गठन गरिन्छ। अन्तर्वार्ताकर्ताद्वारा छुट्टाछुट्टै फाराममा अङ्क प्रदान गरी उम्मेदवारको मूल्याङ्कन गरिन्छ।

## २.५.११ अन्तिम योग्यताक्रम प्रकाशन र सिफारिसः

अन्तर्वार्ता लगायतका सम्पूर्ण प्रक्रिया समाप्त भएपछि यथाशक्य छिटो अन्तिम योग्यताक्रम सूची प्रकाशित गरिन्छ। लिखित परीक्षाको प्राप्ताङ्क, अन्तर्वार्ताको औसत अङ्क, प्रयोगात्मक परीक्षाको प्राप्ताङ्क, सामूहिक छलफल, इन-बास्केट अभ्यास, सीप परीक्षण लगायत अन्य परीक्षा हुनेमा त्यस्ता परीक्षा समेतमा प्राप्त गरेका अङ्क समेत जोडी कुल प्राप्ताङ्कको आधारमा योग्यताक्रम सूची तयार गरिन्छ। अन्तर्वार्ता लगायतका प्रक्रियाबाट योग्यताक्रम सूची तयार गर्दा उम्मेदवारहरूको कुल प्राप्ताङ्क बराबर हुन आएमा देहाय अनुसार योग्यताक्रम कायम गरिन्छ।

(क) लिखित परीक्षा हुनेमा लिखित परीक्षाको प्राप्ताङ्कका आधारमा,

(ख) लिखित परीक्षा र प्रयोगात्मक लगायत अन्य द्वितीय चरणका परीक्षा हुनेमा खण्ड (क) बमोजिम योग्यताक्रम नछुट्टिएमा प्रयोगात्मक लगायत अन्य द्वितीय चरणका परीक्षाको प्राप्ताङ्कका आधारमा,

(ग) खण्ड (ख) बमोजिम पनि उम्मेदवारको योग्यताक्रम नछुट्टिएमा अन्तर्वार्ताको प्राप्ताङ्कका आधारमा,

(घ) खण्ड (ग) बमोजिम पनि उम्मेदवारको योग्यताक्रम नछुट्टिएमा सम्बन्धित पदको सेवा प्रवेशको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्राप्त अङ्कको प्रतिशत वा ग्रेडिङ्ग स्तरको आधारमा,

(ङ) खण्ड (घ) बमोजिम पनि उम्मेदवारहरूको योग्यताक्रम नछुट्टिएमा विज्ञापन गरिएको पद भन्दा एक तह मुनिको पदमा बहाल रहेको व्यहोरा दरखास्त फाराममा उल्लेख गरेको भए त्यस्तो पदको जेष्ठताका आधारमा,

(च) खण्ड (ङ) बमोजिम पनि उम्मेदवारहरूको योग्यताक्रम नछुट्टिएमा वा खण्ड (घ) बमोजिम योग्यताक्रम नछुट्टिएका उम्मेदवारको हकमा उमेरको जेष्ठताका आधारमा।

यसरी योग्यताक्रम प्रकाशित गर्दा सिफारिसको योग्यताक्रममा नपरेका अन्तर्वार्तामा समावेश भएका सबै उम्मेदवार समावेश गरी वैकल्पिक उम्मेदवारको सूची प्रकाशन गरिन्छ। खुला प्रतियोगिता तर्फ लिखित परीक्षाबाट अन्तर्वार्ताको लागि छनोट हुन नसकेका तर उत्तीर्णाङ्क प्राप्त गरेका उम्मेदवारहरू मध्येबाट योग्यताक्रमको आधारमा माग गरिएको पद संख्याको तीस प्रतिशतसम्म हुने गरी अस्थायी उम्मेदवारको सूची समेत प्रकाशन गरिन्छ।

## २.५.१२ वैकल्पिक तथा अस्थायी उम्मेदवार सिफारिस

वैकल्पिकको सूचीमा परेका उम्मेदवारहरू मूल सिफारिसमा परेका उम्मेदवारले नियुक्ति नलिएमा वा मृत्यु भई वा निजले राजीनामा दिई वा निजको माथिल्लो पदमा नियुक्ति भई सिफारिस भएको मितिले एक वर्षभित्र निजले नियुक्ति लिएको पद रिक्त हुन आएमा सो रिक्त पदमा नियुक्ति पाउने व्यवस्था छ। अस्थायीको हकमा प्रदेश तथा स्थानीय सरकारबाट अस्थायी नियुक्तिको लागि माग भएमा अस्थायी सूचीबाट अस्थायी नियुक्तिका लागि उम्मेदवार सिफारिस गरिन्छ। सिफारिस गर्दा कुन मन्त्रालय वा कार्यालयमा सिफारिस गर्ने हो उल्लेख गरिन्छ। सहायकस्तरको पदको हकमा उम्मेदवारले रोजेको कार्यालयमा सिफारिस गर्ने व्यवस्था छ। एक भन्दा बढी उम्मेदवारले एउटै कार्यालय रोजेमा योग्यताक्रमको माथिल्लो क्रममा पर्नेलाई सो कार्यालयमा सिफारिस गरिन्छ। तल्लो क्रममा पर्ने उम्मेदवार आफ्नो दोस्रो, तेस्रो रोजाइको कार्यालयमा नियुक्तिका लागि  सिफारिस गरिन्छ।

आयोगको पदपूर्ति सम्बन्धी कार्यप्रवाह प्रणालीलाई देहाय बमोजिमको चित्र नं. १ मा प्रस्तुत गरिएको छः

**चित्र नं. १**

**पदपूर्ति सम्बन्धी कार्यप्रवाह (Flow Chart)**



## २.६ कार्यविभाजन र अधिकार प्रत्यायोजन:

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १४ अनुसार आयोगका अध्यक्ष र सदस्यको कार्यविभाजन आयोगले निर्धारण गरे बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ। सोही ऐनको दफा ५८ बमोजिम प्रदेश लोक सेवा आयोगले आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार अध्यक्ष, कुनै सदस्य वा कर्मचारीलाई प्रत्यायोजन गर्नुपर्ने अवस्था भएमा त्यस्तो अधिकारको प्रयोग र पालना गर्नुपर्ने शर्त निर्धारण गरी अधिकार प्रत्यायोजन गर्नसक्ने व्यवस्था समेत रहेको छ।

आयोगको कार्यलाई सरल, छिटोछरितो र व्यवस्थित बनाउन आयोगबाट प्रतिपादित कार्यसम्पादनका सिद्धान्तहरूलाई समेत आधार बनाई गरिएको पदाधिकारीहरूको आ.व. २०८२/०८३ का लागि गरिएको कार्य विभाजन तालिका नं. २ मा समावेश गरिएको छ।

**तालिका नं. २**

**पदाधिकारीहरूको कार्यविभाजन**

| क्र.सं. | पदाधिकारीको नाम | जिम्मेवारी |
|---|---|---|
| १ | अध्यक्ष<br>श्री महेन्द्रप्रसाद गुरागाईं | प्रशासन, योजना तथा समन्वय |
| | | अन्तर्वार्ता तथा सिफारिस (सामूहिक परीक्षण र कम्प्युटर सीप परीक्षण समेत) |
| | | प्रश्नपत्र परिमार्जन |
| | | लिखित परीक्षा नतिजा प्रकाशन (Optical Mark Reader बाट प्रकाशन हुने समेत) |
| | | प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ४२ को उपदफा (१) (क) र स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ३८ को उपदफा (१) (क) बमोजिमको बढुवा समिति अध्यक्ष |
| | | परीक्षण प्रविधि र अनुसन्धान |
| २ | सदस्य<br>श्री टीकादत्त राई | पाठ्यक्रम निर्माण, परिमार्जन तथा मूल्याङ्कन (अप्राविधिक) |
| | | लिखित परीक्षा सञ्चालन (प्राविधिक) |
| | | लिखित परीक्षा नतिजा तयारी (प्राविधिक) |
| | | नीति, नियम तथा परामर्श |
| | | सूचना तथा प्रकाशन |
| | | मनमोहन प्राविधिक विश्वविद्यालय, सेवा आयोग सदस्य |
| | | स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ३८ को उपदफा (१) (ख) बमोजिमको बढुवा समिति अध्यक्ष |
| | | प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३० बमोजिमको तहवृद्धि समिति अध्यक्ष |
| ३ | सदस्य<br>श्री सजना दाहाल | पाठ्यक्रम निर्माण, परिमार्जन तथा मूल्याङ्कन (प्राविधिक) |
| | | लिखित परीक्षा सञ्चालन (अप्राविधिक) |
| | | लिखित परीक्षा नतिजा तयारी (अप्राविधिक) |
| | | लिखित परीक्षा नतिजा तयारी (प्रदेश प्रहरी, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्था र स्थानीय तहको संगठित संस्था) |
| | | उजुरी तथा विभागीय सजाय परामर्श |
| | | प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ४२ को उपदफा (१) (ख) बमोजिमको बढुवा समिति अध्यक्ष |
| | | प्रदेश लोक सेवा आयोग नियमावली २०८१ को नियम १० बमोजिमको समिति |

## परिच्छेद- ३

# प्रशासनिक, भौतिक तथा वित्तीय स्थिति

## ३.१ बैठक तथा निर्णय:

आयोगको स्थापना मिति २०७६/१०/९ गतेदेखि आ.व. २०८१/०८२ को अन्तसम्म कुल २५० वटा आयोगको बैठक सम्पन्न भएका छन्। आर्थिक वर्ष २०८१/०८२ को अवधिमा ६३ वटा बैठकबाट १०४ वटा निर्णयहरू भएका छन्। प्रतिवेदन अवधिमा आयोगबाट भएका निर्णयहरूको विषयगत वर्गीकरण तथा तिनको संख्या तालिका नं. ३ मा प्रस्तुत गरिएको छ। मुख्य-मुख्य निर्णयहरू र तिनको कार्यान्वयनको अवस्था अनुसूची-२ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ३**

**आयोगको निर्णयहरूको विषयगत वर्गीकरण (आ.व. २०८१/०८२)**

| क्र.सं. | निर्णयका विषयहरू | निर्णय संख्या |
|---|---|---|
| १ | नीति तथा कानून सम्वन्धमा | ७ |
| २ | परीक्षा, विज्ञापन,अन्तर्वार्ता तथा नतिजा सम्बन्धमा | २६ |
| ३ | पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धमा | १२ |
| ४ | शैक्षिक योग्यता सम्बन्धमा | ५ |
| ५ | कर्मचारी सेवा, शर्त सम्बन्धमा | १ |
| ६ | विभागीय कारबाही सम्बन्धी परामर्श | २ |
| ७ | विभिन्न निकायमा परामर्श दिइएको सम्बन्धमा | ३ |
| ८ | समिति गठन सम्बन्धमा | १ |
| ९ | अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट प्राप्त उजूरी छानविन सम्बन्धमा | २ |
| १० | परीक्षा रद्द/कारबाही सम्बन्धमा | ६ |
| ११ | बढुवा उजुरी सम्बन्धी | १८ |
| १२ | विविध | २१ |
| | **जम्मा:** | **१०४** |

## ३.२ आयोगको दरबन्दी र पदपूर्ति:

प्रदेश सरकारबाट आयोगको संगठन संरचना मिति २०८१ भदौ २७ गते स्वीकृत भई प्रदेश लोक सेवा आयोगमा रा.प. प्रथम श्रेणीका १, अधिकृतस्तर दशौं/नवौं तहका ३, अधिकृतस्तर आठौं/सातौं तहका ९, अधिकृतस्तर/सहायकस्तर छैटौं/पाँचौं तहका १० र आधारभूत तहका १३ सहित जम्मा ३६ दरबन्दी रहेको छ। कुल दरबन्दी मध्ये २०८२ असार मसान्तसम्म ३२ पदमा पदपूर्ति भएको छ (जसमध्ये २ जना उपसचिव र १ जना नायब सुब्बा काजमा कार्यरत) भने ४ पदहरू रिक्त रहेका छन्। आयोगको स्वीकृत संगठन संरचना बमोजिमको दरबन्दी संख्या, पदपूर्ति र रिक्तको विवरण तालिका नं. ४ मा उल्लेख गरिएको छ।

**तालिका नं. ४**

**आयोगमा रहेको दरबन्दी तथा पदपूर्तिको विवरण**

| क्र.स. | दरबन्दी विवरण | | | आ.व. २०८१/०८२ को स्वीकृत दरबन्दी | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | पद नाम | सेवा | श्रेणी/तह | संख्या | रिक्त | पूर्ति | किसिम | |
| १ | सचिव | प्रशासन | रा.प.प्रथम | १ | ० | १ | स्थायी | |
| २ | उपसचिव/वरिष्ठ उपसचिव | प्रशासन | नवौं/दशौं | ३ | ० | ३ | स्थायी | २ जना संघबाट काज |
| ३ | शाखा अधिकृत/वरिष्ठ शाखा अधिकृत | प्रशासन | सातौं/आठौं | ७ | १ | ६ | स्थायी | |
| ४ | लेखा अधिकृत/वरिष्ठ लेखा अधिकृत | प्रशासन | सातौं/आठौं | १ | ० | १ | स्थायी | |
| ५ | कम्प्युटर अधिकृत/ इन्जिनियर/ वरिष्ठ कम्प्युटर अधिकृत/इन्जिनियर | विविध | सातौं/आठौं | १ | १ | ० | स्थायी | अस्थायी दरबन्दी |
| ६ | सहायक अधिकृत/नायव सुब्बा | प्रशासन | पाँचौं/छैटौं | ९ | ० | ९ | स्थायी | १ जना संघबाट काज |
| ७ | सहायक कम्प्युटर अधिकृत/कम्प्युटर अपरेटर | कम्प्युटर | पाँचौं/छैटौं | १ | ० | १ | स्थायी | अस्थायी दरबन्दी |
| ८ | ह.स.चा. | - | तह विहीन | ७ | १ | ६ | करार | |
| ९ | कार्यालय सहयोगी | - | तह विहीन | ६ | १ | ५ | करार | |
| **जम्मा** | | | | **३६** | **४** | **३२** | | |

प्रदेश सरकारबाट स्वीकृत आयोगको संगठन संरचना तथा दरबन्दी तेरीज क्रमश: अनुसूची-३ र ४ मा उल्लेख गरिएको छ। संवैधानिक व्यवस्था तथा कानूनले प्रदान गरेको कार्यक्षेत्रको पूर्ण रूपमा कार्यान्वयन गर्दै बढ्दो कार्यबोझ अनुसार कार्य सम्पादन गर्न समेत उल्लिखित दरबन्दी तथा संगठन संरचना पर्याप्त छैन। आ.व. २०८०/०८१ मा आयोगको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरी सो प्रतिवेदन अनुसार प्रस्तावित कुल ५६ दरबन्दी रहेको संगठन संरचना स्वीकृतिका लागि मिति २०८०/४/१५ गतेको आयोगको निर्णयानुसार प्रदेश सरकार समक्ष पेश गरिएको थियो। सो प्रतिवेदन अनुसार दरबन्दी व्यवस्थापन भएपछि वर्तमान कार्यबोझलाई धान्न सक्ने तथा लोक सेवा आयोग सम्बन्धी स्थापित सिद्धान्त तथा मान्यताको परिपालना गर्दै संविधान र कानूनले आयोगलाई प्रदान गरेको कार्य जिम्मेवारी प्रभावकारी ढङ्गले सम्पादन गर्न सकिने हुँदा उक्त प्रतिवेदन बमोजिम प्रदेश सरकारबाट आयोगको संगठन संरचना र दरबन्दी पुनरावलोकन गर्न आवश्यक देखिएको छ।

## ३.३ आयोगको प्रतीक चिन्ह (Logo):

प्रदेश लोक सेवा आयोगले स्थापना कालदेखि नै आफ्नो कामकारबाहीलाई प्रभावकारी एवं आयोगको स्थापित मूल्य मान्यता र सैद्धान्तिक निष्ठा अनुरूपको छवी तथा आफ्नो पहिचान झल्काउने उद्देश्यका साथ प्रतीक चिन्ह (Logo) प्रचलनमा ल्याएको छ। यस प्रदेशको नामाकरण पश्चात् सो प्रतीक चिन्हमा आवश्यक संशोधन समेत गरिएको छ। आयोगको प्रतीक चिन्ह चित्र नं. २ मा प्रस्तुत गरिएको छ।

**चित्र नं. २**

**आयोगको प्रतीक चिन्ह (Logo)**

## ३.४ गोष्ठी, सम्मेलन तथा अन्य कार्यक्रम:

आयोगले आफ्नो मूल कार्यका अतिरिक्त आफ्नो क्षमता विकास एवं अभिमुखीकरणका लागि विभिन्न गोष्ठी, सम्मेलन तथा कार्यशालाहरूमा सक्रिय सहभागिता जनाउनुका साथै विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने गरेको छ। यस प्रतिवेदन अवधिमा भएका गतिविधिहरू निम्नानुसार रहेका छन्:

**क. वार्षिकोत्सव तथा स्मारिका प्रकाशन:**

आयोगको स्थापना दिवसको अवसरमा मिति २०८१/१०/९ गते प्रदेश प्रमुखको कार्यालयको सभाकक्षमा पाँचौं वार्षिकोत्सव कार्यक्रम आयोजना गरिएको थियो। सो अवसरमा विशेष प्रकाशनको रूपमा प्रदेश लोक सेवा आयोगको स्मारिका (२०८१ वर्ष ५ पूर्णाङ्क ५) माननीय प्रदेश प्रमुख परशुराम खापुङ्ग, माननीय मुख्यमन्त्री हिक्मतकुमार कार्की, माननीय सभामुख अम्बर बहादुर विष्ट एवं प्रदेश लोक सेवा आयोगका माननीय अध्यक्ष महेन्द्र प्रसाद गुरागाईंबाट संयुक्त रूपमा विमोचन भएको थियो। सो स्मारिका आयोगको वेवसाइटमा समेत प्रकाशित गरिएको छ।

**ख. लोक सेवा आयोगहरूको राष्ट्रिय सम्मेलन:**

मिति २०८१ फागुन २३ र २४ गते "योग्यता, निष्पक्षता र स्वच्छता: लोक सेवा आयोगहरूको प्रतिबद्धता" भन्ने नाराका साथ लोक सेवा आयोगको आयोजनामा कोशी प्रदेशको विराटनगरमा लोक सेवा आयोगको मूल सिद्धान्तहरू प्रतिको प्रतिवद्धता सहितको चार बुँदे घोषणा-पत्र जारी गर्दै राष्ट्रिय सम्मेलन सम्पन्न भएको थियो। साथै लोक सेवा आयोग र सात वटा प्रदेश लोक सेवा आयोगहरूका पदाधिकारी तथा प्रतिनिधिहरूले संयुक्त हस्ताक्षर गरी दश बुँदे निर्णय समेत सार्वजनिक भएको थियो।

त्यसै गरी मिति २०८१ मंसिर १८ र १९ गते गण्डकी प्रदेशको पोखरामा प्रदेश लोक सेवा आयोगहरूको चौथो सम्मेलनमा यस आयोगले समेत सक्रिय सहभागिता जनाएको थियो। उक्त सम्मेलनले नौं बुँदे घोषणा-पत्र र पाँच बुँदे निर्णय जारी गरेको छ। उक्त सम्मेलनहरूको निर्णय र घोषणा-पत्र अनुसूची-५ मा उल्लेख गरिएको छ।

## ३.५ अनुगमन तथा निरीक्षण:

आयोगले आफ्नो कार्यक्षेत्र भित्रका सार्वजनिक निकायहरूमा स्वीकृत संगठन संरचना अनुसार रिक्त दरबन्दीको अवस्था, पदपूर्तिको प्रक्रिया र अवस्था, कर्मचारीको सेवा, शर्त सम्बन्धी कानूनको पालना एवं आयोगबाट प्रदान गरिएको सुझाव एवं परामर्शको कार्यान्वयन स्थिति लगायतका विषयमा त्यस्ता सार्वजनिक निकायहरूको अनुगमन तथा निरीक्षण गर्नसक्ने कानूनी व्यवस्था रहेको छ। सोही कानूनी व्यवस्था बमोजिम आयोगका पदाधिकारी तथा कर्मचारीहरूबाट प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४४ बमोजिम विभिन्न मितिमा केही स्थानीय तहमा स्थलगत अनुगमन तथा निरीक्षण गरिएको थियो। विगत वर्षका विज्ञापनहरूको समेत यस आर्थिक वर्षमा परीक्षा सञ्चालन गरी पदपूर्ति प्रक्रियालाई नियमित बनाउने आयोगको दृढ लक्ष्य प्राप्ति तर्फ केन्द्रित रहेका कारण यस प्रतिवेदन अवधिमा अनुगमन तथा निरीक्षण कार्य सीमित रूपमा मात्र सम्भव भएको छ। आगामी आ.व. मा कार्यक्रम बनाई अनुगमन तथा निरीक्षणको कार्यलाई प्रभावकारी रूपमा अगाडि बढाउने लक्ष्य राखिएको छ।

## ३.६ भौतिक पूर्वाधार:

आयोगको भौतिक पूर्वाधार सम्बन्धी विवरण देहाय बमोजिम रहेको छः

- **भवन तथा फर्निचर:** आयोगको कार्यालय सञ्चालनको लागि विराटनगर म.न.पा. वडा नं. ४, खार्जी स्थित करिव १० हजार ८ सय वर्ग फिट क्षेत्रफलमा बनेको तीन तले निजी भवन भाडामा लिई कार्यालय सञ्चालनको व्यवस्था गरिएको छ। कार्यालयमा आवश्यकता अनुसार फर्निचरहरू, कार्यालय सामानहरू र न्यूनतम आवश्यक उपकरणहरूको बन्दोबस्त रहेको छ।
- **सवारी साधन:** आयोगका पदाधिकारी तथा कर्मचारीहरूको प्रयोगका लागि ६ थान चारपाङ्ग्रे सवारी साधन, १६ थान दुई पाङ्ग्रे सवारी साधन रहेको छ।
- **सूचना प्रविधि:** आयोगले आफ्नो वेबसाइट (psc.koshi.gov.np), इ-मेल (koshipsc@gmail.com), दरखास्त संकलनका लागि अनलाइन प्रणाली (psconline.p1.gov.np), उम्मेदवारले कुल प्राप्ताङ्क हेर्नको लागि अनलाईन प्रणाली (result.psc.koshi.gov.np), दरखास्त व्यवस्थापन,नतिजा प्रकाशन र सिफारिसको जानकारीका लागि bulk SMS को व्यवस्था गरेको छ । आयोगका विभिन्न महाशाखा/शाखाबाट सम्पादन हुने कामलाई गोपनीयता एवं संवेदनशीलतामा सम्झौता नगरी आवश्यकता अनुसार विद्युतीय प्रणालीमा आधारित सफ्टवेयर लगायतको सहयोगबाट सूचना प्रविधिमैत्री हुने गरी कार्यसम्पादनको व्यवस्था मिलाइएको छ। साथै नेपाल सरकार तथा प्रदेश सरकारको नीति बमोजिम कार्यान्वयनमा रहेका विद्युतीय प्रणाली (GIOMS, RMIS, CGAS, PAMS, e-attendance इत्यादि) लाई आयोगले पूर्ण रुपमा अबलम्बन गरेको छ।

आयोगको कार्य प्रकृति तथा कार्यबोझ अनुसारको कोठा विन्यास (Room Layout) मिलेको भवन उपलब्ध नहुनु, पूर्वाधार सुरक्षा सम्बन्धी यथेष्ट प्रबन्ध हुन नसक्नु प्रमुख समस्याको रूपमा देखिएको छ। यसका लागि विराटनगरको कुनै उपयुक्त स्थानमा रहेको सरकारी जमिन प्रदेश लोक सेवा आयोगलाई उपलब्ध गराई भवन निर्माणको प्रक्रिया अगाडि बढाउन आवश्यक छ।

## ३.७ पुस्तकालय सञ्चालन:

आयोगको पुस्तकालय दक्ष/विज्ञहरू एवं परीक्षार्थीहरूका लागि सन्दर्भ सामग्री समेत हुने गरी स्थापना एवं सञ्चालन गर्ने उद्देश्यका साथ व्यवस्था गरिएको छ। सो पुस्तकालयको लागि विगतमा ४ सय ६७ वटा पुस्तकहरू सङ्ग्रहित रहेकोमा प्रतिवेदन अवधिमा विभिन्न स्वदेशी तथा विदेशी लेखकहरूद्वारा लेखिएका ४२ वटा पुस्तकहरू थप गरी हालसम्म कुल ५ सय ९ वटा पुस्तकहरू सङ्ग्रहित छन्।

पुस्तकालय व्यवस्थापनका लागि कर्मचारी नहुनु, कार्यालय भवनको सीमितताका कारणले पुस्तकालयका लागि छुट्टै कक्ष स्थापना गर्न कठिनाइ हुनु आदि प्रमुख समस्याको रूपमा देखिएको छ भने आयोगको पुस्तकालयलाई e-Library तथा e-Learning Center को रूपमा रुपान्तरण गर्न आवश्यक देखिएको छ।

## ३.८ बजेट, निकासा र खर्च:

आयोगका लागि आ.व. २०८१/०८२ मा विनियोजित बजेट र सो सम्बन्धी खर्चको संक्षिप्त विवरण तालिका नं. ५ मा प्रस्तुत गरिएको छ। गत आर्थिक वर्ष २०८०/०८१ मा वित्तीय प्रगति ९०.१४ प्रतिशत भएकोमा यस प्रतिवेदन अवधि २०८१/०८२ को वित्तीय प्रगति ९५.४२ प्रतिशत हुन आएको छ। बजेट निकासा र खर्च सम्बन्धी विस्तृत विवरण अनुसूची-६ मा उल्लेख गरिएको छ।

**तालिका नं. ५**

**आयोगको कुल बजेट विनियोजन र खर्चको संक्षिप्त विवरण**

| क्र. सं. | विवरण | शुरू विनियोजित बजेट (रु. हजारमा) | रकमान्तर थप घट (रु. हजारमा) | अन्तिम बजेट (रु. हजारमा) | खर्च भएको रकम (रु. हजारमा) | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | चालु खर्च | ८४९१५.०० | २३४७५.०० | १०८३९०.०० | १०४३६९.०० | ९६.२९ |
| २ | पूँजीगत खर्च | ८३००.०० | ०.०० | ८३००.०० | ८२९०.०० | ९९.८८ |
| ३ | पदाधिकारीतर्फ चालु खर्च | ५१८५.०० | ०.०० | ५१८५.०० | ३६२९.०० | ६९.९९ |
| **जम्मा** | | ९८४००.०० | २३४७५.०० | १२१८७५.०० | ११६२८८.०० | ९५.४२ |

## ३.९ राजस्व र धरौटी:

आ.व. २०८१/०८२ मा आयोगको कार्यालयबाट जम्मा रु. ९,९८,५३,३४४.७२ (नौ करोड अन्ठानब्बे लाख त्रिपन्न हजार तीन सय चवालिस रुपैयाँ बहत्तर पैसा मात्र) राजस्व सङ्कलन भएको छ जुन आ.व. २०८०/०८१ भन्दा ३२९.६६% ले बढी रहेको छ। स्थानीय सरकारी सेवा तर्फको विज्ञापन गत आ.व. मा नभएकोमा यस आर्थिक वर्षमा प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा दुवै तर्फका पदहरूको विज्ञापन प्रकाशन हुँदा परीक्षा दस्तुर वापतको राजश्व संकलन उल्लेखनीय रूपमा वृद्धि भएको देखिन्छ। आ.व. २०७८/०७९, २०७९/०८० र २०८०/०८१ को राजस्व र धरौटीको विवरण क्रमश: तालिका नं. ६ र ७ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ६**
**राजस्वको विवरण**

| क्र.सं. | राजस्व शीर्षक | रकम (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|
| | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| १ | १४२२४- परीक्षा शुल्क | ५३५४५.०३ | ८०२९४.७५ | ३०२०४.०५ | ९९६२२.७६ |
| २ | १४२२९- अन्य प्रशासनिक सेवा शुल्क | ५२.६६ | २.२५ | ३.०० | ९०.५० |
| ३ | १४३१२- प्रशासनिक दण्ड जरिवाना र जफत | ४.३५ | ०.०० | ०.०० | ०.०० |
| ४ | १४५११- बीमा दावी प्राप्ति | २९.५७ | ०.०० | ०.०० | ०.०० |
| ५ | १४२१२- सरकारी सम्पत्तिको बिक्रीबाट प्राप्त रकम | ०.०० | ०.०० | ४७.९० | ०.०० |
| ६ | १५१११- बेरुजु | ७.१५ | ४२.६० | ३५.२३ | १४०.०९ |
| | **जम्मा** | **५३,६३८.७६** | **८०,३३९.६०** | **३०,२९०.१८** | **९९,८५३.३४** |

तालिका नं. ५ को खर्च सम्बन्धी विवरण र तालिका नं. ६ को राजश्व सम्बन्धी विवरणको विश्लेषण गर्दा गत आर्थिक वर्षमा विज्ञापन भई पदपूर्ति प्रक्रियाका अन्य चरणहरू प्रतिवेदन अवधिमा सम्पन्न गरिएको तथा यस आर्थिक वर्षमा विज्ञापन प्रकाशन भई पदपूर्तिका अन्य चरणहरू यसै अवधिमा सम्पन्न भएका कारण खर्चमा बढोत्तरी भएको देखिन्छ भने केही विज्ञापनहरूमा दरखास्त संकलन अघिल्लो आर्थिक वर्षमा हुने र सो को परीक्षा सम्बन्धी कार्य अर्को आर्थिक वर्षमा हुन सक्ने हुँदा राजश्व आम्दानी र खर्चलाई विज्ञापनगत तुलना नहुने भई घटी/बढी देखिन सक्छ। साथै आयोगबाट आगामी दिनमा प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा तथा प्रदेश अन्य सरकारी सेवाको समेत पदपूर्तिको कार्य प्रक्रिया पूर्ण क्षमतामा अगाडि बढाइने हुँदा आयोगबाट संकलन हुने राजश्वमा थप बढोत्तरी हुन सक्ने अपेक्षा गरिएको छ।

**तालिका नं. ७**
**धरौटीको विवरण**

| क्र.सं. | विवरण | रकम | | | | |
|---|---|---|---|---|---|---|
| | | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| १ | गत आ.व. को मौज्दात | ३९४९२.०० | २७७२५४.०० | ८२५५७१.०० | ५३२९१७.०० | ४१६१६७.०० |
| २ | आम्दानी | ३८५३०२.०० | ६५६९१७.०० | ०.०० | १६२००.०० | ०० |
| ३ | फिर्ता | १४७५४०.०० | १०८६००.०० | २९२६५४.०० | १३२९५०.०० | १८२७८८.०० |
| ४ | बाँकी | २७७२५४.०० | ८२५५७१.०० | ५३२९१७.०० | ४१६१६७.०० | २३३३७९.०० |

## ३.१० बेरुजु:

सम्मानित सर्वोच्च अदालतमा विचाराधीन रहेको कर्मचारी समायोजन ग्रेड सम्बन्धी बेरूजु आ.व.२०७६/०७७ देखि २०८१/०८२ सम्मको जम्मा रू.२४,१५,९३३.४० बाहेक अन्य बेरूजु नरहेको अवस्था छ।

## परिच्छेद- ४
# परीक्षण प्रविधि, शैक्षिक योग्यता र पाठ्यक्रम

## ४.१ परीक्षण प्रविधि:

आयोगले सिफारिस गर्ने सार्वजनिक सेवाको पदमा उम्मेदवार बन्न सम्बन्धित व्यक्तिले हासिल गरेको शैक्षिक योग्यताको स्तर र विषयक्षेत्रलाई आधारभूत शर्तको रूपमा लिइन्छ। प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा लगायत आयोगको कार्य क्षेत्रभित्र रहेका सार्वजनिक सेवाका पदमा कर्मचारी छनोट गर्दा विभिन्न सेवा/समूहका लागि आवश्यक योग्यता परीक्षण गर्न विकसित प्रविधिहरूको प्रयोग गर्ने गरिएको छ। तसर्थ: पदपूर्ति गर्नुपर्ने सङ्गठनको कार्य प्रकृतिलाई दृष्टिगत गरी व्यक्तिको ज्ञान, सीप, मनोवृत्ति, अभिरुची र व्यवहारको परीक्षण गर्ने विभिन्न प्रकारको वैज्ञानिक परीक्षण विधिको विकास गर्दै लैजानुपर्ने आवश्यकतालाई आयोगले प्राथमिकतामा राखेको छ। समय-समयमा विकास भएका नवीनतम् प्रविधिहरूको पनि क्रमश: प्रयोग गर्दै छनोट प्रणालीलाई अझ परिष्कृत बनाउँदै लगिएको छ।

लोक सेवा आयोगले वि.सं. २०७१ सालमा एसेस्मेन्ट सेन्टर मेथोडोलोजी (ACM) अवलम्बन गर्ने नीतिगत व्यवस्था गरी उपसचिव तथा सहसचिव तहका पदका लागि इन-बास्केट अभ्यास परीक्षा र मामिला प्रस्तुतीकरण विधि लागू गरेको सन्दर्भमा यस प्रदेश लोक सेवा आयोगले अधिकृत नवौं तहका अप्राविधिक पदका लागि इन-बास्केट अभ्यास परीक्षा विधिलाई पाठ्यक्रममा समावेश गरेको छ। प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाको सङ्गठन संरचनामा पदपूर्ति गर्दा निश्चित पदमा नभई तह विशेषका लागि कर्मचारी भर्ना हुने भएकोले प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवामा कर्मचारी छनोट गर्दा पद विशेषको भन्दा तहगत रूपमा सेवा/समूह विशेषका साझा गुणहरूको परीक्षण गर्ने गरी विभिन्न परीक्षण प्रविधिहरूको प्रयोग गर्ने गरिएको छ।

यसरी तत्कालका लागि प्रदेश लोक सेवा आयोग ऐनमा भएको प्रावधान अनुसार लोक सेवा आयोगले अवलम्बन गर्ने गरेका लिखित परीक्षा, प्रयोगात्मक परीक्षा, सीप परीक्षण, सामूहिक छलफल, इन-बास्केट अभ्यास परीक्षा, अन्तर्वार्ता र आयोगले समय-समयमा तोकेका अन्य परीक्षण विधिहरूलाई नै प्रयोग गरी उपयुक्त उम्मेदवार छनोटको परीक्षण कार्य हुँदै आएको छ।

## ४.२ शैक्षिक योग्यता:

प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका विभिन्न सेवा, समूह तथा उप-समूहका पदहरूको शैक्षिक योग्यता प्रदेश लोक सेवा आयोगको परामर्शमा सम्बन्धित निकायबाट निर्माण हुने सेवा, शर्त सम्बन्धी कानूनले नै निर्धारण गरे बमोजिम हुने हुँदा प्रदेश मन्त्रालय र स्थानीय तहले माग आकृति फाराम भरी पठाउँदा निर्धारण भई आएको शैक्षिक योग्यता र कार्यविवरणलाई आधार लिनु पर्ने व्यवस्था छ। प्रदेश लोक सेवा आयोग नियमावली, २०८१ को अनुसूची १ बमोजिम रिक्त पदपूर्तिका लागि भर्नु पर्ने माग आकृति फाराममा उल्लेख भई आएको र सम्बन्धित सेवा, समूह सञ्चालन गर्ने सम्बन्धी कानूनमा उल्लेख भएको शैक्षिक योग्यतालाई आधार मानी दरखास्त स्वीकृतिका क्रममा उत्पन्न विभिन्न द्विविधाहरूको निवारण गर्ने गरिएको छ। प्रतिवेदन अवधिमा गरिएका शैक्षिक योग्यता सम्बन्धी निर्णयहरू तालिका नं. ८ र विगतका आ.व. हरू मा गरिएका शैक्षिक योग्यता सम्बन्धी निर्णयहरू अनुसूची-७ मा राखिएको छ।

## तालिका नं. ८

### शैक्षिक योग्यता सम्बन्धमा द्विविधा भएका विषयमा आयोगबाट भएको निर्णय

| सि.नं. | विवरण | निर्णय |
|---|---|---|
| १ | प्रदेश निजामती सेवा नियमावली, २०८१ को अनुसूची ४ मा तोकिएका पदहरूका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता, तालीम र अनुभवको आधारमा दरखास्त स्वीकृत सम्बन्धमा | प्रदेश निजामती सेवा नियमावली, २०८१ को अनुसूची ४ मा तोकिएका पदहरूका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता, तालीम र अनुभवको आधारमा दरखास्त स्वीकृत गर्ने। यस प्रक्रियामा सङ्घीय निजामती सेवा ऐन, अन्य प्रचलित कानून, सम्बन्धित सेवा/समूह/श्रेणीको नियमावली र लोक सेवा आयोगका निर्णय तथा अभ्यासलाई समेत आधार बनाइ एकरूपता कायम गर्ने।<br>(मिति २०८१/७/११) |
| २ | King Mongkuts University of Technology Thonburi, Thailand बाट Master of Science (Environmental Technology) अध्ययन गरी त्रिभुवन विश्वविद्यालयबाट समकक्षता प्राप्त गरेका उम्मेदवारको शैक्षिक योग्यता सम्बन्धमा। | King Mongkuts University of Technology Thonburi, Thailand बाट Master of Science (Environmental Technology) अध्ययन गरी त्रिभुवन विश्वविद्यालयबाट समकक्षता प्राप्त गरेका उम्मेदवारले प्रदेश वन सेवा, जनरल फरेष्ट्री समूह, नवौं तहको डिभिजनल वन अधिकृत पदका लागि आवेदन दिएकोमा प्रदेश निजामती सेवा नियमावली, २०८१ को अनुसूची ४ अनुसार उक्त स्नातकोत्तर योग्यता आवश्यक विषयसँग सम्बन्धित देखिएको।<br>(आयोगको विभिन्न मितिको बैठक) |
| ३ | MD (Doctor of Medicine) तथा DM (Doctorate of Medicine) residential अध्ययन गर्दाको अवधि अनुभव अवधिमा समावेश गर्ने सम्बन्धमा | डा. अशेष ढुंगाना विरुद्धको उत्प्रेषण मुद्दामा सर्वोच्च अदालतले पहिलेका सम्बन्धित मुद्दाहरू (डा. सन्तोष पौडेल, डा. अनुप वास्तोला) मा गरिएको आदेशको आधारमा Doctorate of Medicine (MD) अध्ययन अवधिलाई अनुभव अवधिमा गणना गर्न मिल्ने ठहर गरेको हुँदा MD (Doctor of Medicine) तथा DM (Doctorate of Medicine) residential अध्ययन गर्दाको अवधि अनुभव अवधिमा समावेश गर्ने।<br>(मिति २०८१/७/११) |
| ४ | एक मात्र आँखाको दृष्टि कमजोर भएमा उम्मेदवारले वन रक्षक पदमा आवेदन दिने पाउने/नपाउने सम्बन्धमा | प्रदेश निजामती सेवा नियमावली, २०८१ को अनुसूची-४ मा वन रक्षक पदको द्वितीय चरण: शारीरिक तन्दुरुस्ती परीक्षण योजनाको खण्ड (क) बुँदा नं. ४, आँखा परीक्षण खण्डमा पुरुषको हकमा "+2 देखि -2 भन्दा कमजोर नभएको" भन्ने व्यहोरा उल्लेख भएको तर दुवै आँखामा सो व्यवस्था लागू हुने हो वा एक मात्र आँखा तन्दुरुस्त भएमा परीक्षामा सहभागी हुन पाउने नपाउने सम्बन्धमा स्पष्ट व्यवस्था नभएकोले |

| सि.नं. | विवरण | निर्णय |
| --- | --- | --- |
| | | सम्बन्धित विषयको चिकित्सकले दिएको दृष्टि क्षमता (Vision) का आधारमा दरखास्त स्वीकृत गर्ने। (मिति २०८१/१०/०४) |
| ५ | वि.नं. ९०२७/०८१-८२, स्वास्थ्य सेवा, हेल्थ एजुकेशन समूह, स्वास्थ्य शिक्षा प्रशासक, नवौं तहको अन्तर्वार्तामा छनोट भएका उम्मेदवार टुकनाथ पौडेलले आफू बाहेकका उम्मेदवारको न्यूनतम शैक्षिक योग्यता आयोगले तोकेको भन्दा अमिल्दो रहेकोले निजको नाम हटाइ पाउँ भन्ने निवेदनको सम्बन्धमा। | स्वास्थ्य सेवा, हेल्थ एजुकेशन समूह, स्वास्थ्य शिक्षा प्रशासक, नवौं तहको अन्तर्वार्ताका लागि छनोट भएकी उम्मेदवार दुर्गामाया पौडेलले आयोगद्वारा तोकिएको न्यूनतम शैक्षिक योग्यताका आधारमा तोकिएको उक्त सेवा, समूह र पदका लागि योग्यता पुगे/नपुगेको भन्ने विषयमा पूर्वाञ्चल विश्वविद्यालयबाट अध्ययन गरिएको Master in Public Health (Health Promotion and Education)/MPH/HPE शैक्षिक कार्यक्रम र Master in Health Promotion Education को पाठ्यक्रममा विषय समान रहेको देखिएकोले दुबैलाई स्वास्थ्य सेवा, स्वास्थ्य शिक्षा समूहका लागि तोकिएको शैक्षिक योग्यतामा मान्न सकिने भएको हुँदा उम्मेदवार दुर्गामाया पौडेलले पेश गरेको शैक्षिक योग्यता Master of Public Health (Health Promotion and Education) रहेको र तदनुसार आयोगले विज्ञापन प्रकाशित गर्दा तोकिएको न्यूनतम शैक्षिक योग्यता पूरा गरेको देखिएकोले निवेदकको मागअनुसार पुनः कार्यवाही गर्न आवश्यक नरहने। (मिति २०८१/१२/१२) |
| ६ | प्रदेश स्वास्थ्य सेवा, हेल्थ एजुकेशन समूह, स्वास्थ्य शिक्षा अधिकृत, सातौं तहको अन्तर्वार्ताका लागि छनोट भएका उम्मेदवार कमलबहादुर बुढाको न्यूनतम शैक्षिक योग्यता आयोगले तोकेको भन्दा अमिल्दो रहेकोले निजको नाम हटाइ पाउँ भन्ने रामकुमार श्रेष्ठ र भोजराज गौतमको संयुक्त निवेदनको सम्बन्धमा । | पूर्वाञ्चल विश्वविद्यालयबाट अध्ययन गरिएको Master in Public Health (Health Promotion and Education)/MPH/HPE योग्यताले नेपाल स्वास्थ्य सेवा, स्वास्थ्य शिक्षा समूहको लागि तोकिएको शैक्षिक योग्यतासँग मिल्ने जनस्वास्थ्य विशेषज्ञता प्राप्त गर्ने शैक्षिक योग्यता भएको रूपमा स्वीकार गर्न सकिने उल्लेख भएको पूर्वाञ्चल विश्वविद्यालय र पोखरा विश्वविद्यालयमा अध्यापन हुने MPH (HPE) तथा MHPE विषयको विशिष्ठ श्रेणीमा नाम दर्ता गर्ने व्यवस्था रहेको देखिएको हुँदा उक्त विषय स्वास्थ्य सेवा, हेल्थ एजुकेशन समूहको लागि मिल्ने निर्णय भइसकेकोले कमलबहादुर बुढाको नाम छनोट सूचीबाट हटाउन पर्ने नदेखिएको। (मिति २०८२/२/२२) |

| सि.नं. | विवरण | निर्णय |
|---|---|---|
| ७ | प्रदेश कृषि सेवा, एगृ. इको एण्ड मार्केटिङ् समूह, अधिकृतस्तर सातौं तह, कृषि अर्थ विज्ञ पदमा कृषि विज्ञान विषयमा स्नातक (B.Sc.Ag.) उपाधि प्राप्त गरेका उम्मेदवार हुन पाउने/नपाउने सम्बन्धमा | कृषि विज्ञान विषयमा स्नातक (B.Sc.Ag.) उपाधि प्राप्त गरेका उम्मेदवारहरूलाई एगृ. इको एण्ड मार्केटिङ समूहमा सम्भाव्य उम्मेदवारको रूपमा कायम गर्ने । (मिति २०८२/२/३०) |

## ४.३ पाठ्यक्रम:

आयोगद्वारा स्थापना कालदेखि आ.व. २०७८/०७९ सम्म प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवा अन्तर्गतका विभिन्न सेवा, समूह, उप-समूहका लागि अलग अलग कुल ६० वटा पदहरूको पाठ्यक्रम निर्माण गरिएकोमा प्रदेश निजामती सेवा ऐन, २०७९ र स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० जारी भए पश्चात् अधिकृतस्तर छैटौं तह तथा कम्प्युटर अपरेटर ( सहायकस्तर पाँचौं) र सहायक कम्प्युटर अपरेटर (सहायकस्तर चौथो) का लागि तयार भएका पाठ्यक्रमहरू प्रयोगविहीन हुनुका साथै नयाँ सन्दर्भमा प्रदेश निजामती सेवा एवं स्थानीय सरकारी सेवा दुवै तर्फ प्रयोग हुने गरी संयुक्त पाठ्यक्रमको आवश्यकता महसुस गरी विगत आ.व. हरूमा साविकका केही पाठ्यक्रमहरूलाई अद्यावधिक गरी तथा केही नयाँ निर्माण गरी प्रदेश निजामती सेवा एवं स्थानीय सरकारी सेवा दुवै सेवा अन्तर्गतका विभिन्न सेवा, समूह र तहका लागि जम्मा २२ वटा संयुक्त र प्रदेश निजामती सेवा अन्तर्गत प्रदेश प्रशासन सेवाको सामान्य प्रशासन समूहको चौथो र पाँचौं तहको १/१ वटा, स्वास्थ्य सेवाको विभिन्न समूह र तहका ४ वटा तथा कृषि सेवा र शिक्षा सेवाको नवौं तहका जम्मा ३ वटा गरी जम्मा ३१ वटा विभिन्न पद तथा तहका पाठ्यक्रम तयार गरिएका थिए । आयोग स्थापनाको शुरुवाती चरणमा सेवा समूहका पदको माग प्राप्त भएपछि हुने विज्ञापनका आधारमा पाठ्यक्रम निर्माण तथा स्वीकृत गरी लागू गर्दै आएकोमा यस आ.व. मा प्रकाशित हुने विभिन्न पदका लागि पाठ्यक्रममा एकरूपता कायम गर्न र प्रदेशको लागि समसामयिक विषयवस्तु समेत समावेश गर्न आवश्यक देखिएकोले आ.व. २०८१/०८२ मा आयोगले तेस्रो तह वन रक्षक पदको १ वटा, चौथो तहका १४ वटा, पाँचौ तहका २७ वटा, सातौं तहका ७ वटा र नवौं तहका २८ वटा गरी कुल ७७ वटा पाठ्यक्रम निर्माण तथा परिमार्जन भई लागू गरिएको छ ।

यसरी आयोगले हालसम्म आवश्यकता अनुसार पाठ्यक्रमहरू निर्माण तथा परिमार्जन गर्दै आफूले सञ्चालन गर्ने परीक्षाहरूलाई व्यवस्थित गर्दै आएको छ भने कतिपय सेवा, समूह र पदको परीक्षाका लागि पाठ्यक्रम निर्माण गर्न बाँकी रहेको अवस्थामा आयोगको निर्णयानुसार लोक सेवा आयोगको पाठ्यक्रम प्रयोग गर्ने गरिएको छ। यस प्रतिवेदन अवधिसम्म अद्यावधिक रहेका पाठ्यक्रमहरूको विवरण अनुसूची-८ मा उल्लेख गरिएको छ ।

समग्रमा परीक्षण प्रविधि विकासका लागि अध्ययन अनुसन्धान हुन नसक्नु, खुला बजारमा उपलब्ध मानवस्रोतको योग्यता एवं स्वदेशी तथा विदेशी विश्वविद्यालयमा अध्यापन गराइने विषय र सेवामा आवश्यक पर्ने दक्षताबीच सामञ्जस्य हुने गरी सेवा समूह सम्बन्धी प्रचलित कानूनमा शैक्षिक योग्यता निर्धारण हुन नसक्नु, सबै प्रकारका सेवा समूहका पदका पाठ्यक्रम निर्माणका लागि दक्ष/विज्ञ उपलब्ध हुन नसक्नु एवं विषय विज्ञहरू स्थानीय स्तरमा पर्याप्त संख्यामा उपलब्ध नहुनु प्रमुख समस्याको रूपमा रहेको छ ।

## परिच्छेद- ५

# विज्ञापन र दरखास्त

### ५.१ दरबन्दी र पदपूर्तिको अवस्था:

वि.सं. २०७५ सालमा कर्मचारी समायोजन गर्दा निजामती सेवा ऐन, २०४९ र कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले कोशी प्रदेश सरकारका लागि ३,८८२ पद कायम रहने गरी संगठन तथा दरबन्दी स्वीकृत गरेको थियो । तत् पश्चात विभिन्न समयमा प्रदेश सरकारले स्वीकृत गरेको दरबन्दीहरू समेतका आधारमा प्रदेश सरकारबाट गठित उच्चस्तरीय प्रशासन सुधार कार्यदलको प्रतिवेदन, २०८० मा कोशी प्रदेश सरकार अन्तर्गत कुल १९२ कार्यालयहरूमा ३,९८४ स्वीकृत दरबन्दी कायम रहेको व्यहोरा उल्लेख गरिएकोछ । सो प्रतिवेदनको आधारमा पर्यटन वातावरण तथा वन मन्त्रालयमा १,१०४ (२७.७१ प्रतिशत), स्वास्थ्य मन्त्रालयमा १,००१ (२५.१३ प्रतिशत), उद्योग कृषि तथा सहकारी मन्त्रालयमा ६५१ (१६.३४ प्रतिशत), खानेपानी, सिंचाइ तथा ऊर्जा मन्त्रालय ३३३ (८.३६ प्रतिशत) र भौतिक पूर्वाधार विकास मन्त्रालय २३५ (५.९० प्रतिशत) दरबन्दी कायम रहेका छन् । एक प्रतिशत भन्दा कम दरबन्दी हुने निकायमा प्रदेश लोक सेवा आयोग, प्रदेश योजना आयोग र मुख्य न्यायाधिवक्ताको कार्यालय पर्दछन् ।

प्रदेश सरकारको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्थायी दरबन्दी संरचना निर्माणको क्रममा रहेको, कतिपय स्थानीय तहहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी संरचना तयार भए पनि प्रदेश किताबखानामा अद्यावधिक हुन नसकेको कारण प्रदेश तथा स्थानीय तहमा दरबन्दी तथा पदपूर्तिको अद्यावधिक विवरण प्राप्त हुन सकेको छैन । यद्यपि प्रदेश तथा स्थानीय तहमा समायोजनताका स्वीकृत दरबन्दी मध्ये रिक्त पदहरूमा विज्ञापन भई पदपूर्तिको कार्य भइरहेको छ ।

### ५.२ पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका:

प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका बमोजिम आयोगबाट आ.व. २०८१/०८२ मा सञ्चालन हुने परीक्षाको समग्र कार्यप्रवाह (Work Flow) लाई व्यवस्थित र नियमित गर्ने गरी सो आर्थिक वर्षभरमा सञ्चालन हुने परीक्षा प्रणालीको चक्र (प्रतिशत निर्धारण, विज्ञापन प्रकाशन, लिखित परीक्षा सञ्चालन, लिखित परीक्षाको नतिजा तयारी, लिखित परीक्षाको नतिजा प्रकाशन र अन्तर्वार्ता लगायत) लाई कार्यतालिकीकरण गरी प्रकाशन गरिएको थियो ।

प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय तहको संगठित संस्थाको सेवाको पदपूर्ति सम्बन्धमा विज्ञापनका लागि सहमति प्रदान गर्नेदेखि लिखित परीक्षाको नतिजा प्रकाशन गर्नेसम्मका क्रियाकलापहरू समावेश गरी वार्षिक कार्यतालिका प्रकाशन गर्नुपर्नेमा उक्त निकायहरूसँग सम्बन्धित नीतिगत तथा कानूनी व्यवस्थाको अभाव रहेको साथै सो निकायहरूबाट पदपूर्तिका लागि अनुरोध समेत भई नआएको हुँदा पदपूर्तिको लागि अनुरोध भएमा समायोजन गर्ने गरी सोसँग सम्बन्धित विषय वार्षिक कार्यतालिकामा समावेश गरिएको छैन ।

### ५.३ प्रतिशत निर्धारण:

प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका रिक्त पदहरूमा पदपूर्तिका लागि सेवा शर्त सम्बन्धी प्रचलित कानून बमोजिमको अवधिमा सम्बन्धित निकायले आवश्यक प्रक्रिया पूरा गरी आयोगमा माग आकृति फाराम भरी पठाउनु पर्ने हुन्छ । यसरी पदपूर्तिका लागि माग प्राप्त भएपछि कुल रिक्त पदहरूमध्ये के कति पद कुन तरिकाबाट पूर्ति गर्ने भन्ने विषयमा सम्बन्धित सेवा शर्त सम्बन्धी कानूनमा भएको व्यवस्थाका आधारमा आयोगबाट पदसंख्या (प्रतिशत) निर्धारण गरिन्छ । आ.व. २०८१/०८२ मा प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका लागि माग

भई आएका विभिन्न तहका पदहरूको प्रतिशत निर्धारण गरी पदपूर्तिका प्रक्रिया अगाडि बढाइएको छ। यस प्रतिवेदन अवधिमा भएका प्रतिशत निर्धारण बमोजिम प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवा गरी दुवै तर्फ विभिन्न सेवा, समूह र तहको जम्मा माग पद संख्या १,३८५ भएकोमा खुला तथा समावेशी तर्फ १०३५, कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा तर्फ १६७, आन्तरिक अन्तर सेवा प्रतियोगिता तर्फ २१, जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा तर्फ १४८ र अन्तर तह प्रतियोगिता तर्फ १४ पदको प्रतिशत निर्धारण गरिएको छ। यस सम्बन्धी विवरण तालिका नं. ९ मा प्रस्तुत गरिएको छ। सो को विस्तृत विवरण अनुसूची-९ मा राखिएको छ।

**तालिका नं. ९**

**आ.व. २०८१/०८२ मा गरिएको प्रतिशत निर्धारणको सेवागत विवरण**

**(क) प्रदेश निजामती सेवातर्फः**

| सि. नं. | सेवा | जम्मा माग पद संख्या | पदपूर्ति हुने प्रक्रिया अनुसारको संख्या | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | खुला तथा समावेशी प्रतियोगिताद्वारा | अन्तर स्थानीय तह प्रतियोगिताद्वारा | आन्तरिक अन्तर सेवा प्रतियोगिताद्वारा | का.क्ष.मू. द्वारा | जेष्ठता र का.स.मू.द्वारा |
| १ | प्रदेश इन्जिनियरिङ्ग | ५२ | ३९ | १ | ४ | ५ | ३ |
| २ | प्रदेश कृषि | ३६ | १८ | ३ | ६ | ४ | ५ |
| ३ | प्रदेश प्रशासन | १५९ | ९४ | ३ | ७ | २७ | २८ |
| ४ | प्रदेश वन | ६९ | ५० | ७ | १ | ५ | ६ |
| ५ | प्रदेश शिक्षा | ७ | ३ | ० | ० | २ | २ |
| ६ | प्रदेश स्वास्थ्य | १६९ | १०६ | ० | ३ | ३३ | २७ |
| जम्मा (क) | | ४९२ | ३१० | १४ | २१ | ७६ | ७१ |

**(ख) स्थानीय सरकारी सेवातर्फः**

| सि. नं. | सेवा | जम्मा माग पद संख्या | पदपूर्ति हुने प्रक्रिया अनुसारको संख्या | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | खुला तथा समावेशी प्रतियोगिताद्वारा | अन्तर स्थानीय तह प्रतियोगिताद्वारा | आन्तरिक अन्तर सेवा प्रतियोगिताद्वारा | का.क्ष.मू. द्वारा | जे. र का.स.मू. द्वारा |
| १ | स्थानीय इन्जिनियरिङ्ग | ११० | ८२ | ० | ० | १५ | १३ |
| २ | स्थानीय कृषि | १४८ | १०९ | ० | ० | २२ | १७ |
| ३ | स्थानीय प्रशासन | २१८ | १६२ | ० | ० | ३० | २६ |
| ४ | स्थानीय वन तथा वातावरण | १ | १ | ० | ० | ० | ० |
| ५ | स्थानीय शिक्षा | २३ | १९ | ० | ० | २ | २ |
| ६ | स्थानीय स्वास्थ्य | ३८४ | ३४४ | ० | ० | २१ | १९ |
| ७ | स्थानीय कानून | ९ | ८ | ० | ० | १ | ० |
| जम्मा (ख) | | ८९३ | ७२५ | ० | ० | ९१ | ७७ |
| कुल जम्मा (क+ख) | | १३८५ | १०३५ | १४ | २१ | १६७ | १४८ |

## ५.४ विज्ञापनः

आयोगको निर्धारित कार्यतालिका अनुसार सम्बन्धित निकायबाट पदपूर्तिका लागि माग आकृति फाराम प्राप्त भए पश्चात् प्रतिशत निर्धारण भई सम्बन्धित सबैको जानकारीको लागि विज्ञापन प्रकाशन गरिन्छ। विगतका वर्षहरू जस्तै आ.व.

२०८१/०८२ मा पनि सोही प्रक्रिया अनुसार माग पदहरूको पदपूर्तिका लागि विज्ञापन भई गोरखापत्र राष्ट्रिय दैनिक तथा आयोगको वेवसाइटमा प्रकाशन गरिएको छ। सामान्यतया गोरखापत्र राष्ट्रिय दैनिकमा आयोगको विज्ञापन महिनाको अन्तिम सोमबार प्रकाशन गर्ने गरिएको छ।

आयोगले आ.व. २०८१/०८२ मा १९९० पदका लागि विज्ञापन प्रकाशन गरेको छ। स्थापना कालदेखि यस प्रतिवेदन अवधिसम्म विज्ञापित पद संख्याको तुलनात्मक तालिका तालिका नं. १० र चित्र नं. ३ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. १०**

**आयोगबाट हालसम्म विज्ञापित पद संख्याको वार्षिक विवरण**

| सि.नं. | सेवा | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | हालसम्म कुल |
|---|---|---|---|---|---|---|
| **स्थानीय सरकारी सेवा तर्फ** | | | | | | |
| १ | इन्जिनियरिङ्ग | २३ | १३८ | ० | ११० | २७१ |
| २ | कृषि | २०० | १७३ | ० | १४९ | ५२२ |
| ३ | न्याय | ३ | ५ | ० | ९ | १७ |
| ४ | प्रशासन | २८५ | २२२ | ० | २१८ | ७२५ |
| ५ | विविध | ३५ | ३३ | ० | ० | ६८ |
| ६ | शिक्षा | ३१ | ११ | ० | २३ | ६५ |
| ७ | स्वास्थ्य | ० | ६३० | ० | ३८४ | १०१४ |
| **जम्मा** | | **५७७** | **११९२** | **०** | **८९३** | **२६८२** |
| **प्रदेश निजामती सेवा तर्फ** | | | | | | |
| १ | प्रदेश इन्जिनियरिङ्ग | ० | ६६ | १०२ | ५२ | २२० |
| २ | प्रदेश कृषि | ० | ६६ | ३६ | ३६ | १३८ |
| ३ | प्रदेश प्रशासन | ० | ४३ | ५४ | १५९ | २५६ |
| ४ | प्रदेश वन | ० | ६० | २३५ | ६९ | ३६४ |
| ५ | प्रदेश शिक्षा | ० | ५ | १६ | ७ | २८ |
| ६ | प्रदेश स्वास्थ्य | ० | ४२ | २१ | १६९ | २३२ |
| **जम्मा** | | **०** | **२८२** | **४६४** | **४९२** | **१२३८** |
| **कुल** | | **५७७** | **१४९४** | **४६४** | **१३८५** | **३९२०** |

**चित्र नं. ३**






विगत वर्षहरूमा प्रतिशत निर्धारण भई बढुवा तर्फको पदपूर्ति हुन बाँकी पदहरूमा स्थानीय तहहरूबाट पदपूर्तिको अवस्था यकिन भई प्राप्त विवरण बमोजिम स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ३८ को उपदफा (६) अनुसार पदपूर्तिका लागि आयोगको वार्षिक कार्यतालिका बमोजिम मिति २०८१/५/३१ गते बढुवा सूचना प्रकाशन भएको थियो। उल्लिखित विवरण तलको तालिका नं. ११ प्रस्तुत गरिएको छ।

**तालिका नं. ११**

**विगत वर्षहरूमा प्रतिशत निर्धारण भई बढुवातर्फ पदपूर्ति हुन बाँकी पदहरूको विवरण**

| सि.नं. | सेवा | तह | जम्मा माग पद संख्या | पदपूर्ति हुने प्रक्रिया अनुसारको संख्या | |
|---|---|---|---|---|---|
| | | | | का.क्ष.मू. द्वारा | जे. र का.स.मू. द्वारा |
| १ | स्थानीय इन्जिनियरिङ्ग | चौथो | १८ | १ | १७ |
| | | पाँचौं | १७४ | ६६ | १०८ |
| | | छैटौं | १२ | ० | १२ |
| | | नवौं | ९ | ९ | ० |
| २ | स्थानीय कृषि | पाँचौं | २८ | ० | २८ |
| ३ | स्थानीय प्रशासन | चौथो | १६ | ० | १६ |
| | | पाँचौं | २७७ | १०१ | १७६ |
| | | छैटौं | ४५ | ० | ४५ |
| | | नवौं | १ | १ | ० |
| ४ | स्थानीय शिक्षा | सातौं | ८ | ० | ८ |
| | | नवौं | १ | १ | ० |
| ५ | स्थानीय स्वास्थ्य | पाँचौं | १६ | ० | १६ |
| **कुल जम्मा** | | | ६०५ | १७९ | ४२६ |

### ५.४.१ प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा तर्फको विज्ञापनः

प्रदेश निजामती सेवा ऐन बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय एवं प्रदेश सरकारका अन्य मन्त्रालय तथा निकायहरू र स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन बमोजिम स्थानीय तहहरूबाट प्राप्त मागका आधारमा यस प्रतिवेदन अवधिमा प्रतिशत निर्धारण हुँदा बढुवा (कार्यक्षमताको मूल्याङ्कन तथा जेष्ठता र कार्य सम्पादन मूल्याङ्कन), आन्तरिक अन्तर सेवा, अन्तर तह र खुला तर्फ कायम भएका विभिन्न सेवा, समूह र तहका विभिन्न ११९० पदका लागि २६७ वटा विज्ञापन र १७३ वटा बढुवा सम्बन्धी सूचनाहरू प्रकाशन गरिएको थियो। जसमा बढुवा तर्फ ९२०, आन्तरिक अन्तर सेवा तर्फ २१, अन्तर तह तर्फ १४, खुला तर्फ ६०७ र समावेशी तर्फ ४२८ पद रहेका छन्।

यस अवधिमा भएका प्रदेश निजामती सेवा तर्फको विज्ञापन र विज्ञापित पद संख्यालाई तालिका नं. १२ र चित्र नं. ४ मा तथा स्थानीय सरकारी सेवा तर्फको विज्ञापन र विज्ञापित पद संख्यालाई तालिका नं. १३ र चित्र नं. ५ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. १२**

**प्रदेश निजामती सेवा तर्फ भएका विज्ञापन र पदको विवरण**

| सि.नं. | सेवा | विज्ञापन/सूचना संख्या र पद | जेष्ठता र का. स. मू. | कार्यक्षमता मूल्याङ्कन | आन्तरिक अन्तर सेवा | अन्तर तह | खुला तथा समावेशी प्रतियोगिता | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | खुला | आ.ज. | महिला | दलित | थारु | मधेशी | मुस्लिम | अपाङ्ग | जम्मा |
| १ | प्रदेश इन्जिनियरिङ्ग | विज्ञापन/सूचना संख्या | २ | ५ | ३ | १ | १२ | ५ | ४ | ३ | ० | ० | ० | ० | ३५ |
| | | पद संख्या | ३ | ५ | ४ | १ | २६ | ५ | ५ | ३ | | | | | ५२ |
| २ | प्रदेश कृषि | विज्ञापन/सूचना संख्या | ५ | ४ | ६ | ३ | ९ | ५ | २ | २ | ० | ० | ० | ० | ३६ |
| | | पद संख्या | ५ | ४ | ६ | ३ | ९ | ५ | २ | २ | | | | | ३६ |
| ३ | प्रदेश प्रशासन | विज्ञापन/सूचना संख्या | १० | ९ | १ | २ | ११ | ८ | ८ | २ | ४ | १ | १ | ० | ५७ |
| | | पद संख्या | २८ | २७ | ७ | ३ | ५६ | १४ | १६ | २ | ४ | १ | १ | | १५९ |
| ४ | प्रदेश वन | विज्ञापन/सूचना संख्या | २ | ३ | १ | १ | ५ | ४ | ३ | २ | १ | १ | १ | ० | २४ |
| | | पद संख्या | ६ | ५ | १ | ७ | २९ | ९ | ७ | २ | १ | १ | १ | ० | ६९ |
| ५ | प्रदेश शिक्षा | विज्ञापन/सूचना संख्या | १ | २ | ० | ० | २ | १ | ० | ० | ० | ० | ० | ० | ६ |
| | | पद संख्या | २ | २ | | | २ | १ | | | | | | | ७ |
| ६ | प्रदेश स्वास्थ्य | विज्ञापन/सूचना संख्या | २१ | २४ | ३ | ० | २६ | १८ | ९ | ६ | २ | ० | ० | ० | १०९ |
| | | पद संख्या | २७ | ३३ | ३ | | ६२ | २३ | १३ | ६ | २ | | | | १६९ |
| **जम्माः** | | विज्ञापन/सूचना संख्या | ४१ | ४७ | १४ | ७ | ६५ | ४१ | २६ | १५ | ७ | २ | २ | ० | २६७ |
| | | पद संख्या | ७१ | ७६ | २१ | १४ | १८४ | ५७ | ४३ | १५ | ७ | २ | २ | ० | ४९२ |

समावेशी समूह तर्फ प्रतिशत निर्धारण गर्दा आर्थिक रूपले विपन्न खस आर्य समूहका लागि छुट्याइएको पदमा प्रदेश निजामती सेवा ऐन, २०७९ तथा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १० को उपदफा (१) को स्पष्टीकरण खण्डमा व्यवस्था भए बमोजिम खुला तर्फ समावेश गरी विज्ञापन भएकोले सो समूहको विवरण तालिकामा उल्लेख गरिएको छैन।

## चित्र नं. ४




## तालिका नं. १३

### स्थानीय सरकारी सेवा तर्फ भएका विज्ञापन र पदको विवरण

| सि.नं. | सेवा | विज्ञापन/सूचना संख्या र पद | जेष्ठता र का. स. मू. | कार्यक्षमता मूल्याङ्कन | आन्तरिक अन्तर सेवा | अन्तर तह | खुला तथा समावेशी प्रतियोगिता | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | खुला | आ.ज. | महिला | दलित | थारु | मधेशी | मुस्लिम | अपाङ्ग | जम्मा |
| १ | स्थानीय इन्जिनियरिङ्ग | विज्ञापन/सूचना संख्या | ८ | ८ | ० | ० | ८ | ६ | ४ | ४ | १ | १ | १ | १ | ४२ |
| | | पद संख्या | १५० | ९१ | ० | ० | ४९ | १४ | ११ | ४ | १ | १ | १ | १ | ३२३ |
| २ | स्थानीय कानून | विज्ञापन/सूचना संख्या | ० | १ | ० | ० | २ | २ | १ | ० | ० | ० | ० | ० | ६ |
| | | पद संख्या | ० | १ | ० | ० | ५ | २ | १ | ० | ० | ० | ० | ० | ९ |
| ३ | स्थानीय कृषि | विज्ञापन/सूचना संख्या | १६ | ११ | ० | ० | १८ | १३ | ९ | ८ | २ | ० | ० | ० | ७७ |
| | | पद संख्या | ४५ | २२ | ० | ० | ६४ | २० | १५ | ८ | २ | ० | ० | ० | १७६ |
| ४ | स्थानीय प्रशासन | विज्ञापन/सूचना संख्या | १७ | ११ | ० | ० | १० | ९ | ८ | ६ | ३ | २ | २ | १ | ६९ |
| | | पद संख्या | २६२ | १३२ | ० | ० | ९३ | २८ | २३ | ७ | ४ | ३ | ३ | १ | ५५६ |
| ५ | स्थानीय वन तथा वातावरण | विज्ञापन/सूचना संख्या | १ | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | २ |
| | | पद संख्या | १ | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | २ |
| ६ | स्थानीय शिक्षा | विज्ञापन/सूचना संख्या | २ | २ | ० | ० | २ | २ | २ | २ | ० | ० | ० | ० | १२ |
| | | पद संख्या | १० | ३ | ० | ० | १० | ४ | ३ | २ | ० | ० | ० | ० | ३२ |
| ७ | स्थानीय स्वास्थ्य | विज्ञापन/सूचना संख्या | ४ | ४ | ० | ० | १५ | ७ | ७ | ६ | ३ | ३ | ३ | ३ | ५५ |
| | | पद संख्या | ३५ | २१ | ० | ० | २०१ | ५५ | ४९ | १३ | ७ | ७ | ७ | ५ | ४०० |
| **जम्मा:** | | विज्ञापन/सूचना संख्या | ४८ | ३७ | ० | ० | ५६ | ३९ | ३१ | २६ | ९ | ६ | ६ | ५ | २६३ |
| | | पद संख्या | ५०३ | २७० | ० | ० | ४२३ | १२३ | १०२ | ३४ | १४ | ११ | ११ | ७ | १४९८ |

चित्र नं. ५




### ५.४.३. खुला र समावेशी समूहको विज्ञापन:

प्रदेश निजामती सेवा अन्तर्गत खुला प्रतियोगिता तर्फका विज्ञापनहरूमा कुल ३१० पद संख्याको लागि विज्ञापन भएकोमा खुलातर्फ १८४, आदिवासी जनजातितर्फ ५७, महिलातर्फ ४३, दलिततर्फ १५, थारुतर्फ ७, मधेशीतर्फ २, मुस्लिमतर्फ २ पदसंख्या रहेको छ र पदसंख्या निर्धारण हुँदा अपाङ्ग समूह तर्फ कुनै पनि पद कायम नभएको हुँदा प्रतिवेदन अवधिमा विज्ञापन भएको छैन। प्रदेश निजामती सेवा तर्फ विज्ञापित खुला तथा समावेशी पद संख्याको विवरण चित्र नं. ६ मा प्रस्तुत गरिएको छः

चित्र नं. ६



त्यसैगरी स्थानीय सरकारी सेवा अन्तर्गत खुला प्रतियोगिता तर्फका विज्ञापनहरूमा कुल ७२५ पद संख्याको लागि विज्ञापन भएकोमा खुलातर्फ ४२३, आदिवासी जनजातितर्फ १२३, महिलातर्फ १०२, दलिततर्फ ३४, थारुतर्फ १४, मधेशीतर्फ ११, मुस्लिमतर्फ ११ र अपाङ्गतर्फ ७ पद संख्या रहेको छ। खुला तथा समावेशी तर्फको यस सम्बन्धी विवरणलाई निम्न चित्र नं. ७ मा प्रस्तुत गरिएको छः

**चित्र नं. ७**




प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवा गरी खुला प्रतियोगिता तर्फका विज्ञापनहरूमा कुल १०३५ पद संख्याको लागि विज्ञापन भएकोमा खुलातर्फ ६०७, आदिवासी जनजातितर्फ १८०, महिलातर्फ १४५, दलिततर्फ ४९, थारुतर्फ २१, मधेशीतर्फ १३, मुस्लिमतर्फ १३ र अपाङ्गतर्फ ७ पदसंख्या रहेको छ।

## ५.५ दरखास्त:

आ.व. २०८१/०८२ मा प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाको लागि संयुक्तरूपमा विज्ञापन प्रकाशन गरिएकोमा जम्मा १,२०,३२३ उम्मेदवारले दरखास्त पेश गरेका छन्। प्रमुख रूपमा शैक्षिक योग्यता नपुगेका, उमेर नपुगेका तथा उमेर नाघेका, तोकिएको अनुभव प्राप्त नगरेका, आवश्यक कागजात नपुगेका लगायतका कारणले जम्मा १,१९९ (१.००%) दरखास्त अस्वीकृत भएको छ। कुल स्वीकृत दरखास्त मध्ये महिलाको संख्या ५१,४१३ (४३.१६%) रहेकोमा अधिकृतस्तरको पदमा यो संख्या २,२३७ जना र सहायकस्तरको पदमा ४९,१७६ रहेको देखिन्छ। कुल स्वीकृत दरखास्त मध्ये सबभन्दा बढी चौथो तहमा र सबैभन्दा कम नवौं तहमा रहेको देखिएको छ। पेश भएका दरखास्तको विवरण तालिका नं. १४ र चित्र नं. ८ मा प्रस्तुत गरिएको छ।

## तालिका नं. १४

## पेश भएका दरखास्तको विवरण

| विज्ञापन भएको तह | कुल परेको दरखास्त | | | | स्वीकृत भएका दरखास्त | | | | | अस्वीकृत दरखास्त | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरूष | अन्य | जम्मा | महिला | पुरूष | अन्य | जम्मा | प्रतिशत | महिला | पुरूष | अन्य | जम्मा | प्रतिशत |
| तेश्रो | ११९२ | ५४९५ | ० | ६६८७ | ११८५ | ५४३६ | ० | ६६२१ | ९९.०१ | ७ | ५९ | ० | ६६ | ०.९९ |
| चौथो | २७६५० | २८८१२ | १ | ५६४६३ | २७२२४ | २८५२० | १ | ५५७४५ | ९८.७३ | ४२६ | २९२ | ० | ७१८ | १.२७ |
| पाचौ | २०९०५ | २७५०८ | १ | ४८४१४ | २०७६७ | २७३५७ | १ | ४८१२५ | ९९.४० | १३८ | १५१ | ० | २८९ | ०.६० |
| सातौं | २०८९ | ५६९९ | ० | ७७८८ | २०७३ | ५६५४ | ० | ७७२७ | ९९.२२ | १६ | ४५ | ० | ६१ | ०.७८ |
| आठौं | १४५ | ४५१ | ० | ५९६ | १४१ | ४४५ | ० | ५८६ | ९८.३२ | ४ | ६ | ० | १० | १.६८ |
| नवौं | ३१ | ३४४ | ० | ३७५ | २३ | २९७ | ० | ३२० | ८५.३३ | ८ | ४७ | ० | ५५ | १४.६७ |
| **जम्मा:** | ५२०१२ | ६८३०९ | २ | १२०३२३ | ५१४१३ | ६७७०९ | २ | ११९१२४ | ९९.०० | ५९९ | ६०० | ० | ११९९ | १.०० |
| **प्रतिशत** | ४३.२३ | ५६.७७ | ०.०० | १०० | ४३.१६ | ५६.८४ | ०.०० | १०० | | ४९.९६ | ५०.०४ | ०.०० | १०० | |

## चित्र नं. ८




### ५.५.१. विज्ञापनको प्रकार अनुसार दरखास्तको वर्गीकरण:

आ.व. २०८१/०८२ मा १,१९,१२४ उम्मेदवारहरूको आवेदन स्वीकृत भएकोमा उक्त उम्मेदवारहरूबाट २,२२,३११ दरखास्त पेश (एक उम्मेदवारले एउटै पदको विभिन्न समूह आ.अ.से., अ.त., खुला तथा समावेशी समूहरूमा आवेदन गर्न सक्ने) भएका छन्। यस अवधिमा भएका विज्ञापनहरू अनुसार पेश भएका दरखास्तहरू मध्ये सबभन्दा बढी खुला तर्फ (५३.०५%), समावेशी तर्फ ४६.०६%, अन्तर तह तर्फ ०.०७% र आन्तरिक अन्तर सेवा प्रतियोगिता तर्फ ०.०४% पेश भएका छन्। विज्ञापनको प्रकार अनुसार पेश भएका दरखास्तको विवरण तालिका नं. १५ र चित्र नं. ९ तथा १० मा प्रस्तुत गरिएको छ।

## तालिका नं. १५
## विज्ञापनको प्रकार अनुसार दरखास्त संकलन अवस्था

| सि.नं. | विवरण | आ.व. २०८१/०८२ मा संकलित दरखास्त संख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | महिला | पुरूष | अन्य | जम्मा | प्रतिशत |
| १ | **बढुवा तर्फ** | ५२६ | १२९७ | ० | १८२३ | ०.८२ |
| | क) जेष्ठता र का.स.मू. | २५२ | ६०५ | ० | ८५७ | ०.३९ |
| | ख) कार्यक्षमताको मूल्याङ्कन | २७२ | ६०७ | ० | ८७९ | ०.४० |
| | ग) आन्तरिक अन्तर सेवा | २ | ८५ | ० | ८७ | ०.०४ |
| २ | **अन्तर तह** | २६ | १३६ | ० | १६२ | ०.०७ |
| ३ | **खुला प्रतियोगितातर्फ** | ५०६८३ | ६७२४६ | २ | ११७९३१ | ५३.०५ |
| ४ | **समावेशी प्रतियोगितातर्फ जम्मा** | ७०४४४ | ३१९५१ | ० | १०२३९५ | ४६.०६ |
| | क) आ.ज. | १३५०२ | ११५८१ | ० | २५०८३ | ११.२८ |
| | ख) महिला | ४८०४३ | ० | ० | ४८०४३ | २१.६१ |
| | ग) दलित | २३६४ | ४५०३ | ० | ६८६७ | ३.०९ |
| | घ) थारु | ११८७ | १६५६ | ० | २८४३ | १.२८ |
| | ङ) मधेशी | ४९४५ | १२८८८ | ० | १७८३३ | ८.०२ |
| | च) मुस्लिम | १९८ | ६४० | ० | ८३८ | ०.३८ |
| | छ) अपाङ्ग | २०५ | ६८३ | ० | ८८८ | ०.४० |
| **जम्मा (१+२+३+४)** | | १२१६७९ | १००६३० | २ | २२२३११ | १०० |

## चित्र नं. ९



**चित्र नं. १०**




### ५.५.२. संकलित दरखास्त संख्या र प्रति पद औसत दरखास्त

आ.व. २०८१/०८२ मा विभिन्न सेवा, समूह र तहका कुल ८२ पदनामका विज्ञापनहरूमा स्वीकृत भएका दरखास्तहरूको विश्लेषण गर्दा प्रति पद औसत दरखास्त शिक्षा सेवा, शिक्षा प्रशासन समूह, निरीक्षण उपसमूह, सहायकस्तर पाँचौ तह, प्राविधिक सहायक पदको सबभन्दा बढी ४८१.५० रहेको छ भने समग्र विज्ञापनको औसतमा प्रति पद दरखास्त १११.१२ रहेको देखिएको छ।

यस अवधिमा भएका विभिन्न सेवा, समूह, तह र पदका लागि प्रकाशित विज्ञापनहरूमा संकलित दरखास्त संख्याको तथ्याङ्क माग पद संख्या र प्रति पद औसत दरखास्त तालिका नं. १६ र सेवागत रूपमा प्रति पद औसत दरखास्त तालिका नं. १७ र चित्र नं. ११ मा प्रस्तुत गरिएको छ। यस सम्बन्धी विस्तृत विवरण अनुसूची-१० मा राखिएको छ।

**तालिका नं. १६**

**विज्ञापित पद/तह अनुसार संकलित दरखास्त संख्या र प्रति पद औसत दरखास्त**

| सि.नं. | तह | माग पद | स्वीकृत दरखास्त संख्या | प्रतिपद औसत दरखास्त |
|---|---|---|---|---|
| १ | ३ | ३० | ६६२१ | २२०.७ |
| २ | ४ | ५५० | ५५७४६ | १०१.३६ |
| ३ | ५ | ३१२ | ४८१२५ | १५४.२५ |
| ४ | ७ | १३३ | ७७२७ | ५८.०९ |
| ५ | ८ | १० | ५८६ | ५८.६ |
| ६ | ९ | ३७ | ३१९ | ८.६२ |
| **जम्मा** | | १०७२ | ११९१२४ | १११.१२ |

**तालिका नं. १७**

**सेवागत रूपमा प्रति पद औसत दरखास्त**

| सेवा | माग पद संख्या | | | | | | | स्वीकृत दरखास्त संख्या | | | | | | | औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | तेश्रो | चौथो | पाँचौं | सातौं | आठौं | नवौं | जम्मा | तेश्रो | चौथो | पाँचौं | सातौं | आठौं | नवौं | जम्मा | |
| इन्जिनियरिङ | | ५६ | ४६ | १७ | | ७ | १२६ | | ८१८६ | ७९८५ | १६१२ | | ९३ | १७८७६ | १४२ |
| कृषि | | ६० | ३० | ३६ | | ११ | १३७ | | ८७७५ | ४९४३ | १२६१ | | १० | १४९८९ | १०९ |
| प्रशासन | | ११८ | १०२ | ३८ | | ९ | २६७ | | २०८३८ | २११५० | २५७९ | | १२६ | ४४६९३ | १६७ |
| वन | ३० | ११ | ५ | १६ | | २ | ६४ | ६६२१ | ४६२ | | ६०१ | | ३५ | ७७१९ | १२१ |
| शिक्षा | | | ९ | १३ | | | २२ | | | ३८६० | १०५१ | | | ४९११ | २२३ |
| स्वास्थ्य | | ३०५ | १२० | १० | १० | ८ | ४५३ | | १७४८४ | ९६५० | ५२३ | ५८६ | ५६ | २८२९९ | ६२ |
| कानून | | | | ३ | | | ३ | | | ५३७ | १०० | | | ६३७ | २१२ |
| जम्माः | ३० | ५५० | ३१२ | १३३ | १० | ३७ | १०७२ | ६६२१ | ५५७४५ | ४८१२५ | ७७२७ | ५८६ | ३२० | ११९१२४ | १११ |

**चित्र नं. ११**




## ५.५.३. भौगोलिक क्षेत्र अनुसार दरखास्त दिने उम्मेवारहरूको विवरण

प्रतिवेदन अवधिमा भएका विज्ञापनहरूको स्वीकृत दरखास्तहरूमा उम्मेदवारले फाराममा उल्लेख गरेको स्थायी ठेगानाका आधारमा भौगोलिक क्षेत्रगत, प्रदेशगत र जिल्लागत रूपमा वर्गीकरण गरी देहाय बमोजिम प्रस्तुत गरिएको छः

### ५.५.३.१. भौगोलिक क्षेत्रगत वर्गीकरण

प्रतिवेदन अवधिमा आयोगबाट भएका विज्ञापनहरूमा तालिका नं. १७ बमोजिम सबैभन्दा बढी तराई क्षेत्रबाट (४५.९४%) दरखास्त पेश भएको छ भने सबैभन्दा कम भित्री मधेशबाट (६.५६%) दरखास्त पेश भएको देखिन्छ। प्रस्तुत तथ्याङ्क हिमाल, पहाड, भित्री मधेश र तराई क्षेत्रमा बसोबास गर्ने जनसंख्याको अनुपातसँग (भित्री मधेश बाहेक) लगभग मिल्दोजुल्दो देखिन्छ। दरखास्त संख्याको भौगोलिक क्षेत्रगत वर्गीकरण तालिका नं. १८ र चित्र नं. १२ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. १८**

**भौगोलिक क्षेत्र अनुसारको तहगत दरखास्त संख्या**

| भौगोलिक क्षेत्र | उम्मेदवार संख्या | | | | | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | तेश्रो | चौथो | पाँचौं | सातौं | आठौं | नवौं | जम्मा | |
| हिमाल | १६६२ | ८९९९ | ६२१६ | ८६२ | २९ | २१ | १७७८९ | १४.९३ |
| पहाड | १८५२ | १६४०४ | १३१२१ | २३६१ | ९४ | ८९ | ३३९२१ | २८.४८ |
| भित्री मधेश | २७९ | ३६०० | ३१०१ | ७४० | ५२ | ४६ | ७८१८ | ६.५६ |
| तराई | २८२८ | २६७४२ | २५६८७ | ३७६४ | ४११ | १६४ | ५९५९६ | ५०.०३ |
| **जम्मा:** | ६६२१ | ५५७४५ | ४८१२५ | ७७२७ | ५८६ | ३२० | ११९१२४ | १०० |

**चित्र नं. १२**




### ५.५.३.२. प्रदेशगत वर्गीकरण

कुल स्वीकृत दरखास्त मध्ये सबैभन्दा बढी कोशी प्रदेश (३२.१३%) र सबैभन्दा कम गण्डकी प्रदेश (२.०९% ) बाट उम्मेदवारहरूको दरखास्त पेश भएको देखिन्छ भने जिल्लागत रूपमा हेर्दा सबैभन्दा बढी र सबैभन्दा कम दरखास्त क्रमशः सप्तरी (७.२२%) र मुस्ताङ (०.०१%) जिल्लाबाट पेश भएको देखिन्छ। प्रदेश अनुसारको तहगत स्वीकृत दरखास्त संख्या तालिका नं. १९ मा प्रस्तुत गरिएको छ। जिल्लागत अनुसारको तहगत स्वीकृत दरखास्त विवरण अनुसूची-११ मा समावेश गरिएको छ।

**तालिका नं. १९**

**प्रदेश अनुसारको तहगत स्वीकृत दरखास्त संख्या**

| प्रदेश/जिल्ला | तहगत स्वीकृत दरखास्त संख्या | | | | | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | तेश्रो | चौथो | पाँचौं | सातौं | आठौं | नवौं | जम्मा | |
| कोशी प्रदेश | २०११ | १६२६९ | १६९२५ | २८२७ | ९८ | १४१ | ३८२७१ | ३२.१३ |
| मधेश प्रदेश | १९९७ | १६८५४ | १६०३३ | १७५७ | २९३ | ९१ | ३७०२५ | ३१.०८ |
| बागमती प्रदेश | ७२ | २१२५ | १८९१ | ६२३ | ५५ | ४० | ४८०६ | ४.०३ |
| गण्डकी प्रदेश | २४ | ११२८ | ८४३ | ४४८ | ३३ | १५ | २४९१ | २.०९ |
| लुम्बिनी प्रदेश | २६१ | ४५७७ | ३०६८ | ९२७ | ७५ | १३ | ८९२१ | ७.४९ |
| कर्णाली प्रदेश | १८८७ | ८७१२ | ५२७२ | ५५८ | १९ | १५ | १६४६३ | १३.८२ |
| सुदूरपश्चिम प्रदेश | ३६९ | ६०८० | ४०९३ | ५८७ | १३ | ५ | ११९४७ | ९.३६ |
| कुल जम्मा: | ६६२१ | ५५७४५ | ४८१२५ | ७७२७ | ५८६ | ३२० | ११९१२४ | १००.०० |

उपरोक्त तालिकामा उल्लिखित विवरण तलको चित्र नं. १३ को चित्रबाट क्रमश: कोशी प्रदेश (३२.१३%), मधेश (३१.०८%), कर्णाली (१३.८२%), सुदूरपश्चिम (९.३६%), लुम्बिनी (७.४९%), बागमती (४.०३%) र गण्डकी (२.०९%) बाट दरखास्त प्राप्त भएको देखिएको छ।

**चित्र नं. १३**



**तालिका नं. २०**

**आ.व. २०८०/०८१ र २०८१/०८२ मा प्राप्त दरखास्तको प्रदेशगत तुलनात्मक संख्या**

| प्रदेश | आ.व. २०८०/०८१ | | आ.व. २०८१/०८२ | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| कोशी | १९००३ | ४१.९८ | ३८२७१ | ३२.१३ |
| मधेश | १४०८७ | ३१.१३ | ३७०२५ | ३१.०८ |
| वागमती | १०३० | २.२६ | ४८०६ | ४.०३ |
| गण्डकी | ३७३ | ०.८३ | २४९१ | २.०९ |
| लुम्बिनी | १९०१ | ४.१९ | ८९२१ | ७.४९ |
| कर्णाली | ६४३९ | १४.२२ | १६४६३ | १३.८२ |
| सुदूरपश्चिम | २४२८ | ५.३७ | १११४७ | ९.३६ |
| **जम्मा:** | ४५२६१ | १०० | ११९१२४ | १०० |

तालिका नं. २० मा उल्लिखित आ.व.हरूको तथ्याङ्कलाई तुलना गर्दा कोशी, मधेश र कर्णाली प्रदेशबाट प्राप्त भएका दरखास्तहरू बढेको देखिन्छ भने अन्य प्रदेशहरूबाट प्राप्त भएका दरखास्तहरू घटेको देखिएको छ। यस सम्बन्धी विवरणलाई चित्र नं. १४ मा प्रस्तुत गरिएको छः

**चित्र नं. १४**




**५.५.४. उम्मेदवारको रोजगारीको अवस्थाः**

आयोगबाट प्रकाशित विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरूको व्यक्तिगत विवरणमा उल्लेख भए बमोजिम तत्कालीन अवस्थाको रोजगारीको स्थितिलाई तहगत रूपमा देहायको तालिका नं. २१ तथा चित्र नं. १५ मा दिइएको छ। रोजगारीको स्थितिका आधारमा तथ्याङ्क विश्लेषण गर्दा ८४.८९ प्रतिशत बेरोजगार र ६.११ प्रतिशत दरखास्तवालाहरू यस अघिदेखि नै सरकारी सेवामा कार्यरत रहेको देखिएको छ।

**तालिका नं. २१**

**उम्मेदवारको रोजगारीका आधारमा दरखास्तको वर्गीकरण**

| रोजगारीको स्थिति | तहगत दरखास्त संख्या | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | तेश्रो | चौथो | पाँचौं | सातौं | आठौं | नवौं | | |
| बेरोजगार | ६१४६ | ४९२८२ | ४०८५० | ४६७० | १६९ | ५ | १०११२२ | ८४.८९ |
| सरकारी सेवा | ११६ | १७४१ | २८०६ | २१६५ | १६० | २८७ | ७२७५ | ६.११ |
| गैर सरकारी सेवा | १११ | २१०१ | २१६२ | ४४६ | १६४ | २० | ५००४ | ४.२० |
| स्वरोजगार | १४१ | १५९१ | १३७८ | २९९ | ५३ | ५ | ३४६७ | २.९१ |
| अन्य | १०७ | १०३० | ९२९ | १४७ | ४० | ३ | २२५६ | १.८९ |
| **जम्माः** | ६६२१ | ५५७४५ | ४८१२५ | ७७२७ | ५८६ | ३२० | ११९१२४ | १०० |

**चित्र नं. १५**




**५.५.५. धर्मका आधारमा दरखास्तको वर्गीकरणः**

यस अवधिमा अनलाइन प्रणालीमार्फत पेश भई स्वीकृत दरखास्तहरूमा सम्बन्धित उम्मेदवारहरूले भरेको विवरण अनुसार निजहरूले उल्लेख गरेको धर्मका आधारमा हेर्दा सबैभन्दा बढी हिन्दू र सबैभन्दा कम सिख र जैन धर्मका (२/२ जना) व्यक्तिहरूले आवेदन पेश गरेको देखिन्छ। प्रस्तुत तथ्याङ्कलाई तहगत रूपमा वर्गीकरण गरेर तालिका नं. २२ तथा चित्र नं. १६ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २२**
**धर्मका आधारमा दरखास्तको वर्गीकरण**

| धर्म | उम्मेदवार संख्या | | | | | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | तेश्रो | चौथो | पाँचौं | सातौं | आठौं | नवौं | जम्मा | |
| हिन्दू | ५९३९ | ५११४० | ४३६९४ | ७१४४ | ५६८ | २९३ | १०८७७८ | ९१.३१ |
| किराँत | ३९६ | १९५६ | १९३६ | २०० | ० | १६ | ४५०४ | ३.७८ |
| बौद्ध | १३० | १३१० | ११३९ | १८० | ७ | ९ | २७७५ | २.३३ |
| मुस्लिम | ७५ | ६०४ | ६१९ | ५५ | १० | २ | १३६५ | १.१५ |
| इसाई | ५४ | ४०५ | ३३१ | ४० | १ | ० | ८३१ | ०.७० |
| सिख | ० | ० | ० | २ | ० | ० | २ | ०.०० |
| जैन | ० | १ | ० | १ | ० | ० | २ | ०.०० |
| अन्य | २७ | ३२९ | ४०६ | १०५ | ० | ० | ८६७ | ०.७३ |
| **जम्मा:** | ६६२१ | ५५७४५ | ४८१२५ | ७७२७ | ५८६ | ३२० | ११९१२४ | १०० |

**चित्र नं. १६**




**५.५.६. शारीरिक अवस्थाको आधारमा दरखास्तको वर्गीकरण:**

यस अवधिमा अनलाइन प्रणाली मार्फत पेश भई स्वीकृत दरखास्तहरूमा सम्बन्धित उम्मेदवारले प्रणालीमा भएको शारीरिक रूपमा अपाङ्ग भए/नभएको महलमा चिन्ह (√) लगाएको आधारमा तयार भएको तथ्याङ्कलाई तालिका नं. २३ र चित्र नं. १७ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २३**
**शारीरिक अवस्थाका आधारमा तहगत दरखास्तको वर्गीकरण**

| शारीरिक तन्दुरुस्तीको अवस्था | तहगत दरखास्त संख्या | | | | | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | तेश्रो | चौथो | पाँचौं | सातौं | आठौं | नवौं | जम्मा | |
| शारीरिक रूपमा तन्दुरुस्त भएका (Physically Fit) | ६५३७ | ५४६८९ | ४७४७६ | ७६०६ | ५८२ | ३१२ | ११७२०२ | ९८.३९ |
| शारीरिक रूपमा अपाङ्गता भएका (Physically Challenged) | ८४ | १०५६ | ६४९ | १२१ | ४ | ८ | १९२२ | १.६१ |
| **जम्मा:** | ६६२१ | ५५७४५ | ४८१२५ | ७७२७ | ५८६ | ३२० | ११९१२४ | १०० |

चित्र नं. १७




**५.५.७ दरखास्त स्वीकृत नभएका विज्ञापनहरू:**

आ.व. २०८१/०८२ मा प्रकाशित भएका विज्ञापनहरू मध्ये देहायका वि.नं. बमोजिमका पदहरूमा विज्ञापन प्रकाशन भए पनि कुनै दरखास्त परेको देखिदैन जसलाई तालिका नं. २४ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २४**

**दरखास्त नपरेका वा स्वीकृत नभएका विज्ञापनहरूको विवरण**

| सि. नं. | विज्ञापन नं. | किसिम | पद | तह | सेवा/समूह/उपसमूह | जम्मा पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | ९०१२/०८१-८२ | अ.त. | वरिष्ठ बाली संरक्षण अधिकृत | ९ | प्रदेश कृषि/बाली संरक्षण | १ |
| २ | ९०१३/०८१-८२ | खुला | वरिष्ठ वाली विकास अधिकृत | ९ | प्रदेश कृषि/बाली विकास | १ |
| ३ | ९०१४/०८१-८२ | आ. अ. से. | वरिष्ठ वाली विकास अधिकृत | ९ | प्रदेश कृषि/ बाली विकास | १ |
| ४ | ९०१५/०८१-८२ | आ. अ. से. | वरिष्ठ माटो विज्ञ | ९ | प्रदेश कृषि/माटो विज्ञान | १ |
| ५ | ९०२२/०८१-८२ | आ. अ. से. | वरिष्ठ स्वास्थ्य प्रशासक | ९ | प्रदेश स्वास्थ्य/ प.हे.ए./ए.चि. | १ |
| ६ | ९०२४/०८१-८२ | आ. अ. से. | कन्सल्टेण्ट प्याथोलोजिष्ट | ९ | प्रदेश स्वास्थ्य/ प्याथोलोजी | १ |
| ७ | ९०२६/०८१-८२ | आ. अ. से. | वरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत | ९ | प्रदेश स्वास्थ्य/हेल्थ एजुकेशन | १ |

**५.५.८ स्थगित भएका विज्ञापनका पदहरू:**

वि.नं. ७०३७/०८१-८२ (खुला), प्रदेश स्वास्थ्य सेवा, विविध समूह, बायोमेडिकल इन्जिनियरिङ उपसमूह, अधिकृतस्तर सातौं तह, बायोमेडिकल इन्जिनियर पदको माग पद संख्या १ का लागि भएको विज्ञापनमा सम्मानित सर्वोच्च अदालतको मुद्दा नं. ०८१-WO-०९१८ समेतको मुद्दाका सन्दर्भमा भएको आदेश बमोजिम आयोगको निर्णयानुसार पदपूर्ति कार्य स्थगित भएको छ।

## परिच्छेद- ६

# परीक्षा सञ्चालन, उत्तरपुस्तिका परीक्षण र लिखित नतिजा

### ६.१. प्रश्नपत्र निर्माण र परिमार्जन

आयोगले स्थापित मान्यतालाई मध्यनजर गरी प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८१ मा व्यवस्था भए बमोजिम आवश्यकता अनुसार विभिन्न दक्ष/विज्ञहरूलाई विभिन्न चरणमा सहभागी गराई प्रश्नपत्र निर्माण र परिमार्जन गर्ने गरिएको छ। यस प्रतिवेदन अवधिमा प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गतका विभिन्न सेवा, समूह र तहका जम्मा ११५१ सेट कच्चा प्रश्नपत्र संकलन गरी कच्चा प्रश्नपत्रबाट जम्मा ७२३ परिमार्जित सेट तयार गरिएको थियो। यसरी परिमार्जित भएका सेटहरू मध्येबाट नियमानुसारको गोलाप्रथाद्वारा २४१ सेट छनोट गरी परीक्षामा प्रयोग गरिएको थियो भने प्रयोग हुन बाँकी र प्रयोगमा नआएका परिमार्जित प्रश्नपत्र सेटहरू मौज्दातमा रहेका छन्। प्रश्नपत्र निर्माण र परिमार्जन सम्बन्धी संख्यात्मक विवरण तालिका नं. २५ मा प्रस्तुत गरिएको छ। मौज्दात रहेका परिमार्जित प्रश्नपत्रका सेट मध्ये समय अनुरुप परिवर्तन नहुने प्रकृतिका प्रश्नपत्र सेटलाई आगामी वर्षमा सञ्चालन हुने परीक्षामा प्रयोग गरिन्छ भने समय अनुसार परिवर्तन हुन सक्ने सेटलाई आगामी वर्ष संकलन भएका कच्चा प्रश्नपत्रमा थप गरी पुन: परिमार्जन गराउनुपर्ने व्यवस्था छ।

**तालिका नं. २५**

**प्रश्नपत्र निर्माण र परिमार्जन सम्बन्धी विवरण**

| सेवा/तह | कच्चा सेट | परिमार्जित सेट | प्रयोग सेट | बाँकी सेट | कैफियत |
|---|---|---|---|---|---|
| **इन्जिनियरिङ** | २१० | १३० | ५० | ८० | पाठ्यक्रममा उल्लिखित पत्र र विषयवस्तुको खण्ड बमोजिम विज्ञताको विषय क्षेत्र अनुसार अलग अलग कच्चा प्रश्नपत्र निर्माण तथा परिमार्जन गराईएको। |
| चौथो | ५५ | ३५ | १५ | २० | |
| पाँचौ | ५५ | ३५ | १५ | २० | |
| सातौं | १५ | ९ | ३ | ६ | |
| नवौं | ८५ | ५१ | १७ | ३४ | |
| **कृषि** | २३२ | १४० | ३९ | १०१ | |
| चौथो | २२ | १४ | ६ | ८ | |
| पाँचौ | ३५ | २१ | ९ | १२ | |
| सातौं | ३० | १८ | ७ | ११ | |
| नवौं | १४५ | ८७ | १७ | ७० | |
| **प्रशासन** | २१४ | १४६ | ४१ | १०५ | |
| चौथो | ३२ | २२ | ७ | १५ | |
| पाँचौ | ५१ | ३५ | १० | २५ | |
| सातौं | १०० | ७० | १९ | ५१ | |
| नवौं | ३१ | १९ | ५ | १४ | |

| सेवा/तह | कच्चा सेट | परिमार्जित सेट | प्रयोग सेट | बाँकी सेट | कैफियत |
|---|---|---|---|---|---|
| **वन** | ७१ | ४३ | १५ | २८ | |
| तेश्रो | ५ | ३ | १ | २ | |
| चौथो | ११ | ७ | ३ | ४ | |
| सातौं | ३० | १८ | ६ | १२ | |
| नवौं | २५ | १५ | ५ | १० | |
| **शिक्षा** | ५९ | ३७ | १२ | २५ | |
| पाँचौ | २४ | १६ | ५ | ११ | |
| सातौं | ५ | ३ | १ | २ | |
| नवौं | ३० | १८ | ६ | १२ | |
| **स्वास्थ्य** | ३६५ | २२७ | ८४ | १४३ | |
| चौथो | ४७ | ३१ | १५ | १६ | |
| पाँचौ | १२७ | ७९ | ३१ | ४८ | |
| सातौं | ९० | ५४ | १६ | ३८ | |
| नवौं | १०१ | ६३ | २२ | ४१ | |
| कुल जम्माः | ११५१ | ७२३ | २४१ | ४८२ | |

## ६.२ प्रयोगात्मक तथा लिखित परीक्षाः

### ६.२.१. शारीरिक तन्दुरूस्ती परीक्षण परीक्षाः

यस प्रतिवेदन अवधिमा प्रदेश वन सेवा, जनरल फरेष्ट्री समूह, तेश्रो तह, वन रक्षक पदको माग पद संख्या ३० का लागि आयोगको स्वीकृत पाठ्यक्रम तथा शारीरिक तन्दुरूस्ती परीक्षण परीक्षा सम्बन्धी कार्यविधि बमोजिम सञ्चालन भएको प्रयोगात्मक परीक्षामा कुल ६,६२१ उम्मेदवारहरूले दरखास्त पेश गरेकोमा लिखित परीक्षा उत्तीर्ण भएका ३१४९ जना मध्ये पहिलो इभेन्ट शारीरिक परीक्षणमा १८३६ (५८.३०%) उम्मेदवारहरू उपस्थित भएका थिए। सो परीक्षाका विभिन्न इभेन्टहरूमा क्रमशः उत्तीर्ण हुँदै जाने उम्मेदवारले मात्र क्रमशः अर्को इभेन्टमा सहभागी हुन पाउने परीक्षा प्रणाली बमोजिम अन्तिम इभेन्ट पौडी खेल्ने परीक्षामा समेत उत्तीर्ण हुने जम्मा १,१७५ जना उम्मेदवारहरू रहेका थिए। वन रक्षक पदको शारीरिक तन्दुरुस्ती परीक्षा सम्बन्धी विवरण तालिका नं. २६ मा उल्लेख गरिएको छ।

**तालिका नं. २६**

**वन रक्षक पदको शारीरिक तन्दुरुस्ती परीक्षा सम्बन्धी विवरण**

| इभेन्ट | जम्मा उम्मेदवार | परीक्षामा उपस्थित संख्या | | | अनुपस्थित | नतिजा | | उत्तीर्ण प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | | उत्तीर्ण | अनुत्तीर्ण | |
| शारीरिक परीक्षण | ३,१४९ | ३२५ | १,५११ | १,८३६ | १,३१३ | १,७७४ | ६२ | ९६.६२ |
| दौड (२०० र ३००० मि.) | १,७७४ | ३१२ | १४६२ | १७७४ | ० | १५७७ | १९७ | ८८.९० |
| रुख चढ्ने | १,५७७ | २२२ | १,१७० | १,३९२ | १८५ | १,२३४ | १५८ | ८८.६५ |
| पौडी खेल्ने | १,२३४ | २०२ | १,०११ | १,२१३ | २१ | १,१७५ | ३८ | ९६.८७ |
| **कुल** | | | | | १,५१९ | १,१७५ | ४५५ | ६४.०० |

### ६.२.२. प्रथम चरणको परीक्षा:

आयोगबाट स्वीकृत पाठ्यक्रमको आधारमा कतिपय सेवा, समूह र तहका पदको दुई चरणको लिखित परीक्षा पद्धति अपनाउने गरिएको छ। प्रथम चरणको लिखित परीक्षामा उत्तीर्णाङ्क प्राप्त गर्ने परीक्षार्थीहरूले मात्र द्वितीय चरणको लिखित परीक्षामा सम्मिलित हुन पाउँछन्। यस प्रतिवेदन अवधिमा प्रकाशित विज्ञापनहरू अन्तर्गत प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा तर्फ विभिन्न सेवा, समूह र तहका विभिन्न पदहरूको प्रथम चरणको लिखित परीक्षा सञ्चालन गरिएको छ। सो परीक्षाहरूमा स्वीकृत भएका जम्मा दरखास्त, परीक्षार्थीको उपस्थिति र अनुपस्थितिको तहगत विवरण अनुसूची-१२ मा र सेवागत विवरण तालिका नं. २७ मा उल्लेख गरिएको छ। प्रस्तुत विज्ञापन अनुसारको विवरण विश्लेषण गर्दा सबैभन्दा बढी उपस्थिति दर स्वास्थ्य सेवाको आयुर्वेद समूह सहायकस्तर चौथो तहको विज्ञापनमा (९०.७५%) देखिएको छ भने सबैभन्दा कम उपस्थिति दर स्थानीय कानून सेवा, कानून समूह सहायकस्तर पाँचौ तहको विज्ञापनमा (४१.७१%) देखिएको छ। सेवागत हिसाबले सबैभन्दा बढी वन सेवामा (७२.६८%) र सबैभन्दा कम स्थानीय कानून सेवामा (४१.७१%) उपस्थिति रहेको छ।

**तालिका नं. २७**

**प्रथम चरणको परीक्षामा सम्मिलित परीक्षार्थीको विवरण**

| सि.नं. | सेवा | दरखास्त संख्या | परीक्षार्थी संख्या | | | अनुपस्थित संख्या | उपस्थित प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरूष | जम्मा | | |
| १. | इन्जिनियरिङ | १५६२८ | १८९४ | ७६९५ | ९५८९ | ६०३९ | ६१.३६ |
| २. | कृषि | १३६६० | ४८३९ | ४४९९ | ९३३८ | ४३२२ | ६८.३६ |
| ३. | प्रशासन | ४४४६४ | ११९३८ | १२६५२ | २४५९० | १९८७४ | ५५.३० |
| ४. | वन | ७०८३ | ९६९ | ४१७९ | ५१४८ | १९३५ | ७२.६८ |
| ५. | शिक्षा | ३८५३ | १४९५ | ६३१ | २१२६ | १७२७ | ५५.१८ |
| ६. | स्थानीय कानून | ५३७ | १०७ | ११७ | २२४ | ३१३ | ४१.७१ |
| ७. | स्वास्थ्य | २६३३६ | १०३६८ | ७३९१ | १७७५९ | ८५७७ | ६७.४३ |
| जम्मा | | १११५६१ | ३१६१० | ३७१६४ | ६८७७४ | ४२७८७ | ६१.६५ |

### ६.२.३. द्वितीय/अन्तिम चरणको लिखित परीक्षा:

आयोगद्वारा स्वीकृत पाठ्यक्रमले निर्धारण गरे बमोजिम आयोगबाट प्रकाशित हुने विज्ञापन अन्तर्गत एक चरणको मात्र लिखित परीक्षा हुने विज्ञापनहरू र दुई चरणको लिखित परीक्षा हुने विज्ञापनहरूमा प्रथम चरणको लिखित परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरू सम्मिलित हुने गरी सञ्चालन भएको द्वितीय चरणको लिखित परीक्षामा सामेल हुने परीक्षार्थीहरूको तथ्याङ्कलाई यस उपशीर्षकमा प्रस्तुत गरिएको छ। प्रतिवेदन अवधिमा कुल १४२८ पदका लागि सञ्चालित द्वितीय चरणको लिखित परीक्षामा कुल ९१,१८७ उम्मेदवारहरू मध्ये ५८,१६९ जना परीक्षामा सामेल भई उपस्थिति दर ६३.७९% रहेको देखिएको छ। यस प्रतिवेदन अवधिमा सञ्चालन भएका विभिन्न सेवा, समूह र तहका लिखित परीक्षाहरूका उम्मेदवार संख्या, परीक्षामा सामेल संख्या र अनुपस्थितिको सेवागत संख्यालाई तालिका नं. २८ मा र सेवा तथा तहगत विस्तृत विवरण अनुसूची-१३ मा उल्लेख गरिएको छ।

**तालिका नं. २८**

**द्वितीय/अन्तिम चरणको परीक्षामा सम्मिलित परीक्षार्थीको सेवागत विवरण**

| सेवा/तह | माग पद संख्या | उम्मेदवार संख्या | परीक्षामा उपस्थित उम्मेदवार | | | उपस्थित प्रतिशत | अनुपस्थित संख्या |
|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | | |
| (अ) विगत आ.व. मा विज्ञापन भई प्रतिवेदन अवधिमा परीक्षा सञ्चालन | | | | | | | |
| (क) स्थानीय सरकारी सेवा तर्फ | | | | | | | |
| कृषि | ३६ | ११५९९ | ११७६ | १७४७ | २९२३ | २५.२० | ८६७० |
| **जम्मा (क)** | **३६** | **११५९९** | **११७६** | **१७४७** | **२९२३** | **२५.२०** | **८६७०** |
| (ख) प्रदेश निजामती सेवा तर्फ | | | | | | | |
| प्रदेश इन्जिनियरिङ | ४३ | २२९८ | २११ | १५९४ | १८०५ | ७८.५५ | ४९३ |
| प्रदेश कृषि | ४४ | २७०१ | ५२१ | ८७७ | १३९८ | ५१.७६ | १३०३ |
| प्रदेश वन | २२५ | ५६२९ | ६९१ | ४०६७ | ४७५८ | ८४.५३ | ८७१ |
| प्रदेश प्रशासन | ४१ | ३३७९ | ७९० | १३३८ | २१२८ | ६२.९८ | १२५१ |
| प्रदेश स्वास्थ्य | १५ | ९८८ | १८१ | १६३ | ३४४ | ३४.८२ | ६४४ |
| **जम्मा (ख)** | **३६८** | **१४९९०** | **४७८८** | **१६०७८** | **२०८६६** | **६९.५८** | **९१२४** |
| **(अ) को जम्मा:** | **४०४** | **४१५८९** | **५९६४** | **१७८२५** | **२३७८९** | **५७.२१** | **१७७९४** |
| (आ) आ.व. २०८१/८२ मा विज्ञापन भई प्रतिवेदन अवधिमा परीक्षा सञ्चालन (प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा तर्फ संयुक्त परीक्षा) | | | | | | | |
| इन्जिनियरिङ | १२७ | ९१०४ | ८१७ | ४३६५ | ५१८२ | ५६.९२ | ३९२२ |
| कृषि | १२९ | ८२५४ | २९७८ | ३०४८ | ६०२६ | ७३.०१ | २२२८ |
| वन | २९ | ७७२ | १३३ | २९६ | ४२९ | ५५.५७ | ३४३ |
| प्रशासन | २६० | ११८६९ | ३२५७ | ४८६८ | ८१२५ | ६८.४६ | ३७४४ |
| शिक्षा | २२ | २२४२ | ७३३ | ४४५ | ११७८ | ५२.५४ | १०६४ |
| स्वास्थ्य | ४४९ | १७१७३ | ७२६१ | ६०८९ | १३३५० | ७७.७४ | ३८२३ |
| कानून | ८ | १८४ | २८ | ५६ | ८४ | ४५.६५ | १०० |
| **(आ) जम्मा** | **१०२४** | **४९५९८** | **१५२०७** | **१९१६७** | **३४३७४** | **६९.३१** | **१५२२४** |
| **कुल जम्मा:** | **१४२८** | **९११८७** | **२११७३** | **३६९९६** | **५८१६९** | **६३.७९** | **३३०१८** |

## ६.२.४. लिखित परीक्षामा अनियमितता गर्ने उम्मेदवारलाई गरिएको कारबाही:

प्रमुख रूपमा आफ्नो उत्तरपुस्तिकामा अर्को परीक्षार्थीको विवरण भरी बुझाउने, मोवाइल प्रयोग गरी उत्तर सारेको, आफ्नो उत्तरपुस्तिकाको फोटो खिच्ने साथै सामाजिक सञ्जालमा राखेको, प्रवेशपत्रमा उत्तर लेखेर ल्याएको, आफ्नो उत्तरपुस्तिका नबुझाई आफैं लगेको जस्ता अनियमितता गर्ने परीक्षार्थीहरूलाई कारबाही गरिएको छ। यस्ता अनियमित कार्य गर्ने परीक्षार्थीहरूलाई आयोगबाट निर्णय भई नियमानुसार उक्त दिनको परीक्षा रद्द गरी अनियमितताको गाम्भीर्यका आधारमा बढीमा पाँच वर्षसम्म आयोगबाट लिइने कुनै पनि परीक्षामा सामेल हुन नपाउने गरी निलम्वन हुने व्यवस्था रहेको छ। आयोगले प्रतिवेदन अवधिमा कारबाही गरेका परीक्षार्थीको विवरण तालिका नं. २९ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २९**

**उम्मेदवारलाई गरिएको कारबाहीको विवरण**

| सि.नं. | नाम थर | ठेगाना | सेवा/समूह | तह | निर्णय मिति | कारबाही मिति सम्म |
|---|---|---|---|---|---|---|
| १ | डिलमाया बोहोरा | पातारासी-३, जुम्ला | वन/ज.फ. | तेश्रो | २०८१/११/२५ | २०८२/११/२४ |
| २ | बुनु राई | त्रियुगा-१३, उदयपुर | वन/ज.फ. | तेश्रो | उत्तरपुस्तिका रद्द | |
| ३ | पर्शुराम कार्की | वराहक्षेत्र-२, सुनसरी | प्रशासन/सा.प्र., लेखा, राजश्व, आ.ले.प. | सातौं | २०८१/१२/१७ | २०८३/१२/१६ |
| ४ | देउमान राई | मकालु-३, संखुवासभा | वन/ज.फ. | तेश्रो | २०८१/१२/१८ | २०८६/१२/१७ |
| ५ | उपेश राई भन्ने सुनिल राई | - | वन/ज.फ. | तेश्रो | २०८१/१२/१८ | २०८६/१२/१७ |
| ६ | उमेश बुढामगर | परिवर्तन-५, रोल्पा | कृषि/ कृषि प्रसार, बाली संरक्षण, वाली विकास, एग्.इको.एण्ड मार्केटिङ | पाँचौ | २०८२/०१/०४ | २०८४/०१/०३ |
| ७ | ललीजन धामी | त्रिवेणी-५, कालीकोट | इन्जिनियरिङ/सिभिल | पाँचौ | २०८२/०२/०७ | २०८४/०२/०६ |
| ८ | योसुफ परियार | चौरहजारी-१, रुकुम पश्चिम | स्वास्थ्य/हेल्थ इन्सपेक्सन | चौथो | २०८२/०२/२१ | २०८३/०२/२० |
| ९ | लक्ष्मण दुलाल | टेम्केमैयूङ-७, भोजपुर | प्रशासन/सा.प्र., लेखा | चौथो | २०८२/०३/१६ | २०८४/०३/१५ |

### ६.२.५ लिखित परीक्षा स्थगन भएका विज्ञापनहरू:

यस आ.व. मा प्रकाशित वि.नं. ७०३७/०८१-८२ बमोजिमका प्रदेश स्वास्थ्य सेवा अन्तर्गतका स्वास्थ्य सेवा, विविध समूह, बायोमेडिकल इन्जिनियरिङ्ग उपसमूह अधिकृतस्तर सातौं तहका परीक्षा सम्मानित सर्वोच्च अदालतको आदेश बमोजिम स्थगित राखिएको छ।

## ६.३. उत्तरपुस्तिका संकेतीकरण:

आयोगबाट सञ्चालित विभिन्न परीक्षाहरूमा सम्मिलित परीक्षार्थीहरूको उत्तरपुस्तिका परीक्षण गर्नुभन्दा अगाडि प्रदेश लोक सेवा आयोग ऐन, २०७६, प्रदेश लोक सेवा आयोग नियमावली, २०८१ तथा प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८१ ले निर्दिष्ट गरे अनुसार पहिलो र दोस्रो संकेत नं. राखी संकेतीकरण गर्नुपर्ने व्यवस्था अनुरूप यस प्रतिवेदन अवधिमा उल्लिखित उपशीर्षक नं. ६.२.५ बमोजिम स्थगन भएका पदहरूको उत्तरपुस्तिका बाहेक सबै उत्तरपुस्तिकाहरूको पहिलो र दोस्रो संकेतीकरण गरिएको छ। उत्तरपुस्तिका संकेतीकरण सम्बन्धी विवरण तालिका नं. ३० मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ३०**

**उत्तरपुस्तिका संकेतीकरण सम्बन्धी विवरण**

| सि.नं. | उत्तरपुस्तिकाको प्रकार | संकेतीकरण भएको | संकेतीकरण नभएको | जम्मा उत्तरपुस्तिका |
|---|---|---|---|---|
| १ | वस्तुगत (Manual) | ० | ० | ० |
| २ | विषयगत | ३४१५४ | ० | ३४१५४ |
| ३ | वस्तुगत (OMR) | आवश्यक नभएको | | ७२९९४ |
| | | **कुल जम्मा:** | | **१०७१४८** |

प्रतिवेदन अवधिमा सञ्चालित विभिन्न परीक्षाहरूमा प्रयोग भएका वस्तुगत OMR Sheet को विवरण खण्ड र उत्तर खण्डमा रहेको Barcode लाई संकेतको रूपमा प्रयोग गरिने भएको हुँदा विवरण खण्ड र उत्तर खण्डलाई अलग गरी OMR मेसिनबाट अलग अलग स्क्यान गरिने व्यवस्था भएकाले सो उत्तरपुस्तिकाहरूको संकेतीकरण गर्न नपर्ने व्यवस्था रहेको छ।

## ६.४. लिखित परीक्षाको नतिजाः

आयोगबाट प्रकाशित विज्ञापन अनुसारको लिखित परीक्षा सम्पन्न भई उत्तरपुस्तिकामा संकेतीकरण समेत भइसके पश्चात् (OMR बाट हुने परीक्षामा बारकोड सहितको विवरण खण्ड र उत्तरखण्ड छुट्याएपछि) लिखित परीक्षा नतिजा तयारीको कार्य प्रारम्भ हुन्छ। लिखित परीक्षाको नतिजा तयारी गर्ने कार्य प्रक्रिया आयोगको कार्य सञ्चालन निर्देशिकामा भएको व्यवस्था अनुसारको प्रक्रिया अवलम्बन गरिन्छ। दोस्रो संकेतयुक्त उत्तरपुस्तिका परीक्षण, प्राप्ताङ्क तालिकीकरण, आवश्यकता अनुसार उत्तीर्ण वा छनोट भएका दोस्रो संकेतहरूको सूची तयार गर्ने जस्ता कार्यहरू लिखित नतिजा तयारी अन्तरगत पर्दछन् भने लिखित नतिजा तयारीबाट प्राप्त उत्तीर्ण वा छनोट भएका दोस्रो संकेतहरूको आधारमा विसंकेतीकरण (Decode) गर्ने, सम्बन्धित उम्मेदवारको विवरण प्राप्त गर्ने र लिखित परीक्षाबाट उत्तीर्ण वा छनोट भएका उम्मेदवारहरूको सूची तयार गरी सूचना प्रकाशन गर्ने लगायतका कार्य लिखित परीक्षा नतिजा प्रकाशन अन्तर्गत पर्दछन्। लिखित परीक्षाको नतिजासँग सम्बन्धित कार्यहरू आयोगले एउटा प्रक्रियामा संलग्न कर्मचारीलाई जानकारी हुने र अर्को प्रक्रियामा संलग्न हुने कर्मचारीलाई जानकारी नहुने गरी गोप्य तवरले कार्यसम्पादनको व्यवस्था मिलाइएको हुन्छ। लिखित नतिजा तयारी तथा प्रकाशन सम्बन्धी कार्य क्रमशः तलका उपशीर्षक अन्तर्गत प्रस्तुत गरिएको छ।

### ६.४.१. उत्तरपुस्तिका परीक्षणः

यस आयोगबाट सञ्चालन हुने परीक्षाहरूका उत्तरपुस्तिकाहरू संकेतीकरण पश्चात् A, B, C, D लेखी उत्तर दिइएका वस्तुगत उत्तरपुस्तिकाहरू फरक फरक व्यक्तिबाट प्रथम परीक्षण, पुनःपरीक्षण र अन्तिम परीक्षण गरिन्छ। विषयगत उत्तरपुस्तिकातर्फ प्रश्नपत्रमा उल्लेख भए बमोजिम खण्ड तथा प्रश्न अनुसार उत्तरपुस्तिकाको सिलबन्दी पोका/खाम हुने हुँदा खण्ड वा प्रश्न बमोजिम फरक विषय विज्ञबाट परीक्षण गराइन्छ। आयोगको निर्णयानुसार अधिकृतस्तर नवौं तहको अप्राविधिक तर्फका उत्तरपुस्तिकाहरू तथा अधिकृतस्तर नवौं तह प्राविधिक तर्फका पाठ्यक्रम बमोजिमका अप्राविधिक विषयका उत्तरपुस्तिकाहरू दोहोरो (दुई जना विज्ञबाट फरक फरक रुपमा) परीक्षण गराइन्छ। यसैगरी OMR Sheet मा रहेको उत्तरपुस्तिकाको उत्तरखण्ड OMR मेशिनबाट स्क्यानिङ्ग गरी प्राप्त विवरणलाई प्रश्नपत्र परिमार्जन शाखाबाट प्राप्त उत्तरकुञ्जिकालाई सफ्टवेयरमा समावेश गरी नतिजा तयारीको कार्य गरिन्छ। केही प्रतिशत उत्तरपुस्तिकालाई नमूनाको रूपमा लिई म्यानुअल परीक्षण गरी प्रणालीबाट प्राप्त नतिजाको शुद्धता सुनिश्चित गरिन्छ। यसरी तयार भएको नतिजा तयारी सम्बन्धी गोप्य कागजात मध्ये डिकोड फाराम नतिजा प्रकाशनको लागि सम्बन्धित शाखामा पठाइन्छ।

सम्मानित अदालतको आदेशबाट नतिजा तयारीको कार्य रोक्का भएको तर यस प्रतिवेदन अवधिमा खुला भई परीक्षण भएका क्रमश: आ.व. २०७८/०७९ मा विज्ञापन भएका सहायकस्तर पाँचौ र चौथो तहका म्यानुअल- ५,४२३ थान तथा OMR- २,९२३ गरी कुल ८,३४६ थान वस्तुगत उत्तरपुस्तिका र आ.व. २०७९/०८० मा विज्ञापन भएका अधिकृतस्तर सातौं तहका म्यानुअल- ५६७ थान तथा OMR- ४९८ तथा विषयगत- ४,६४४ गरी कुल ५,७०९ थान उत्तरपुस्तिका परीक्षण भएको छ। प्रतिवेदन अवधिमा विज्ञापन भई प्रदेश निजामती तथा स्थानीय सरकारी सेवा तर्फ विभिन्न सेवा, समूह र तहका OMR- ५७,९९८ तथा विषयगत - ७७,७६७ गरी कुल १,३५,७६५ थान तथा स्थानीय सरकारी सेवा तर्फ मात्र OMR- ११,५७५ तथा विषयगत- १५,३९७ गरी कुल २६,९७२ थान उत्तरपुस्तिका परीक्षण भएको छ। प्रतिवेदन अवधिमा वस्तुगत उत्तरपुस्तिका तर्फ ५,९९० थान, OMR उत्तरपुस्तिका तर्फ ७२,९९४ थान र विषयगत उत्तरपुस्तिका तर्फ ९७,८०८ थान गरी कुल १,७६,७९२ थान उत्तरपुस्तिका परीक्षण भएको छ। प्रस्तुत तथ्याङ्कलाई विषयगत तथा पत्रगत विवरण तालिका नं. ३१ तथा सोको विस्तृत विवरण अनुसूची १४ मा समावेश गरिएको छ।

**तालिका नं. ३१**

**उत्तरपुस्तिका परीक्षण सम्बन्धी विवरण**

| विवरण | वस्तुगत | | विषयगत/पत्र | | | | | | | | | उ.पु. संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Manual | OMR | प्रथम | खण्ड/ प्रश्न नं. | द्वितीय | खण्ड/ प्रश्न नं. | तृतीय | खण्ड/ प्रश्न नं. | चतुर्थ | खण्ड/ प्रश्न नं. | जम्मा | |
| आ.व. २०७८/०७९ मा विज्ञापन भई प्रतिवेदन अवधिमा परीक्षण भएको | | | | | | | | | | | | |
| स्थानीय सरकारी सेवा तर्फ | ५४२३ | २९२३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ८३४६ |
| आ.व. २०७९/०८० मा विज्ञापन भई प्रतिवेदन अवधिमा परीक्षण भएको | | | | | | | | | | | | |
| प्रदेश निजामती सेवा तर्फ | ५६७ | ४९८ | ० | ० | ७५१ | ६८ | २४० | २३ | १८४ | ८ | ४६४४ | ५७०९ |
| आ.व. २०८१/०८२ मा विज्ञापन भई सोही आ.व. मा परीक्षण भएको | | | | | | | | | | | | |
| प्रदेश निजामती सेवा+स्थानीय सरकारी सेवा तर्फ | ० | ५७९९८ | १७२ | ११२ | २७६४८ | २३२ | २९१ | ३ | ० | ० | ७७७६७ | १३५७६५ |
| स्थानीय सरकारी सेवा तर्फ मात्र | ० | ११५७५ | १६ | ४ | ५४०० | ३९ | ० | ० | ० | ० | १५३९७ | २६९७२ |
| कुल जम्मा | ५९९० | ७२९९४ | १८८ | ११६ | ३३७९९ | ३३९ | ५३१ | २६ | १८४ | ८ | ९७८०८ | १७६७९२ |

### ६.४.२. लिखित परीक्षाको नतिजा प्रकाशन:

आयोगबाट प्रतिवेदन अवधिमा सञ्चालित विभिन्न परीक्षाहरूमा सम्मिलित परीक्षार्थीहरूको लिखित परीक्षाको उत्तरपुस्तिका परीक्षण पश्चात् आवश्यक नतिजा प्रकाशन सम्बन्धी विधि र प्रक्रिया पूरा गरी प्रकाशित गरिएको लिखित परीक्षाको नतिजा प्रकाशन सम्बन्धी स्थानीय सरकारी सेवा तथा प्रदेश निजामती सेवाका तहगत विवरण तालिका नं. ३२ मा उल्लेख गरिएको छ। उक्त तालिकामा "लिखित परीक्षाको चरण" महल अन्तर्गत लिखित परीक्षा दुई चरणमा हुने पदहरूका लागि प्रथम र द्वितीय चरण तथा एक चरणको मात्र लिखित परीक्षा हुने पदका लागि एक चरण भनी उल्लेख गरिएको छ। प्रतिवेदन अवधिमा जम्मा १,४२७ पदका लागि सम्मिलित ९०,५४८ जना उम्मेदवारहरूको परीक्षा सम्पन्न गरी ४५,४९५ छनोट/उत्तीर्ण भएका उम्मेदवारको नतिजा प्रकाशन गरिएको छ। लिखित परीक्षाको नतिजा प्रकाशन सम्बन्धी पद, सेवा, समूह र तहगत विस्तृत विवरण अनुसूची-१५ मा उल्लेख गरिएको छ।

**तालिका नं. ३२**

**लिखित परीक्षाको नतिजा प्रकाशन सम्बन्धी तहगत विवरण**

| परीक्षा | तह | माग पद | लि.प.मा सम्मिलित | छनोट उत्तीर्ण |
|---|---|---|---|---|
| स्थानीय सरकारी सेवा | ४ | ८६ | १०१६६ | ६१४० |
| | ५ | ४७ | ४१६५ | १३९० |
| **जम्मा:** | | १६१ | १९७५४ | ७५९१ |
| प्रदेश निजामती सेवा | आधारभूत | २२१ | ४७१० | ३०५ |
| | ३ | ३० | ४९१२ | ३१४९ |
| | | | ११७५ | ४८ |
| | ४ | ५० | २१९९ | २२८ |
| | ५ | ६४ | ४२१७ | ३५९ |
| | ७ | १२२ | १८७६ | २६६ |
| | ९ | ३६ | २२८ | ८३ |
| **जम्मा:** | | ५२३ | १९३१७ | ४४३८ |
| प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवा तर्फको संयुक्त परीक्षा | ४ | ४५२ | २५६१८ | १६०१२ |
| | ५ | २५९ | २४३५९ | १६१६९ |
| | ७ | ३२ | १५०० | १२८५ |
| **जम्मा:** | | ७४३ | ५१४७७ | ३३४६६ |
| **कुल जम्मा:** | | १४२७ | ९०५४८ | ४५४९५ |

## परिच्छेद- ७
# अन्तर्वार्ता तथा सिफारिस

## ७.१. अन्तर्वार्ताः

### ७.१.१ प्रयोगात्मक तथा सीप परीक्षण सम्बन्धी विवरणः

लिखित परीक्षामा छनोट भएका उम्मेदवारहरूको अन्तर्वार्ता अघि सम्बन्धित सेवा, समूह, पद तथा तहको पाठ्यक्रममा तोकिए बमोजिम प्रयोगात्मक तथा सीप परीक्षण परीक्षा गरिन्छ। सामान्यतया अप्राविधिक पदहरूमा प्रयोगात्मक परीक्षाको रूपमा कम्प्युटर सीप परीक्षण गरिन्छ भने अधिकृतस्तरको पदका लागि सामूहिक छलफल तथा नवौं तहका अप्राविधिक पदका लागि इन-बास्केट अभ्यास परीक्षा समेत गर्ने गरिएको छ। प्रतिवेदन अवधिमा प्रदेश निजामती सेवा तर्फ विभिन्न सेवा, समूह र तहका माग पद संख्या १८० का लागि लिखित परीक्षामा छनोट भएका ३२६ जना उम्मेदवारहरूको कम्प्युटर सीप परीक्षण र प्रयोगात्मक परीक्षा सम्पन्न गरिएको छ। प्रयोगात्मक तथा सीप परीक्षण परीक्षा सम्बन्धी सेवागत विवरण तालिका नं. ३३ मा र सेवा, समूह र तहगत विस्तृत विवरण अनुसूची-१६ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ३३**
**प्रयोगात्मक तथा सीप परीक्षण सम्बन्धी विवरण**

| सेवा | माग पद | परीक्षार्थी संख्या |
|---|---|---|
| प्रदेश इन्जिनियरिङ्ग | ३५ | ६० |
| प्रदेश कृषि | ३२ | ४९ |
| प्रदेश प्रशासन | ६७ | १२० |
| प्रदेश वन | १९ | ३१ |
| प्रदेश शिक्षा | १६ | ३७ |
| प्रदेश स्वास्थ्य | ११ | २९ |
| जम्मा | १८० | ३२६ |
| स्थानीय सरकारी सेवा अन्तर्गत कुनै परीक्षा नभएको | | |

### ७.१.२ विज्ञापन, परीक्षा, अन्तर्वार्ता तथा सिफारिसको एकीकृत विवरणः

आयोगले प्रकाशन गरेको विज्ञापन अनुसार विभिन्न सेवा, समूह, तह र पदका लागि लिइएको लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारहरूको लागि सम्बन्धित पाठ्यक्रममा उल्लेख भए अनुरूप सीप परीक्षण, प्रयोगात्मक परीक्षा, सामूहिक छलफल परीक्षा तथा इन-बास्केट अभ्यास पश्चात् अन्तर्वार्ता लिइन्छ। परीक्षाका सम्पूर्ण चरण पूरा भएपछि योग्यताक्रमका आधारमा उम्मेदवार सिफारिस गरिन्छ। प्रतिवेदन अवधिमा विभिन्न ७३ वटा विज्ञापन अन्तर्गत जम्मा माग पद संख्या ५७० का लागि विभिन्न परीक्षाका चरणहरू पूरा गरी अन्तर्वार्ताका लागि छनोट भएका उम्मेदवारहरू मध्ये ५५२ जना सिफारिस गरिएको छ।

यस प्रतिवेदन अवधिमा प्रदेश निजामती सेवा अन्तर्गत इन्जिनियरिङ्ग सेवाको नवौं तहको सि.डि.इ. (वि.एण्ड आ.) १, सातौं तहको इन्जिनियर १, इन्जिनियर (वि.एण्ड आ.) १, चौथो तहको एशोसियसन अर्गनाइजर २, कृषि सेवाको सातौं तहको अधिकृत ३, चौथो तहको ना.प्रा.स. (पशु सेवा तर्फ) २, प्रशासन सेवाको सातौं तहको शाखा अधिकृत १, वन सेवाको सातौं तहको वन अधिकृत ५, स्वास्थ्य सेवाको नवौं तहको जनस्वास्थ्य प्रशासक पदमा १ गरी जम्मा १८ पद

संख्या भन्दा कम सिफारिस भएका छन् । त्यसै गरी यसै प्रतिवेदन अवधिमा प्रदेश निजामती सेवा अन्तर्गत इन्जिनियरिङ्ग सेवाको नवौं तहको सि.डि.इ. (इरिगेशन) पद १ मा उम्मेदवार सिफारिस हुन सकेको छैन ।

प्रस्तुत तालिकाको विज्ञापित माग पद संख्या लिखित परीक्षामा उपस्थित उम्मेदवार संख्याको आधारमा अन्तर्वार्ता लगायतका परीक्षाका चरणहरू मार्फत उम्मेदवार सिफारिसको प्रवृत्तिको विश्लेषण गर्दा स्थानीय सरकारी सेवा तथा प्रदेश निजामती सेवामा दक्ष तथा योग्य उम्मेदवारहरूको आकर्षण अपेक्षा अनुसार नभएको देखाउँछ । यस अवधिमा भएको सिफारिसको तथ्याङ्कलाई वि.नं., सेवा, समूह, तह, लिखित परीक्षामा सम्मिलित संख्या, अन्तर्वार्ताका लागि छनोट भएको संख्या र सिफारिस भएको संख्या सहितको सेवागत एकीकृत विवरण तालिका नं. ३४ मा र सेवा तथा तहगत विस्तृत विवरण अनुसूची-१७ मा उल्लेख गरिएको छ ।

**तालिका नं. ३४**

**विज्ञापन, परीक्षा, अन्तर्वार्ता र सिफारिसको एकीकृत विवरण**

| सेवा | माग पद | लि.प.मा सम्मिलित | अ.वा.मा छनोट संख्या | सिफारिस संख्या |
|---|---|---|---|---|
| **स्थानीय सरकारी सेवातर्फ** | | | | |
| कृषि | ६४ | ८३४६ | ११८ | ६४ |
| **जम्मा** | ६४ | ८३४६ | ११८ | ६४ |
| **प्रदेश निजामती सेवा तर्फ** | | | | |
| इन्जिनियरिङ | ९६ | २८३२ | १६२ | ९० |
| कृषि | ५० | १४१६ | ८२ | ४५ |
| शिक्षा | १६ | ८०६ | ४१ | १६ |
| स्वास्थ्य | २२ | ५५४ | ५८ | २१ |
| प्रशासन | ५० | २२९२ | ९५ | ४९ |
| वन | २७२ | ९८९९ | ३९२ | २६७ |
| **जम्मा:** | ५०६ | १७७९९ | ८३० | ४८८ |
| **कुल जम्मा:** | ५७० | २६१४५ | ९४८ | ५५२ |

## ७.२. सिफारिस:

प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका विभिन्न सेवा, समूह र पदका उम्मेदवारहरूलाई सम्बन्धित निकायबाट माग भए अनुसार रिक्त पदमा नियुक्तिका लागि सम्बन्धित निकायमा ११२ जना महिला र ४४० जना पुरूष गरी कुल ५५२ जना सिफारिस गरिएको छ । यसरी भएको सिफारिसको तथ्याङ्कलाई विभिन्न प्रकारले वर्गीकरण सहित क्रमशः प्रस्तुत गरिएको छ ।

### ७.२.१. विज्ञापनको प्रकार र सिफारिस संख्या:

प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवा तर्फ कुल सिफारिस मध्ये अन्तर तह तर्फ २३, आ.अ.से. तर्फ ९, खुला तर्फ ३३४, आदिवासी जनजाति तर्फ ८०, महिला तर्फ ६३, दलित तर्फ १९, थारु तर्फ ८, मधेसी तर्फ ६, मुस्लिम तर्फ ६ र अपाङ्ग तर्फ ४ जना उम्मेदवार सिफारिस गरिएको छ । प्रतिवेदन अवधिमा भएका कुल सिफारिसलाई विज्ञापनको प्रकार र लिङ्गका आधारमा तहगत रूपमा तालिका नं. ३५ मा प्रस्तुत गरिएको छ ।

## तालिका नं. ३५

## विज्ञापनको प्रकार, लिङ्ग र तहगत आधारमा सिफारिस संख्या

| विज्ञापनको प्रकार | महिला | | | | | | | पुरूष | | | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्थानीय सरकारी सेवातर्फ | | | | | | | | | | | | | | |
| | आ.त. | तेश्रो | चौथो | पाँचौं | सातौं | नवौं | जम्मा | आ.त. | तेश्रो | चौथो | पाँचौं | सातौं | नवौं | जम्मा | |
| खुला | | | ८ | ६ | | | १४ | | | २१ | २७ | | | ४८ | ६२ |
| महिला | | | २ | | | | २ | | | | | | | | २ |
| **जम्मा** | ० | ० | १० | ६ | ० | ० | १६ | ० | ० | २१ | २७ | ० | ० | ४८ | ६४ |
| | प्रदेश निजामती सेवातर्फ | | | | | | | | | | | | | | |
| अन्तर तह | | | | | २ | २ | ४ | | | | | १० | ९ | १९ | २३ |
| आ.अ.से. | | | | | | २ | २ | | | | | | ७ | ७ | ९ |
| खुला | ४ | २ | १ | २ | १० | २ | २१ | १२४ | १५ | १६ | ३८ | ४९ | ९ | २५१ | २७२ |
| आ.ज. | २ | | १ | ३ | २ | | ८ | ३२ | ५ | ३ | १३ | १७ | २ | ७२ | ८० |
| महिला | ३३ | ४ | ३ | ९ | १२ | | ६१ | | | | | | | | ६१ |
| दलित | | | | | | | | ६ | १ | २ | ५ | ५ | | १९ | १९ |
| थारु | | | | | | | | ६ | १ | | | १ | | ८ | ८ |
| मधेसी | | | | | | | | ५ | १ | | | | | ६ | ६ |
| मुस्लिम | | | | | | | | ५ | १ | | | | | ६ | ६ |
| अपांग | | | | | | | | ४ | | | | | | ४ | ४ |
| जम्मा | ३९ | ६ | ५ | १४ | २६ | ६ | ९६ | १८२ | २४ | २१ | ५६ | ८२ | २७ | ३९२ | ४८८ |
| कुल जम्मा | ३९ | ६ | १५ | २० | २६ | ६ | ११२ | १८२ | २४ | ४२ | ८३ | ८२ | २७ | ४४० | ५५२ |

आ.व. २०८१/०८२ मा विभिन्न समावेशी समूहमा लिङ्गका आधारमा सिफारिस भएका उम्मेदवारहरूको विवरण चित्र नं. १८ मा प्रस्तुत गरिएको छः

**चित्र नं. १८**




### ७.२.२. सेवा, समूह, तह तथा लिङ्गका आधारमा सिफारिस संख्याः

स्थानीय सरकारी सेवा तर्फ कृषि सेवाका विभिन्न समूहका पदमा स्थायी नियुक्तिका लागि यस प्रतिवेदन अवधिमा जम्मा ६४ उम्मेदवारहरू सिफारिस भएको साथै प्रदेश निजामती सेवा तर्फ विभिन्न समूहका पदमा स्थायी नियुक्तिका लागि जम्मा ४८८ उम्मेदवारहरू सिफारिस भएकोमा सबभन्दा बढी प्रदेश वन सेवामा २६७ जना सिफारिस भएका छन्। सेवा, समूह र तहगत आधारमा उम्मेदवारहरूको विवरण तालिका नं. ३६ र सेवागत तथा तहगत रूपमा चित्र नं. १९ को प्रस्तुत गरिएको छ।

## तालिका नं. ३६

## लिङ्गका आधारमा सिफारिस संख्या

| सेवा/समूह | महिला | | | | | | | पुरूष | | | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्थानीय सरकारी सेवातर्फ | | | | | | | | | | | | | | |
| | आ.त. | तेश्रो | चौथो | पाँचौं | सातौं | नवौं | जम्मा | आ.त. | तेश्रो | चौथो | पाँचौं | सातौं | नवौं | जम्मा | |
| **कृषि** | | | १० | ६ | | | १६ | | | २१ | २७ | | | ४८ | ६४ |
| एग्रोनोमी | | | २ | | | | २ | | | | ३ | | | ३ | ५ |
| कृषि प्रसार | | | ७ | ६ | | | १३ | | | २१ | २२ | | | ४३ | ५६ |
| बाली संरक्षण | | | १ | | | | १ | | | | २ | | | २ | ३ |
| **जम्मा:** | | | १० | ६ | | | १६ | | | २१ | २७ | | | ४८ | ६४ |
| | प्रदेश निजामती सेवातर्फ | | | | | | | | | | | | | | कुल जम्मा |
| | आ.त. | तेश्रो | चौथो | पाँचौं | सातौं | नवौं | जम्मा | आ.त. | तेश्रो | चौथो | पाँचौं | सातौं | नवौं | जम्मा | |
| **प्रदेश इन्जि.** | ० | ० | १ | २ | ४ | ० | ७ | ० | ० | १० | ४ | २९ | ९ | ५२ | ५९ |
| इलेक्ट्रिकल | | | | | | | | | | | १ | | | १ | १ |
| एगृ इरिगेसन इन्जिनिरिङ | | | | | | | | | | ३ | | | | ३ | ३ |
| जियोलोजी | | | | | १ | | १ | | | | | | | | १ |
| मेकानिकल इन्जिनियरिङ | | | | | | | | | | | | १ | | १ | १ |
| सिभिल | | | १ | २ | ३ | | ६ | | | ७ | ३ | २८ | ९ | ४७ | ५३ |
| **प्रदेश कृषि** | ० | ० | २ | १ | ९ | १ | १३ | ० | ० | ३ | ७ | २० | २ | ३२ | ४५ |
| एगृ इको.एण्ड मार्केटिङ | | | | | १ | | १ | | | | | १ | | १ | २ |
| एग्रोनोमी | | | | १ | ३ | | ४ | | | | १ | ३ | | ४ | ८ |
| कृषि प्रसार | | | | | | १ | १ | | | | २ | १ | | ३ | ४ |
| फिसरिज | | | | | १ | | १ | | | | | ४ | | ४ | ५ |
| बाली संरक्षण | | | २ | | | | २ | | | २ | १ | | | ३ | ५ |
| भेटेरिनरी | | | | | | | | | | १ | २ | ४ | | ७ | ७ |
| ला.पो.एण्ड डे.डे. | | | | | २ | | २ | | | | | ४ | १ | ५ | ७ |
| वागवानी | | | | | २ | | २ | | | | १ | ३ | १ | ५ | ७ |
| **प्रदेश प्रशासन** | ० | ० | २ | ६ | २ | २ | १२ | ० | ० | ७ | ३६ | १५ | १० | ६८ | ८० |
| राजश्व | | | | | | | | | | | | १ | | १ | १ |
| लेखा | | | | | १ | | १ | | | | | ३ | | ३ | ४ |
| विविध | | | | १ | | | १ | | | | | १ | | १ | २ |
| सा.प्र. | | | २ | ५ | १ | २ | १० | | | ७ | ३६ | १० | १० | ६३ | ७३ |
| **प्रदेश वन** | ३९ | ६ | ० | ० | ४ | ० | ४९ | १८२ | २४ | ० | ० | १० | २ | २१८ | २६७ |
| जनरल फरेष्ट्री | ३९ | ६ | | | ४ | | ४९ | १८२ | २४ | | | १० | २ | २१८ | २६७ |
| **प्रदेश शिक्षा** | ० | ० | ० | ३ | २ | १ | ६ | ० | ० | ० | ८ | २ | ० | १० | १६ |
| शिक्षा प्रशासन | | | | ३ | २ | १ | ६ | | | | ८ | २ | | १० | १६ |
| **प्रदेश स्वास्थ्य** | ० | ० | ० | २ | ५ | २ | ९ | ० | ० | १ | १ | ६ | ४ | १२ | २१ |
| अब्स. तथा गाइनो. | | | | | | १ | १ | | | | | | | | १ |
| नर्सिङ्ग | | | | २ | २ | | ४ | | | | | | | | ४ |
| प.हे.च. | | | | | | | | | | | | | १ | १ | १ |
| पेडियाट्रिक्स | | | | | | | | | | | | | १ | १ | १ |
| मे.ल्या.टे. | | | | | | | | | | | १ | | | १ | १ |
| मेडिसिन | | | | | | | | | | | | | १ | १ | १ |
| हेल्थ इन्स्पेक्सन | | | | | ३ | १ | ४ | | | १ | | ५ | | ६ | १० |
| हेल्थ एजुकेशन | | | | | | | | | | | | १ | १ | २ | २ |
| **जम्मा:** | ३९ | ६ | ५ | १४ | २६ | ६ | ९६ | १८२ | २४ | २१ | ५६ | ८२ | २७ | ३९२ | ४८८ |
| **कुल जम्मा:** | ३९ | ६ | १५ | २० | २६ | ६ | ११२ | १८२ | २४ | ४२ | ८३ | ८२ | २७ | ४४० | ५५२ |

चित्र नं. १९







### ७.२.३. उम्मेदवार सिफारिस भएका निकायहरूको विवरण:

विभिन्न स्थानीय तह तथा प्रदेशस्तरीय निकायहरूबाट प्राप्त माग बमोजिम आयोगबाट छनोट भई सिफारिस भएका उम्मेदवारहरूको मन्त्रालय तथा जिल्लागत विवरण तालिका नं. ३७ मा र मन्त्रालय तथा स्थानीय तह अनुसारको विस्तृत विवरण अनुसूची-१८ मा प्रस्तुत गरिएको छ।

## तालिका नं. ३७

## मन्त्रालय/स्थानीय तहमा सिफारिस भएका उम्मेदवारको विवरण

**स्थानीय सरकारी सेवातर्फ**

| जिल्ला | महिला | | | | | | | पुरूष | | | | | | | कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| तह ▶ | आ.त. | तेश्रो | चौथो | पाँचौं | सातौं | नवौं | जम्मा | आ.त. | तेश्रो | चौथो | पाँचौं | सातौं | नवौं | जम्मा | जम्मा |
| ताप्लेजुङ | | | १ | १ | | | २ | | | २ | २ | | | ४ | ६ |
| पाँचथर | | | १ | १ | | | २ | | | २ | ४ | | | ६ | ८ |
| इलाम | | | | | | | | | | १ | १ | | | २ | २ |
| मोरङ | | | १ | | | | १ | | | २ | | | | २ | ३ |
| धनकुटा | | | | | | | | | | २ | | | | २ | २ |
| तेह्रथुम | | | १ | | | | १ | | | | २ | | | २ | ३ |
| संखुवासभा | | | २ | १ | | | ३ | | | ३ | ५ | | | ८ | ११ |
| भोजपुर | | | | | | | | | | ४ | ५ | | | ९ | ९ |
| खोटाङ | | | १ | | | | १ | | | | ३ | | | ३ | ४ |
| सोलुखुम्बु | | | २ | १ | | | ३ | | | | १ | | | १ | ४ |
| उदयपुर | | | | | | | | | | २ | ३ | | | ५ | ५ |
| जम्मा | | | १० | ६ | | | १६ | | | २१ | २७ | | | ४८ | ६४ |

**प्रदेश निजामती सेवातर्फ**

| सिफारिस निकाय | महिला | | | | | | | पुरूष | | | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | आ.त. | तेश्रो | चौथो | पाँचौं | सातौं | नवौं | जम्मा | आ.त. | तेश्रो | चौथो | पाँचौं | सातौं | नवौं | जम्मा | |
| उद्योग,कृषि तथा सहकारी मन्त्रालय | | | ४ | १ | | | ५ | | | ९ | ९ | | | १८ | २३ |
| खानेपानी, सिंचाइ तथा ऊर्जा मन्त्रालय | | | १ | ४ | | | ५ | | | १० | २१ | | | ३१ | ३६ |
| पर्यटन, वन तथा वातावरण मन्त्रालय | ३९ | ६ | | | | | ४५ | १८२ | २४ | | | | | २०६ | २५१ |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | | | | ३ | | | ३ | | | | १३ | | | १३ | १६ |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | | | | २६ | ६ | ३२ | | | | | ८२ | २७ | १०९ | १४१ |
| सामाजिक विकास मन्त्रालय | | | | ४ | | | ४ | | | १ | १२ | | | १३ | १७ |
| स्वास्थ्य मन्त्रालय | | | | २ | | | २ | | | १ | १ | | | २ | ४ |
| **जम्मा** | ३९ | ६ | ५ | १४ | २६ | ६ | ९६ | १८२ | २४ | २१ | ५६ | ८२ | २७ | ३९२ | ४८८ |
| **कुल जम्मा** | ३९ | ६ | १५ | २० | २६ | ६ | ११२ | १८२ | २४ | ४२ | ८३ | ८२ | २७ | ४४० | ५५२ |

### ७.२.४. सिफारिस भएका उम्मेवारहरूको भौगोलिक क्षेत्रगत विवरणः

प्रतिवेदन अवधिमा सिफारिस भएका उम्मेदवारहरूले दरखास्तमा उल्लेख गरेको स्थायी ठेगानाका आधारमा कुल संख्यालाई भौगोलिक क्षेत्र, प्रदेश र जिल्लाका आधारमा वर्गीकरण गरी क्रमशः प्रस्तुत गरिएको छ।

### ७.२.४.१. भौगोलिक क्षेत्रगत विवरणः

उम्मेदवारहरूले दरखास्तमा उल्लेख गरेको स्थायी ठेगानालाई आधार मानी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अनुसूची-१ मा भएको जिल्लाको वर्गीकरण (काठमाडौं उपत्यकाको जिल्लालाई पहाडी क्षेत्रमा समावेश गरिएको) अनुसारको विभिन्न भौगोलिक क्षेत्रहरूमा बसोबास गर्ने उम्मेदवारहरू मध्ये प्रतिवेदन अवधिमा सिफारिस भएका

उम्मेदवारहरूको वर्गीकृत संख्या तालिका नं. ३८ र चित्र नं. २० मा प्रस्तुत गरिएको छ। सबैभन्दा बढी तराई क्षेत्र र क्रमशः पहाड, हिमाल तथा भित्री मधेश क्षेत्रबाट उम्मेदवारहरू सिफारिस भएको देखिन्छ। यस तथ्याङ्कलाई आ.व. २०८०/०८१ को तथ्याङ्कसँग तुलना गर्दा हिमाली प्रदेशमा करीब १६% प्रतिशतले बृद्धि भएको तथा तराई क्षेत्रबाट करीब १६% ले कमी भएको एवं पहाडी र भित्री मधेस क्षेत्रमा सिफारिस प्रतिशतमा तुलनात्मक रूपमा स्थिरता देखिएको छ।

**तालिका नं. ३८**

**भौगोलिक क्षेत्र तथा लिङ्ग अनुसार सिफारिस उम्मेदवारको विवरण**

| भौगोलिक क्षेत्र | आ.व. २०८१/०८२ मा सिफारिस उम्मेदवार संख्या | | | | आ.व. २०८०/०८१ को उम्मेदवार प्रतिशत |
|---|---|---|---|---|---|
| | महिला | पुरूष | जम्मा | प्रतिशत | |
| हिमाली | ३८ | १२२ | १६० | २८.९९ | १३.३० |
| पहाडी | ३८ | १३२ | १७० | ३०.८० | ३१.९३ |
| भित्री मधेस | १० | ३२ | ४२ | ७.६१ | ६.०६ |
| तराई | २६ | १५४ | १८० | ३२.६१ | ४८.७२ |
| जम्मा | ११२ | ४४० | ५५२ | १०० | १०० |

**चित्र नं. २०**




**७.२.४.२. प्रादेशिक तथा जिल्लागत सिफारिस विवरण:**

प्रतिवेदन अवधिमा सिफारिस भएका उम्मेदवारहरूको प्रादेशिक विवरण तालिका नं. ३९ मा प्रस्तुत गरिएको छ। सबैभन्दा धेरै उम्मेदवार कर्णाली प्रदेशबाट ३४.०६ प्रतिशत र सबैभन्दा कम गण्डकी प्रदेशबाट १.९९ प्रतिशत उम्मेदवार सिफारिस भएका छन्। जिल्लागत रूपमा हेर्दा सबैभन्दा बढी जुम्ला जिल्लाबाट (११.९६%) सिफारिस भएका छन्। यस अवधिमा सिफारिस भएका उम्मेदवारहरूको प्रादेशिक तथा जिल्लागत विस्तृत विवरण अनुसूची-१९ मा उल्लेख गरिएको छ।

**तालिका नं. ३९**

**सिफारिस उम्मेदवारको लैङ्गिक तथा प्रदेशगत विवरण**

| सि.नं. | प्रदेश | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | कोशी प्रदेश | ३४ | ११५ | १४९ | २७.०० |
| २. | मधेस प्रदेश | ९ | ६८ | ७७ | १३.९५ |
| ३. | बागमती प्रदेश | ६ | १२ | १८ | ३.२६ |
| ४. | गण्डकी प्रदेश | १ | १० | ११ | १.९९ |
| ५. | लुम्बिनी प्रदेश | ८ | ४७ | ५५ | ९.९६ |
| ६. | कर्णाली प्रदेश | ४७ | १४१ | १८८ | ३४.०६ |
| ७. | सुदूरपश्चिम प्रदेश | ७ | ४७ | ५४ | ९.७८ |
| कुल जम्मा | | ११२ | ४४० | ५५२ | १०० |

माथि उल्लेख गरिएको विवरणलाई गत वर्षको तथ्याङ्कसँग तुलना गर्दा प्रतिवेदन अवधिमा परिवर्तन भएको देखिन्छ। मधेश प्रदेशबाट सिफारिस हुनेको संख्या करीब १६% र कर्णाली प्रदेशबाट करीब ३% बढेको देखिन्छ भने अन्य प्रदेशबाट सिफारिस हुनेको प्रतिशत घटेको देखिन्छ। जसलाई चित्र नं. २१ मा प्रस्तुत गरिएको छ।

**चित्र नं. २१**




### ७.२.४.३. जिल्लागत तुलनात्मक विवरण:

प्रतिवेदन अवधिमा आयोगबाट भएका उम्मेदवारको सिफारिस संख्यालाई उम्मेदवारले बसोबास गर्ने जिल्लाका आधारमा अनुसूची-१९ मा प्रस्तुत गरिएको छ। उक्त अनुसूचीमा प्रस्तुत उम्मेदवारहरूको बसोबासको जिल्लाका आधारमा पेश भएका दरखास्तसँग तुलना गरिएको विवरण चित्र नं. २२ मा प्रस्तुत गरिएको छ। यसरी हेर्दा सबैभन्दा बढी दरखास्त सप्तरी जिल्लाबाट (७.२२%) र सबैभन्दा बढी सिफारिस जुम्ला जिल्लाबाट (११.९६%) भएको देखिएको छ। समग्रमा ७७ जिल्ला मध्ये मनाङ बाहेक अन्य सबै जिल्लाबाट दरखास्त प्राप्त भएको देखिन्छ भने सिफारिस तर्फ हेर्दा दोलखा, स्याङ्जा, गोरखा, बाग्लुङ, पर्वत, रुकुम पूर्व, नुवाकोट, भक्तपुर, म्याग्दी, रसुवा, मुस्ताङ र मनाङ गरी १२ जिल्ला बाहेक ६५ जिल्लाका उम्मेदवारहरू सिफारिस भएको देखिन्छ।

## चित्र नं. २२


जिल्लागत दरखास्त विवरण
मुस्ताङ ०.०१
रसुवा ०.०५
म्याग्दी ०.०८
भक्तपुर ०.०८
ललितपुर ०.११
लमजुङ ०.१६
नुवाकोट ०.१६
रुकुम पूर्व ०.१७
कास्की ०.१८
सिन्धुपाल्चोक ०.२०
काठमाडौं ०.२१
तनहुँ ०.२२
नवलपरासी पूर्व ०.२२
पर्वत ०.२४
बाग्लुङ ०.२४
धादिङ ०.२६
काभ्रेपलाञ्चोक ०.२६
नवलपरासी पश्चिम ०.२८
चितवन ०.२८
गोरखा ०.३६
डोल्पा ०.३८
स्याङजा ०.३८
पाल्पा ०.४०
दोलखा ०.४०
मकवानपुर ०.४०
डडेलधुरा ०.४३
रामेछाप ०.४९
अर्घाखाँची ०.५१
बाँके ०.५६
रूपन्देही ०.५९
मुगु ०.६५
गुल्मी ०.६५
प्यूठान ०.६६
कपिलवस्तु ०.६६
डोटी ०.७०
सोलुखुम्बु ०.८३
हुम्ला ०.८४
कञ्चनपुर ०.८८
दाङ ०.८९
बाजुरा ०.९७
रोल्पा १.००
तेह्रथुम १.००
दार्चुला १.०२
ताप्लेजुङ १.०३
बैतडी १.१३
बर्दिया १.१३
सिन्धुली १.१३
अछाम १.२४
सुर्खेत १.२५
कैलाली १.२८
पाँचथर १.३०
जाजरकोट १.४०
कालिकोट १.४४
ओखलढुङ्गा १.५३
पर्सा १.५४
सल्यान १.५६
बझाङ १.७१
दैलेख १.८३
संखुवासभा १.९१
भोजपुर १.९१
धनकुटा १.९५
इलाम २.११
जुम्ला २.२२
रुकुम पश्चिम २.२५
उदयपुर २.३९
खोटाङ २.५९
बारा २.६८
महोत्तरी ३.३७
झापा ३.४०
रौतहट ३.६९
धनुषा ३.६९
सर्लाही ४.१०
सुनसरी ४.५९
सिरहा ४.८०
मोरङ ५.५९
सप्तरी ७.२२
०.०० २.०० ४.०० ६.०० ८.००
प्रतिशत
जिल्लागत सिफारिस विवरण
मुस्ताङ ०.००
रसुवा ०.००
म्याग्दी ०.००
भक्तपुर ०.००
नुवाकोट ०.००
रुकुम पूर्व ०.००
पर्वत ०.००
बाग्लुङ ०.००
गोरखा ०.००
स्याङजा ०.००
दोलखा ०.००
बाजुरा ०.१८
डोटी ०.१८
पाल्पा ०.१८
लमजुङ ०.१८
सिन्धुपाल्चोक ०.१८
ललितपुर ०.१८
मकवानपुर ०.१८
धादिङ ०.१८
पर्सा ०.१८
सोलुखुम्बु ०.१८
दार्चुला ०.३६
डोल्पा ०.३६
बाँके ०.३६
नवलपरासी पश्चिम ०.३६
नवलपरासी पूर्व ०.३६
सिन्धुली ०.३६
काठमाडौं ०.३६
पाँचथर ०.३६
तेह्रथुम ०.३६
रुपन्देही ०.५४
रामेछाप ०.५४
चितवन ०.५४
सर्लाही ०.५४
बैतडी ०.७२
गुल्मी ०.७२
कपिलवस्तु ०.७२
अर्घाखाँची ०.७२
तनहुँ ०.७२
कास्की ०.७२
काभ्रेपलाञ्चोक ०.७२
डडेल्धुरा ०.९१
ताप्लेजुङ ०.९१
मुगु १.०९
प्यूठान १.०९
महोत्तरी १.०९
हुम्ला १.२७
रोल्पा १.२७
अछाम १.६३
रौतहट १.६३
धनुषा १.६३
भोजपुर १.६३
ओखलढुङ्गा १.६३
कञ्चनपुर १.८१
सुर्खेत १.८१
दाङ १.८१
बारा १.८१
खोटाङ १.८१
बझाङ १.९९
कैलाली १.९९
बर्दिया २.१७
सुनसरी २.१७
धनकुटा २.१७
दैलेख २.३६
संखुवासभा २.३६
इलाम २.३६
जाजरकोट २.५४
उदयपुर २.५४
कालिकोट २.७२
झापा २.७२
सप्तरी ३.४४
सल्यान ३.६२
सिरहा ३.६२
मोरङ ५.८०
रुकुम पश्चिम ६.३४
जुम्ला ११.९६
०.०० ५.०० १०.०० १५.००
प्रतिशत

## ७.३ वैकल्पिक उम्मेदवार सिफारिसः

आयोगबाट सिफारिस भएका विभिन्न उम्मेदवारहरू सिफारिस भएको मितिले एक वर्षभित्र उक्त पदबाट अलग भएको अवस्थामा सम्बन्धित विज्ञापनको वैकल्पिक सूचीमा रहेका उम्मेदवारलाई सिफारिस गरी पठाउने कानूनी व्यवस्था अनुसार यस अवधिमा आयोगबाट भएको वैकल्पिक उम्मेदवार सिफारिसको विवरण तालिका नं. ४० मा प्रस्तुत गरिएको छ। प्रतिवेदन अवधिमा जम्मा २२ जना वैकल्पिक उम्मेदवारहरू सिफारिस भएका छन्। यद्यपि थप वैकल्पिक उम्मेदवारहरूको उपलब्धता नभएका कारणले प्रदेश तथा विभिन्न स्थानीय तहहरूबाट प्राप्त माग बमोजिम केही पदमा वैकल्पिक उम्मेदवार सिफारिस हुन सकेका छैनन्।

**तालिका नं. ४०**

**वैकल्पिक उम्मेदवार सिफारिसको तहगत विवरण**

| सेवा | समूह | तह | सिफारिस संख्या | सिफारिस भएको निकाय |
|---|---|---|---|---|
| **स्थानीय सरकारी सेवा तर्फ** | | | | |
| स्थानीय कृषि | कृषि प्रसार | ४ | १ | फाकफोकथुम गाउँपालिका, इलाम |
| | | | १ | षडानन्द नगरपालिका भोजपुर |
| | | | १ | लिखु गाउँपालिका ओखलढुंगा |
| | | ५ | १ | मेन्छयायेम गाउँपालिका, तेह्रथुम |
| | एग्रोनोमी | ५ | १ | दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, खोटाङ |
| | ला.पो.एण्ड डे.डे. | ५ | १ | रतुवामाई नगरपालिका, मोरङ |
| स्थानीय प्रशासन | सामान्य प्रशासन | ५ | १ | मानेभञ्ज्याङ गाउँपालिका ओखलढुंगा |
| | | | १ | बेलका नगरपालिका, उदयपुर |
| स्थानीय स्वास्थ्य | क.न. | ५ | १ | माई नगरपालिका, इलाम |
| **जम्माः** | | | ९ | |
| **प्रदेश निजामती सेवा तर्फ** | | | | |
| प्रदेश वन | जनरल फरेष्ट्री | आ.त. | १ | पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश |
| प्रदेश इन्जिनियरिङ्ग | सिभिल/जनरल | ५ | ३ | भौतिक पूर्वाधार विकास मन्त्रालय, कोशी प्रदेश |
| | सिभिल/हाइवे | ५ | १ | भौतिक पूर्वाधार विकास मन्त्रालय, कोशी प्रदेश |
| | सिभिल/स्यानिटरी | ५ | १ | खानेपानी, सिंचाई तथा ऊर्जा मन्त्रालय, कोशी प्रदेश |
| | इलेक्ट्रिकल इन्जिनियरिङ्ग/ज.इ.इ. | ५ | १ | खानेपानी, सिंचाई तथा ऊर्जा मन्त्रालय, कोशी प्रदेश |
| | मेकानिकल इन्जिनियरिङ्ग/ज.मे.इ. | ७ | १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश |
| प्रदेश कृषि | कृषि प्रसार | ५ | १ | उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेश |
| प्रदेश प्रशासन | सामान्य प्रशासन | ४ | २ | उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेश |
| | | | १ | सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश |
| प्रदेश स्वास्थ्य | जनरल हेल्थ सर्भिसेज | ८ | १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश |
| **जम्माः** | | | १३ | |

## ७.४ अस्थायी उम्मेदवार सिफारिसः

प्रदेश तथा स्थानीय तहबाट स्थायी पदपूर्तिका लागि माग दर्ता भएपछि सो पदमा स्थायी पदपूर्ति नभएसम्मका लागि प्रदेश तथा स्थानीय तहको माग बमोजिम अस्थायी उम्मेदवार सिफारिस गर्ने व्यवस्था रहेको छ। वैकल्पिक तथा अस्थायी सूचीमा रहेका उम्मेदवारहरू अस्थायी सिफारिसमा अनिच्छुक रहेको, भौगोलिक विकटताले माग भएको निकायमा जान नचाहेको तथा सूचीमा रहेका उम्मेदवारहरू अन्यत्र स्थायी सिफारिस भइसकेको कारणले गर्दा प्रतिवेदन अवधिमा अस्थायी उम्मेदवार सिफारिस गरिएको छैन।

## ७.५ समान तहमा अन्तर प्रदेश वा संघमा सिफारिस भएको विवरण:

प्रदेश निजामती सेवा ऐन, २०७९ तथा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ९ मा सङ्घीय निजामती सेवा वा जुनसुकै प्रदेश निजामती सेवा वा जुनसुकै स्थानीय सरकारी सेवाको समान तहको पदमा कार्यरत रहेका कर्मचारी प्रदेश निजामती सेवाको खुला वा अन्तर तह प्रतियोगितात्मक परीक्षा वा आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति हुने तह वा पदको समान तहमा प्रतिस्पर्धा गर्न वा उम्मेदवार हुन पाउने छैन भन्ने व्यवस्था रहेको र यस प्रकारको व्यवस्था अन्य प्रदेशका निजामती सेवा ऐनमा समेत व्यवस्था भएको भए तापनि कतिपय उम्मेदवारहरू अन्तर प्रदेशका समान तहमा समेत प्रतिस्पर्धा गरी सिफारिस भइरहेको पाइएको छ। प्रदेश लोक सेवा आयोग (कोशी) मा हालसम्म संकलित सिफारिस सम्बन्धी विवरणबाट विभिन्न तहमा ४३ जना उम्मेदवारहरू समान तहमा अन्तर प्रदेश वा संघका पदमा तालिकामा प्रस्तुत गरिए अनुसारको संख्यामा सिफारिस भएको देखिएको छ। यसरी समान तहमा सिफारिस भएका उम्मेदवारहरू मध्ये स्वास्थ्य सेवाका सबैभन्दा बढी २० जना, प्रशासन सेवाका ७ जना, कृषि सेवा अन्तर्गत ६ जना, शिक्षा सेवाका २ जना र वन तथा विविधबाट १/१ जना रहेका छन्। यसै गरी तहगत हिसाबले पाँचौं तहका २८ जना, चौथो तहका ११ जना र सातौं तहबाट ४ जना संघ वा अन्तर प्रदेशका समान तहको पदमा सिफारिस भएको देखिन्छ। कतिपय प्रदेश लोक सेवा आयोगबाट वैकल्पिक सिफारिस भएका उम्मेदवारको विवरण र कतिपय प्रदेश लोक सेवा आयोगहरूको तथा लोक सेवा आयोगको विगत वर्षहरूमा भएको सिफारिस सम्बन्धी विवरण समावेश गर्ने कार्य भइरहेको हुँदा सो विवरण पूर्ण भएपछि यो संख्यामा अझ थप हुन सक्ने देखिन्छ।

| कहाँबाट कहाँ | संख्या |
|---|---|
| कर्णालीबाट कोशी | २ |
| कर्णालीबाट लुम्बिनी | २ |
| कर्णालीबाट संघ | ३ |
| कर्णालीबाट सु.प. | १ |
| कोशीबाट लुम्बिनी | १ |
| कोशीबाट वागमती | १ |
| कोशीबाट संघ | ३ |
| कोशीबाट सु.प. | १ |
| गण्डकीबाट कर्णाली | २ |
| गण्डकीबाट कोशी | १ |
| गण्डकीबाट संघ | ८ |
| गण्डकीबाट सु.प. | १ |
| मधेशबाट संघ | १ |
| लुम्बिनीबाट कोशी | ४ |
| लुम्बिनीबाट गण्डकी | २ |
| लुम्बिनीबाट संघ | २ |
| लुम्बिनीबाट सु.प. | ४ |
| वागमतीबाट कोशी | १ |
| वागमतीबाट गण्डकी | १ |
| संघबाट लुम्बिनी | १ |
| सु.प.बाट लुम्बिनी | १ |
| जम्मा | ४३ |

सङ्घीय निजामती सेवा ऐन अन्तर्गतका पदमा भने समान तहमा प्रतिस्पर्धा गर्न नपाउने व्यवस्था रहेको भए तापनि प्रदेश लोक सेवा आयोगबाट सिफारिस भएका उम्मेदवारहरू संघ अन्तर्गतको पदमा प्रतिस्पर्धा गर्न नपाउने कानूनी व्यवस्था भएको पाइँदैन। यस्तै गरी केही प्रदेशका प्रचलित प्रदेश निजामती सेवा ऐन तथा स्थानीय सरकारी सेवाका ऐनमा यस प्रकारको व्यवस्था समावेश भइसकेको अवस्था छैन। यसले गर्दा कतिपय विज्ञापनमा लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि छनोट गरेका उम्मेदवार अन्य प्रदेश अन्तर्गतका पदमा समेत छनोट हुन सक्ने अवस्थाको विद्यमानता रहेकोले अन्तर प्रदेश समन्वय गरी हाल सबै प्रदेशबाट सिफारिस भएका उम्मेदवारको व्यवस्थित अभिलेख राख्ने व्यवस्था मिलाइएको छ।

यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न र सङ्घीय निजामती सेवा ऐन तथा समान तहमा दोहोरो सिफारिस नहुने व्यवस्था मिलाउन उपयुक्त हुने देखिन्छ। यसरी अन्तर प्रदेश समान तहमा सिफारिस भएको संख्यात्मक विवरण संलग्न तालिकामा प्रस्तुत गरिएको छ भने सो सम्बन्धी विस्तृत विवरण अनुसूची-२० मा उल्लेख गरिएको छ।

## परिच्छेद- ८

# समावेशी पदपूर्ति

सार्वजनिक सेवामा समानुपातिक समावेशी सहभागिता सुनिश्चित गर्नका लागि प्रचलित कानूनमा भएको व्यवस्था अनुरूप आयोगले गरेको प्रारम्भिक चरणका विज्ञापनदेखि नै तोकिएको समावेशी समूहका उम्मेदवारबीच मात्र प्रतिस्पर्धा हुने गरी प्रतिशत निर्धारण, विज्ञापन, परीक्षा सञ्चालन, अन्तर्वार्ता लगायतका छनोट प्रक्रियाहरू अवलम्बन गर्दै आएको छ। यसका लागि कर्मचारी समायोजन ऐन, २०७५ ले निर्दिष्ट गरे अनुसार प्रचलित निजामती सेवा ऐन, २०४९ ले व्यवस्था गरे बमोजिमको प्रतिशत तथा प्रदेश निजामती सेवा ऐन, २०७९ र स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० ले व्यवस्था गरे बमोजिमको समावेशी समूह अनुसारको प्रतिशतलाई आधार बनाई कुल माग पद संख्यालाई खुला तथा समावेशीतर्फको पद संख्या छुट्याई प्रतिशत निर्धारणदेखि सिफारिससम्मका प्रक्रियाहरू अवलम्बन गर्ने गरिएको छ।

## ८.१. समावेशी समूहतर्फ विज्ञापन र दरखास्तः

समावेशी विज्ञापन र सो विज्ञापन अनुसार पर्न आएका दरखास्तको समावेशी आँकडा तालिका नं. ४१ र चित्र नं. २३ मा उल्लेख गरिएको छ। आ.व. २०८१/०८२ मा समावेशी समूह तर्फ सबैभन्दा बढी विज्ञापन, माग पद संख्या आदिवासी जनजाति समूह तर्फ देखिन्छ, दरखास्तको संख्या भने महिला समूहमा बढी देखिन्छ। त्यसै गरी सबैभन्दा कम विज्ञापन र माग पद संख्या अपाङ्ग समूह तर्फ  तथा सबैभन्दा कम दरखास्त मुस्लिम समूह तर्फ रहेको छ।

**तालिका नं. ४१**

**आ.व. ०७८/०७९ देखि आ.व. २०८१/०८२ सम्म भएका समावेशी विज्ञापन र दरखास्त**

| समावेशी समूह | आ.व. २०७८/०७९ | | | आ.व. २०७९/०८० | | | आ.व. २०८०/०८१ | | | आ.व. २०८१/०८२ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विज्ञापन संख्या | पद संख्या | दरखास्त संख्या | विज्ञापन संख्या | पद संख्या | दरखास्त संख्या | विज्ञापन संख्या | पद संख्या | दरखास्त संख्या | विज्ञापन संख्या | पद संख्या | दरखास्त संख्या |
| आ.ज. | ४ | २१ | ७८५७ | ९ | १२८ | १८६४१ | १४ | ६० | १०७२९ | ८० | १८० | २५०८३ |
| महिला | ९ | ६७ | २२४९५ | १८ | २०५ | ५२३०४ | १० | ४६ | १०७२२ | ५७ | १४५ | ४८०४३ |
| दलित | २ | ३ | ८०४ | ६ | २० | ३७४० | ७ | १४ | २७०८ | ४१ | ४९ | ६८६७ |
| थारु | - | - | - | - | - | - | १ | ६ | १००८ | १६ | २१ | २८४३ |
| मधेशी | ३ | ७ | ६५७० | ९ | ६३ | २४४८० | १ | ५ | ४८२४ | ८ | १३ | १७८३३ |
| मुस्लिम | - | - | - | - | - | - | १ | ५ | १८५ | ८ | १३ | ८३८ |
| अपाङ्ग | - | - | - | - | - | - | १ | ४ | ४९४ | ५ | ७ | ८८८ |
| **जम्मा** | **१८** | **९८** | **३७७२६** | **४२** | **४१६** | **९९१६५** | **३५** | **१४०** | **३०६७०** | **२१५** | **४२८** | **१०२३९५** |

चित्र नं. २३




## ८.२. समावेशी समूहतर्फ सिफारिस:

समावेशी समूह तर्फ जम्मा सिफारिस १८६ जना मध्ये सबैभन्दा बढी ८० जना (कुल समावेशी सिफारिसको ४३.०१%) आदिवासी जनजाती समूह तर्फ प्रतिवेदन अवधिमा सिफारिस भएका छन् । अन्य समावेशी समूह तर्फ महिला सिफारिसको अवस्थालाई विश्लेषण गर्दा कुल ३८.१७% महिला सिफारिस भएको देखिन्छ । यद्यपि यो सिफारिस संख्या माग पद भन्दा कम रहेको छ । आ.व. २०८१/०८२ मा समावेशी समूह तर्फ भएका कतिपय विज्ञापनहरूमा माग पद बमोजिम परीक्षार्थी उत्तीर्ण नभएका कारणले माग पद संख्या भन्दा कम सिफारिस भएको छ भने कतिपय विज्ञापनहरूको परीक्षाको नतिजा आउने क्रममा रहेको छ । समावेशी समूह तर्फ भएका सिफारिसहरूको तहगत तथा लैंगिक विवरण तालिका नं. ४२ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४२**

**समावेशी समूहतर्फ सिफारिस संख्या**

| विज्ञापनको प्रकार | महिला | | | | | | | पुरूष | | | | | | | कुल जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | आ.त. | तेश्रो | चौथो | पाँचौं | सातौं | नवौं | जम्मा | आ.त. | तेश्रो | चौथो | पाँचौं | सातौं | नवौं | जम्मा | संख्या | प्रतिशत |
| आ.ज. | २ | | १ | ३ | २ | | ८ | ३२ | ५ | ३ | १३ | १७ | २ | ७२ | ८० | ४३.०१ |
| महिला | ३३ | ४ | ५ | ९ | १२ | | ६३ | | | | | | | | ६३ | ३३.८७ |
| दलित | | | | | | | | ६ | १ | २ | ५ | ५ | | १९ | १९ | १०.२२ |
| थारु | | | | | | | | ६ | १ | | | १ | | ८ | ८ | ४.३० |
| मधेशी | | | | | | | | ५ | १ | | | | | ६ | ६ | ३.२३ |
| मुस्लिम | | | | | | | | ५ | १ | | | | | ६ | ६ | ३.२३ |
| अपाङ्ग | | | | | | | | ४ | | | | | | ४ | ४ | २.१५ |
| **जम्मा** | ३५ | ४ | ६ | १२ | १४ | | ७१ | ५८ | ९ | ५ | १८ | २३ | २ | ११५ | १८६ | १०० |

## ८.३. सिफारिसमा महिलाहरूको संख्यात्मक स्थितिः

आयोगबाट प्रतिवेदन अवधिमा सिफारिस भएका जम्मा ५५२ उम्मेदवार मध्ये महिला लगायत अन्य समूह तर्फ समेतको महिला उम्मेदवारको गणना गर्दा जम्मा ११२ जना (२०.२९%) महिला उम्मेदवारको सिफारिस भएको देखिन्छ। जस मध्ये सबैभन्दा बढी आधारभूत तहमा ३९ र सबैभन्दा कम नवौं र तेश्रो तहमा समान ६/६ जना रहेको छ। साथै खुला तर्फ ३५ जना महिला सिफारिस भएका छन्। यस अवधिमा भएका विज्ञापनहरूमा समावेशी समूहमा मात्र नभएर खुला लगायत अन्य समूह तर्फ समेत सिफारिस भएका महिलाहरूको संख्यात्मक विवरण तालिका नं. ४३ मा चित्र नं. २४ मा उल्लेख गरिएको छ।

**तालिका नं. ४३**

**तहगत आधारमा महिला सिफारिस संख्या**

| विज्ञापनको प्रकार | आ.त. | तेश्रो | चौथो | पाँचौं | सातौं | नवौं | जम्मा |
|---|---|---|---|---|---|---|---|
| अन्तर तह | | | | | २ | २ | ४ |
| आ.अ.से. | | | | | | २ | २ |
| खुला | ४ | २ | ९ | ८ | १० | २ | ३५ |
| आ.ज. | २ | | १ | ३ | २ | | ८ |
| महिला | ३३ | ४ | ५ | ९ | १२ | | ६३ |
| जम्मा | ३९ | ६ | १५ | २० | २६ | ६ | ११२ |

**चित्र नं. २४**



## परिच्छेद- ९

# परामर्श र उजूरी

## ९.१ कर्मचारी सेवा शर्त सम्बन्धी विषयमा परामर्शः

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ६ र १० मा कर्मचारी सेवा शर्त सम्बन्धी नीति तथा कानूनमा आयोगको परामर्श सम्बन्धी व्यवस्था गरिएको छ। सो व्यवस्थाहरूको आधारमा प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा र अन्य सरकारी सेवाको शर्तहरूमा निजामती सेवाका मूल्य तथा मान्यताहरूको जगेर्ना तथा सामान्यतया एकरूपता कायम गराउन प्रदेश लोक सेवा आयोगले दिने परामर्शको महत्वपूर्ण भूमिका रहेको छ। मुख्यतः स्थानीय तहका कर्मचारीहरूका तह वृद्धि सम्बन्धमा द्विविधा उत्पन्न भएका विषयमा स्थानीय तहबाट आयोगमा परामर्श माग भई आएको देखिन्छ।

स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १०३ को उपदफा (३) मा "यो ऐन प्रारम्भ भएपछि स्थानीय तहले तहवृद्धि तथा बढुवा सम्बन्धी कार्य गर्दा प्रदेश लोक सेवा आयोगको परामर्श अनिवार्य लिनु पर्नेछ" भन्ने व्यवस्था भएको साथै सोही ऐनको दफा ३८ को उपदफा (७) मा "स्थानीय सरकारी सेवाका कर्मचारीहरूको स्तरवृद्धि तथा बढुवा व्यवस्थापन सम्बन्धमा कुनै द्विविधा उत्पन्न भएमा सोसँग सम्बन्धित उपदफा (१) को खण्ड (क) वा (ख) बमोजिमको समितिको निर्णयानुसार कार्यान्वयन गर्नु पर्नेछ" भन्ने व्यवस्था भएको हुँदा स्थानीय तहका कर्मचारीहरूका तह वृद्धि सम्बन्धमा आयोगमा परामर्शका लागि प्राप्त भएका पत्रहरू ऐनको दफा ३८ को उपदफा (७) बमोजिम आवश्यक कार्यवाही हुन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने व्यवस्था गरी सम्बन्धित स्थानीय तहलाई तह वृद्धि सम्बन्धी द्विविधाका सम्बन्धमा उल्लिखित कानूनी व्यवस्था बमोजिम गर्न जानकारी गराइएको छ । प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका कर्मचारीको सेवा शर्त सम्बन्धी कानून, प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय सरकारी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा प्रतिवेदन अवधिमा परामर्श माग भइ आएको छैन। विगत आ.व. हरूमा आयोगले उपलब्ध गराएको परामर्शको संक्षिप्त विवरण अनुसूची-२१ मा समावेश गरिएको छ।

## ९.२ विभागीय सजाय सम्बन्धी परामर्शः

प्रतिवेदन अवधिमा आन्तरिक मामिला तथा कानून मन्त्रालयको प.सं. २०८१-०८२, च.नं. २००, मिति २०८१/०४/३१ गतेको पत्र अनुसार सो मन्त्रालय अन्तर्गत कार्यरत प्रदेश निजामती सेवा, सामान्य प्रशासन समूह, अधिकृतस्तर सातौँ तह, अधिकृत पदका श्री विज्ञान विलास भण्डारी (क.सं.नं. २३२४७८) र स्वास्थ्य मन्त्रालय, कोशी प्रदेश, विराटनगरको प.सं. २०८१-०८२, च.न. १८१०, मिति २०८२/२/२२ गतेको पत्र अनुसार सो मन्त्रालय अन्तर्गत कार्यरत प्रदेश निजामती सेवा, स्वास्थ्य सेवा, मेडिकल ल्याव टेक्नोलोजी समूह, जनरल ल्याब टेक्नोलोजी उपसमूह, अधिकृतस्तर छैटौँ तह, ल्याब असिस्टेन्ट निरीक्षक पदका श्री बिमल कुमार देव (क.सं.नं. १५२३०५) लाई प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ९९ को उपदफा (१) को खण्ड (ग) बमोजिम बिदा स्वीकृत नगराई लगातार नब्बे दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेको कसूरमा सोही ऐनको दफा ९६ को खण्ड (ख) को देहाय (१) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने विभागीय सजाय गर्न परामर्श दिइएको छ।

## परिच्छेद- १०
# संस्थागत सुधार र प्रविधिको प्रयोग

### १०.१ कार्यालय व्यवस्थापनः

मिति २०७९ असार २० गतेदेखि विराटनगर म.न.पा. वडा नं. ४, खार्जी स्थित निजी भवनबाट आयोगको कार्यालय सञ्चालन भइरहेको छ। आयोगका पदाधिकारी तथा कर्मचारीहरूको आवतजावत तथा कार्यालय प्रयोजनका लागि ६ थान चारपाङ्ग्रे सवारी साधन, १६ थान दुईपाङ्ग्रे सवारी साधन उपलव्ध रहेका छन्।

### १०.२ सूचना प्रविधिको प्रयोगः

आजको विश्वमा सूचना प्रविधिको उपयोग अपरिहार्य बन्दै गइरहेको परिप्रेक्ष्यमा आयोगबाट सम्पादन हुने कामकारबाहीलाई छिटो, छरितो एवं विश्वसनीय बनाउन प्रदेश लोक सेवा आयोगले आफ्नो वेवसाइट www.psc.koshi.gov.np तथा इ-मेल koshipsc@gmail.com प्रयोगमा ल्याएको छ। दैनिक कार्य सञ्चालनमा आवश्यक कम्प्युटर प्रविधिको प्रयोगका लागि ल्यापटप, कम्प्युटर तथा प्रिन्टरहरूको व्यवस्था गरिएको छ भने ३ वटा फोटोकपी मेशिन, २ वटा माष्टरकपी सुरक्षण प्रिन्ट गर्ने मेमोरी क्यापासिटी सहितको फाष्ट प्रोसेसिङ्ग छपाइ मेशिन, २ वटा उत्तरपुस्तिका Read गर्ने Optical Mark Reader (OMR) Scanner मेशिन लगायतको व्यवस्था गरिएको छ। साथै गोप्य कार्य गरिने बाहेकका कम्प्युटरहरूको आन्तरिक नेटवर्किङ्ग गरिएको छ। यसका अतिरिक्त आयोगमा हुने गतिविधिको निगरानी तथा सुरक्षाको दृष्टिले CCTV Camera जडान गरिएको छ। सूचना प्रविधिको प्रयोग तर्फ भएका प्रमुख कार्यहरू देहाय बमोजिम रहेका छन्:

#### १०.२.१ अनलाइन प्रणालीः

परीक्षार्थीहरूको सहजतालाई ध्यानमा राखी यस आयोगले मिति २०७८ साउन ४ गतेबाट अनलाइन प्रणालीमार्फत दरखास्त सङ्कलनको कार्य गर्न Province Public Service Recruitment Management System (PPSRMS) सञ्चालनमा ल्याएको छ। यसबाट आयोगका सबै विज्ञापनहरू प्रकाशन गर्ने, दरखास्त सङ्कलन गर्ने, दरखास्त दस्तुर बुझाउने, दरखास्त स्वीकृत गर्ने, रोल नम्बर कायम गर्ने, प्रवेश पत्र जारी गर्ने, स्वीकृत नामावली तयार गर्ने लगायतका कार्यहरूमा सहजता आएको छ। प्रतिवेदन अवधिमा सो प्रणालीको नवीकरण गरिनुका साथै आवश्यक मर्मत तथा परिमार्जन (Maintenance and Enhancement) नियमित रूपमा गरिएको छ। आयोगबाट लिने लिखित परीक्षाको परीक्षा केन्द्र तथा परीक्षामा खटिने कर्मचारीको व्यवस्थापन सम्बन्धी अनलाइन प्रणाली निर्माण भइसकेको र आ.व. २०८२/८३ देखि हुने परीक्षा सो प्रणालीबाट संचालन हुने व्यवस्था गरिएको छ। साथै सातैवटा प्रदेशका लोक सेवा आयोगहरू बाट सिफारिस भएका उम्मेदवारहरूको विवरण एकीकृत व्यवस्थापन गर्ने प्रयोजनार्थ Google Sheet तयार गरिएको छ जसले Real Time मा सबै आयोगहरूले एकै समयमा सिफारिस नामावली प्रविष्टी गर्ने र उक्त विवरणले नतिजा प्रकाशन गर्दा समान तहमा सिफारिस हुने अवस्थालाई न्यूनीकरण गरेको छ।

#### १०.२.२ सूचना प्रवाहः

आयोगका गतिविधिहरूलाई सूचना प्रविधिको प्रयोग गरी गरिने सूचना प्रवाहका सम्बन्धमा निम्नलिखित मुख्य व्यवस्थाहरू गरिएको छः

(क) आयोगका विज्ञापन तथा अन्य सूचनाहरू आवश्यकता अनुसार राष्ट्रिय स्तरका पत्रिकामा वार्षिक कार्यतालिकामा तोकिएको महिनाको अन्तिम सोमबार प्रकाशन गर्ने गरिएको छ।

(ख) आयोगका गतिविधि सम्बन्धी सूचनाहरू आयोगको वेवसाइटमा अद्यावधिक रूपमा राख्ने गरिएको छ। साथै प्रदेश सरकारको पोर्टलमा समेत यस्ता सूचनाहरू राख्ने व्यवस्था मिलाइएको छ।

(ग) आयोगका गतिविधिहरूलाई सरोकारवालासम्म नियमित र व्यवस्थित तवरबाट पुऱ्याउन प्रवक्ता, सूचना अधिकारी एवं गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ।

(घ) आयोगद्वारा प्रकाशित विज्ञापनहरूमा अनलाइन दरखास्त दिने उम्मेदवारहरूलाई निजहरूको फाराम स्वीकृत, होल्ड तथा अस्वीकृत भएको अवस्थाको जानकारी इमेल तथा एस.एम.एस. मार्फत् गराउनुका साथै होल्डमा रहेका दरखास्तका सम्बन्धमा थप पेश गर्नुपर्ने कागजात बारे फोन मार्फत् समेत जानकारी गराउने गरिएको छ।

(ङ) आयोगले आफ्नो स्थापना दिवसको अवसरमा विभिन्न व्यक्तिहरूका लेख रचना तथा आयोगका गतिविधिहरू सङ्ग्रहित गरी "प्रदेश लोक सेवा आयोग स्मारिका" प्रकाशन गर्ने गरेको छ। प्रतिवेदन अवधिमा स्मारिकाको वर्ष ५, अङ्क ५, २०८१ माघ ९ गते प्रकाशन गरिएको छ।

## १०.३ रणनीतिक योजनाः

नेपालको संविधान तथा कानूनले निर्धारण गरेको आयोगको काम, कर्तव्य र अधिकारको थप व्यवस्थित र प्रभावकारी सम्पादन तथा संगठनात्मक सुदृढीकरण गर्न दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति सहितको आयोगको रणनीतिक योजना आ.व. २०७९/०८० (आ.व. २०८०/०८१-२०८५/०८६ सम्म लागू हुने) मा तर्जुमा भई सोमा उल्लेख भएका व्यवस्था बमोजिम प्रतिवेदन अवधिमा वार्षिक कार्ययोजना तथा बजेट मार्फत क्रमशः कार्यान्वयन गर्दै लगिएको छ । आयोगको रणनीतिक योजनाको कार्यान्वयनको अवस्था निम्न अनुसार रहेको छः

१.१ आयोगको आफ्नै जग्गा र भवन भएको हुनेः आयोगले आर्थिक वर्ष २०८१/०८२ मा जग्गा प्राप्ति र भवनको डिजाइन तथा लागत अनुमान तयार गर्ने र आर्थिक वर्ष २०८२/०८३ देखि भवन निर्माण कार्य गर्ने अपेक्षित नतिजा रणनीतिक योजनाले राखेको भए तापनि हालसम्म जग्गा प्राप्ति हुन सकेको छैन। आयोगको कार्यालयको लागि आवश्यक पर्ने उपयुक्त जमिन खोजी गर्ने कार्य मात्र भइरहेको अवस्था छ ।

१.२ आवश्यक सवारी साधन उपलब्ध भएको हुनेः आयोगका पदाधिकारी, सचिव तथा महाशाखा प्रमुखहरूको प्रयोजन तथा कार्यालय प्रयोजनका लागि हाल ६ थान चारपाङ्ग्रे हलुका सवारी साधन, १६ थान दुई पाङ्ग्रे सवारी साधन र ४ वटा साइकल उपलब्ध रहेका छन् । साथै आयोगको नियमित परीक्षा सञ्चालन, भैपरि र विविध कार्यका लागि आवश्यक सवारी साधनको सूची तयार गरिएको छ । परीक्षा व्यवस्थापन, अनुगमन, सुपरीवेक्षण तथा निगरानी र अन्य अत्यावश्यक प्रयोजनका लागि सम्भव भएसम्म आयोगमा उपलब्ध सवारी साधन नै प्रयोग गर्ने गरिएको छ भने आवश्यकता अनुसार अन्य सरकारी निकायका सवारी साधन समेत प्रयोग गर्ने गरिएको छ।

१.३ परीक्षा प्रणाली सम्बन्धी सफ्टवयर सञ्चालन गर्नेः आयोगले आर्थिक वर्ष २०७८/०७९ देखि नै अनलाइन आवेदन दिन सकिने अनलाइन पदपूर्ति व्यवस्थापन प्रणाली (https://psconline.p1.gov.np) को प्रयोग गर्दै आएको छ । त्यसैगरी उम्मेदवारले आफ्नो प्राप्ताङ्क हेर्न सक्ने प्रणाली (https://result.psc.koshi.gov.np/), आयोगको वेवसाइट र आर्थिक वर्ष २०८१/०८२ मा निर्माण भई आर्थिक वर्ष २०८२/०८३ देखि प्रयोग गरिने गरी परीक्षा व्यवस्थापन प्रणालीको विकास गरिएको छ । सीप परीक्षण परीक्षाका लागि ७ वटा कम्प्यूटर सहितको कम्प्यूटर ल्याव निर्माण गरिएको छ । डाटा सुरक्षाका प्रयोजनका लागि आवश्यक व्याकअप उपलब्ध गराईदिन एकीकृत डाटा व्यवस्थापन केन्द्र (राष्ट्रिय सूचना प्रविधि केन्द्र) लाई अनुरोध गरिएको छ ।

१.४ परीक्षा प्रणालीसँग सम्बन्धित नवीन र विश्वासिलो सुरक्षण प्रेस र उपकरण प्रयोगमा ल्याउनेः प्रश्नपत्र छपाई प्रयोजनका लागि हाल आयोगमा B4 साइज प्रिन्ट हुने दुई वटा B4 Digital Duplicating Machine प्रयोगमा रहेका छन्। प्रदेश सहयोग कार्यक्रम अन्तर्गत आगामी वर्ष A3 साइजको प्रिन्ट हुने Digital Duplicating Machine खरिद गर्ने गरी बजेट विनियोजन भएको छ। कम संख्यामा छपाई गर्ने प्रयोजनका लागि A3 साइजका फोटोकपी मेसिन समेत प्रयोगमा रहेका छन् ।

२.१ स्थायी संगठन संरचना तयार गर्नेः प्रदेश सरकारबाट मिति २०८१ भदौ २७ गते प्रदेश लोक सेवा आयोगको संगठन संरचना र कुल ३६ दरबन्दी स्वीकृत भएको छ भने उक्त दरबन्दी प्रदेश कितावखानामा समेत दर्ता भैसकेको छ।

२.२ सक्षम र उत्प्रेरित जनशक्तिको व्यवस्थापन गर्नेः आयोगमा सक्षम र उत्प्रेरित जनशक्तिको व्यवस्थापन गर्न आयोगमा कर्मचारी सरुवा गर्दा अनिवार्य आयोगको सहमति लिने प्रचलन छ । आयोगको कार्यव्यस्तताले प्रतिवेदन अवधिमा कर्मचारीहरूलाई प्रविधिमैत्री सीप तथा क्षमता अभिवृद्धि गर्न आवश्यक तालिम तथा प्रशिक्षण सम्बन्धी औपचारिक कार्यक्रम सञ्चालन गर्न नसकिए तापनि कार्यस्थलमै तालिमको व्यवस्था, लोक सेवा आयोगहरूको सम्मेलनमा कर्मचारीको सहभागिता तथा समय समयमा लोक सेवा आयोग केन्द्रीय कार्यालयमा भ्रमण गरी आवश्यक प्रशिक्षणको व्यवस्था मिलाइएको छ । आयोग स्थापना दिवसको अवसरमा आयोगमा कार्यरत कर्मचारीलाई प्रमाणपत्र र नगद पुरस्कार प्रदान गरी प्रोत्साहन गर्ने व्यवस्थाको सुरुवात गरिएको छ।

२.३ नवीन प्रविधिको प्रयोग गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनेः नेपाल सरकारद्वारा कार्यान्वयनमा ल्याइएको एकीकृत कार्यालय व्यवस्थापन प्रणाली र अनलाइन पदपूर्ति प्रणालीलाई प्रयोग गरी paperless कार्यप्रणालीलाई प्रवर्द्धन गर्दै लगिएको छ । त्यसैगरी PAMSV2, ई हाजिरी लगायतका विद्युतीय प्रणालीको प्रयोग गरिएको छ।

२.४ आयोगको कार्यपद्धति सम्बन्धी ज्ञानको वृद्धि र व्यवस्थापन गर्नेः आयोगले हरेक वर्ष आयोगको पाठ्यक्रम, विषयवस्तु तथा अन्य विभिन्न विधाका विषयवस्तु समेटिएका पुस्तकहरू खरिद गरी पुस्तकालय सञ्चालन गरेको भए पनि रणनीतिक योजनाको अपेक्षा अनुरूप डिजिटल पुस्तकालयको स्थापना गर्ने लक्ष्य हासिल गर्ने कार्यमा आयोग प्रयासरत रहेको छ।

यसै सिलसिलामा लोक सेवा आयोगको समन्वयमा समय समयमा सञ्चालन हुने Assessment Centre Methodology (ACM) सम्बन्धी तालिममा सहभागिता हुने तथा लोक सेवा आयोगहरूको राष्ट्रिय सम्मेलनहरूबाट अन्तर आयोगको सफल सिकाई आदान प्रदान गर्ने प्रचलन रहेको छ ।

३.१ आयोगको कार्यसँग सम्बन्धित कानूनहरू निर्माण भएको हुनेः स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) नियमावली बाहेक अन्य कानूनहरू (प्रदेश निजामती सेवा ऐन, नियमावली, स्थानीय सरकारी सेवा ऐन, प्रदेश लोक सेवा आयोग ऐन, नियमावली, निर्देशिका तथा प्रदेश लोक सेवा आयोग खर्च व्यवस्थापन कार्यविधि लगायत) निर्माण तथा परिमार्जन भई कार्यान्वयनमा रहेका छन् ।

४.१ प्रदेश सरकारका निजामती र प्रहरी सेवा, स्थानीय तह र अन्य संगठित संस्थाहरूमा योग्य र सक्षम उम्मेदवारको छनोट गर्नेः प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका पदमा आयोगबाट हालसम्म कुल २३३१ जना उम्मेदवार सिफारिस गरिसकिएको छ ।

५.१ आयोगले कानून बमोजिम प्रदान गर्ने परामर्श छिटो र छरितो बनाउनेः प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १० को उपदफा (२) बमोजिमका विषयमा परामर्श प्रदान गर्दा सम्बन्धित निकायबाट परामर्श माग भई

आएको विषयका सम्बन्धमा बिहिवार हुने आयोगको नियमित बैठकमा पेश गर्ने र बैठकको निर्णय बमोजिम यथाशीघ्र परामर्श सम्बन्धित निकायमा उपलब्ध गराउने व्यवस्था मिलाइएको छ।

५.२ आयोगले प्रदान गरेको परामर्शको कार्यान्वयन सुनिश्चित गर्नेः आयोगबाट प्रदान गरिएका परामर्श सम्बन्धी विवरण आयोगको वार्षिक प्रतिवेदनमा समावेश गरी प्रदेश सरकार तथा प्रदेश सभामा पेश गर्ने व्यवस्था छ। आयोगको विगत वर्षको बाँकी कार्य यस अवधिमा सम्पादन गर्नु पर्ने भएकाले अपेक्षित अनुगमन, निरीक्षण कार्य सम्भव भएको छैन। आगामी वर्षदेखि अनुगमन, निरीक्षण प्रक्रियालाई प्राथमिकतामा राखी गर्ने लक्ष्य राखिएको छ।

६.१ सरोकारवालाहरूसँगको समन्वय र सहकार्यलाई सुदृढ र प्रभावकारी बनाउनेः आयोगले नियमित रूपमा आफ्नो वार्षिक प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेश गर्ने गरेको छ। त्यस्तै प्रचलित कानून बमोजिमका अन्य प्रतिवेदन, प्रकाशनहरू पनि समयमा नै प्रकाशन गर्ने गरिएको छ जसमा मासिक वित्तीय विवरण, स्वतः प्रकाशन आदि उल्लेखनीय छन् ।

७.१ आयोगको उद्देश्य अनुरूपको मार्गचित्र स्पष्ट गर्नेः आयोगको रणनीतिक उद्देश्य हासिल गर्नका लागि आयोगले आफूलाई कार्यसम्पादनका लागि आवश्यक पर्ने निर्देशिका र कार्यविधि तयार गरी लागू गरेको छ । त्यसैगरी हरेक वर्ष साउन एक गतेदेखि लागू हुने गरी वार्षिक कार्यतालिका स्वीकृत गरी सोही बमोजिम क्रियाकलाप तथा गतिविधिहरू सञ्चालन गर्ने गरिएको छ।

७.२ आयोगको कार्य सम्पादन प्रक्रियामा नवीनता र प्रभावकारिता ल्याउनेः प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ६२ बमोजिम प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवालाई सक्षम र प्रभावकारी बनाउन तथा निजामती सेवाप्रति आकर्षण बढाउन समय-समयमा अनुसन्धानात्मक र प्रवर्द्धनात्मक कार्य गर्न सक्ने व्यवस्था भए पनि यस क्षेत्रमा उल्लेख्य कार्य हुन सकेको छैन। आयोगमा विभिन्न समयमा परीक्षा प्रणाली, पाठ्यक्रम लगायतका विषयमा प्राप्त सुझाव तथा पृष्ठपोषणहरूलाई आवश्यकता र औचित्यताका आधारमा अनुसरण गर्दै लगिएको छ।

७.३ सुशासन कायम गर्नेः सुशासन कायम गर्ने विषयमा आयोग पूर्ण रूपमा प्रतिबद्ध रही आयोगले कार्यहरू गर्दै आएको छ। नियमित रूपमा क्रियाकलापहरू सम्बन्धी विवरण आयोगको वेवसाइटमा प्रकाशन गर्ने गरिएको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयद्वारा सञ्चालित गुनासो व्यवस्थापन प्रणाली (https://hellocm.koshi.gov.np/) मा आवद्ध भई प्रणालीबाट प्राप्त भएका तथा अन्य माध्यमबाट प्राप्त भएका गुनासोहरूलाई समयमा नै प्रचलित कानून बमोजिम व्यवस्थापन गर्ने गरिएको छ भने २०८१ मंसिर ३० गते प्रदेश लोक सेवा आयोग कोशी प्रदेशप्रति लक्षित गुनासा उजुरी सम्बन्धमा स्पष्ट गरिएको सम्बन्धी प्रेस विज्ञप्ति समेत जारी गरी प्राप्त गुनासाहरूको सम्बोधन गर्ने प्रयास गरिएको छ।

७.४ पदाधिकारी एवं कर्मचारीहरूलाई कामप्रति उत्प्रेरित र जवाफदेही बनाउनेः आर्थिक वर्ष सुरु हुनु अगावै आगामी आर्थिक वर्षमा कार्यान्वयन गर्ने गरी आयोगका पदाधिकारीहरूको कार्यविभाजन गर्ने व्यवस्था तथा कर्मचारीलाई कुनै शाखामा जिम्मेवारी दिँदा जिम्मेवारीसँग उक्त शाखामा रहँदा निजले गर्नुपर्ने कामहरूको कार्यविवरण समेत सँगै उपलब्ध गराउने गरिएको छ ।

हरेक हप्ताको बिहिवार आयोगको बैठक मार्फत पेश हुन आएका प्रस्तावमा छलफल भई निर्णय गर्ने गरिएको छ भने हरेक महिनाको ७ गते कर्मचारीहरूको नियमित बैठक बस्ने गरिएको छ।

७.५ आयोगको व्यवस्थापनलाई सेवाग्राहीमैत्री बनाउनेः आयोगको आफ्नै कार्यालय भवन नभए तापनि सम्भव भएसम्म कार्यालयको सेवा प्रवाहलाई सेवाग्राहीमैत्री बनाउने प्रयास निरन्तर भइरहेको छ।

## परिच्छेद- ११

# आयोग पक्ष विपक्ष भई सम्मानित अदालतमा परेका मुद्दाहरू सम्बन्धी विवरण

प्रचलित कानूनमा भएका व्यवस्था कार्यान्वयनका लागि आयोगबाट भएका निर्णय तथा कामकारवाही प्रति चित्त नबुझाई विभिन्न व्यक्तिहरूले आयोगलाई विपक्षी बनाइ सम्मानित अदालतमा मुद्दा दायर गर्ने गरेको पाइन्छ । मुख्य रूपमा परेका रिट निवेदनको व्यहोरा हेर्दा सङ्घीय निजामती सेवा ऐन तथा प्रदेश निजामती सेवा ऐन नियममा भएका व्यवस्थामा भएका फरकपनमा आफूलाई जुन व्यवस्था अनुकूल हुन्छ सोही व्यवस्था अनुसार गरी पाउँ भन्ने आशय रहेको देखिन्छ । उदाहरणका लागि सङ्घीय निजामती सेवा ऐनमा सेवाकालीन तालिम नलिएको, अध्ययन बिदामा रहेको अवस्थामा पनि बढुवा हुने जस्ता व्यवस्था रहेको छ भने प्रदेश निजामती सेवा ऐन नियममा सो व्यवस्था नरहेको कारणले सङ्घीय कानून बमोजिम गरी पाउन अधिकांश रिट निवेदन परेको देखिन्छ। बढुवा, तालिम, बढुवा उजुरी सम्बन्धमा आयोगको निर्णय, प्रतिशत निर्धारण, शैक्षिक योग्यता, तह वृद्धि, समान तहमा उम्मेदवार हुन नपाउने लगायतका विषयहरू रहेका छन् भने केही मुद्दाहरूको रोहमा सम्मानित उच्च अदालतबाट भएको फैसला आयोगको कार्यक्षेत्रसँग प्रत्यक्ष असम्बद्ध आदेश समेत प्राप्त भएको सन्दर्भमा प्रदेश सरकारसँग समन्वय गर्दा समेत कार्यान्वयन हुन नसक्ने अवस्थाको विद्यमानता रहेको हुँदा सो फैसला उपर मुद्दा दोहोऱ्याई पाउँ भनी आयोगले सर्वोच्च अदालतमा निवेदन पेश गरेको छ ।

यसै गरी रिक्त पदहरू लुकाई विज्ञापन गरेको, प्रदेशमा समायोजन भएको कर्मचारी अन्तरस्थानीय तहमा प्रतिस्पर्धा गर्न पाउनु पर्ने, उम्मेदवारहरूलाई मर्का पर्ने गरी र कुलिङ पिरियड नराखी विज्ञापन हुने समयमा कानून संशोधन गरेको, सम्बन्धित सेवा, समूह तथा उपसमूहको समान तहमा स्तरवृद्धि वा तहवृद्धि भएका उम्मेदवारहरूलाई स्वीकृत दरबन्दीमा पदस्थापना नगरेका कारण सोही तहमा प्रतिस्पर्धा गरी बढुवा हुन पाउँ, विभिन्न कारणले (सम्मानित अदालतको अन्तरिम आदेश लगायत) बढुवाको प्रक्रिया खुलाभन्दा ढिलो भएको सन्दर्भमा खुलातर्फको सिफारिस प्रकृया रोकी पाउँ, यौनिक अल्पसंख्यकलाई आरक्षणको व्यवस्था गरी पाउँ, अधिकृत एघारौँ तहका पदमा सेवा भित्रका जुनसुकै समूहका कर्मचारी उम्मेदवार हुन पाउने व्यवस्था हुँदा असम्बन्धित समूहको उम्मेदवार हुन रोकी पाउँ, केही सेवा समूहका सातौँ तहका पदलाई सेवा प्रवेशको तह आठौँ बनाउनुपर्ने, शैक्षिक योग्यता सम्बन्धमा Health Promotion and Education अध्ययन गरी स्वास्थ्य व्यवसायी परिषद्मा हेल्थ एजुकेशन (Health Edu.) मा दर्ता नभई पब्लिक हेल्थ (PH) मा दर्ता भएका उम्मेदवारलाई स्वास्थ्य शिक्षा समूहमा उम्मेदवार कायम गर्न नमिल्ने जस्ता विषय समावेश भएको देखिन्छ । यसरी हालसम्म आयोगलाई विपक्षी बनाइ ५० वटा मुद्दा दायर भएको देखिन्छ, जसलाई तालिका नं. ४४ मा समावेश गरिएको छ र सम्मानित अदालतमा परेका मुद्दा र सोको वर्तमान अवस्थासम्बन्धी विस्तृत विवरण अनुसूची-२२ प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४४**

**आयोगलाई विपक्षी बनाइ दायर भएका मुद्दाको विवरण**

| मुद्दा दायर भएको अदालत | मुद्दा संख्या | जम्मा |
|---|---|---|
| सर्वोच्च अदालत | ७ | ५० |
| उच्च अदालत विराटनगर | ३३ | |
| प्रशासकीय अदालत | ९ | |
| उच्च अदालत, ओखलढुगा इजलास | १ | |

## परिच्छेद- १२

# ध्यानाकर्षण तथा सुझाव

१. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १६ को खण्ड (ग) को उपखण्ड (३) मा "*स्थानीय तहमा कर्मचारी समायोजन हुँदाका वखत स्वीकृत स्थायी दरबन्दी मध्ये पदपूर्ति गर्नुपर्ने रिक्त दरबन्दीमा अस्थायी, करार नियुक्ति भई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ प्रारम्भ हुँदाका बखतसम्म सेवामा अविच्छिन्न रूपमा कार्यरत रहेका र न्यूनतम शैक्षिक योग्यता हासिल गरेका स्थानीय सरकारी सेवाका अस्थायी, करार कर्मचारीलाई यो ऐन प्रारम्भ भएपछि प्रदेश लोक सेवा आयोगबाट एक पटकका लागि त्यस्ता कर्मचारीहरूमात्र सहभागी हुन पाउने गरी विज्ञापन प्रकाशन गरिनेछ। उक्त विज्ञापनमा उम्मेदवार हुन त्यस्ता कर्मचारीलाई उमेरको हद लाग्ने छैन। तर यस उपखण्डमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो परीक्षामा सहभागी नभएमा त्यस्ता कर्मचारीहरूलाई स्थानीय सरकारले विशेष सुविधा दिई अवकाश दिनेछ। परीक्षामा असफल भएमा स्वीकृत दरबन्दीमा कार्यरत त्यस्ता अस्थायी, करार कर्मचारी स्वतः अवकाश हुनेछन्।*" भन्ने व्यवस्था रहेकोले प्रदेश लोक सेवा आयोगले स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १६ को खण्ड (ग) को उपखण्ड (३) बमोजिम विज्ञापन प्रकाशन गर्ने सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गरी कोशी प्रदेश अन्तर्गतका १३७ वटा स्थानीय तहमा यस व्यवस्था बमोजिमका अस्थायी/करारका कर्मचारीको विवरण माग गरी संकलन समेत गरिसकेको अवस्था छ। प्रदेश लोक सेवा आयोगले यसरी विवरण संकलन गर्दा कतिपय स्थानीय तहमा ऐनको यस प्रावधान भन्दा फरक स्वीकृत संगठन संरचना र दरबन्दी भन्दा फरक सेवा, समूह, तह र पद लगायत अन्य किसिमका करारका कर्मचारी कार्यरत रहेको, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ प्रारम्भ भए पश्चात सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न मितिमा स्थानीय तहको लागि स्वीकृत संगठन संरचना तथा दरबन्दीमा अस्थायी/करारमा कार्यरत रहेको (स्वास्थ्य सेवा तर्फका विभिन्न पदहरू), "एक गाउँ एक प्राविधिक" नाममा सेवा प्रवेश गरेका अस्थायी/करार सेवाका कर्मचारीहरू, स्वीकृत दरबन्दी भन्दा बढी व्यक्ति करारमा एकै मितिमा नियुक्ति पाई कार्यरत रहेको, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ प्रारम्भ हुनु अघि एउटा पालिकामा कार्यरत रही हाल अर्को पालिका वा पदमा अविच्छिन्न कार्यरत रहेको, साविक जिल्ला विकास समितिमा कार्यरत भई उक्त ऐन प्रारम्भ भए पश्चात स्थानीय तहमा समायोजन भई हालसम्म कार्यरत भएको, ऐन प्रारम्भ भए पश्चात स्थानीय तहबाट विभिन्न मितिमा अस्थायी/करारमा नियुक्ति भई कार्यरत रहेका कर्मचारीको विवरण समेत समावेश गरी नामावली पठाइएको अवस्था रहेको छ।

स्थानीय सरकारी सेवा नियमावली समेत जारी भइनसकेको अवस्था विद्यमान भएकाले सो कार्यविधि अनुरूप दरखास्त संकलन गरी ऐनको सो प्रावधान बमोजिम पदपूर्ति प्रक्रिया अगाडि बढाउन नसकिएको अवस्था छ। तसर्थ सो ऐनको दफा १६ को खण्ड (ग) को उपखण्ड (३) बमोजिम विज्ञापन प्रकाशन गर्न ऐनको भावनाको प्रतिकूल नहुने गरी जारी हुने नियमावलीमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लागू हुनु पूर्व अस्थायी/करार सेवामा नियुक्ति भई अविच्छिन्न रूपमा कार्यरत रही स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १६ को खण्ड (ग) को उपखण्ड (३) को व्यवस्थाले नसमेटेका कर्मचारीको हकमा ऐनमा उमेरको हद नलाग्ने व्यवस्था गरी कार्यान्वयनमा लैजान उपयुक्त हुने देखिएको हुँदा स्थानीय सरकारी सेवा नियमावलीमा यस दफा बमोजिम पदपूर्ति

प्रक्रिया पूरा गर्न आवश्यक थप व्यवस्था समावेश गरी शीघ्र जारी गर्ने र सोही कानूनी व्यवस्था अनुसार प्रदेश लोक सेवा आयोगले यस प्रक्रियालाई टुङ्ग्याउन उपयुक्त हुने देखिएको छ ।

२. प्रदेश निजामती सेवा ऐन, २०७९ बमोजिम प्रदेश निजामती सेवा नियमावली, २०८१ जारी भई कार्यान्वयनमा आएको भए तापनि नियमावलीले गरेका सेवा, समूह, पदनाम, न्यूनतम शैक्षिक योग्यता जस्ता कतिपय व्यवस्थाहरू अपूर्ण रहेको, नियमावलीका केही प्रावधानहरू ऐनसँग तादात्म्य रहेको नदेखिएकोले त्यस्ता प्रावधानलाई सङ्घीय निजामती सेवा ऐन तथा प्रदेश निजामती सेवा ऐन अनुकूल हुने गरी संशोधन गर्ने र सो व्यवस्थानुकूल हुने गरी स्थानीय सरकारी सेवा नियमावली तत्काल जारी गरी स्थानीय तहको सेवामा रहेका कतिपय अस्पष्ट व्यवस्थालाई स्पष्ट गर्नु अति आवश्यक छ ।

३. प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ७ तथा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ७ मा प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाको दरबन्दी सिर्जना गर्ने सम्बन्धी व्यवस्था रहेको छ । प्रदेश निजामती सेवाका पद प्रदेश सरकारले स्वीकृत गरी प्रदेश निजामती किताबखानामा दर्ता गर्ने र सम्बन्धित मन्त्रालयले पदपूर्तिको प्रक्रिया अगाडि बढाउने तथा स्थानीय सरकारी सेवाका पदहरूको स्थानीय तहले दरबन्दी स्वीकृत गरी सङ्गठन संरचना र दरबन्दी स्वीकृत भएको मितिले तीन महिनाभित्र प्रदेश निजामती किताबखानामा दर्ता गर्ने र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा प्रदेश लोक सेवा आयोगमा जानकारी पठाउनुपर्ने व्यवस्था समेत रहेकोमा हालसम्म सो बमोजिमको स्वीकृत दरबन्दी विवरण प्राप्त भएको देखिएन । हाल स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ७ को उपदफा (६) बमोजिम पदपूर्ति प्रक्रिया अगाडि बढाइएको भए तापनि उक्त ऐन बमोजिमको व्यवस्थापन सर्वेक्षण प्रतिवेदनका आधारमा प्रदेश सरकारबाट दरबन्दी स्वीकृति सम्बन्धी प्रक्रिया पूरा गरी नियमित बनाउन आवश्यक छ ।

४. प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १० को उपदफा (१) को खण्ड (घ) तथा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १० को उपदफा (१) को खण्ड (घ) बमोजिम आर्थिक रूपले विपन्न खस आर्य समूहका लागि छुट्याइएको ६ प्रतिशत पदका सन्दर्भमा सोही दफाको स्पष्टीकरणमा यस उपदफाको खण्ड (घ) को प्रयोजनको लागि आर्थिक रूपले विपन्न खस आर्य समूहका लागि छुट्याइएको पदमा सहभागी हुन सक्ने उम्मेदवारहरूको सम्बन्धमा प्रदेश राजपत्रमा सूचना प्रकाशित गरिने छ । यसरी सूचना प्रकाशन नभएसम्म सो समूहका लागि छुट्याइएको पद खुला प्रतियोगिताद्वारा पदपूर्ति गरिने छ भन्ने व्यवस्था भएबाट यस वर्गका लागि सोही रूपमा पदपूर्ति गर्न हालसम्म प्रदेश राजपत्रमा सूचना प्रकाशन हुन नसक्दा ऐनमा भएको समावेशी सम्बन्धी सो व्यवस्था कार्यान्वयनमा आउन सकेको छैन । प्रतिवेदन अवधिमा पदपूर्तिका लागि माग भएका कूल पदसंख्या १३८५ का आधारमा २४ पद सो वर्गका लागि पदसंख्या निर्धारण भएकोमा राजपत्रमा सूचना प्रकाशन नहुँदा उक्त पदलाई खुलातर्फ समावेश गरिएको र ऐनले तोकेको सुविधा सम्बन्धित समूहले उपभोग गर्न नसक्ने अवस्था सिर्जना भएको छ । प्रदेश सरकारले विपन्न खस आर्य समूहका लागि छुट्याइएको पदमा सहभागी हुन सक्ने उम्मेदवारहरूका लागि तत्काल व्यवस्था मिलाउन आवश्यक देखिएको छ ।

यसै गरी प्रदेश निजामती सेवा नियमावली, २०८१ को नियम २१ को उपनियम (६) मा "यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास प्रकृतिको कार्य वा पदका लागि महिलाले मात्र प्रतिस्पर्धा गर्न पाउने पद नेपाल

सरकारले नेपाल राजपत्रमा वा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ” भन्ने र सोही नियमको उपनियम (८) मा “उपनियम (७) बमोजिम निर्धारित पदमध्ये कुन पद कुन किसिमका अपाङ्गहरूको लागि अनुपयुक्त हुने भन्ने सम्बन्धमा नेपाल सरकारले नेपाल राजपत्रमा वा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ” भन्ने व्यवस्था रहेकोमा सो सम्बन्धमा हालसम्म प्रदेश सरकारले आवश्यक निर्णय गरी सूचना प्रकाशन नगरेको हुँदा सो किसिमका पदको पदपूर्तिमा ऐनको भावना अनुरुप हुन सकेको छैन। तसर्थ सो सम्बन्धमा समेत तत्काल सूचना प्रकाशन गर्न आवश्यक रहेको छ।

५. प्रदेश निजामती सेवामा प्रदेश इञ्जिनियरिङ्ग सेवा, प्रदेश कृषि सेवा, प्रदेश प्रशासन सेवा, प्रदेश वन सेवा, प्रदेश शिक्षा सेवा र प्रदेश स्वास्थ्य सेवा रहने तथा स्थानीय सरकारी सेवा अन्तर्गत स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० अन्तर्गत स्थानीय इञ्जिनियरिङ्ग सेवा, स्थानीय कृषि सेवा, स्थानीय प्रशासन सेवा, स्थानीय कानून सेवा, स्थानीय वन तथा वातावरण सेवा, स्थानीय शिक्षा सेवा, स्थानीय स्वास्थ्य सेवा र स्थानीय सूचना प्रविधि तथा तथ्याङ्क सेवा रहेका छन्। प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाहरूमा रहने समूह, उपसमूह, पद र तहको एकरूपता साथै न्यूनतम शैक्षिक योग्यता सङ्घीय निजामती सेवा ऐनसँग तादात्म्य हुने गरी सो सम्बन्धी नियमहरू तत्काल लागू गर्नु पर्ने देखिन्छ।

६. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० मा कानून सेवा र सूचना प्रविधि तथा तथ्याङ्क सेवा समेत रहेको छ भने प्रदेश निजामती सेवामा सूचना प्रविधि सेवालाई प्रदेश निजामती सेवा ऐन, २०७९ को पहिलो संशोधनबाट हटाइएको छ। प्रदेशका मन्त्रालय, आयोग र प्रदेश अन्तर्गतका कार्यालयमा कानून अधिकृत लगायत कानूनका दरबन्दी रहेकोमा संघबाट काजमा पूर्ति हुने गरेको छ। प्रदेश निजामती सेवामा प्रदेश कानून सेवाको व्यवस्था समावेश भएको देखिँदैन। स्थानीय सरकारी सेवामा कानून समूहका कर्मचारी पदपूर्ति प्रदेश लोक सेवा आयोगबाट भइरहेको भए तापनि प्रदेश निजामती सेवामा कानून सेवाका पदको पूर्ति गर्न सकिने अवस्था छैन। प्रदेश सरकार मातहतका निकायमा कानून अधिकृत पद आवश्यक परेमा सङ्घीय निजामती सेवाबाट पदपूर्ति हुन कठिनाइ हुने देखिन्छ। तसर्थ प्रदेश निजामती सेवा अन्तर्गत कानून समूहमा आवश्यक दरबन्दी कायम गर्न प्रदेश निजामती सेवा ऐनमा प्रशासन सेवा अन्तर्गत कानून समूहको अधिकृतस्तर सातौं तहको पद समेत रहने व्यवस्था गर्ने साथै प्रविधि मैत्री प्रदेश निजामती सेवाको प्रवर्द्धनका लागि सूचना प्रविधि सेवाको व्यवस्था गर्नु आवश्यक छ।

७. प्रदेश निजामती सेवा ऐन, २०७९ को तहवृद्धि र बढुवा सन्दर्भमा दफा ८ को उपदफा (१४) तथा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ८ को उपदफा (१३), (१४), (१६), (१७) लगायत अन्य विभिन्न दफाहरूमा *“यस ऐन तथा दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ...”* भन्ने विभिन्न व्यवस्था गरेको देखिन्छ। यी दफाहरूमा भएका यस प्रकारका व्यवस्थामा एक दफा/उपदफा बीचमा एक भन्दा बढी व्यवस्था आकर्षित हुने र तह ४ मा नियुक्त भएका कर्मचारी तहवृद्धिबाट तह ८ सम्म पुगेको अवस्था समेत विद्यमान देखिएको छ। ऐनले गरेको यस प्रकारको व्यवस्थाले सहायक तथा कनिष्ठ कर्मचारी सो तहको लागि तोकिएको योग्यता नभए पनि कार्यालय प्रमुखको भूमिकामा रहन प्रयासरत रहने तथा सम्मानित अदालतबाट पनि समान सेवा, समूह र तह भएका कर्मचारीलाई सोही तह अनुरूपको पदमा पदस्थापना गर्नू भन्ने आदेश कार्यान्वयनमा समेत जटिलता देखिन्छ। कानूनमा भएका यस प्रकारका द्विविधापूर्ण व्यवस्थालाई खारेज गर्नु पर्दछ।

प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ८ को उपदफा (१३) मा *"यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि सहायक चौथो तहको सहायक कम्प्युटर अपरेटर पद र सहायक पाँचौं तहको कम्प्युटर अपरेटर पद रिक्त भएमा स्थायी पदपूर्ति गरिने छैन"* भन्ने व्यवस्था रहेको छ । सोही दफाको उपदफा (१४) मा *"उपदफा (१३) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि चौथो तहका सहायक कम्प्युटर अपरेटर पदमा कार्यरत कर्मचारीलाई पाँचौं तहको कम्प्युटर अपरेटर पदमा स्वतः बढुवा गरिनेछ । त्यसरी बढुवा गर्न एक तह माथिको पद स्वतः सिर्जना हुनेछ र साविकको पद स्वतः खारेज हुनेछ"* भन्ने व्यवस्था समावेश गरिएको छ । यसरी ऐनमा समावेश भएका न्यूनतम योग्यता र अनुभव पूरा नभई स्वतः बढुवा हुने प्रावधानले अन्य सेवा समूहका चौथो तहमा कार्यरत कर्मचारीको मनोवलमा नकारात्मक असर पर्न सक्ने तथा पाँचौं तहको कम्प्युटर अपरेटर पदको लागि आवश्यक पर्ने न्यूनतम योग्यता (+२ वा सो सरह) पूरा नभएका कर्मचारीलाई विना शर्त स्वतः पाँचौं तहमा बढुवा गर्नु योग्यता प्रणाली तथा समानताको सिद्धान्त विपरित हुन्छ ।

यस्तै गरी सोही दफाको उपदफा (१४) मा *"समायोजन ऐन, २०७५ बमोजिम प्रदेशमा चौथो तहमा समायोजन भएका कर्मचारीहरू प्रदेश निजामती सेवा अध्यादेश, २०७९ बमोजिम चौथो तहबाट पाँचौं तहमा स्तर वृद्धि हुन छुट भएका तर यो ऐन प्रारम्भ हुँदा पाँच वर्ष सेवा अवधि पूरा गरेको कर्मचारीलाई पाँचौं तहमा स्तर वृद्धि गरिनेछ"* भन्ने व्यवस्था समेत राखेको देखिएकोले एउटै उपदफा भित्र कुनै उम्मेदवारलाई योग्यता नचाहिने कुनै उम्मेदवारलाई योग्यता चाहिने व्यवस्था लागू गर्नु उपयुक्त होइन । तसर्थ यस प्रकारका व्यवस्थालाई तत्काल संशोधन मार्फत हटाइ प्रदेश निजामती सेवा ऐन तथा स्थानीय सरकारी सेवा ऐनको दफा ८ को उपदफा (१) मा व्यवस्था भएको तालिका बमोजिमको प्रक्रियाबाट मात्र पदपूर्ति हुने सुनिश्चित गरिनु पर्दछ । तह वृद्धि एउटा पदमा सेवा प्रवेश गरेपछि कति पटकसम्म हुने भन्ने स्पष्ट व्यवस्था रहेको पाइँदैन । हरेक पटक कानून निर्माण गर्दा तह र पद मिलान गर्ने नाममा ऐनमा विभिन्न व्यवस्था समावेश हुँदा सो ले दीर्घकालीन रूपमा प्रशासनमा समस्या सिर्जना हुने गरेको सन्दर्भमा तह वृद्धि वा स्तर वृद्धि सम्बन्धी ऐनहरूका व्यवस्थालाई एकमुष्ठ सम्बोधन गर्ने गरी दफा ८ को उपदफा (१) को तालिकामा उल्लिखित व्यवस्थालाई हुवहु कार्यान्वयनमा लगी अन्य सबै प्रकारका विशेष व्यवस्थालाई हटाइनु पर्दछ ।

प्रदेश निजामती सेवा ऐन, २०७९ मा भएको दोस्रो संशोधनबाट दफा ८ को उपदफा (८ख) मा उपदफा (१) बमोजिम कार्यक्षमताको मूल्याङ्कन तथा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको लागि प्रदेश प्रशासन सेवा बाहेकको अन्य सेवाको अधिकृत नवौं तहको पदको हकमा सम्बन्धित सेवा, समूह वा उपसमूहको एक तह मुनिको र एघारौं तहको पदमा कृषि सेवाको हकमा सो सेवा अन्तर्गतको समूहको एक तह मुनिको र अन्य सेवाको हकमा सम्बन्धित सेवा अन्तर्गतको जुनसुकै समूह वा उपसमूहको एक तह मुनिको पदमा कार्यरत रही दफा ३१ बमोजिमको न्यूनतम सेवा अवधि र योग्यता पूरा गरेका कर्मचारी सम्भाव्य उम्मेदवार हुनेछन् भन्ने व्यवस्था थप गरेको र यस व्यवस्थाबाट ११औं तहका प्रशासन सेवा बाहेकका पदमा सेवा भित्रका जुनसुकै समूहका कर्मचारी बढुवामा सम्भाव्य उम्मेदवार हुन पाउने अवस्थाले प्रदेश स्वास्थ्य सेवा अन्तर्गत ननडाक्टर डाक्टरमा र यस्तै गरी इञ्जिनियरिङ समूहमा सर्भे समूहका कर्मचारी हाइवेको काम हुने पद जस्ता असम्बद्ध पदमा बढुवा हुन पाउने अवस्था समेत देखिएकोले तत्काल ११औं तहका पदमा क्लष्टरिङ गरी बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन पाउने व्यवस्था गर्नुपर्ने देखिएको छ ।

प्रचलित प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा ऐनमा बढुवाको निर्णय उपर चित्त नबुझ्ने कर्मचारीले प्रदेश लोक सेवा आयोगमा बढुवा उजूरी दिन पाउने व्यवस्था छ तर तह वृद्धि उपर चित्त नबुझेमा वा तह वृद्धि नभएमा तह वृद्धिको निर्णय उपर उजूरी गुनासो गर्ने निकायको व्यवस्था रहेको देखिँदैन। तह वृद्धि पनि एक प्रकारको बढुवा नै हो तसर्थ तह वृद्धि सम्बन्धी निर्णयमा चित्त नबुझ्ने कर्मचारीले समेत तह वृद्धि गर्ने समितिमा निर्णय पुनरावलोकन गर्न निवेदन दिन सक्ने र समितिले आधार प्रमाण हेरी तह वृद्धि गर्ने निर्णय पुनरावलोकन गर्न सक्ने व्यवस्था गर्ने वा प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा ऐनको बढुवा समिति (क) मा आवश्यक प्रमाण सहित उजूरी निवेदन दिन सकिने व्यवस्था तत् तत् ऐनमा हुन आवश्यक देखिएको छ।

८. तह वृद्धि सम्बन्धी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३० को उपदफा (३) मा उपदफा (१) बमोजिम तह वृद्धिका लागि सवै योग्यता पूरा गरेको मितिबाट जेष्ठता कायम हुने गरी तह वृद्धिको निर्णय गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको देखिन्छ। कुन कर्मचारीले कुन मितिमा योग्यता पूरा गरेको हो सो एकिन गरी यसमा निजको हकमा सोही बमोजिमको जेष्ठता कायम गर्ने भन्ने ऐनको व्यवस्था भूतप्रभावी हुने भएको छ। कानूनको सिद्धान्ततः जुन विषयको निर्णय जुन मितिमा हुन्छ सो कुरा सोही मितिपछि लागू हुन्छ। तसर्थ प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३० को उपदफा (३) मा आवश्यक संशोधन गरी तहवृद्धि समितिले निर्णय गर्दा ऐनले तोकेको जुन महिनाका लागि तहवृद्धि गर्न निवेदन संकलन गरेको हो सो महिनाको एक गतेको मितिबाट जेष्ठता कायम हुने गरी तह वृद्धिको निर्णय गर्नु पर्नेछ भन्ने व्यवस्था प्रदेश निजामती सेवा ऐन तथा स्थानीय सरकारी सेवा ऐन दुवैमा समान रूपमा लागू हुने गरी व्यवस्था गर्नु उपयुक्त देखिन्छ।

९. निजामती सेवा ऐन, २०४९, प्रदेश निजामती सेवा ऐन, २०७९ तथा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को पदपूर्ति सम्बन्धी तालिकामा रा.प.अनं. द्वितीय/सहायकस्तर चौथो तहमा ८० प्रतिशत खुला प्रतियोगिता र बाँकी २० प्रतिशतमा तहविहीन कर्मचारीबाट बढुवाद्वारा पदपूर्ति गर्ने व्यवस्था भएकोमा सो विज्ञापनमा कुनै सम्भाव्य उम्मेदवार नभएमा सोही वर्षको खुला प्रतियोगिताबाट पदपूर्ति गरिने व्यवस्था गर्नु उपयुक्त देखिन्छ। एक तह मुनिको पद नभएको सेवा समूह वा उपसमूहको पदमा रिक्त सबै पद खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरिनेछ।

१०. नेपालमा सङ्घीयता कार्यान्वयन हुनुभन्दा अघिदेखि नै नेपाल सरकारको कर्मचारी प्रशासन सम्बन्धी दुई फरक ऐन र नियमावली कार्यान्वयनमा रहेका छन्। निजामती प्रशासनका लागि निजामती सेवा ऐन, २०४९ र नियमावली, २०५० एवं स्वास्थ्य सेवा तर्फ नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ र नियमावली, २०५५ रहेका छन्। यी दुई ऐनहरूमा धेरै समानता भए पनि केही उल्लेख्य फरक प्रावधानहरू पनि रहेका छन्। जस्तै, दरखास्तको लागि उमेर हद निजामती तर्फ ३५ वर्ष छ भने स्वास्थ्य तर्फ ४५ वर्ष रहेको छ। नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ मा तोकिएको अवधि पुगेपछि स्तर वृद्धि हुने तर काम साविक पदकै गर्ने र यसरी स्तर वृद्धि भएको व्यक्तिले सोही पदमा समेत बढुवा हुनका लागि समान तहमा प्रतिस्पर्धा गर्न पाउने प्रावधान रहेको छ भने निजामती सेवा तर्फ समान श्रेणी/तहमा प्रतिस्पर्धा गर्न नपाउने व्यवस्था रहेको छ। प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १६ को खण्ड (ग) मा सेवा प्रवेशका लागि उमेर हद पुरुषका लागि ३५ वर्ष र महिलाका लागि ४० वर्षसम्मको व्यवस्था रहेको छ। उमेर हद सम्बन्धी यो व्यवस्था स्वास्थ्य सेवा तर्फ खुलाबाट पदपूर्ति गर्दा समेत लागू हुने भएकोले यो व्यवस्था नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १२ को खण्ड (ग) मा भएको व्यवस्था अनुकूल छैन। त्यस्तै गरी स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन,२०८० मा

समेत स्वास्थ्य सेवालाई अन्य सेवा जस्तै एकमुष्ट रूपमा राखी कानून जारी गरिएको अवस्था छ। यसरी सङ्घीय कानूनमा भएको स्वास्थ्य सेवा तर्फका विशेष फरक प्रावधानलाई निजामती सेवा ऐनमा भएको प्रावधान जस्तै प्रदेश र स्थानीय कानूनमा राखिएको कारणले समायोजन भई आएका स्वास्थ्य सेवा तर्फका कर्मचारीको पदपूर्ति सम्बन्धी शर्त तथा सो सेवामा नयाँ पदपूर्ति सम्बन्धी प्रावधानमा सङ्घीय कानून भन्दा फरक देखिन आएको छ। तसर्थ सङ्घीय निजामती सेवा ऐनको विधेयक पारित हुनासाथ सङ्घीय निजामती सेवा ऐन मुताविक प्रदेश निजामती सेवा ऐन, २०७९ तथा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० खारेज गरी तत्काल सङ्घीय निजामती सेवा ऐन अनुकूल प्रदेश तथा स्थानीय सरकारी सेवाका सेवा शर्त सम्बन्धी ऐन जारी गर्न आवश्यक छ। यसमा प्रदेश सरकारले पूर्व तयारीका कार्य थालनी गर्नु उपयुक्त हुन्छ।

११. सङ्घीय तथा प्रदेश सरकारका विषयगत मन्त्रालयहरूबाट सम्पादन हुने विषयगत कार्य प्रकृतिहरू समान रहेकोले प्रदेश निजामती सेवा अन्तरगत रहने सेवा समूह तथा उपसमूहहरू पनि समान प्रकृतिको हुन आवश्यक देखिन्छ। तर प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ८ को उपदफा (८) मा प्रदेश निजामती सेवा तर्फ नवौं तहसम्म मात्र सम्बन्धित सेवा भित्र समूह रहने तथा एघारौँ तहमा सम्वन्धित सेवा भित्र समूह तथा उपसमूह नरहने व्यवस्था भएकोले विषयगत मन्त्रालयहरूबाट दैनिक सार्वजनिक सेवा प्रवाहका लागि विशेषज्ञता तथा कार्य विशिष्टताका आधारमा जनशक्ति परिचालन गर्न कानूनी तथा व्यवहारत: कठिनाई सिर्जना हुन सक्ने देखिएको छ। यसर्थ प्रदेश निजामती सेवा ऐनमा सो सम्बन्धी व्यवस्था मिलाउन आवश्यक छ। साथै यस प्रकारका विशिष्टिकृत प्रकृतिका सेवाका पदमा पदपूर्ति गर्दा सेवा भित्रका सम्बन्धित समूहका कर्मचारीहरू सम्भाव्य उम्मेदवार हुन पाउने व्यवस्था गर्न उपयुक्त हुन्छ।

१२. प्रदेश लोक सेवा आयोग ऐन, २०७६ (संशोधन सहित) को दफा १० को उपदफा (२) बमोजिम प्रदेश सरकार तथा स्थानीय तहहरूले कर्मचारीको सेवाका सर्त सम्बन्धी कानून बनाउँदा आयोगको परामर्श अनिवार्य लिनुपर्ने कानूनी व्यवस्था भएको र आयोगबाट दिइएका परामर्श पालना गर्नु पर्ने बारे सोही ऐनको दफा ४३ मा उल्लेख भएको छ। परामर्श कार्यान्वयन गर्न कठिनाई भएको अवस्थामा परामर्शमा पुनर्विचार गर्न आयोगलाई अनुरोध गर्न सक्ने तर सो बाहेकको अवस्थामा आयोगको परामर्श अक्षरश: पालना हुन जरूरी छ। ऐनले आयोगको परामर्श माग गर्न अनिवार्य गरिएको विषयमा परामर्श माग गर्ने र आयोगबाट दिइएको परामर्श पूर्णतः लागू हुनु पर्दछ।

१३. प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३१ मा बढुवाको लागि न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता तोकिएको छ। सो दफामा *"यस ऐनको दफा ८ को उपदफा (१) बमोजिम कार्यक्षमताको मूल्याङ्कन तथा जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा हुने पदहरूमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सम्बन्धित सेवा समूह वा उपसमूहको पदमा बढुवा हुन सम्भाव्य उम्मेदवार हुने तल्लो पदमा सेवाकालीन तालिम लिएका र पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्यांकनमा औसतमा कम्तीमा ९० प्रतिशत अंक प्राप्त गरेका र विज्ञापन हुँदा दरखास्त दिने अन्तिम मितिसम्ममा देहाय बमोजिमको न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पुगेको हुनु पर्नेछ"* भन्ने व्यवस्था रहेको छ। यस्तै गरी सोही ऐनको दफा ३३ ले यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि कर्मचारी निलम्बन भएकोमा निलम्बन भएको अवधिभर, तह वृद्धि वा बढुवा रोक्का भएकोमा तह वृद्धि वा बढुवा रोक्का भएको अवधिभर, तलब वृद्धि रोक्का भएकोमा तलब वृद्धि रोक्का भएको अवधिभर, दफा ४५ बमोजिम सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले तीन वर्षको अवधिभर, असाधारण बिदा

वा अध्ययन बिदामा बसेकोमा सो बिदाको अवधिभर, प्रदेश स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यावसायिक परिषद्मा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन पाउने छैन भनी अयोग्यता तोकेको छ । तर सङ्घीय निजामती सेवा ऐनमा असाधारण बिदा वा अध्ययन बिदामा बसेकोमा सो बिदाको अवधिभर बढुवा वा तह वृद्धिका लागि सम्भाव्य उम्मेदवार हुन नपाउने व्यवस्था रहेको छैन भने कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवामा सेवाकालीन तालिम नलिएको वा नब्बे प्रतिशतभन्दा कम कार्यसम्पादन मूल्याङ्कनको अङ्क भए पनि बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन नपाउने भन्ने व्यवस्था रहे भएको पाइँदैन ।

सिद्धान्ततः जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका लागि सेवाकालीन तालिम र नब्बे प्रतिशत भन्दा बढी कार्यसम्पादन मूल्याङ्कनको अङ्क प्राप्त भएको हुनु पर्ने, कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका हकमा तालिम तथा कार्यसम्पादन वापतको अङ्क गणना हुने तर सो नभए पनि सम्भाव्य उम्मेदवार हुने र अङ्क कम हुने भई बढुवामा अन्य कर्मचारी भन्दा पछाडि हुने सम्भावना भए पनि सम्भाव्य उम्मेदवार हुनबाट बञ्चित नगरिने व्यवस्था हुन उपयुक्त हुन्छ । यस विषयमा सम्मानित सर्वोच्च अदालत तथा उच्च अदालतमा रिट निवेदन परेको एवं प्रशासकीय अदालतबाट पुनरावेदनको रोहबाट सेवाकालीन तालिम नभएका उम्मेदवारको दरखास्त कायम गरी बढुवा प्रक्रिया अगाडि बढाउन आदेश जारी भई बढुवा समितिले सो आदेशको कार्यान्वयन समेत गरिसकेको अवस्था देखिन्छ । त्यसैले प्रदेश निजामती सेवा ऐन तथा स्थानीय सरकारी सेवा ऐन दुवैमा सङ्घीय निजामती सेवा ऐनको व्यवस्थाको अधिनमा रही एकै प्रकारको व्यवस्था मिलाउन आवश्यक देखिएको छ ।

१४. प्रदेशका प्रचलित प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा सम्बन्धी कानूनहरू सङ्घीय निजामती सेवा ऐन नियम अनुकूल नभएका कारण पदपूर्तिका क्रममा आयोगबाट प्रकाशित विज्ञापनमा मुद्दा पर्ने क्रम रहेकोले प्रदेश सरकारले यस विषयमा विशेष ध्यान दिई प्रचलित प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा सम्बन्धी प्रचलित कानूनलाई समसामयिक रूपमा सङ्घीय कानून अनुकूल बनाउन आवश्यक देखिएको छ । असम्बन्धित विषयमा अन्य निकायलाई विपक्षी बनाउनु पर्ने विषयमा रिट निवेदकले प्रदेश लोक सेवा आयोगलाई विपक्षी बनाएका कारण सम्मानित अदालतबाट भएका कतिपय फैसला आदेश प्रदेश लोक सेवा आयोगले कार्यान्वयन गर्न नसकेको अवस्था हुँदा प्रचलित कानून प्रतिकूल भएका सम्मानित अदालतको फैसला आदेश कार्यान्वयन गर्न सम्भव नभएकोले दुई वटा रिट निवेदनमा सम्मानित उच्च अदालत, विराटनगरबाट भएको फैसला उपर मुद्दा दोहोऱ्याइ पाउन सम्मानित सर्वोच्च अदालतमा निवेदन पेश गर्नु परेको अवस्था छ । यस प्रकारका समस्याको निराकरणका लागि प्रचलित कानूनमा आवश्यक परिमार्जन गरिनु पर्दछ ।

१५. प्रचलित प्रदेश निजामती सेवा ऐनमा कतिपय यस्ता व्यवस्था समावेश गरिएका छन् जुन एकपटक कुनै खास पक्ष वा वर्गलाई सेवा सुविधा दिने उद्देश्यले राखिएको होला तर ऐनको दफा ७ को उपदफा (४क) जस्ता व्यवस्था सरकारको नीति तथा कार्यक्रम एवं बजेटमा समावेश गरी दूरगामी असर पर्न नदिने तर्फ सजग हुन आवश्यक छ । यस प्रकारका ऐनमा समावेश रहेका सबै व्यवस्थाहरूलाई संशोधन मार्फत तत्काल खारेज गरिनु पर्दछ ।

१६. प्रदेश निजामती सेवा ऐन तथा स्थानीय सरकारी सेवा ऐनका पदपूर्ति सम्बन्धी प्रावधान समान प्रकृतिका हुन आवश्यक छ । ऐनको दफा ८ मा रहेको पदपूर्तिको प्रतिशत व्यवस्था बाहेक एक पटक वा पहिलोपटक भन्ने प्रतिवन्धात्मक

व्यवस्था थप गरी अन्य तरिकाले पदपूर्ति गरिने व्यवस्था ऐनमा राखिनु हुँदैन। जे जुन व्यवस्था आवश्यक हुन्छ ऐनको दफा ८ मा नै मिलाइनु पर्दछ। यसो नहुँदा कुनै वर्गलाई विशेष सुविधा प्राप्त हुने र कुनै पक्षलाई नकारात्मक असर पुग्ने हुन्छ, सार्वजनिक प्रशासन सञ्चालन गर्ने कानूनमा विभेदपूर्ण व्यवस्था राखिनु उपयुक्त हुँदैन।

१७. प्रदेश निजामती सेवा ऐनले सूचना प्रविधि समूह अन्तर्गत कम्प्युटर अपरेटर पदमा स्थायी पदपूर्ति नगर्ने, ४ तहमा रहेका सहायक कम्प्युटर अपरेटरलाई स्वतः ५ तह कायम गरी ४ तहको पद नै खारेज गर्ने व्यवस्था गरेको देखिन्छ। हालको डिजिटल शासन प्रणालीमा सूचना प्रविधि समूहलाई अझ ग्राह्यता दिनु पर्नेमा सेवाबाट हटाउने वा स्थायी नहुने व्यवस्थाले प्रदेशको प्रशासनमा सूचना प्रविधिको पहुँच र कार्यान्वयनमा झन् नकारात्मक असर पर्ने अवस्था देखिएको छ। अधिकांश सरकारी सेवा अनलाइन प्रणालीमा लगिएका छन् र यी सेवाहरू परामर्श सेवा अन्तर्गत सञ्चालनमा ल्याउँदा कालान्तरमा सरकारको नियन्त्रण बाहिर गई जटिल अवस्था सिर्जना हुन सक्ने समेत अवस्था हुन सक्छ। तसर्थ ऐनका सो सम्बन्धी व्यवस्था हटाइ आवश्यक संख्यामा मात्र दरबन्दी रहने र सो दरबन्दीको स्थायी पदपूर्तिको व्यवस्था गरिन आवश्यक छ। चौथो तहका कर्मचारी शैक्षिक योग्यताका आधारमा पाँचौ तहमा बढुवा हुने र पाँचौं तहका कर्मचारी छैटौं तहमा तह वृद्धि र सातौं तहमा प्रशासन सेवाका पदमा बढुवा हुन सक्ने व्यवस्था भएकाले यस्तो व्यवस्था अझ प्रभावकारी हुने देखिन्छ। आवश्यकतानुसार कम्प्युटर अधिकृत/इञ्जिनियर पदको व्यवस्था समेत गरिनु पर्दछ।

१८. साविकमा निजामती सेवा ऐन, २०४९ ले राजपत्र अनंकित तृतीय श्रेणीका पद नरहने व्यवस्था गरी त्यस्ता पदमा कार्यरत कर्मचारीलाई रा.प.अनं. द्वितीय श्रेणीमा बढुवा गर्ने व्यवस्था गरी श्रेणीविहिन र सहायकस्तरमा रा.प.अनं. द्वितीय श्रेणी र सो भन्दा माथिका पद कायम राखिएको थियो। हालसम्म सोही व्यवस्था यथावत कायम रहेको छ। तर प्रदेश निजामती सेवा ऐन, २०७९ मा दोस्रो संशोधन गरी वन सेवा अन्तरगत साविकमा तहविहिन रूपमा रहेका वनरक्षक पदलाई शैक्षिक योग्यता एस.एल.सी. वा सो सरह भएमा स्वतः तेस्रो तह कायम हुने गरी संशोधित व्यवस्था गरिएको छ। यस्तै गरी स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐनको दफा ४ को उपदफा (१) मा स्थानीय सरकारी सेवामा तेस्रो तह समेत रहने व्यवस्था गरेको छ भने सोही दफाको उपदफा (४) मा तेस्रो तहको पदमा कुनै कर्मचारीको पदाधिकार नरहेमा स्वतः त्यस्तो पद खारेज हुने व्यवस्था रहेको छ। यसरी हेर्दा एउटै ऐनमा संगति नमिलेका कतिपय प्रावधानहरू रहे भएको पाइन्छ। यस प्रकारका व्यवस्थाको विद्यमानताले केही समय पछि तेस्रो तह नरहने सङ्घीय कानून भएकाले पुनः स्वतः चौथो तह कायम हुने गरी संशोधन गर्नुपर्ने अवस्था सिर्जना हुने देखिन्छ। यस्तो कानूनी व्यवस्था गर्दा पर्न सक्ने दूरगामी प्रभाव/असर समेतलाई दृष्टिगत गरी आवश्यक कानूनी प्रवन्ध गर्नु उपयुक्त हुन्छ।

१९. प्रत्येक प्रदेशले आ-आफ्नो प्रदेशको लागि निजामती सेवा ऐन जारी गर्ने र ती ऐनमा सामान्यतया एकरूपता कायम हुन नसकेमा कुन व्यवस्थाले कर्मचारीलाई अधिक फाइदा हुन्छ त्यस्तो व्यवस्था अर्को प्रदेशमा लागू गराउन दवाव आउनु स्वाभाविक हुन्छ। हाल प्रदेशका निजामती सेवा ऐनहरू तर्जुमा वा संशोधन हुँदा दीर्घकालीन असर पर्ने केही प्रावधानहरू प्रदेश सरकारले समावेश गर्दा अन्तरप्रदेश समन्वय हुन सकेको देखिँदैन। दीर्घकालमा अन्तरप्रदेश फरक किसिमका व्यवस्था हुँदा त्यसले समस्या सिर्जना हुन सक्छ तसर्थ प्रदेश सरकारले सङ्घीय निजामती सेवा तथा अन्य प्रदेशका निजामती सेवाका शर्तहरू समान हुने व्यवस्था गरिनु आवश्यक छ।

२०. सङ्घीय निजामती सेवा ऐन तथा केही प्रदेश निजामती सेवा ऐनमा संघ वा प्रदेश वा स्थानीय सरकारी सेवामा प्रदेश लोक सेवा आयोग वा लोक सेवा आयोगबाट सिफारिस भएका उम्मेदवारहरू समान तहमा अर्को प्रदेश वा सङ्घीय

निजामती सेवाका पदमा पुनः सिफारिस हुन सक्ने र भइरहेको अवस्था छ। पदपूर्तिको लामो प्रक्रिया पूरा गरी प्रदेश लोक सेवा आयोगले सिफारिस गरेका उम्मेदवार केही समयमा अन्यत्र प्रदेश वा संघमा पुनः सिफारिस हुन सक्ने हुँदा समान तहको पदमा उम्मेदवार हुन नपाउने कानूनी व्यवस्था नभएका कारण वैकल्पिक उम्मेदवारसँग अवाञ्छित रूपमा वार्गेनिङ्ग समेत गर्ने गरेको बुझिएको छ। कोशी प्रदेश लोक सेवा आयोगका हकमा भने प्रदेश तथा स्थानीय सरकारी सेवा सम्बन्धी कानूनमा स्पष्ट व्यवस्था भएकाले समान तहमा यस प्रदेशमा समान तहको पदमा उम्मेदवार हुन पाएका छैनन् भने यस व्यवस्थालाई मूलतः सङ्घीय निजामती सेवामा समावेश हुनु पर्दछ। यस सम्बन्धी व्यवस्था हुन बाँकी अन्य प्रदेशका प्रदेश तथा स्थानीय सरकारी सेवा सम्बन्धी प्रचलित कानूनमा तत्काल समावेश गरी कडाइका साथ लागू हुन आवश्यक देखिएकोले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले यस सम्बन्धमा आवश्यक समन्वयकारी भूमिका निर्वाह गर्नु उपयुक्त हुने देखिन्छ।

२१. प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाको पदाधिकार कायम राखी काज सरुवा लगायतका माध्यमबाट लामो समयसम्म (तीन महिना भन्दा बढी) अन्य प्रदेश अन्तर्गत वा सङ्घीय निकायमा कार्यरत भई पदाधिकार यस प्रदेश वा स्थानीय तहमा रहेका कर्मचारीलाई तहवृद्धि, बढुवा लगायतको वृत्तिविकासको सुविधा उपभोग गर्न दिँदा स्थानीय स्तरमा कार्यरत कर्मचारीमा नैराश्यता हुने अवस्था देखिएकोले प्रस्तुत विषयलाई मनन गरी प्रचलित कानूनमा तीन महिना भन्दा बढी काजमा खटाउने अवस्था भएमा अनिवार्य रुपमा सरुवा गर्ने वा त्यसरी काजमा बस्ने त्यस्ता कर्मचारीलाई बढुवाको उम्मेदवार हुन नपाउने गरी कानूनमा आवश्यक परिमार्जन/संशोधन गर्न उपयुक्त हुने देखिन्छ।

२२. प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ५ मा प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरुको पारिश्रमिक र अन्य सुविधा सोही ऐनको अनुसूची-२ र ३ बमोजिम हुने र प्रदेश सरकारले उक्त अनुसूची संशोधन गर्न सक्नेछ भन्ने व्यवस्था ऐन जारी हुँदाका बखत रहेकोमा मिति २०७८/११/२७ मा उक्त अनुसूचीमा संशोधन भई हालसम्म करिब ५ वर्ष कायम रहेको छ। तर, मिति २०७९/११/१५ मा जारी भएको केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ ले साविकमा रहेको प्रदेश सरकारले उक्त अनुसूची संशोधन गर्न सक्नेछ भन्ने व्यवस्था हटाई सदाकाल पदाधिकारीको पारिश्रमिकलाई समय सापेक्ष बनाउन प्रदेश सभामा नै पेश गर्नुपर्ने बनाएको छ। सिद्धान्ततः अनुसूचीहरू ऐन अन्तर्गत जारी हुने नियमावलीमा राखिन्छ र सरकारले ऐनको मर्म र भावना अनुकूल ऐन कार्यान्वयन गर्न प्रत्यायोजित अधिकार प्रयोग गरी नियमावली जारी गरिन्छ। हाल प्रदेश लोक सेवा आयोग ऐन जारी भएको छ वर्ष व्यतीत भइसकेको छ र अनुसूची हेरफेर भएको करिब चार वर्ष भइसकेको एवं प्रदेश सरकारको ११ तहका कर्मचारीको सुविधा भन्दा पदाधिकारिको सुविधा कम भइसकेको अवस्था हुँदा साविक ऐनमा भएको प्रदेश सरकारले अनुसूची हेरफेर गर्न सक्ने व्यवस्थालाई उपयुक्त भाषामा पुनः कायम गर्नुपर्ने र ऐनको अनुसूची खारेज गरी प्रदेश सरकारले छुट्टै तोक्ने व्यवस्था मिलाउन अति आवश्यक देखिएको छ।

२३. प्रदेश लोक सेवा आयोगले आफ्नो कामकारबाही सञ्चालनका क्रममा देखा परेका विषयवस्तुलाई समेटी प्रत्येक वर्ष आफ्नो वार्षिक प्रतिवेदनमा त्यस्ता विषयवस्तु ध्यानाकर्षण तथा सुझावका रूपमा प्रस्तुत गर्ने गरेको भए तापनि सो प्रतिवेदन उपर सभामा छलफल र कार्यान्वयन हुन नसक्दा कतिपय कामकारबाही सम्पादन गर्न अस्पष्टता हुने अवस्थाको विद्यमान रहेकोले यस विषयमा गम्भीरतापूर्वक कार्यान्वयन गर्न प्रदेश सरकारलाई आयोग विशेष अनुरोध गर्दछ।

# अनुसूचीहरू

# अनुसूची-१ (क)

# आ.व. २०८१/०८२ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका

**अनुसूची -२**

**(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)**

**आर्थिक वर्ष २०८१/८२ को पदपूर्ति सम्बन्धी**

**वार्षिक कार्यतालिका**

**(प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका सहायकस्तर तथा अधिकृतस्तर तहका विभिन्न पदहरु)**

<table>
<tr><th>सि.नं</th><th>तह</th><th colspan="2">पदपूर्तिको किसिम</th><th>प्रतिशत निर्धारण</th><th>विज्ञापन/सूचना प्रकाशन</th><th>परीक्षा सञ्चालन</th><th>लि.प. नतिजा</th><th>अन्तर्वार्ता र सिफारिस</th></tr>
<tr><td>क)</td><td colspan="8">आ.व. २०८०/८१ का बाँकी पदपूर्ति कार्यक्रम</td></tr>
<tr><td rowspan="3">१</td><td rowspan="3">प्रदेश निजामती सेवाका पाँचौ र चौथो तहका प्राविधिक तथा अप्राविधिक पदहरु</td><td colspan="2">बढुवा</td><td rowspan="3">भैसकेको</td><td rowspan="3">भैसकेको</td><td></td><td></td><td></td></tr>
<tr><td rowspan="2">खुला</td><td>प्रथम चरण</td><td>भैसकेको</td><td>भैसकेको</td><td></td></tr>
<tr><td>द्वितीय चरण</td><td>श्रावण/भदौ</td><td>भदौ/असोज</td><td>भदौ/असोज</td></tr>
<tr><td rowspan="2">२</td><td rowspan="2">प्रदेश निजामती सेवाका नवौं तहका प्राविधिक तथा अप्राविधिक पदहरु</td><td colspan="2">बढुवा</td><td rowspan="2">भैसकेको</td><td rowspan="2">भैसकेको</td><td></td><td></td><td></td></tr>
<tr><td colspan="2">खुला, अ.स्था.त. र आ.अ.से.</td><td>भदौ/असोज</td><td>असोज/कार्तिक</td><td>कार्तिक/मंसिर</td></tr>
<tr><td rowspan="2">३</td><td rowspan="2">प्रदेश निजामती सेवाका सातौं तहका प्राविधिक तथा अप्राविधिक पदहरू</td><td colspan="2">बढुवा</td><td rowspan="2">भैसकेको</td><td rowspan="2">भैसकेको</td><td></td><td></td><td></td></tr>
<tr><td>खुला, अ.स्था.त.</td><td>प्रथम तथा द्वितीय चरण</td><td colspan="3">सम्मानित अदालतबाट फैसला वा आदेश जारी भए पछि सोही बमोजिम तय गरिनेछ।</td></tr>
<tr><td>४</td><td>प्रदेश निजामती सेवाको आधारभूत तहका पदहरु</td><td colspan="2">खुला</td><td>भैसकेको</td><td>भैसकेको</td><td>भदौ</td><td>असोज</td><td>कार्तिक</td></tr>
<tr><td>५</td><td>स्थानीय सरकारी सेवाका विगत वर्षहरुमा प्रतिशत निर्धारण भई बढुवा तर्फ पदपूर्ति हुन बाँकी पदहरु</td><td colspan="2">बढुवा</td><td>भैसकेको</td><td>भदौ महिनाको अन्तिम सोमवार</td><td></td><td></td><td></td></tr>
<tr><td>ख)</td><td colspan="8">आ.व. २०८१/८२ का पदपूर्ति कार्यक्रम</td></tr>
<tr><td>१</td><td>प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका एघारौं तहका प्राविधिक तथा अप्राविधिक पदहरू</td><td colspan="2">बढुवा</td><td>श्रावण</td><td>भदौ महिनाको अन्तिम सोमवार</td><td></td><td></td><td></td></tr>
<tr><td rowspan="2">२</td><td rowspan="2">प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका नवौ तहका प्राविधिक तथा अप्राविधिक पदहरू</td><td colspan="2">बढुवा</td><td rowspan="2">श्रावण</td><td rowspan="2">भदौ महिनाको अन्तिम सोमवार</td><td></td><td></td><td></td></tr>
<tr><td colspan="2">खुला, अ.स्था.त. र आ.अ.से.</td><td>कार्तिक/मंसिर</td><td>मंसिर/पुष</td><td>पुष/माघ</td></tr>
<tr><td rowspan="2">३</td><td rowspan="2">प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका सातौं/आठौं तहका प्राविधिक तथा अप्राविधिक पदहरू</td><td colspan="2">बढुवा</td><td rowspan="2">भदौ</td><td rowspan="2">असोज महिनाको अन्तिम सोमवार</td><td></td><td></td><td></td></tr>
<tr><td>खुला र अ.स्था.त.</td><td>प्रथम तथा द्वितीय चरण</td><td>मंसिर/पुष/माघ</td><td>पुष/माघ</td><td>माघ/फाल्गुन/चैत</td></tr>
<tr><td rowspan="3">४</td><td rowspan="3">प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका पाचौं तहका प्राविधिक तथा अप्राविधिक पदहरू</td><td colspan="2">बढुवा</td><td rowspan="3">कार्तिक</td><td rowspan="3">मंसिर महिनाको अन्तिम सोमवार</td><td></td><td></td><td></td></tr>
<tr><td rowspan="2">खुला</td><td>प्रथम चरण</td><td>फाल्गुन/चैत्र</td><td>फाल्गुन/चैत्र</td><td></td></tr>
<tr><td>द्वितीय चरण</td><td>बैशाख</td><td>चैत्र/बैशाख/जेष्ठ</td><td>बैशाख/जेष्ठ/असार</td></tr>
<tr><td rowspan="3">५</td><td rowspan="3">प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका चौथो तहका प्राविधिक तथा अप्राविधिक पदहरू</td><td colspan="2">बढुवा</td><td rowspan="3">पुष</td><td rowspan="3">माघ महिनाको अन्तिम सोमवार</td><td></td><td></td><td></td></tr>
<tr><td rowspan="2">खुला</td><td>प्रथम चरण</td><td>बैशाख/जेष्ठ</td><td>जेष्ठ/असार</td><td></td></tr>
<tr><td>द्वितीय चरण</td><td>जेष्ठ/असार</td><td>असार/श्रावण</td><td>श्रावण/भदौ</td></tr>
<tr><td rowspan="2">६</td><td rowspan="2">प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका आधारभूत तहका पदहरु</td><td rowspan="2">खुला</td><td>शारीरिक परीक्षण</td><td rowspan="2">मंसिर</td><td rowspan="2">पुष महिनाको अन्तिम सोमवार</td><td>फाल्गुन/चैत्र</td><td>चैत्र</td><td></td></tr>
<tr><td>लिखित</td><td>बैशाख</td><td>जेष्ठ</td><td>जेष्ठ</td></tr>
</table>

**द्रस्टव्य:-**

१. महामारी वा प्राकृतिक विपदका कारण वा स्थिति सामान्य हुन नसकेको अवस्थामा वा पदपूर्ति सम्बन्धी विषेश अवस्था परेमा कार्यतालिकामा उल्लिखित समायावधि पुनरावलोकन गर्न सकिनेछ।

२. प्रदेश तथा स्थानीय सरकारबाट पदपूर्तिका लागि माग प्राप्त नभएको खण्डमा तत्सम्बन्धी कामकारवाही कार्यतालिका बमोजिम हुने छैन।

३. विविध कारणले यस आर्थिक वर्षमा वार्षिक कार्यतालिका बमोजिम पदपूर्ति कार्यक्रम सञ्चालन हुन नसकेमा आगामि आर्थिक वर्षमा सञ्चालन गरिने छ।

४. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १६ को खण्ड (ग) को उपखण्ड (३) बमोजिमको पदपूर्ति प्रकिया २०८१ साल श्रावण महिनाबाट शुरु गरी २०८१ साल माघ महिना भित्र सम्पन्न गरिने।

**संक्षेपीकरण:** अ.स्था.त:- अन्तर स्थानीय तह, आ.अ.से.:- आन्तरिक अन्तर सेवा

# अनुसूची-१ (ख)

# आ.व. २०८२/०८३ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका

अनुसूची -१

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

आर्थिक वर्ष २०८२/८३ को पदपूर्ति सम्बन्धी

वार्षिक कार्यतालिका

(प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका सहायकस्तर तथा अधिकृतस्तर तहका विभिन्न पदहरु)

| सि.नं | तह | पदपूर्तिको किसिम | | प्रतिशत निर्धारण | विज्ञापन/सूचना प्रकाशन | परीक्षा सञ्चालन | लि.प. नतिजा | अन्तर्वार्ता र सिफारिस |
|---|---|---|---|---|---|---|---|---|
| क) | आ.व. २०८१/८२ का बाँकी पदपूर्ति कार्यक्रम | | | | | | | |
| १ | प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका आठौं तथा सातौं तहका प्राविधिक अप्राविधिक पदहरू (प्रशासन र इन्जिनियरिङ सेवा बाहेक) | बढुवा | | भैसकेको | भैसकेको | | | |
| | | खुला, अ.त. | द्वितीय चरण | | | भैसकेको | साउन | साउन/भदौ |
| २ | प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका सातौं तहका पदहरू (प्रशासन र इन्जिनियरिङ सेवा) | बढुवा | | भैसकेको | भैसकेको | | | |
| | | खुला, अ.त. | प्रथम तथा द्वितीय चरण | | | भैसकेको | सम्मानित सर्वोच्च अदालतबाट अन्तिम टुङ्गो लागे पछि सोही बमोजिम हुने। | |
| ३ | प्रदेश निजामती सेवाका पाँचौ र चौथो तहका प्राविधिक तथा अप्राविधिक पदहरु | बढुवा | | भैसकेको | भैसकेको | | | |
| | | खुला | प्रथम चरण | | | भैसकेको | भैसकेको | |
| | | | द्वितीय चरण | | | भैसकेको | साउन/भदौ | भदौ/असोज |
| ख) | आ.व. २०८२/८३ का पदपूर्ति कार्यक्रम | | | | | | | |
| १ | प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका एघारौं तहका प्राविधिक तथा अप्राविधिक पदहरू | बढुवा | | श्रावण | भदौ महिनाको अन्तिम सोमवार | | | |
| २ | प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका नवौं तहका प्राविधिक तथा अप्राविधिक पदहरू | बढुवा | | श्रावण | भदौ महिनाको अन्तिम सोमवार | | | |
| | | खुला, अ.त. र आ.अ.से. | | | | कार्तिक/मंसिर | मंसिर/पुष | पुष/माघ |
| ३ | प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका सातौं/आठौं तहका प्राविधिक तथा अप्राविधिक पदहरू | बढुवा | | भदौ | असोज महिनाको अन्तिम सोमवार | | | |
| | | खुला र अ.त. | प्रथम तथा द्वितीय चरण | | | पुष/माघ/फाल्गुन | माघ/फाल्गुन/चैत | फाल्गुन/चैत |
| ४ | प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका पाचौं तहका प्राविधिक तथा अप्राविधिक पदहरू | बढुवा | | कार्तिक | मंसिर महिनाको अन्तिम सोमवार | | | |
| | | खुला | प्रथम चरण | | | फाल्गुन/चैत्र | फाल्गुन/चैत्र | |
| | | | द्वितीय चरण | | | चैत/वैशाख | वैशाख/जेष्ठ | जेष्ठ/असार |
| ५ | प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका चौथो तहका प्राविधिक तथा अप्राविधिक पदहरू | बढुवा | | पुष | माघ महिनाको अन्तिम सोमवार | | | |
| | | खुला | प्रथम चरण | | | वैशाख/जेष्ठ | जेष्ठ/असार | |
| | | | द्वितीय चरण | | | जेष्ठ/असार | साउन/भदौ | साउन/भदौ/असोज |
| ६ | प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका आधारभूत तहका पदहरु | खुला | लिखित | मंसिर | पुष महिनाको अन्तिम सोमवार | फाल्गुन | चैत्र | |
| | | | शारीरिक परीक्षण | | | चैत | वैशाख | वैशाख |

**द्रष्टव्यः-**

१. सामान्यतया कार्यतालिका हेरफेर गरिने छैन तर महामारी वा प्राकृतिक विपदका कारण वा स्थिति सामान्य हुन नसकेको अवस्थामा वा पदपूर्ति सम्बन्धी विशेष अवस्था परेमा कार्यतालिकामा उल्लिखित समयावधि पुनरावलोकन गर्न सकिनेछ।

२. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १६ को खण्ड (ग) को उपखण्ड (३) बमोजिमको पदपूर्ति प्रक्रिया आयोगको निर्णयानुसार हुनेछ।

**संक्षेपीकरणः** अ.तः- अन्तर तह, आ.अ.से.:- आन्तरिक अन्तर सेवा

## अनुसूची-२

# आयोगका निर्णय तथा सो को कार्यान्वयन अवस्था

| क्र.स. | निर्णयको विषय | निर्णयको संक्षिप्त व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| १. | स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १६ को खण्ड (ग) को उपखण्ड (३) बमोजिम विज्ञापन प्रकाशन गर्ने सम्बन्धी कार्यविधि, २०८१ सम्बन्धमा | स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १६ को खण्ड (ग) को उपखण्ड (३) बमोजिम विज्ञापन प्रकाशन गर्ने सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने।<br>(निर्णय नं. ८५, मिति २०८१/४/०३) | कार्यविधि बमोजिम स्थानीय तहबाट सम्बन्धित उम्मेदवारको विवरण माग भएको। |
| २. | प्रतिशत निर्धारण सूत्र सम्बन्धमा | स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० अन्तरगतका पदहरूको पद संख्या निर्धारण गर्ने सम्बन्धी सूत्र स्वीकृत गर्ने।<br>(निर्णय नं. ८६, मिति २०८१/४/०३) | सूत्र बमोजिम विज्ञापन प्रकाशन भएको साथै उल्लेखित सूत्र प्रदेश लोक सेवा आयोग कार्यसञ्चालन निर्देशिकामा समेत समावेश गरिएको। |
| ३. | पद रद्द गर्ने सम्बन्धमा | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ३१९५, मिति २०८१/०३/३१ गतेको पत्रानुसार विज्ञापित इन्जिनिरियङ्ग सेवा, सिभिल समूह, हाइड्रोपावर उपसमूह, अधिकृतस्तर नवौँ तहको पद प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा २६ बमोजिम पद रद्द गर्ने।<br>(निर्णय नं. ८७, मिति २०८१/४/०३) | कार्यान्वयन भएको |
| ४. | इन वास्केट अभ्यास सम्बन्धी विधि र मापदण्ड निर्धारण सम्बन्धमा | क. अप्राविधिक अधिकृतस्तर नवौं तहको पदको पाठ्यक्रममा द्वितीय चरणको परीक्षामा इन बास्केट अभ्यास परीक्षा समावेश गर्ने।<br>ख. इन बास्केट अभ्यास परीक्षा सम्बन्धी विधि र मापदण्ड निर्धारणका लागि कार्यदल गठन गर्ने।<br>(निर्णय नं. ८८, मिति २०८१/४/०३)<br>क. इन बास्केट अभ्यास परीक्षा सम्बन्धी अवधारणा पत्र, निर्देशिका र नमूना प्रश्नपत्र स्वीकृत गर्ने।<br>ख. इन बास्केट अभ्यास परीक्षा सम्बन्धी अवधारणा पत्र, निर्देशिका र नमूना प्रश्नपत्र गोप्य राख्ने।<br>(निर्णय नं. ९५, मिति २०८१/४/१७) | कार्यान्वयन भएको |
| ५. | सदस्य तोकी पठाउने सम्बन्धमा | मनमोहन प्राविधिक विश्वविद्यालय ऐन, २०७६ को दफा २३ को उपदफा (२) (ख) बमोजिम मनमोहन प्राविधिक विश्वविद्यालय सेवा आयोगको सदस्य पदमा मा. सदस्य सजना दाहालले प्रतिनिधित्व गर्ने।<br>(निर्णय नं. ८९, मिति २०८१/४/०३) | कार्यान्वयन भएको |
| ६. | सर्त विपरित सिफारिस बदर गर्ने सम्बन्धी निवेदन सम्बन्धमा | उच्च अदालत, विराटनगरमा मुद्दा विचाराधीन रहेको हुँदा उक्त मुद्दाको अन्तिम फैसला अनुसार कारबाही हुने। साथै, छात्रवृत्तिको कबुलियत अनुसार करार सेवा वा स्थायी रूपमा सोही पदमा सरकारी सेवामा कार्य गर्न सकिने अवस्था रहेको व्यहोरा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा जानकारीका लागि पठाउने।<br>(निर्णय नं. ९०, मिति २०८१/४/०३) | कार्यान्वयन भएको |
| ७. | परामर्श सम्बन्धमा | क. स्थानीय तहबाट आएको तहवृद्धि सम्बन्धी मागहरू स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ३८ बमोजिम बढुवा समितिमा पठाउने। | कार्यान्वयन भएको |

| क्र.स. | निर्णयको विषय | निर्णयको संक्षिप्त व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| | | ख. तहवृद्धिसम्बन्धी परामर्शको माग गर्दा उक्त ऐनको दफा ३८ को उपदफा (७) अनुसार बढुवा समितिमा पठाउनुपर्ने हुँदा सम्बन्धित सबै स्थानीय तहलाई लिखित रूपमा जानकारी गर्ने । (निर्णय नं. ९१, मिति २०८१/४/०३) | |
| ८. | अ.दु.अ.आ. को आवश्यक कारबाही सम्बन्धी पत्र | प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयबाट प्रदेश स्वास्थ्य सेवा तर्फका विभिन्न समूहको तह बृद्धि प्रदेश निजामती सेवा ऐन, २०७९ बमोजिम नै भएको व्यहोरा अ.दु.अ.आ. लाई जानकारी गराउने । (निर्णय नं. ९२, मिति २०८१/४/०४) | कार्यान्वयन भएको |
| ९. | आन्तरिक नियन्त्रण प्रणाली स्वीकृति सम्बन्धमा | प्रदेश लोक सेवा आयोग, आन्तरिक नियन्त्रण प्रणाली, २०८१ स्वीकृत गर्ने । (निर्णय नं. ९३, मिति २०८१/४/१०) | कार्यान्वयन भएको |
| १०. | विविध सम्बन्धमा | सम्मानित अदालतको मुद्दाका सन्दर्भमा आयोगका तर्फबाट लिखित जवाफ पठाउने र सो सँग सम्बन्धित अन्य कार्य गर्न प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ५८ बमोजिम प्रदेश लोक सेवा आयोगका सचिवलाई अधिकार प्रत्यायोजन गर्ने । (निर्णय नं. ९४, मिति २०८१/४/१०) | कार्यान्वयन भएको |
| ११. | स्थानीय तहको तहवृद्धि लगायत विषयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा प्राप्त उजुरीका सम्बन्धमा छानविन समितिको प्रतिवेदन सम्बन्धमा । | अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट प्राप्त पत्रहरूका आधारमा देहायमा उल्लिखित स्थानीय तहहरूले गरेको तहवृद्धि/बढुवा सम्बन्धी उजुरीबारे आयोगको अघिल्लो निर्णयअनुसार गठित अध्ययन टोलीको प्रतिवेदनका आधारमा निर्णय गरिएको देखिन्छ। यसमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० का प्रावधानअनुसार सम्बन्धित स्थानीय तहको तहवृद्धि सिफारिस समितिबाट सिफारिस भएको तथ्य स्पष्ट भएको हुँदा उक्त विवरण अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा लेखी पठाउने। (निर्णय नं. ९६, मिति २०८१/४/२१) | कार्यान्वयन भएको |
| १२. | प्रश्नपत्र परिमार्जन सम्बन्धमा | प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गतका अप्राविधिक र शिक्षा सेवा तर्फका सबै तहका सबै पत्र र अन्य प्राविधिक सेवाको प्रथम पत्रको खण्ड (क) वा प्राविधिक पदका अप्राविधिक विषयका खण्ड वा इकाई भएका विषयको प्रश्नपत्रको मोडरेशन दुई जना विज्ञबाट गराउने । (निर्णय नं. ९७, मिति २०८१/४/३१) | कार्यान्वयन भएको |
| १३. | संगठन संरचना तथा दरबन्दी स्वीकृत सम्बन्धमा। | क. आयोगको पूर्व निर्णय बमोजिम प्रदेश सरकार समक्ष पेश गरिएको संगठन तथा व्यवस्थापन सर्वेक्षण बमोजिमको स्थायी दरबन्दी स्वीकृतिका लागि प्रदेश सरकार समक्ष पुनः अनुरोध गर्ने ।<br>ख. प्रकरण (क) बमोजिम स्थायी दरबन्दी स्वीकृत भई नआएसम्मका लागि अघिल्लो वर्ष (आ.व. २०८०/०८१) मा स्वीकृत गरिएको अस्थायी दरबन्दी संरचनालाई नै यस आ.व. २०८१/०८२ मा निरन्तरताका लागि स्वीकृत गर्न प्रदेश सरकार समक्ष अनुरोध गर्ने । (निर्णय नं. ९८, मिति २०८१/४/३१) | कार्यान्वयन भएको |
| १४. | विभागीय कारबाही सम्बन्धमा | आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगर अन्तर्गत शाखा अधिकृत, सातौं तहमा कार्यरत विज्ञान विलास भट्टराई (क.सं.नं. २३२४७८) ले प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ९९(१)(ग) अनुसार बिदा स्वीकृत नगराई अनुपस्थित रहेको कसूरमा, सोही ऐनको दफा ९६(ख)(१) बमोजिम भविष्यमा सरकारी सेवाको | कार्यान्वयन भएको |

| क्र.स. | निर्णयको विषय | निर्णयको संक्षिप्त व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| | | लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने विभागीय सजाय दिन परामर्श दिने। (निर्णय नं. ९९, मिति २०८१/५/६) स्वास्थ्य मन्त्रालय, कोशी प्रदेश, विराटनगर अन्तर्गत ल्याब असिस्टेन्ट निरीक्षक, छैटौं तहमा कार्यरत बिमल कुमार देव (क.सं.नं. १५२३०५) ले प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ९९(१)(ग) अनुसार बिदा स्वीकृत नगराई अनुपस्थित रहेको कसूरमा, सोही ऐनको दफा ९६(ख)(१) बमोजिम भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने विभागीय सजाय दिन परामर्श दिने। (निर्णय नं. १८२, मिति २०८२/३/१६) | |
| १५. | प्रदेश लोक सेवा आयोग नियमावलीको मस्यौदा सम्बन्धमा | प्रस्तावित प्रदेश लोक सेवा आयोग नियमावली, २०८१ को मस्यौदा उपर मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयमा सात दिन भित्र राय प्रतिक्रिया उपलब्ध गराई दिन अनुरोध गर्ने। (निर्णय नं. १००, मिति २०८१/५/६) प्रदेश लोक सेवा आयोग नियमावली, २०८१ स्वीकृत गरी प्रदेश राजपत्रमा प्रकाशनका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयमा पठाउने। (निर्णय नं. ११६, मिति २०८१/५/२७) | कार्यान्वयन भएको |
| १६. | दक्ष वा विज्ञ वा विशेषज्ञहरूको रोष्टर स्वीकृत गर्ने सम्बन्धमा | क. आ.व. २०८१/८२ का लागि दक्ष वा विज्ञ वा विशेषज्ञहरूको रोष्टर स्वीकृत गर्ने। ख. प्रकरण (क) बमोजिमको रोष्टरको विद्युतीय कपी तयार गरी आवश्यक सुरक्षणको व्यवस्था सहित सम्बन्धित शाखा/ महाशाखामा उपलब्ध गराउने। (निर्णय नं. १०२, मिति २०८१/५/१३) | कार्यान्वयन भएको |
| १७. | वार्षिक प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेश गर्ने सम्बन्धमा | प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४९ बमोजिम आयोगको आर्थिक वर्ष २०८०/८१ को पाँचौं वार्षिक प्रतिवेदन मिति २०८१/५/१६ गते आइतवार माननीय प्रदेश प्रमुख समक्ष पेश गर्ने। (निर्णय नं. १०३, मिति २०८१/५/१३) | कार्यान्वयन भएको |
| १८. | प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको सहमति प्रदान गर्ने सम्बन्धी पत्रका सम्बन्धमा | प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, कोशी प्रदेश, झापाबाट सहमतिका लागि पेश गरिएको "कर्मचारी प्रशासन विनियमावली, २०८०" सम्बन्धी पत्रमा उल्लेखित प्रस्तावले प्रदेश लोक सेवा आयोगसम्बन्धी ऐन, नियमावली, निर्देशिका तथा नेपालको संविधान, प्रदेश निजामती सेवा ऐन, २०७९ र नियमावली, २०८१ मा तोकिएको प्रक्रिया तथा व्यवस्था पूरा नगरेको नदेखिएको र यो मस्यौदा प्रचलित कानून र तालीम प्रदायक संस्थाका मूल मान्यतासँग मेल खाने नदेखिएकोले आवश्यक परिमार्जन गर्न मस्यौदा फिर्ता पठाउने। (निर्णय नं. १०४, मिति २०८१/५/१३) | कार्यान्वयन भएको |
| १९. | विगत वर्षहरूमा प्रतिशत निर्धारण भई पदपूर्ति हुन बाँकी बढुवा तर्फको पद सम्बन्धमा | स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ३८(६) अनुसार, ऐन प्रारम्भ हुनु अघि प्रतिशत निर्धारण भइसकेका चौथो, पाँचौं र सातौं तहका पदहरूमा सम्बन्धित समितिले बढुवाको कार्य सम्पन्न गर्ने व्यवस्थालाई कार्यान्वयनका लागि मुख्य न्यायाधिवक्ताको राय परामर्श माग गरी आगामी बैठकमा पेश गर्ने। (निर्णय नं. ११५, मिति २०८१/५/२४ विगत वर्षहरूमा प्रतिशत निर्धारण भई पदपूर्ति हुन बाँकी रहेका बढुवा तर्फका पदहरूका सम्बन्धमा मुख्य न्यायाधिवक्ताको राय समेतका आधारमा देहाय बमोजिम गर्ने: | कार्यान्वयन भएको |

| क्र.स. | निर्णयको विषय | निर्णयको संक्षिप्त व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| | | क. स्थानीय तहहरूबाट पदपूर्तिको अवस्था यकिन भई प्राप्त विवरण बमोजिम स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ३८ को उपदफा (६) अनुसार पदपूर्तिका लागि आयोगको वार्षिक कार्यतालिका बमोजिम बढुवा सूचना प्रकाशन गर्ने।<br>ख. प्रकरण (क) बमोजिम सूचना प्रकाशन गर्दा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ८ को उपदफा (२१) बमोजिम सबै स्थानीय तहहरूबाट यकिन भइ प्राप्त भएको रिक्त पदलाई एकमुष्ट गणना गरी सूचना प्रकाशन गर्ने।<br>ग. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ८ को उपदफा (१) बमोजिम तह-६ का पदको पदपूर्ति तहवृद्धिबाट मात्र हुने व्यवस्था भएको तर आयोगले विगतमा हालको तह-७ को लागि आवश्यक पर्ने शैक्षिक योग्यता र बढुवाको अन्य आधार हुने गरी तह-६ मा प्रतिशत निर्धारण गरेको हुँदा प्रचलित कानून बमोजिम अधिकृतस्तर छैटौँ तहमा प्रतिशत निर्धारण भएका पदहरूलाई अधिकृत सातौँ तह कायम गरी सूचना प्रकाशन गर्ने।<br>(निर्णय नं. ११७, मिति २०८१/५/२७) | |
| २०. | प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८१ को मस्यौदा स्वीकृत गर्ने सम्बन्धमा | प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८१ स्वीकृत गरी प्रदेश राजपत्रमा प्रकाशनका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयमा पठाउने।<br>(निर्णय नं. ११९, मिति २०८१/५/३०) | कार्यान्वयन भएको |
| २१. | अधिकृतस्तर सातौँ तहको विज्ञापन सूचना सन्दर्भमा सम्मानित अदालतको आदेश/फैसला सम्बन्धमा | प्रदेश लोक सेवा आयोगको सूचना नं. १८१–१८३/२०७९–८० अनुसार सातौँ तहका पदहरूमा गरिएको विज्ञापनमा सर्वोच्च अदालतबाट मिति २०८१/५/१७ मा अन्तरिम आदेश खारेज गर्दै सो विज्ञापनहरू हालको कानूनी व्यवस्थाअनुरूप नै भएको र उम्मेदवारहरूलाई अपूरणीय क्षति पुग्न सक्ने देखिएकाले पदपूर्ति प्रक्रिया अघि बढाउन आदेश भएको र उच्च अदालत विराटनगरबाट ज्येष्ठता, कार्यसम्पादन र कार्यक्षमताका आधारमा बढुवासम्बन्धी सूचना नं. १८१ र १८२ बदर गरी सङ्घीय तथा प्रदेश निजामती सेवा ऐनअनुसार पुनः फारम भर्ने प्रक्रिया अघि बढाउन परमादेश जारी भएको तर सोही विषयमा सर्वोच्च अदालतमा मुद्दा विचाराधीन रहेकाले आयोगले हाललाई सबै प्रक्रिया यथास्थितिमा राख्ने निर्णय गरेको सन्दर्भमा आवश्यक निर्णयका लागि मुख्य न्यायाधिवक्ताको राय परामर्श माग गरी आगामी बैठकमा पेश गर्ने।<br>(निर्णय नं. १२१, मिति २०८१/५/३०)<br>आयोगको सूचना नं. १८१-१८३/२०७९-०८०, मिति २०८०/३/११ गतेको विज्ञापन सूचनाका सन्दर्भमा मुख्य न्यायाधिवक्ता समेतको रायका आधारमा देहाय बमोजिम गर्ने।<br>क. आयोगको सूचना नं. १८३/२०७०-०८०, मिति २०८०/३/११ गते विज्ञापन प्रकाशन भई सम्मानित सर्वोच्च अदालतको मुद्दा नं. 080-WO-0829 को मिति २०८०/११/१३ गतेको अन्तरिम आदेशका सन्दर्भमा आयोगको मिति २०८०/११/१६ गतेको सूचना बमोजिम स्थगित गरिएका प्रदेश निजामती सेवा अन्तर्गतका विभिन्न सेवा, समूह, उपसमूह र पदको अधिकृतस्तर सातौँ तहका अन्तर स्थानीय तह प्रतियोगिता, खुला तथा | कार्यान्वयन भएको |

| क्र.स. | निर्णयको विषय | निर्णयको संक्षिप्त व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| | | समावेशी तर्फका लिखित परीक्षा सञ्चालन हुन बाँकी पदको मिति २०८१/७/२५ गते देखि परीक्षा सञ्चालन गर्ने गरी परीक्षा कार्यक्रम प्रकाशन गर्ने<br>ख. आयोगको सूचना नं. १८३/२०७९-०८०, मिति २०८०/३/११ गते विज्ञापन प्रकाशन भई सम्मानित सर्वोच्च अदालतको मुद्दा नं. 080-WO-0829 को मिति २०८०/११/१३ गतेको अन्तरिम आदेशका सन्दर्भमा आयोगको मिति २०८०/११/१६ गतेको सूचना बमोजिम स्थगित गरिएका प्रदेश निजामती सेवा अन्तर्गतका विभिन्न सेवा, समूह, उपसमूह, अधिकृतस्तर सातौँ तहका परीक्षा सञ्चालन भई नतिजा प्रकाशनको चरणमा रहेका अन्तर स्थानीय तह, खुला तथा समावेशी पदहरूको बाँकी पदपूर्ति कार्य सुचारु गर्ने।<br>ग. आयोगको सूचना नं. १८१-१८२/२०७९-०८०, मिति २०८०/३/११ गते विज्ञापन प्रकाशन भई सम्मानित सर्वोच्च अदालतको मुद्दा नं. 080-WO-0829, मिति २०८०/११/१३ गतेको अन्तरिम आदेशका सन्दर्भमा आयोगको मिति २०८०/११/१६ गतेको सूचना बमोजिम स्थगित गरिएका प्रदेश निजामती सेवा अन्तर्गतका विभिन्न सेवा, समूह, उपसमूह, अधिकृतस्तर सातौँ तहका जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा तथा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा तर्फका पदका सम्बन्धमा सम्मानित उच्च अदालत, विराटनगरको मुद्दा नं. 080-WO-0032, मिति २०८०/१०/२९ गतेको उत्प्रेषणको आदेशमा "यसमा मिति २०८०/३/११ को लोकसेवा आयोग कोशी प्रदेश विराटनगरको विज्ञापन उत्प्रेषणको आदेशले बदर गरिदिएको छ।अब प्रकाशित हुने सूचना/विज्ञापन मिति २०८०/३/११ को विज्ञापनका सम्बन्धमा दिएको यी निवेदकहरूको निवेदनको उम्मेदवारीका सम्बन्धमा सङ्घीय निजामती ऐन, २०४९ र प्रदेश निजामती सेवा ऐन, २०७९ समेतको बढुवाको लागि तोकिएको योग्यता सम्बन्धमा भएको व्यवस्था समेतलाई मध्यनजर गरी पुन: बढुवाको सूचना प्रकाशन गरी कानून बमोजिम योग्यता पुगेका निवेदकहरूलाई उक्त बढुवामा फारम भर्ने प्रकृयामा समावेश गराउनू भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ" भन्ने आदेश प्राप्त भएको हुँदा साविक म्याद भित्र पेश भई बढुवा समितिको सचिवालयमा पठाइएका बढुवा दरखास्त यथावत कायम रहने गरी आयोगको मिति २०८०/३/११ गतेको विज्ञापन/सूचनामा उल्लेख भएका शर्तहरूको अधिनमा रही सोही सूचनाको म्याद भित्र न्यूनतम योग्यता पूरा गरिसकेका र उच्च अदालतको आदेश अनुरूपका सम्भाव्य उम्मेदवारहरूले दरखास्त पेश गर्न पाउने गरी मिति २०८१/६/२३ गतेसम्म म्याद दिई दरखास्त संकलन गर्न सूचना प्रकाशन गर्ने।<br>(निर्णय नं. १२२, मिति २०८१/६/८) | |
| २२. | प्रदेश निजामती सेवा तर्फको सातौँ तहको प्रतिशत निर्धारण तथा विज्ञापन सम्बन्धमा। | प्रदेश निजामती सेवा ऐन, २०७९ (दोस्रो संशोधन सहित) को दफा १३६ को कार्यान्वयनको लागि पद संख्या निर्धारण सूत्र स्वीकृत गर्ने।<br>(निर्णय नं. १२३, मिति २०८१/६/१०) | कार्यान्वयन भएको |

| क्र.स. | निर्णयको विषय | निर्णयको संक्षिप्त व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| २३. | कम्प्युटर सीप परीक्षण तथा अन्तर्वार्ता कार्यक्रमको समय तालिका संशोधन गर्ने सम्बन्धमा | अविरल वर्षाको कारणले सिर्जित विषम परिस्थितिलाई मध्यनजर गर्दै पाँचौ तहको कम्प्युटर सीप परीक्षण तथा अन्तर्वार्ता कार्यक्रमको समय तालिका संशोधन गर्ने (निर्णय नं. १२४, मिति २०८१/६/१२) | कार्यान्वयन भएको |
| २४. | कम्प्युटर सीप परीक्षण तथा अन्तर्वार्ता कार्यक्रम रद्द गर्ने सम्बन्धमा | प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ९ बमोजिमको व्यवस्थाको प्रतिकूल हुने गरी त्रियुगा नगरपालिका–११, उदयपुर स्थायी ठेगाना भएका अनिल त्रिपाठी प्रदेश लोक सेवा आयोग गण्डकी प्रदेशबाट समान तहमा सिफारिस भएको हुँदा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४५ को उपदफा (३) बमोजिम मिति २०८१/०६/१७ गते सम्मिलित निजको कम्प्युटर सीप परीक्षा तथा अन्तर्वार्ता परीक्षा रद्द गर्ने र निजको नाम योग्यताक्रम सूचीबाट हटाउने । (निर्णय नं. १२५, मिति २०८१/६/१९) | कार्यान्वयन भएको |
| २५. | पाठ्यक्रम स्वीकृत गर्ने | स्वास्थ्य सेवा, सबै समूह, सबै उपसमूह, नवौं तहको खुला, आ.अ.से. र अ.त. को प्रथम पत्र र हे.इ., डेन्टिस्ट्री (जनरल डेन्टल उपसमूह), एनेस्थेसियोलोजी, पेडियाट्रिक (पेडियाट्रिक मेडिसन), इ.एन.टी. समूहको द्वितीय पत्रको पाठ्यक्रम स्वीकृत गर्ने । (निर्णय नं. १०५, मिति २०८१/५/१३)<br>इन्जिनियरिङ सेवा, सिभिल समूह अन्तर्गत जनरल, हाईवे, स्यानिटरी, बिल्डिङ एण्ड आर्किटेक्ट, इरिगेशन र हाइड्रोपावर उपसमूह, सिनियर डिभिजनल इन्जिनियर पदको लागि प्रथम पत्र र स्यानिटरी, बिल्डिङ एण्ड आर्किटेक्ट, इरिगेशन, जनरल उपसमूहको द्वितीय पत्र, कृषि सेवा अन्तर्गत एग्रोनोमी समूह, एगृ. इको. एण्ड मार्केटिङ समूह, कृषि प्रसार समूह, बाली संरक्षण समूहको प्रथम र द्वितीय पत्र नवौं (९) तहको खुला, आ.अ.से. र अ.त. प्रतियोगितात्मक परीक्षाको संलग्न भए बमोजिमको परीक्षा योजना तथा पाठ्यक्रम स्वीकृत गर्ने । (निर्णय नं. १०६, मिति २०८१/५/२०)<br>कृषि, लाइभस्टक प्याल्ट्री एण्ड डेरी डेभलपमेन्ट समूह र भेटेरिनरी समूह, वन सेवा अन्तर्गत जनरल फरेष्ट्री, फरेष्ट रिसर्च र स्वायल एण्ड वाटर कन्जरभेसन समूह प्रथम र द्वितीय पत्र नवौं (९) तहको खुला, अ.त. र आ.अ.से. प्रतियोगितात्मक परीक्षाको परीक्षा योजना तथा पाठ्यक्रम स्वीकृत गर्ने । (निर्णय नं. १०७, मिति २०८१/५/२०)<br>स्थानीय सरकारी सेवा अन्तर्गत कानून सेवा, कानून समूह र वन सेवा, वातावरण समूह सातौं तहको पाठ्यक्रम स्वीकृत गर्ने । (निर्णय नं. १२४क, मिति २०८१/६/१६)<br>प्रशासन सेवा, विविध समूह, सातौं तह, अर्थशास्त्री पद र महिला विकास अधिकृत पदको पाठ्यक्रम स्वीकृत गर्ने (निर्णय नं. १२६, मिति २०८१/६/२०)<br>स्वास्थ्य सेवा फिजियोथेरापी, विविध र मे.ल्या.टे समूह, अधिकृतस्तर सातौं तहको पाठ्यक्रम स्वीकृत गर्ने । (निर्णय नं. १२७, मिति २०८१/६/२२)<br>सहायकस्तर पाँचौ तहका ल्याव टेक्निसियन (इन्जिनियरिङ), सब-इन्जिनियर, प्राविधिक सहायक, डेन्टल हाइजेनिष्ट, ल्याव टेक्निसियन (स्वास्थ्य), रेडियोग्राफर, फिजियोथेरापी असिष्टेन्ट, फार्मेसी सुपरभाइजर , मेडिकल रेकर्ड सुपरभाइजर, एनेस्थेसिया सुपरभाइजर, बायोमेडिकल टेक्निसियन, नायव सुब्बा वा सो सरह, तथ्याङ्क सहायक गरी जम्मा १६ वटा पदको पाठ्यक्रम स्वीकृत गर्ने । (निर्णय नं. १४०, मिति २०८१/८/२३) | कार्यान्वयन भएको |

| क्र.स. | निर्णयको विषय | निर्णयको संक्षिप्त व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| | | सहायकस्तर चौथो तहका खा.पा.स.टे, अ.स.इ., जुनियर फोरम्यान, अमिन, ना.प्रा.स., खरिदार वा सो सरह, स.म.वि.नि., फरेष्टर, अ.हे.व. वा सो सरह, अ.न.मि., वैद्य, ल्याव असिष्टेन्ट, एशोसियसन अर्गानाइजर गरी जम्मा १४ वटा पदको पाठ्यक्रम स्वीकृत गर्ने। (निर्णय नं. १५७, मिति २०८१/१०/२४) | |
| २६. | प्रदेश लोक सेवा आयोगबाट हुने खुला तथा अन्तर तह वा आ.अ.से. परीक्षाद्वारा पदपूर्ति हुने तह वा पदको समान तहमा प्रतिस्पर्धा गर्न वा उम्मेदवार हुन नपाउने सम्बन्धमा। | आयोगबाट विभिन्न सेवा, समूह र तहका पदमा सञ्चालन गरिएको प्रतिस्पर्धात्मक लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि छनोट भएका तथा अन्तर्वार्ताबाट सिफारिस भएका उम्मेदवारहरू सङ्घीय निजामती सेवा, जुनसुकै प्रदेशको निजामती सेवा वा जुनसुकै स्थानीय सरकारी सेवाको समान तहमा नियुक्तिको सिफारिस वा कार्यरत भई प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ९ तथा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ९ बमोजिमको व्यवस्था आकृष्ट हुने भएमा त्यस्ता उम्मेदवारको नामावली छनोट भएको सूचीमा स्वतः कायम नरहेको मानिनेछ भन्ने व्यहोरा सूचनामा समावेश गर्ने र छनोट भएका उम्मेदवारहरूलाई समान पदमा सिफारिस वा नियुक्ति भएको वा कार्यरत नरहेको व्यहोरा को स्व-घोषणा समेत गराउने व्यवस्था गर्ने। (निर्णय नं. १२८, मिति २०८१/७/७) | कार्यान्वयन भएको |
| २७. | शैक्षिक योग्यता सम्बन्धमा | प्रदेश निजामती सेवा नियमावली, २०८१ को अनुसूची ४ मा तोकिएको न्यूनतम शैक्षिक योग्यता सङ्घीय ऐन र अन्य सम्बन्धित नियमावलीसँग एकरूप बनाउने उद्देश्यले, आयोगबाट प्रकाशित वा प्रकाशन हुने प्रदेश तथा स्थानीय सेवाका पदहरूका लागि दरखास्त स्वीकृत गर्दा निम्न आधारहरू अपनाउने :<br>प्रदेश निजामती सेवा नियमावली, २०८१ को व्यवस्था, अन्य प्रचलित कानुनी प्रावधान, लोक सेवा आयोगका निर्णय र अभ्यास, तोकिएको शैक्षिक योग्यता, तालिम र अनुभव। (निर्णय नं. १२९, मिति २०८१/७/११)<br>डा. अशेष ढुंगाना विरुद्धको उत्प्रेषण मुद्दामा सर्वोच्च अदालतले पहिलेका सम्बन्धित मुद्दाहरू (डा. सन्तोष पौडेल, डा. अनुप वास्तोला) मा गरिएको आदेशको आधारमा Doctorate of Medicine (MD) अध्ययन अवधिलाई अनुभव अवधिमा गणना गर्न मिल्ने ठहर गरेको हुँदा MD (Doctor of Medicine) तथा DM (Doctorate of Medicine) residential अध्ययन गर्दाको अवधि अनुभव अवधिमा समावेश गर्ने। (निर्णय नं. १३०, मिति २०८१/७/११)<br>स्वास्थ्य सेवा, हेल्थ एजुकेशन समूह, स्वास्थ्य शिक्षा प्रशासक, नवौं तहको अन्तर्वार्ताका लागि छनोट भएकी उम्मेदवार दुर्गामाया पौडेलले आयोगद्वारा तोकिएको न्यूनतम शैक्षिक योग्यताका आधारमा तोकिएको उक्त सेवा, समूह र पदका लागि योग्यता पुगे/नपुगेको भन्ने विषयमा पूर्वाञ्चल विश्वविद्यालयबाट अध्ययन गरिएको Master in Public Health (Health Promotion and Education)/ MPH/HPE शैक्षिक कार्यक्रम र Master in Health Promotion Education को पाठ्यक्रममा विषय समान रहेको देखिएकोले दुबैलाई स्वास्थ्य सेवा, स्वास्थ्य शिक्षा समूहका लागि तोकिएको शैक्षिक योग्यतामा मान्न सकिने भएको हुँदा उम्मेदवार दुर्गामाया पौडेलले पेश गरेको शैक्षिक योग्यता Master of Public Health (Health Promotion and Education) रहेको र तदनुसार | कार्यान्वयन भएको |

| क्र.स. | निर्णयको विषय | निर्णयको संक्षिप्त व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| | | आयोगले विज्ञापन प्रकाशित गर्दा तोकिएको न्यूनतम शैक्षिक योग्यता पूरा गरेको देखिएकोले निवेदकको मागअनुसार पुनः कार्यवाही गर्न आवश्यक नरहने। (निर्णय नं. १६९ मिति २०८१/१२/१२)<br>पूर्वाञ्चल विश्वविद्यालयबाट अध्ययन गरिएको Master in Public Health (Health Promotion and Education)/MPH/HPE योग्यताले नेपाल स्वास्थ्य सेवा, स्वास्थ्य शिक्षा समूहको लागि तोकिएको शैक्षिक योग्यतासँग मिल्ने जनस्वास्थ्य विशेषज्ञता प्राप्त गर्ने शैक्षिक योग्यता भएको रूपमा स्वीकार गर्न सकिने उल्लेख भएको पूर्वाञ्चल विश्वविद्यालय र पोखरा विश्वविद्यालयमा अध्यापन हुने MPH (HPE) तथा MHPE विषयको विशिष्ठ श्रेणीमा नाम दर्ता गर्ने व्यवस्था रहेको देखिएको हुँदा उक्त विषय स्वास्थ्य सेवा, हेल्थ एजुकेशन समूहको लागि मिल्ने निर्णय भइसकेकोले कमलबहादुर बुढाको नाम छनोट सूचीबाट हटाउन पर्ने नदेखिएको। (निर्णय नं. १७८ मिति २०८२/२/२२)<br>कृषि विज्ञान विषयमा स्नातक (B.Sc.Ag.) उपाधि प्राप्त गरेका उम्मेदवारहरूलाई एगृ. इको एण्ड मार्केटिङ समूहमा सम्भाव्य उम्मेदवारको रूपमा कायम गर्ने। (निर्णय नं. १७९ मिति २०८२/२/३०) | |
| २८. | उच्च अदालत विराटनगरको मुद्दा नं. 081-WO-0180 को सन्दर्भमा उत्प्रेषण परमादेश सम्बन्धमा। | क. मुख्य न्यायाधिवक्ताको राय र अदालतको आदेशका आधारमा, सेवाकालीन तालिमको प्रमाणपत्र नभएका कर्मचारीहरूलाई पनि बढुवाको सूचनामा सहभागी हुन दिने व्यवस्था गर्ने।<br>ख. यससँग सम्बन्धित आवश्यक कानुनी व्यवस्था गर्न प्रदेश सरकारलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत अनुरोध गर्ने। (निर्णय नं. १३१, मिति २०८१/७/१३) | कार्यान्वयन भएको |
| २९. | अन्तरिम आदेश कार्यान्वयन सम्बन्धमा | उच्च अदालत विराटनगरको मुद्दा नं. 081-WO-0243 का सिलसिलामा मिति २०८१/८/०४ गते जारी भएको अन्तरिम आदेश बमोजिम मिति २०८१/८/०५ देखि २०८१/०८/१५ गतेसम्मका निर्धारित सम्पूर्ण अन्तर्वार्ताका कार्यक्रम स्थगित गर्ने। (निर्णय नं. १३२, मिति २०८१/८/०५)<br>उच्च अदालत विराटनगरको मुद्दा नं. 081-WO-0243 का सिलसिलामा मिति २०८१/८/०४ गते जारी भएको अन्तरिम आदेश बमोजिम मिति २०८१/८/५ देखि २०८१/०८/१५ गतेसम्मका निर्धारित सम्पूर्ण अन्तर्वार्ताका कार्यक्रम स्थगित गर्ने आयोगको निर्णय रिट निवेदकलाई जानकारी गराउने। (निर्णय नं. १३३, मिति २०८१/८/०७) | कार्यान्वयन भएको |
| ३०. | परीक्षा योजना लगायत पाठ्यक्रममा एकरूपता कायम गर्ने। | क. आवश्यकता र औचित्यताको आधारमा virtually तथा physically विषय क्षेत्रअनुसार विज्ञको सहयोग लिई पाठ्यक्रम निर्माण गर्ने।<br>ख. आयोगबाट मिति २०८१/८/२४ गते प्रकाशन हुने पाँचौँ तहको विज्ञापनका लागि संयुक्तरूपमा प्रयोग हुने गरी आयोगबाट स्वीकृत हुन बाँकी र मिति २०८१ माघमा विज्ञापन हुने चौथो तहका प्राविधिक तथा अप्राविधिक पदहरूको पाठ्यक्रम निर्माण तथा परिमार्जनको मस्यौदा तयार गरी आयोगमा पेश गर्ने। (निर्णय नं. १३५, मिति २०८१/८/११) | कार्यान्वयन भएको |

| क्र.स. | निर्णयको विषय | निर्णयको संक्षिप्त व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| ३१. | प्रदेश लोक सेवा आयोग स्मारिका, २०८१ सम्पादन तथा प्रकाशन कार्यदल गठन गर्ने सम्बन्धमा | क. प्रदेश लोक सेवा आयोग स्मारिका,२०८१ सम्पादन तथा प्रकाशनका लागि आयोगका मा.सदस्य सजना दाहालको संयोजकत्वमा ५ जना सदस्य रहने गरी समिति गठन गर्ने।<br>ख. समितिका सदस्यहरू नै भएको सम्पादक मण्डल रहने सम्पादक मण्डल, लेखक तथा सम्बद्ध कर्मचारीलाई सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ को दफा ८ बमोजिम पारिश्रमिक उपलब्ध गराउने।<br>(निर्णय नं. १३६, मिति २०८१/८/११) | कार्यान्वयन भएको |
| ३२. | आयोगमा प्राप्त गुनासो सम्बन्धमा | आयोगमा प्राप्त गुनासोहरूलाई सम्बोधन हुने गरी आयोगका तर्फबाट विज्ञप्ति प्रकाशन गर्ने।<br>(निर्णय नं. १३७, मिति २०८१/८/१३) | मिति २०८१ मंसिर ३० मा विज्ञप्ति प्रकाशन भएको |
| ३३. | काठमाडौँमा परीक्षा सम्बन्धी गोप्य काममा खटिने कर्मचारीलाई थप सुविधा दिने सम्बन्धमा | कच्चा प्रश्नपत्र निर्माण, प्रश्नपत्र परिमार्जन, उत्तर पुस्तिका परीक्षणजस्ता परीक्षा सम्बन्धी गोप्य कार्यमा कार्यस्थल बाहिर काम गर्नुपर्ने कर्मचारीलाई आवश्यकता र औचित्यताको आधारमा कार्यालय समय बाहेकको समयमा माथि उल्लिखित काममा खटिनुपर्ने अवस्थामा प्रदेश लोक सेवा आयोग खर्च व्यवस्थापन कार्यविधि २०७७ को दफा ११ (क), दफा ११ (ख) र दफा १२ को उपदफा (३) बमोजिम सुविधा उपलब्ध गराउने।<br>(निर्णय नं. १३८, मिति २०८१/८/१३) | कार्यान्वयन भएको |
| ३४. | अनलाइन प्रणालीमा विवरण सच्याउने सम्बन्धमा | आयोगको अनलाईन पदपूर्ति प्रणालीमा एउटै विज्ञापन समूह (समान पदको अन्तर तह, खुला तथा समावेशी) मा आवेदन दिँदा भुलवस गलत विज्ञापन नं. तथा किसिममा छनोट भई परीक्षा दस्तुर समेत भुक्तानी भई दरखास्त फाराम स्वीकृत/अस्वीकृत भएको रहेछ भने आयोगबाट परीक्षा केन्द्रको सूचना प्रकाशन गर्नुभन्दा पहिले त्यस्ता उम्मेदवारले आयोगमा विज्ञापन नं. सच्याउनका लागि आधिकारिक प्रमाण सहित सम्बन्धित उम्मेदवारले निवेदन दिएमा त्यस्ता उम्मेदवारहरूको निवेदनको वैधता र औचित्यता हेरी संशोधनका लागि सचिवालयले आवश्यक व्यवस्था मिलाउने।<br>(निर्णय नं. १३९, मिति २०८१/८/१३) | कार्यान्वयन भएको |
| ३५. | प्रशासकीय अदालतको अन्तरकालीन आदेश कार्यान्वयन सम्बन्धमा | प्रशासकीय अदालतको मिति २०८१/९/१ गतेको अन्तरकालीन आदेश बमोजिम वरिष्ठ कृषि प्रसार अधिकृत, वरिष्ठ पशु चिकित्सक, वरिष्ठ मत्स्य विकास अधिकृत र उपसचिव पदको आयोगबाट निर्धारित परीक्षा कार्यक्रम अर्को सूचना नभएसम्मको लागि स्थगित गर्ने।<br>(निर्णय नं. १४१, मिति २०८१/९/४) | कार्यान्वयन भएको |
| ३६. | सम्मानित सर्वोच्च अदालतको मुद्दा नं. 078-WO-0316 का सन्दर्भमा भएको आदेश कार्यान्वयन सम्बन्धमा | क. मिति २०७८/५/२५ गते परीक्षा सञ्चालन भएका विज्ञापन नं. १-२/७८-७९, स्थानीय कृषि सेवा, कृषि प्रसार समूह, सहायकस्तर चौथो तह, नायव प्राविधिक सहायक पदको नतिजा सम्बन्धी प्रक्रिया अघि बढाउने।<br>ख. परीक्षण विधि तथा पाठ्यक्रम साविक विज्ञापनमा उल्लेख भए बमोजिम नै हुने गरी बाँकी परीक्षा कार्यक्रमहरू निर्धारण गर्ने।<br>ग. सम्मानित अदालतको मुद्दा लगायत अन्य विभिन्न कारणबाट लामो समयसम्म पदपूर्ति हुन नसकी माग गर्ने निकायबाट अन्य वैकल्पिक तरिकाबाट पदपूर्ति भई सकेको स्थानीय तहहरूका पद मिलान गर्ने।<br>घ. परीक्षा सञ्चालन गर्दा प्रदेश लोक सेवा आयोग नियमावलीको नियम २७ बमोजिम ओ.एम.आर. उत्तरपुस्तिकाको प्रयोग गर्ने। | कार्यान्वयन भएको |

| क्र.स. | निर्णयको विषय | निर्णयको संक्षिप्त व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| | | ङ. २०७८ सालमा विज्ञापन भई परीक्षा सञ्चालनकै क्रममा परीक्षा स्थगित भई लामो समयपछि परीक्षा सञ्चालन गर्न लागिएको हुँदा परीक्षार्थीहरूको जानकारीका लागि आयोगको प्रणालीबाट सबै उम्मेदवारहरूलाई एस.एम.एस (SMS) पठाउने व्यवस्था गर्ने।<br>(निर्णय नं. १४२, मिति २०८१/९/७) | |
| ३७. | वन रक्षक पदको शैक्षिक योग्यता र परीक्षा दस्तुर सम्बन्धमा | क. प्रदेश लोक सेवा आयोग नियमावली, २०८१ को अनुसूची-२ को खण्ड (१) अन्तर्गत तालिकाको चौथो तहको महल पछि देहाय बमोजिम संशोधन गर्ने।<br>"प्रदेश लोक सेवा आयोग नियमावली, २०८१ को अनुसूची-२ को खण्ड (१) अन्तर्गत तालिकाको चौथो तहको महल पछि देहायको महल थप गरिएको छ:-<br>तेस्रो तह \| ४००/- \| १००/- \| १००/-<br>ख. प्रदेश वन सेवा, जनरल फरेष्ट्री समूह, सहायकस्तर तेस्रो तह, वनरक्षक पदका लागि प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा २० मा उल्लेख भए बमोजिम शैक्षिक योग्यता उल्लेख गरी विज्ञापन प्रकाशन गर्ने।<br>(निर्णय नं. १४३, मिति २०८१/९/१६) | कार्यान्वयन भएको |
| ३८. | नतिजा प्रकाशन गर्ने सम्बन्धमा | आयोगबाट मिति २०८०/१२/२६ गते प्रकाशित सूचना नं. २५५/०८०-८१ को सन्दर्भमा सर्वोच्च अदालतको मुद्दा नं. 081–RE–078 तथा उच्च अदालत, विराटनगरमा दायर भएको मुद्दा नं. 081–WO–0034 र 081–WO–0095 को आदेश बमोजिम उक्त सूचनाको विज्ञापन नं. ५३/०८०–८१, ५४/०८०–८१, ५५/०८०–८१, ५६/०८०–८१, ६५/०८०–८१, ६६/०८०–८१, ६७/०८०–८१ को पदपूर्ति सम्बन्धी प्रक्रिया सुचारु गर्ने।<br>(निर्णय नं. १४४, मिति २०८१/९/१७) | कार्यान्वयन भएको |
| ३९. | परीक्षा समय संशोधन सम्बन्धमा | विज्ञापन नं. ८-९/०७८-७९, स्थानीय कृषि सेवा, एग्रोनोमी समूह, सहायकस्तर चौथो, नायव प्राविधिक सहायक पदको लिखित परीक्षाको मिति २०८१/१०/१९ गते बिहान ७:३० बजे तोकिएकोमा विज्ञापन नं. ७५०२-७५०५/२०८१-०८२, शाखा अधिकृत वा सो सरह पदको लिखित परीक्षा एउटै समयमा भएको र दुइवटै विज्ञापनको परीक्षामा केही उम्मेदवार समावेश भएकोले समय फरक गरिदिनु हुन अनुरोध भएको हुँदा विज्ञापन नं. ८-९/०७८-७९, स्थानीय कृषि सेवा, एग्रोनोमी समूह, सहायकस्तर चौथो, नायव प्राविधिक सहायक पदको लिखित परीक्षाको समय संशोधन गरी ११:०० बजे सञ्चालन गर्ने।<br>(निर्णय नं. १४५, मिति २०८१/१०/२) | कार्यान्वयन भएको |
| ४०. | कर्मचारी प्रोत्साहन पुरस्कार सम्बन्धमा | आयोगबाट सम्पन्न हुने गोपनीय कार्यका अतिरिक्त अनलाइन प्रणाली र सूचना प्रविधिको क्षेत्रमा सुरुवातदेखि नै दत्तचित्त, अनुशासित र इमान्दारितापूर्वक कार्यसम्पादन गरी आयोगलाई पुऱ्याएको योगदानको उच्च मूल्याङ्कन गर्दै आयोगका सहायक कम्प्युटर अधिकृत श्री तीर्थराज पोखरेललाई रु. ११,१११/- (अक्षरुपी रु. एघार हजार एक सय एघार) नगद तथा प्रशंसापत्र सहित आयोगको वार्षिकोत्सव समारोहमा पुरस्कृत गर्ने।<br>(निर्णय नं. १४६, मिति २०८१/१०/८) | कार्यान्वयन भएको |
| ४१. | एक मात्र आँखाको दृष्टि कमजोर भएमा उम्मेदवारले वन रक्षक | प्रदेश निजामती सेवा नियमावली, २०८१ को अनुसूची ४ मा वन रक्षक पदको द्वितीय चरणः शारीरिक तन्दुरुस्ती परीक्षण योजनाको खण्ड (क) बुँदा नं. ४, आँखा परीक्षण खण्डमा पुरुषको हकमा "+2 | कार्यान्वयन भएको |

| क्र.स. | निर्णयको विषय | निर्णयको संक्षिप्त व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| | पदमा आवेदन दिने पाउने/नपाउने सम्बन्धमा | देखि -2 भन्दा कमजोर नभएको" भन्ने व्यहोरा उल्लेख भएको तर दुवै आँखामा सो व्यवस्था लागू हुने हो वा एक मात्र आँखा तन्दुरुस्त भएमा परीक्षामा सहभागी हुन पाउने नपाउने सम्बन्धमा स्पस्ट व्यवस्था नभएकोले सम्बन्धित विषयको चिकित्सकले दिएको दृष्टि क्षमता (Vision) का आधारमा दरखास्त स्वीकृत गर्ने। (निर्णय नं. १४७, मिति २०८१/१०/१०) | |
| ४२. | लोक सेवा आयोगबाट माग भएको आधार र मापदण्डको राय सुझाव सम्बन्धमा | प्रदेश लोक सेवा आयोग आधार तथा मापदण्ड निर्धारण ऐन, २०७५ को दफा ११ मा उल्लेख भए बमोजिम लोक सेवा आयोगको सिद्धान्त र मापदण्ड, २०८१ को मस्यौदामा राय परामर्श पठाउने। (निर्णय नं. १४८, मिति २०८१/१०/१०) | कार्यान्वयन भएको |
| ४३. | बढुवाको उजुरी सम्बन्धमा | उजुरकर्ता उदिमप्रसाद राई-जेष्ठता तथा कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा सिफारिस हुने। (निर्णय नं. १०१, मिति २०८१/५/४)<br>उजुरकर्ता शैलेन्द्र कुमार सिंह-मागदावी कायम नहुने। (निर्णय नं. १०८, मिति २०८१/५/२४)<br>उजुरकर्ता मनोज कुमार महतो-मागदावी कायम नहुने। (निर्णय नं. १०९, मिति २०८१/५/२४)<br>उजुरकर्ता नेल्सन पोखरेल-मागदावी कायम नहुने। (निर्णय नं. ११०, मिति २०८१/५/२४)<br>उजुरकर्ता दुर्गा बहादुर तिरुवा-मागदावी कायम नहुने। (निर्णय नं. १११, मिति २०८१/५/२४)<br>उजुरकर्ता रितेष भुषण बस्नेत-मागदावी कायम नहुने। (निर्णय नं. ११२, मिति २०८१/५/२४)<br>उजुरकर्ता राम प्रबोध चौधरी-मागदावी कायम नहुने। (निर्णय नं. ११३, मिति २०८१/५/२४)<br>उजुरकर्ता पाक्रम खाँ, विजय राई, मेघराज बस्नेत, मनोज कार्की, टंक प्रसाद प्रसाई, रोशन बहादुर थापा र निर्मल मानन्धर-मागदावी कायम नहुने। (निर्णय नं. ११४, मिति २०८१/५/२४)<br>उजुरकर्ता काशीराज पराजुली-मागदावी कायम नहुने। (निर्णय नं. १४९, मिति २०८१/१०/११)<br>उजुरकर्ता शशिकुमार सिंह-मागदावी कायम नहुने। (निर्णय नं. १५४, मिति २०८१/१०/२२)<br>उजुरकर्ता केदार धिताल-जेष्ठता तथा कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा सिफारिस संशोधन हुने। (निर्णय नं. १५५, मिति २०८१/१०/२२)<br>उजुरकर्ता विजय कुमार राउत-मागदावी कायम नहुने। (निर्णय नं. १५६, मिति २०८१/१०/२२)<br>उजुरकर्ता शशिकुमार सिंह-मागदावी कायम नहुने। (निर्णय नं. १६०, मिति २०८१/११/१२)<br>उजुरकर्ता केदार धिताल र युकमणी भट्टराई-बढुवा समितिको मिति २०८१/९/१० गते गरिएको बढुवा सिफारिस बदर हुने (निर्णय नं. १६१, मिति २०८१/११/१२)<br>उजुरकर्ता लाक्पा रिदर भोटे-उजुरी फिर्ता लिएको। (निर्णय नं. १६२, मिति २०८१/११/१२) | कार्यान्वयन भएको |

| क्र.स. | निर्णयको विषय | निर्णयको संक्षिप्त व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| | | उजुरकर्ता शशिकुमार सिंह- जेष्ठता तथा कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा सिफारिस संशोधन हुने। (निर्णय नं. १६३, मिति २०८१/११/१२)<br>उजुरकर्ता हेमन्त श्रीवास्तव र योगेन्द्र नारायण चौधरी- मागदावी कायम नहुने। (निर्णय नं. १६६, मिति २०८१/११/१५) | |
| ४४. | विद्यालय नर्सिङ सेवा कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८१ मा राय परामर्श सम्बन्धमा | प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १० मा उल्लेख भएका विषयहरूमा बाहेक अन्य विषयमा राय परामर्श दिने व्यवस्था आयोगको प्रत्यक्ष कार्यक्षेत्र पर्ने नदेखिएकोले प्रदेश सरकारले विद्यालय नर्सिङ सेवा कार्यक्रम अन्तर्गत करारमा पदपूर्ति गर्ने समितिमा प्रदेश लोक सेवा आयोगको अधिकृतस्तर (नवौँ/दशौँ) को कर्मचारीबाट विज्ञ सेवा लिन आवश्यक ठानेमा आयोगको प्रतिनिधित्व नहुने र लोक सेवा आयोगले अवलम्बन गरेका सिद्दान्त तथा मापदण्ड पालना हुने गरी सेवा प्रदान गर्न खटाउन सकिने व्यहोरा जानकारी पठाउने। (निर्णय नं. १५०, मिति २०८१/१०/१४) | कार्यान्वयन भएको |
| ४५. | प्रदेश निजामती सेवा तर्फ सहायकस्तर चौथो तहको प्रतिशत निर्धारण सम्बन्धमा | प्रतिशत निर्धारण गर्दा प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८१ को दफा ८ को उपदफा (२) बमोजिम गर्ने। (निर्णय नं. १५२, मिति २०८१/१०/२०) | कार्यान्वयन भएको |
